बर्मी भिक्षु 'र वे थ्वं' महास्थविरद्वारा लिखित

# स्नेही छोरी

(उपन्यास)



नेपालभाषा-अनुवादक
**भिक्षु ज्ञानपुण्णिक**

नेपालीभाषा-अनुवादक
**मोतीकाजी शाक्य**

Downloaded from http://dhamma.digital

बर्मी भिक्षु 'र वे थ्वं' महास्थविरद्वारा लिखित

# स्नेही छोरी

(उपन्यास)

नेपालभाषा–अनुवादक

**भिक्षु ञानपुण्णिक**

नेपालीभाषा–अनुवादक

**मोतिकाजी शाक्य**

Downloaded from http://dhamma.digital

प्रकाशक :

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार, श्रीघः, काठमाण्डौ ।

प्रथम संस्करण – १२००

| | |
|---|---|
| बुद्ध सम्बत | २५३४ |
| नेपाल सम्बत | ११११० |
| बिक्रम सम्बत | २०४७ |
| इस्वी सम्बत | १९९० |

सर्वाधिकार – प्रकाशकाधिन

मुद्रक :

शोभा भगवती प्रिन्टिङ्ग प्रेस
ढल्को, क्षेत्रपाटी, काठमाडौं ।
फोन २–१२५६१

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

यो स्नेही छोरी नामक पुस्तक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको १४२ औं ग्रन्थमाला हो । यस पुस्तक सर्वप्रथम बर्मी भिक्षु 'र वे थ्वं' महास्थविरद्वारा लिखित बर्मी भाषाबाट भिक्षु ज्ञानपुण्णिकद्वारा नेपाल भाषामा अनुवाद गरी नेपाल सम्वत १०९० मा प्रकाशित गरिएको थियो । नेपाली भाषामा पनि प्रकाशित गर्न अनुरोध आएको हुँदा श्री मोतिकाजी शाक्यद्वारा अनुवाद गर्नु भएको यस पुस्तकलाई धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट प्रकाशन गर्न पाउँदा हामीलाई औधी हर्ष लागेको छ ।

अल्छी नमानी प्रूफ हेर्नु भएकोमा श्रद्धेय भिक्षु अश्वघोष महास्थविरलाई र विहारसम्म प्रूफ ल्याई समयमा पुस्तक छापीदिने शोभा भगवती प्रि. प्रेस परिवारलाई पनि धन्यवाद दिन्छौं ।

— धम्मवती

अध्यक्ष — धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

ने. सं. १११० कृष्णपक्ष, द्वितीया
श्रावण

Downloaded from http://dhamma.digital

तथागत सम्यक् सम्बुद्धद्वारा प्रतिपादित धर्ममा

मलाई डोऱ्याउनुभएका

स्वर्गीय महास्थविर धम्मावुधमा

सादर समर्पित

– मोतिकाजी शाक्य

Dhamma.Digital

Downloaded from http://dhamma.digital



(मूल लेखक भिक्षु 'र वे थ्वं' महास्थविर)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# निदान

वनको एक छेउमा एउटा पाटी थियो । त्यो पाटी अति भव्य थियो, आकर्षक थियो । त्यसो भएतापनि वनको एक छेउमा रहेको त्यो पाटी बहुजनको प्रयोजनमा आउँदैन थियो । त्यसैले त्यो पाटी अल्पकालमै भत्केर गई त्यसै खेर जाने सम्भावना प्रबल थियो । त्यो भव्य पाटी त्यसरी अल्पकालमै खेर नजावोस् र ताकालसम्म उपयोगी रहोस् भन्ने उद्देश्यले त्यसको झ्याल, ढोका, छाना, वलिन, निनाल, थाम आदि सम्पूर्ण सामाग्री उठाएर ल्याइयो । ती सामाग्री जस्ताको तस्तै प्रयोग गरेर शहरको मध्य भागमा बहुजनलाई पायक पर्ने गरी पुनः एउटा भवनको रूपमा उठाउने प्रयास भयो । तर शहरको मध्य भागमा एउटा पाटी होइन एउटा पुस्तकालय भवन बढी प्रयोजनको हुन्छ । अतः पाटी भत्काएर ल्याएका सामाग्री पाटीको रूपमा होइन, पुस्तकालय भवनको रूपमा उठाउने काम भयो ।

यो उपन्यास कल्पनाको आधारमा होइन, कसैको जीवनमा घटेका घटनाहरू संगालेर लेखेको छु भन्ने तथ्य बोध गराउने अभिप्रायले उपरोक्त उपमा दिएको हुँ । जीवनी र उपन्यास परिभाषित गर्ने जमर्को गरेको होइन ।

यस उपन्यासको मुख्य पात्रको जीवनमा घटेका घटनाहरू कल्पनाभन्दा कम घतलाग्दा छैनन् । घटनाको दौरानमा त्यस पात्रमा



Downloaded from http://dhamma.digital

देखिएका चित्त प्रबलता, उत्साह र आत्मविश्वास पनि काल्पनिक पात्रमा कल्पिने भन्दा कम छैनन् । उनको जीवनीमा घटेका घटनाहरू सँगालेर एउटा जीवनी लेखेमा त्यो एउटा अति आकर्षक जीवनी बन्ने छ । वास्तवमा त्यस्तो एउटा संक्षिप्त जीवनी पुस्तिका लेखिएको पनि छ । तर एउटा जीवनीले एक जना व्यक्तिको व्यक्तित्व बोध गराउनु बाहेक अन्य साहित्यिक विधाबाट हुने जनउपयोगी काम गर्न सक्दैन ।

यस उपन्यासको मूख्य पात्रको जीवनमा घटेका घटनाहरू बुद्ध-धर्मको प्रचार कार्यमा लाग्नेहरूलाई उत्साहित पार्ने खालका छन्, समस्त नारी जातिलाई प्रेरणा दिने प्रकारका छन् । ती घटनाहरू सँगालेर एउटा उपन्यास लेख्दा, पाटी भत्काएर ल्याएका सामाग्रीबाट एउटा पुस्तकालय भवन बनाए सरह, जनउपयोगी हुने महशुस गरेको छु ।

यो उपन्यास लेख्ने क्रममा सबैभन्दा पहिले मूख्य पात्रको संक्षिप्त जीवनी पुस्तिका अध्ययन गर्नुका साथै स्वयम् मुख्य पात्र तथा सम्बन्धित अन्य केही व्यक्तिहरूसित सम्पर्क राखी घटेका घटनाहरू सम्बन्धमा सकभर बढी तथ्य बटुल्ने काम भयो । अनि पाटी भत्काएर ल्याएका सामाग्रीलाई पुस्तकालय भवन बनाउनमा जस्ताको तस्तै प्रयोग गरिए झैं सत्य घटना र घटनासंग सम्बन्धित वास्तविक स्थान तथा व्यक्तिहरू मध्ये प्रमुखता दिनुपर्नेलाई प्रमुखता दिएर आफ्नै शब्द र शैलीमा यो उपन्यासको आकार दिने प्रयास भयो । हो, यस क्रममा अनेक स्थानमा आवश्यकतानुसार आफ्नो कल्पनाशक्तिको पनि प्रयोग हुन गएको छ । कतै कतै मनोविश्लेषण गर्ने काम पनि भएको छ । तर अतिरिक्त सौन्दर्य र आकर्षण बढाउने अभिप्रायले काल्पनिक घटना र काल्पनिक पात्रको प्रयोग भने कतै पनि गरेको छैन । सत्य घटना



Downloaded from http://dhamma.digital

ए वास्तविक पात्रहरू मात्रै समावेश गरेर वैसर्गिकता कायम गरेको छु ।

यस उपन्यासका अधिकांश पात्रहरू लेखकका लागि परिचित छैनन् । उहाँहरूको व्यक्तित्व, यस उपन्यासमा, आफ्नै कल्पनाको आधारमा मात्र चित्रण गरेको छु । त्यसो गर्दा, घटना र प्रसंग सुहाउँदो तरिकाले उहाँहरूप्रति यथासंभव विवेक राखेर उहाँहरू प्रत्येकको व्यक्तित्व गौरवमय हुने गरी प्रस्तुत गर्ने भरमगदूर प्रयत्न गरेको छु । यति हुँदाहुँदै पनि यदि कुनै पात्रको व्यक्तित्व वास्तविकता विपरित हुन गएको भएमा उहाँहरू कसैले पनि अन्यथा नसम्झी क्षमा गर्नु हुनेछ भन्ने आशा गरेको छु ।

यस उपन्यासका केही पात्रहरूमा विद्यमान बहुश्रुत ज्ञान कार्य –कारण सुहाउँदो गरी व्यक्त गर्ने प्रयास पनि गरेको छु । यसो गर्दा उपन्यासका केही अंश गम्भीर प्रकृतिका र उपदेशात्मक खालका हुन गएका छन् । यदि कुनै पाठकको मनमा ती अंश खट्केको भएमा प्रसंगवश समावेश गरिएका ती अंश स्वभावतः त्यसरी गम्भीर प्रकृतिका उपदेशात्मक खालका हुनुपर्ने तथ्यलाई हृदयंगम गरिदिनुहुन अनुरोध गर्दछु ।

यो उपन्यासमा, अन्य उपन्यासमा झैं कल्पना, मनोविश्लेषण तथा दृष्टिकोणको समन्वयको आधारमा काल्पनिक घटनाहरूको चित्तमा गरी कथानकको विस्तार गर्ने कार्य नगरिकन, स्वयम् नै पाठकहरूको ध्यान अविचलित रूपमा केन्द्रित गराउँदै लैजान सक्षम वास्तविक घटनाहरू मात्रै सकभर बढी मनमोहक शब्द र शैलीमा प्रस्तुत गर्ने प्रयास गरिएकाले, यो उपन्यासमा, अन्य उपन्यासमा हुने हास्यव्यंग, चरित्रको विविधता, घटनाक्रमको उतार–चढाव, नाटकि- यपन आदि मनोरञ्जक विधाहरू छैनन् । त्यस्तो सिंगारपटार खोज्ने



Downloaded from http://dhamma.digital

पाठकहरूले यस उपन्यासको कथावस्तु र मुख्यपात्रको प्रकृति हेरेर विवेक पुऱ्याइ शान्ति चित्तवृत्ति उत्पन्न गर्न सकोस् भन्ने अभिलाषा लिएको छु ।

अन्तमा, म के भन्न चाहन्छु भने यस उपन्यासको कथावस्तु वास्तविक घटनामा आधारित छ भन्ने कुरो थाहा गरेर, पाठकहरूले यसबाट लिनसक्ने प्रेरणा लिनुकासाथै यसको महत्व हृदयंगम गरिदिएमा लेखकको आकांक्षा पूर्ण भएको महशुस गरिने छ ।

१९६३, फर्वरी २७

"र वे ध्वं"
बर्मा



Dhamma.Digital

Downloaded from http://dhamma.digital

(यस उपन्यासलाई सर्व प्रथम बर्मी भाषाबाट नेपाल भाषामा अनुवाद गर्नु भएका भिक्षु ञानपुण्णिक द्वारा लिखित भूमिकाको अनुवाद)

# फोसा

बालककालमा पसलेसित फोसा लिने गरेको बानी अझै बिर्सेको छैन। त्यसबेला एक टुक्रा नरिवल अथवा एक टुक्रा सुपारी फोसामा पाएर रमाउँथें, अहिले अरू थोक नै फोसामा पाएर खुसि छु।

थपुवा र बढुवा पाउनेकै मात्र प्रयोजनको हुन्छ, तर फोसा चाहिं उभयपक्षी हुन्छ। फोसा पाउने र अन्य मध्ये जसको प्रयोजनमा पनि ल्याउन सकिन्छ।

मिठो थपाइन्छ त राम्रो बढाइन्छ, अनि थपमोल नपर्ने चाहिं फोसामा दिइन्छ। तर फोसा भन्दैमा नाकै खुम्च्याउनु पर्ने चाहिं पक्कै हुँदैन। फोसामा पाइने थपुवा र बढुवामा पाइने सरह कै पनि हुन सक्छ।

आज भन्दा सात वर्ष अघिको कुरो हो, भर्खर परिक्षा सकेकाले दिमाग र हात, दुइटैले विश्राम पाएको थियो। तर बर्माको मण्डले शहरको गरमीमा कोठाभित्र रित्तै उकुसमुकुसिएर बस्नु सरल थिएन। त्यसैले केही पढौं भनेर र्‍याकमा भएका पुस्तकहरूमा आँखा डगुराएँ। आँखा "तमीः छेत्" नामको पुस्तकमा गएर अड्यो। सो पुस्तक र्‍याकबाट निकालेर ल्याई खाटमा पल्टेर पढ्न थालें। अनायासनै पानाहरू पल्टिदै गए। आकर्षक कथावस्तु, मनमोहक शैली–एकै खेपमा आद्योपान्त पढें। पढी सकेपछि मनमा कुरा खेल्यो — "र वे थ्वं



Downloaded from http://dhamma.digital

द्वारा लिखित उपन्यास 'तमी: छेत्' प्रति राम्रो छ, नेपाल भाषामा अनुवाद गरे उत्तम हुन्छ भनेर धेरै विद्वानहरूले भन्नुभएको थियो । तर समयाभावले आफूले अझै पढ्न पाएको थिएन । वास्तवमा यो पुस्तक मैले आफ्नो मातृभाषामा अनुवाद गर्नै पर्ने खालको रहेछ । स्वदेशको एउटी विधीको जीवनीमा आधारित, एक जना विदेशी विद्वानद्वारा विदेशी भाषामा लिखित उपन्यास ! . . . . . . . . . . तर . . . . . . के मैले यसको अनुवाद गर्न सकुँला त ? . . . . . . मातृ भाषामा बोल्नै नपाएको पनि कति वर्ष भैसकेको छ । कति शब्दहरू बिर्सिसकेको छु । शब्दकोष पनि आफूले साथमा ल्याएको छैन । . . . . . . . . . जे पर्ला, पर्ला ! कमसेकम प्रयाससम्म त मैले गर्नै पर्छ । आफूले बिर्सेका शब्दहरूको हकमा मोलमिनमा हालसालै नेपालबाट पढ्न आएका बहिनीहरूसित सोधेर भएपनि लेखुँला । . . . . . . . . भाव र अभिव्यक्ति सम्बन्धमा कठिनाइ आइपरेमा स्वयम् मूल लेखकसितै छलफल गरुँला । उहाँ पनि परिचित व्यक्ति नै त हुनुहुन्छ नि ! . . . . . . . "

त्यसरी अनुवाद गरेरै हेर्ने कुरो मनमा निधो भएपछि कापी र कलम लिएर मेच-टेबुलतिर गएँ । ठूलठूला अक्षरले "यो:ह्म्ह्याय्" भनेर शिर्षकको अनुवाद गरिसकेपछि धमाधम अनुवाद गर्दै लगेँ । भाग्यवश त्यसैताका गरमी स्थान मण्डलेबाट शितल हावापानी भएको ठाउँ च्याउमेमा जान पाइने अवसर पाएँ । च्याउमेको शितल वातावरणमा ठण्डा दिमागले अनुवाद कार्य बढाउँदै लगेँ । यसरी अनुवाद गर्दै जाँदा बल्ल थाहा पाउँदै गएँ, अनुवाद गर्नु भनेको सजिलो काम रहेनछ भनेर । डेढ महिना जति च्याउमेमा बसेर आफैले गर्न सक्ने जतिको अनुवाद गरेर मण्डले फर्कें । मण्डलेबाट रंगूनमा गएर मूल लेखक "र वे थ्वं" स्थविरसित भेट गरी आफूलाई स्पष्ट नभएको



Downloaded from http://dhamma.digital

विषयमा छलफल गरें। यसरी आफूले बुझ्न पर्ने कुराहरू त बुझें, तर आफूले बुझेको भाव र अभिव्यक्तिलाई नेपाल भाषामा व्यक्त गर्न कतिपय शब्द र वाक्य–वाङ्मय आफूसित नभइदिएकाले अरू नेपाली-हरूसित परामर्श लिन मोलमिन जानै पर्ने महशुस भयो। सो कुरो थाहापाएपछि र वे थ्वं स्थविर पनि साथै आइदिनमा उत्सुक हुनुभयो। दुबै जना संगै मोलमिनमा पुग्यौं। हाम्रो उद्देश्य थाहा पाएपछि खेमाराम विहारका गुरु आमा "दो पञ्ञाचारी" र "दो सुख" ले हाम्रो लागि बस्ने खाने व्यवस्था खेमारामबाट टाढा नपर्ने "सइँमामा" विहारमा गरिदिए। यसरी त्यसबेला खेमाराम विहारमा अध्ययनरत नेपाली अनगारिकाहरू–धम्मदिन्ना (चमेली), उप्पलवण्णा (चिनी) र पञ्ञा (कमला) सित परामर्श लिएर बाकि अनुवाद कार्य सम्पन्न गरें। त्यसैले उनीहरू तिनै जना धन्यवादका पात्र भएका छन्। मूल लेखक र वे थ्वं स्थविरले, अमूल्य त्रिपिटक पुनः प्रकाशन सम्बन्धी आफ्नो त्यस्तो महत्वपूर्ण काम थन्काएर मसंगै मोलमिनसम्म आइदिने कष्ट गर्नु भएबाट, उहाँले मलाई यस अनुवाद कार्य गर्नमा कति प्रोत्साहन दिनुभयो होला भन्ने कुरो स्पष्ट भएको हुनुपर्छ। अनि उहाँको मनमा नेपालप्रति कति सहानुभूति, श्रद्धा र सौहार्दता रहेछ भन्ने कुरो पनि त्यस बाटै अभिव्यक्त भएको हुनुपर्छ।

अनुवाद कार्य सम्पन्न भएको धेरैदिन नबित्दैमा "योःह्म म्ह्याय्" को पाण्डुलिपि नेपाल पठाइदिनलाई सहोदर भिक्षु सुदर्शनले लेखि पठाएको पत्र मैले पाएँ। नितान्त आवश्यक केही सुधार कार्य यथासम्भव चाँडै सम्पन्न गरेर पाण्डुलिपि नेपाल पठाइदिएँ। जवाफमा — "पाण्डुलिपि हात पर्ने वित्तिकै एकै खेपमा आद्योपान्त पढें। राम्रै लाग्यो।" — भनि लेखिएको पत्र पाएँ। त्यो मेरो लागि पहिलो फोसा भयो।

जुनबेला म बर्मामा अध्ययन सकेर नेपाल फर्कने छु, तबसम्ममा "योह्म म्ह्याय्" प्रकाशित भई सबैको प्रिय पुस्तक भइसकेको हुनेछ भनेर मैले त्यसबेलै सोचेको थिएँ। तर वर्षौं पछि, आफू फर्कंदा



Downloaded from http://dhamma.digital

पनि त्यो पाण्डुलिपि, पाण्डुलिपि कै रूपमा मात्र सीमित रहिरहेको देखनु पर्दा म केही निराश भएँ।

गत वर्ष "योःह्रम्ह्याय्" एक पल्ट राम्ररी केलाएर हेर्नु पर्‍यो भनेर कवि केशरी चित्तधर हृदयज्यू अग्रसर हुनुभयो। उहाँ कै अग्रसरतामा, म, भिक्षु सुदर्शन र कविज्यू समेत गरी हामी तिनै जना मिलेर "योःह्रम्ह्याय्" मा थप सुधार गर्नमा लाग्यौं। आठ-दश दिन जति त्यसरी तिनै जनाले मिलेर सुधार गरिसकेपछि बाकी सुधार कार्य म एक्लैले गर्ने जिम्मा कविज्यूले मलाई दिनुभयो। सुधारकार्य सम्पन्न भएपछि सुधारिएको पाण्डुलिपि कविज्यूको हातमा सुम्पिदिएँ। त्यसपछि त्यसलाई यो पुस्तकको रूपमा यसरी पाठक समक्ष ल्याइदिन गर्नु पर्ने सम्पूर्ण काम कविज्यू एक्लैले अथक परिश्रम गरी सम्पन्न गर्नुभयो। यदि उहाँले त्यसरी परिश्रम गर्नु नभएको भए यो अझै पनि पाण्डुलिपि कै रूपमा सीमित रहिरहने थियो होला। त्यसैले कविज्यू कतिको श्रेयपात्र हुनुहुन्छ त्यो भनिरहनु नपर्ला। तर उहाँबाट त्यसरी सहयोग पाउनु मेरो लागि एउटा महत्वपूर्ण फोसा भएको छ, त्यो चाहिं नभनिहुन्न।

अन्तमा, यो पुस्तक अनुवाद गर्नमा र यसको प्रकाशन गर्नमा विभिन्न प्रकारले सहानुभूति व्यक्त गर्नु हुने र सहयोग दिनुहुने सबैलाई हृदय देखि धन्यवाद दिन चाहन्छु। साथै यो उपन्यास आफ्नै देशको एउटी वीराङ्गनाको जीवनमा घटेका घटनाहरूमा आधारित छ भन्ने कुरो थाहा गरी, पाठकहरूले यसबाट लिन सक्ने प्रेरणा लिनुका साथै यसको महत्व हृदयगत गरिदिएमा मूल लेखकको आकांक्षा पूर्ण हुने भए झैं यस अनुवादकको मनोकामना पनि पूर्ण भएको महशुस हुनेछ भन्ने कुरो पनि उल्लेख गर्न चाहन्छु।

भिक्षु ज्ञानपुण्णिक
(नेपाल भाषामा अनुवादक)

२०२७ कार्तिक ४



Downloaded from http://dhamma.digital

# मेरो भन्नु

कुनै पनि मानवमा बहुजनको भलो हुने केही गरूँ भन्ने मनोभावना छिपेको हुन्छ। तर धेरै जना मानिसहरू आफूमा भएको त्यस्तो भावलाई दबाएर आफ्नो व्यक्तिगत परिधि भित्रका कामहरूमा मात्र सीमित रहनमा विवश भएका हुन्छन्। म पनि त्यसरी विवश भएकाहरू मध्येको हुँ। तर संजोगले, बर्मी महास्थविर 'र वे थ्वं' द्वारा बर्मी भाषामा लिखित उपन्यास "तमी: छेत्" जो महास्थविर ज्ञानपुण्णिक द्वारा "योःह्मम्ह्याय्" को रूपमा नेपाल भाषामा अनुदित छ, त्यो उपन्यास नेपाली भाषामा पनि अनुदित भए हुने थियो भन्ने चाहना धेरै जना मानिसहरूको छ भनेर भइरहेको चर्चा, एक दिन धर्मकीर्ति विहारमा गएको बेला मैले सुनें। त्यस्तो चर्चा सुनेर, त्यो अनुवाद कार्य एकपल्ट गरेर हेरूँ न त, भन्ने मनोभावना मेरो मनमा तिव्र भयो। तर बर्मी भाषा नजानेको हुनाले मैले नेपाल भाषामा अनुदित "योःह्मम्ह्याय्" लाई नेपाली भाषामा रूपान्तर गर्न थालें। एक डेढ हप्ताभित्र दुई अध्याय नेपालीमा रूपान्तर गरेर धर्मकीर्ति विहारमा धम्मवतीलाई दिइदिएँ। सो हेरिसकेपछि उहाँले भन्नु भयो — "भावानुवाद गरेका रहेछौ। तर राम्रो लाग्यो। अनुवाद गर्दै जानु। राम्रो भएमा छपाइदिनु पर्ला।"

दुई महिना भित्रै अनुवाद कार्य सकाइदिने लक्ष मैले राखेको थिएँ। तर मान्छे ताक्छ मुढो बञ्चरो ताक्छ घुँडो भने जस्तै हुन गयो। एक महिना भित्र १२ अध्यायसम्म अनुवाद गरेर दिइसकेपछि पुनः आफ्नै परिधिभित्रका कामहरूमा मात्र अलमलिनुमा म बाध्य



Downloaded from http://dhamma.digital

भएँ । एक वर्ष बितिसक्दा पनि बाकि अध्यायहरू सबै अनुवाद गरेर दिनमा म समर्थ भइनँ । त्यसरी म व्यक्तिगत काममा मात्र व्यस्त रहेको देखेर श्रद्धेय अश्वघोष महास्थविरले अझै अधुरो पाण्डुलिपि नै प्रेसमा पठाएर प्रूफ हेर्ने काम पनि आफैले गरिदिने सहृदयता देखाउनुभई बाकि अध्यायहरूको अनुवाद कार्य पूरा गर्ने ठूलो प्रेरणा मलाई दिनुभयो । त्यसैले मात्र यो पुस्तक पाठकहरूको हातमा पुग्न सम्भव भइरहेको छ । अन्यथा यो पुस्तक अझ पनि अधुरो नै रहिरहने थियो । त्यसैले म पूज्यवर अश्वघोष महास्थविरलाई सादर वन्दना गर्दछु ।

भावानुवाद गर्ने क्रममा, यो पुस्तक बढी मनमोहक होस् भन्ने अभिप्राय लिएर, मैले यसमा कहिं केही कुरा थपेको छु त कहिं केही कुरा घटाएको छु । मूल लेखक महास्थविर 'र वे थ्वं' को शैलीमा भन्ने हो भने, एउटा पुस्तकालयमा भएका सामग्री, सहजै उपयोगमा लिन मिल्नुका साथै बढी सुरक्षित पनि हुने गरी मिलाएर राख्नमा, पुस्तकालयाध्यक्षले गर्नु पर्ने किसिमको काम गरिदिने कोशीश मैले गरेको छु । त्यसैले यस पुस्तकमा, कहिं कुनै गल्ती या कमी हुनगएको भएमा, त्यस्तो गल्ती या कमी मूल लेखक 'र वे थ्वं' महास्थविर अथवा नेपाल भाषामा अनुवाद गर्नु भएका महास्थविर ज्ञानपुण्णिक, उहाँहरू दुबै जना मध्ये कसैबाट हुन गएको नभई, म बाट हुन गएको हो भन्ने कुरो पाठकले बुझिलिनु होला ।

अन्तमा, मूल लेखक र नेपाल भाषामा अनुवाद गर्नु भएका अनुवादक, दुबै महास्थविर भिक्षुहरूले झैं, यो उपन्यास एउटी नेपाली छोरीको जीवनमा घटेका सत्य घटनाहरूमा आधारित छ भन्ने कुरो थाहा गर्नु भई पाठकहरूले यसबाट उचित प्रेरणा लिन सकोस् भन्ने कामना मैले पनि गरेको छु ।

२०४७ आषाढ ५ — मोतिकाजी शाक्य



Downloaded from http://dhamma.digital

# विषय सूची


| | | |
|---|---|---|
| १. | व्यथित बालिका | १ |
| २. | दृढ संकल्प | ११ |
| ३. | आमा र बुबाको स्नेह | २३ |
| ४. | दाजु बहिनीको तरकीब | ३३ |
| ५. | यात्रारम्भ | ४४ |
| ६. | पछ्याइ | ६३ |
| ७. | चेकपोष्ट | ७३ |
| ८. | कुशीनगर | ८४ |
| ९. | नेपालमा बुद्धशासन | ९५ |
| १०. | रूप परिवर्तन | १०४ |
| ११. | दोबाटो | ११४ |
| १२. | अन्तिम पछ्याइ | १२२ |
| १३. | कठिन निर्णय | १२८ |
| १४. | उम्काइ | १४५ |
| १५. | बाघसितको रात | १५३ |
| १६. | अजिङ्गरसित जम्काभेट | १६६ |
| १७. | नाग जाति | १७५ |
| १८. | मिचीना | १९२ |
| १९. | बन्धनागार | २०४ |
| २०. | उद्देश्य पथमा | २११ |
| २१. | जन्मभूमि | २१७ |
| २२. | उद्देश्य प्राप्ति | २२७ |


□

Downloaded from http://dhamma.digital



(अ० धम्मवती)

Downloaded from http://dhamma.digital

# १. व्यथित बालिका

"निर्वाण धर्म के साँच्चै भएको धर्म हो ? – धेरैको मनमा यो प्रश्न सलबलाइरहेको होला । यस्तो प्रश्नको जवाफमा किटानका साथ भन्न सकिन्छ – निर्वाण धर्म साँच्चै छ । त्यसो भए निर्वाणको परिचय के हो ? यसको आकार–प्रकार कस्तो छ ? यसलाई कसरी चिन्न सकिन्छ ? – एक तह माथि उठेर यस्ता प्रश्नहरू पनि गर्न सकिन्छ । तर निर्वाण धर्म भनेको भौतिक वस्तु नभएको हुनाले, रूप धर्म बाहिरको भएकोले यसलाई दृष्टान्तद्वारा चिनाउन सकिन्न । यसलाई एउटा बेग्लै उपायले मात्र बुझ्न–बुझाउन सकिन्छ । त्यसो भए निर्वाण बारे थाहा पाउने कसरी ? कसरी यसलाई बुझ्ने–बुझाउने ? . . . ."

उपरोक्त व्याख्यान सुनिरहेका स्रोताहरूको परिषदमा सबै स्रोताहरू बिना कुनै हलचल, एकाग्र थिए । व्याख्याताले निर्वाण धर्मलाई पनि बुझ्ने–बुझाउने तरिका छ भनेको हुनाले निर्वाण धर्मलाई बुझिलिने आशामा अधिकांश श्रोताहरू व्याख्याताद्वारा भनिने प्रत्येक शब्द प्रति आकर्षित हुँदै गएका थिए ।



Downloaded from http://dhamma.digital

"निर्वाण धर्मलाई बुझ्ने हो भने सबैभन्दा पहिले रूप धर्म र नाम धर्मलाई अलग अलग छुट्याएर स्पष्ट रूपमा बुझने प्रयास गर्नुपर्छ । रूप धर्म भनेको हामी सबैले आफ्नै आँखाले हेर्न सक्ने भौतिक पदार्थमा हुने गुण, स्वभाव भएको हुनाले यस बारे विशेष केही भनिरहनु पर्दैन होला । नाम धर्मलाई, अर्थात चित्तको स्वभावलाई, रूप धर्मलाई झैं आँखाले हेर्न त सकिन्न । त्यसो भएतापनि लोभ, द्वेष, इत्यादि क्लेशहरूको कारण क्षण क्षणमा अनेकानेक छाँटले परिवर्तन भइरहेको आ-आफ्नो मनस्थितिको अनुभवबाट हामी चित्तको स्वभाव अर्थात नाम धर्मलाई पनि एक बेग्लै प्रकारले राम्ररी नै सम्झन-बुझ्न सक्छौं । होइन त ? . . ."

उपरोक्त धर्म देशना भइरहेको स्थान नेपालको राजधानी काठमाडौंबाट करिब दुई कोस टाढा पर्ने ललितपुर शहर स्थित श्री सुमङ्गल बिहार थियो र धर्म देशना दिइरहनुहुने स्थविर चाहिं बर्मा देशको मोलमिन शहरबाट भारतको कुशीनगर स्थित बर्मी बिहारमा बसोबास गरिआउनु भएका बर्मी स्थविर ऊ धम्मावुध हुनुहुन्थ्यो । उहाँ बर्मी भाषा बाहेक पालि भाषा र हिन्दी भाषामा पनि धर्म देशना गर्नुसक्नुहुन्थ्यो । तर श्रोताहरू सबै नेपालको नेवार समुदायका मानिसहरू भएकाले उनीहरूका लागि हिन्दी, पालि र बर्मी तिनै प्रकारको भाषा समान रूपले बुझ्न नसक्ने भाषा थियो । त्यसैले प्रस्तुत देशना व्याख्याताले उहाँको आफ्नै मातृ भाषा-बर्मीमा दिएर, त्यसलाई एक जना बर्मी भाषा



Downloaded from http://dhamma.digital

बुझने नेपाली भिक्षुद्वारा नेपालभाषामा अनुवाद गराइएको थियो । देशनाको विषयवस्तु निर्वाण धर्म थियो, जुन बिषय बुझनमा ती नेपाली श्रोताहरू अति उत्सुक थिए ।

स्थविर ऊ धम्मावुध, मोलमिन शहरमा केही समय विताइसक्नु भएका एकजना थेरवादी नेपाली भिक्षु अनिरूद्ध संग चिनाजानी भएको नाताले थोरै दिनको भ्रमणका लागि नेपाल पुग्नुभएको थियो । उहाँ त्यसरी नेपाल पुग्नु भएको मौका पारी नेपालका केही थेरवादी बौद्ध धर्मावलम्वीहरूले केही दिनको धर्म देशना कार्यक्रम संचालन गर्ने सम्बन्धमा उहाँलाई विशेष अनुरोध गरेका थिए । उक्त धर्म देशना क्रममा त्यस दिनको धर्म देशना अन्तिम देशना भएको हुनाले त्यस देशनाको विषयवस्तु नेपालीहरूले अति उत्सुकतासाथ बुझन चाहेको निर्वाण धर्म चुनिएको थियो ।

व्याख्याता स्थविरले आफ्नो व्याख्यान अघि बढाउँदै लैजानु भयो – "निर्वाण धर्म पनि एक प्रकारको नाम धर्म नै हो । तर यो तपाईं–हामीले अनुभव गर्दै आएका लोभ, द्वेष, मान, मात्सर्य आदि अकुशल चित्तभन्दा बेग्लै प्रकारको, अति शितल, अति शान्तिपूर्ण, तृष्णा रहित विशिष्ट चित्तको स्वभाव हो । . . . ."

यो अति गम्भिर विषय सम्बन्धि धर्म देशना भर्खर भर्खरै मात्र थेरवादी बौद्ध धर्मावलम्बीको रूपमा संगठित भइ-रहेका नेपाली श्रोताहरूको त्यो परिषदका निमित्त अत्यन्त



Downloaded from http://dhamma.digital

कठोर हुनु स्वाभाविक नै थियो । त्यसैले पहिलेबाट लोभ, द्वेष आदि अकुशल चित्त उत्पत्ति हुँदा अनुभव हुने मानसिक दुःखलाई सम्झाई त्यस्तो अकुशल चित्त उत्पन्न नहुँदा हुने शान्तिपूर्ण अवस्था नै निर्वाण सुखको एक झलक हो भनेर तुलनात्मक ढङ्गले निर्वाण धर्मलाई सम्झाउने शैली अपनाउदै स्थविरले धर्म देशना अघि बढाउँदै लैजानु भयो – 'यदि लोभादि अकुशल धर्मले संयुक्त भएको चित्तको अनुभव हामी गर्न सक्छौं र यसलाई हामी बुझ्न सक्छौं भने लोभ आदि तृष्णा रहितको निर्वाण अवस्थामा पुगेको चित्त पनि हुन्छ र सही रूपले प्रयास गर्दै लैजानु सकेमा हामी पनि त्यस्तो चित्त उत्पन्न गर्नमा समर्थ हुन सक्नेछौं भन्ने कुरोलाई बुझ्न सक्दैनौं र ?"

स्थविरले उपरोक्त शैलीमा अति आकर्षक तरिकाले निर्वाण धर्मको शूक्ष्माकार प्रति झन झन गहिरिदै व्याख्या गर्दै लैजानु भयो ।

त्यस श्रोतापरिषद्मा एउटी १४ वर्षको बालिका पनि थिई । ऊ त्यस अति मर्मभर धर्म देशनालाई बुझिलिनमा निरन्तर प्रयत्नशील थिई । कुरा बुझेकोलाई टाउको हल्लाउने प्रक्रियाद्वारा प्रदर्शन गर्न गर्दै थिई, ऊ ।

त्यो सानी केटी, कलिलो उमेर देखि नै पालि भाषा र बौद्ध साहित्य अध्ययन गर्नमा लागेकी थिई । बर्मा देशमा बौद्ध-धर्मको अध्ययन गरी फर्केका एकजना थेरवादी नेपाली



Downloaded from http://dhamma.digital

भिक्षुको सहयोगमा उसले केही बौद्ध–धर्म सम्बन्धि पुस्तक-हरूको अध्ययन गर्न थालेको वर्ष दिन जति भइसकेको थियो । धर्म अध्ययनमा लागेकी हुनाले नै ऊ एकाग्र मनले धर्म देशना बुझिलिनमा सफल हुँदै गएकी थिई ।

थेरवादी बुद्ध–धर्मलाई राम्ररी बुझी त्यसको अभ्यास समेत गर्ने प्रवल इच्छा भएकी त्यो बच्ची, बर्मी स्थविरको प्रत्येक दिनको देशनालाई राम्ररी बुझेर सम्झिराख्ने प्रयासमा थिई । सकेमा निर्वाण धर्मलाई साक्षात्कार गर्ने चित्ताभिलाषा समेत उसले जगाएकी थिई ।

धर्म कथिक बर्मी स्थविरको व्याख्यानमा -तातो स्वभाव धर्मको अस्तित्व छ भने चिसो स्वभाव धर्मको अस्तित्व हुन पर्छ । जाति, जरा, व्याधि र मरण रूपी दूःख छ भने जाति, जरा, व्याधि र मरणबाट मुक्त भएको सुख पनि हुनै पर्छ र त्यही सुख नै निर्वाण हो – भन्ने तथ्यलाई राम्ररी सम्झाउने भरमगद्दूर प्रयास गरिएको थियो । अनि त्यस व्याख्यानमा के पनि राम्ररी सम्झाउने कोशीश गरिएको थियो भने – निर्वाण भनेको अन्त कतै खोजेर पाईने होइन । त्यो त मानिसको मनमा हुने, मनको एक विशेष, एक अनुपम अवस्था मात्र हो ।

दुःख र दुःख समुदयको हेतुको रूपमा रहेको–तृष्णा अनि त्यस तृष्णालाई निरोध गर्ने निर्वाणगामी प्रतिपदामार्ग–यी अनि महत्वपूर्ण धर्महरूलाई अनेकानेक तरिकाले भरसक



Downloaded from http://dhamma.digital

स्पष्ट पार्न अथक प्रयास गरिसकेपछि बर्मी स्थविरले त्यस दिनको धर्म देशना टुङ्ग्याउनु भयो ।

धर्म देशना टुङ्गिएपछि, व्याख्याता स्थविरले, त्यस श्रोता–परिषद सामु एउटा यस्तो प्रश्न ठड्याउनु भयो– "प्रिय श्रोताहरू ! म बाट तपाईंहरूलाई सुनाउनु पर्ने धर्म देशना सिद्धिएको छ । अब म तपाईंहरूबाट एउटा प्रश्नको उत्तर सुन्न चाहन्छु । त्यो प्रश्न के हो भने – लोकमा, अथवा भनौं यो देशमा सबै भन्दा अत्यधिक दुःखको कुरो के हो र सबै भन्दा ठूलो सुखको कुरो के हो ?"

त्यस परिषदमा त्यसरी उठाइएको प्रश्नको उत्तर दिने हिम्मत गर्ने व्यक्ति निकै बेर सम्म कोही पनि निस्केन । आखिरमा परिषदको एक छेउबाट एक मसिनो तर दृढ स्वर निस्कियो – "भन्ते ! देशको सन्दर्भमा भन्ने हो भने जहाँसम्म मलाई लागेको छ, हाम्रो देशमा त्यस्तो अत्यधिक दुःखको कुरो केही पनि छैन । तर मेरो आफ्नो व्यक्तिगत सन्दर्भमा भन्ने हो भने, मैले आफूले चाहे जस्तो बौद्ध ग्रन्थ-हरू अध्ययन गर्ने अवसर हाम्रो देशमा छैन । यही नै सबै भन्दा ठूलो दुःख छ ।"

"आमै !" – परिषदमा भएका सबैले एकसाथ चकित भएर त्यो स्वर निस्केतिर फर्केर हेरे । अनि सबैको मनस्थलमा एउटो बालिकाको नाम स्वतः गुञ्जियो "गणेश-कुमारी !!"



Downloaded from http://dhamma.digital

श्रोता परिषदबाट त्यसरी निर्भयसित उठेर बोल्ने त्यही १४ बर्षकी बालिका रहेछ, जसको प्रसङ्ग माथि उठेको थियो । त्यसैको नाम गणेशकुमारी रहेछ ।

उमेरले अझै चञ्चल स्वभावकी भएपनि आत्मबलले आँटिली गणेशकुमारी केही समय अघि देखि मात्रै थेरवादी बौद्धधर्म प्रति आकर्षित भएकी थिई । वंशपरम्परानुसार उ पनि अन्य अधिकांश नेपाली बौद्धहरू जस्तै ब्राह्मणवादको रूपरेखामा परिणत भइसकेकी उत्तर प्रदेशीय महायानी बौद्ध धर्मको अनुयायी थिई ।

थेरवादी बुद्ध–धर्म प्रधान देश, बर्माको तृतीय शहर मोलमीनमा त्रिपिटक र थेरवादी धर्माचरण सम्बन्धि अध्ययन गरेर नेपाल फर्केका एकजना थेरवादी नेपाली भिक्षु, थेरवादी बुद्ध–धर्म र थेरवादी धर्माचरणको प्रचार–प्रशार गर्ने सिलसिलामा केही वर्ष पहिले ललितपुर शहरमा पनि बसोबास गर्न आउनुभएको थियो । उहाँ भिक्षु बुद्धघोष हुनुहुन्थ्यो । भिक्षु बुद्धघोषको सत्प्रयासको परिणाम स्वरूप वंशानुगत महायानी बौद्ध धर्माबलम्बी भावबाट थेरवादी बौद्ध धर्मावलम्बी भावना प्रवेश गरेकाहरू मध्ये गणेशकुमारीकी आमा श्रीमती हीराथकूँ पनि प्रमुख थिई । पहिले आफू थेरवादी बौद्ध धर्मावलम्बी भई त्यसको श्रेष्ठतालाई राम्ररी बुझिसके-पछि आफ्नो परिवारका अन्य सदस्यहरू तथा अन्य थुप्रै ज्ञाति – बन्धुहरू, छरछिमेकीहरू आदिलाईपनि थेरवादि बौद्ध धर्ममा आकर्षित गर्ने श्रीमती हीराथकूँले अथक परिश्रम



Downloaded from http://dhamma.digital

गरेकी थिई । फलस्वरूप श्रीमती हीराथकूँका चार छोरा एक छोरी मध्ये उमेर पुगेका छोराहरू– धनकाजी, मानकाजी र त्यसपछिकी, मात्र १४ वर्षकी छोरी, गणेश कुमारी सहित अन्य थुप्रै ज्ञाति–बन्धुहरू तथा छरछिमेकीहरू बिस्तार बिस्तारै थेरवादी बौद्ध धर्म प्रति आकर्षित हुँदै गएका थिए ।

त्यसताकाको नेपालमा आधुनिक शिक्षापद्धतिका हाइस्कूलहरू अहिले त्यति व्यापकरूपमा प्रचलित भइसकेको नभएतापनि गणेशकुमारी जस्तै हुनेखाने कालका मध्यमवर्गिय परिवारका छोरीबेटीहरूका लागि भने दूलंभ थिएन । आधुनिक शिक्षापद्धतिका हाइस्कूलहरू बाहेक, महायानी बौद्ध धर्ममा आधारित संस्कृत साहित्य पढाइने पाठशालाहरू पनि त्यसताकासम्म जताततै थिए । तर गणेशकुमारीले सबैभन्दा बढी किमचस्पि भिक्षु बुद्धघोषबाट पालि साहित्य सिक्नमा नै देखाएकी थिई । त्यसैले गणेशकुमारीकी आमा हीराथकूँले आफ्नी छोरी गणेशकुमारीलाई भिक्षु बुद्धघोषबाट पालि बौद्ध – साहित्य अध्ययन गर्नमा नै लगाएकी थिई । गणेशकुमारीले एक वर्षको अवधिमा परित्राण, लोकनीति र धम्मपद अध्ययन गर्न पाएकी थिई । तर गणेशकुमारी तथा उसका सहपाठीहरूले पालि साहित्य अध्ययनको पहिलो वर्ष मात्र बिताईसकेपछि, अन्य बुद्धशासनिक कार्यका कारण भिक्षु बुद्धघोष भारतको कुशीनगर जानुभएको थियो । भिक्षु बुद्धघोष कुशीनगर जानुभएपछि गणेशकुमारी तथा उसका



Downloaded from http://dhamma.digital

सहपाठीहरूको पालि, बौद्ध साहित्य अध्ययन गर्ने तिब्र इच्छा त्यसै अधुरो रहन गएको थियो ।

एक्ली छोरी भएकीले, सबैले पुलपुल्याएकी गणेश-कुमारीले आफ्नो छोटो जीवनावधीमा अझै कुनै ठूलो दुःखानुभव गर्न परेकी थिइन । आफ्नो इच्छानुसार पालि बौद्ध साहित्यको अध्ययन गर्न नपाएकोलाई नै उसले एक मात्र ठूलो दुःखको रूपमा अनुभव गरिआएकी थिई । त्यसैले नै स्थविरको प्रश्नको उत्तर दिनमा ऊ त्यसरी अग्रसर भएकी थिई ।

त्यस श्रोता परिषदको एकछेउबाट एउटी बालिकाले आफ्नो प्रश्नको उत्तरमा त्यसरी बोलेकी देखेर धर्म कथिक स्थविर त्यस बालिकाबाट प्रभावित हुनुभयो । धर्म देशना सकिसकेको हुनाले स्थविरले त्यस बालिकालाई तत्काल आफ्नो छेउमा बोलाएर उसबारे थप कुराहरूको जानकारी प्राप्त गर्नुभयो ।

गणेशकुमारी तथा उसकी आमा हीराथकूँसंग प्रत्यक्ष वार्तालाप गरेर गणेशकुमारीको त्यो ठूलो दुःखानुभव सम्बन्धि सबै कुरो यथार्थ रूपमा थाहा पाएपछि स्थविर धम्मावुधको मनमा गणेशकुमारी तथा उसका सहपाठीहरू प्रति करूणा जाग्यो । गणेशकुमारी र उसका सहपाठीहरू तथा उनीहरूका ज्ञाति–बन्धुहरूले उहाँलाई केही समय नेपालमा नै बसेर धर्म-प्रचार कार्य गर्नुहुन विशेष अनुरोध गरेपछि उहाँले



Downloaded from http://dhamma.digital

अस्वीकार गर्नुसक्नु भएन। देशान्तर बहुश्रुत हासिल गर्ने उद्देश्यले केही दिनको लागि मात्र नेपाल पुग्नु भएको भएता पनि आखिर उहाँ करिब तीन महिनासम्म नेपालमा बस्नमा राजी हुनुपर्‍यो।

तीन महिनासम्म श्री सुमङ्गल विहारमा बसोबास गरी गणेशकुमारी तथा उसका सहपाठीहरूलाई बौद्ध धर्मको शिक्षा दिने र अन्य वयस्क श्रोताहरूलाई बुद्धवाद सम्बन्धि धर्म देशना गर्ने जस्ता बुद्धशासनिक कार्य गरिसक्नुभएपछि स्थविर धम्मावुध फेरि कुशीनगर स्थित बौद्ध विहारमा नै फर्कनु भयो। त्यसरी कुशीनगर फर्कनु भन्दा पहिले उहाँले गणेशकुमारी तथा उसका सहपाठीहरूलाई के कुरा राम्ररी थाहा दिनुभयो भने – बर्मामा स्त्री जातीका अनगारिकाहरूलाई बौद्ध साहित्यमा पारंगत हुने गरी शिक्षा दिलाइने ठूलठूला अनगारिकारामहरू अनेक छन्। बौद्ध साहित्यको अध्ययनमा साँच्चै नै दिलोज्यान दिएर लाग्ने कुनै पनि केटीलाई बर्माका ती अनगारिकारामहरूमा पठाउने व्यवस्था गर्न सकिन्छ।

★



Downloaded from http://dhamma.digital

# २. दृढ संकल्प

"आमा ! त्रिपिटक पढ्न मलाई बर्मा पठाउने होइन ? हेर्नुस् आमा ! म त एकदिन जसरी भएपनि बर्मा जान्छु, जान्छु । बर्मामा गएर सम्पूर्ण त्रिपिटक सिकेर मात्र म फेरि घर फर्कने छु ।"

संस्कार भनेको प्रबल हुन्छ । संस्कारले घचघच्याए-पछि प्राणिको मन अनायासनै सांस्काररिक दिशातिर निरन्तर ढुकिरहने हुन्छ । हुन सक्छ गणेशकुमारीमा पनि बुद्ध-धर्मको अध्ययन गर्ने संस्कार हुँदो हो । त्यसैले उसको मन सधैं बर्मामा गएर बुद्ध-धर्म अध्ययन गर्ने कल्पनामा डुबेको हुन्थ्यो । त्यसैले उ बरोबर आफ्नी आमासंग ढिपी गर्न पुग्थी – उसलाई बर्मामा पठाउने ब्यवस्था गरिदेउ भनेर ।

गणेशकुमारीकी आमाको मनमा पनि आफ्नी छोरीले थेरवादी बुद्ध-धर्मको गहिरो अध्ययन गर्न पाओस् भन्ने चाहना त थियो नै । तर त्यसताका थेरवादी बुद्ध-धर्मको अध्ययन गराइने ब्यवस्था नेपालभर कतै, कुनै पनि रूपमा थिएन । थेरवादी बुद्ध-धर्मको अध्ययन गराउने एक मात्र



Downloaded from http://dhamma.digital

उपाय बर्मी स्थविरले भन्नुभए झैं आफ्नो छोरोलाई बर्माको कुनै एउटा अनगारिकाराममा पठाउने ब्यवस्था गरिदिनु थियो । तर आफ्नो एक्लो, त्यसमा पनि अझै उमेर नपुगेकी छोरीलाई समुद्रपारीको बर्मा देशमा पठाउनु- त्यो एउटी आमाले सोचन सक्ने कुरै थिएन । त्यसैले गणेशकुमारीकी आमा हीराथकुँले त्यस विषय बढी गहिरिएर सोचेकी थिइन । उ संधै झैं छोरीको कुरो टार्ने प्रयासमा लागि–"के हुन नसक्ने कुरोमा पिरोलिरहेकी कसरी पठाउने मैले तिमीलाई बर्मामा ? त्यति टाढाको बर्मा देशमा जानु भनेको ख्याल-ठट्टाको कुरो होइन क्या ।"

"कुरो त्यति कठीन पनि छैन नि आमा । तपाईंले पठाउने बचन मात्रै दिए पुग्छ । अरू सबै ब्यवस्था बर्मी भन्तेले गरिदिनु हुनेछ ।"

"उहाँले त बर्माका अनगारिकारामहरूमा बुद्ध–धर्म पढाउने ब्यवस्था छ पो भन्नु भएको त । अनगारिकाराम भनेको गृह त्यागेका अनगारिकाहरू मात्रै बस्ने विहार हो । के तिमी घर त्यागी, कपाल काटी, पहेंलो चिवर लगाएर अनगारिका हुन सक्छौ ? . . . . . .

छोड् यस्तो नचाहिने कुरा । अहिले सम्ममा जे जति पढ्यौ, त्यति नै प्रर्याप्त छ बरू तिमी पनि तिम्रो ठूलो भाइ झैं अंग्रेजी स्कूलमा पढ्न जानेतिर लाग ।"

कपाल काटेर अनगारिका बन्ने कुरो प्रसङ्गमा



Downloaded from http://dhamma.digital

आउँदा गणेशकुमारीको हात अनायास नै उसका काला र लामा, राम्ररी कोरेर दुई चुल्ठोमा बाटिएका चुल्ठोमा चिप्लिन पुग्यो। आफ्नो सौन्दर्यको एक अभिन्न अङ्गकोरूपमा रहेका ती चुल्ठाहरू काट्नु पर्ने कुरो सम्झँदा उ एकपल्ट अकमकिई। तर केही बेरमै मनको त्यस कम्जोरलाई लत्याउँदै उसले दृढ स्वरमा भनी – "बुद्ध–धर्म पढ्न पाइन्छ भने म अनगारिका पनि हुन सक्छु। बच्चा–बच्ची पाएर घर–जञ्जालमा फस्नु भन्दा धर्मकर्ममा लाग्नु नै कल्याण छ भनेर तपाईंले नै भन्नुभएको होइन र? म अनगारिका नै हुन्छु, आमा!"

सबैको पुलपुल्याइमा हुर्केकी छोरी, त्यति छिटो अनगारिका हुनमा पनि निसंकोच राजी हुन्छे भन्ने कुरो हीराथकूँले चिताएकै थिइन। छोरीको कुरोले एकछिन अक्कमक्कमा परी छोरीको अनुहारमा तोलेर हेरिसकेपछि छोरीको उत्साह मार्ने प्रयासमा हीराथकूँले भनी – "अनगारिका हुनु तिमीले अहिले सोचे जस्तो त्यति सरल कुरो कहाँ हो र छोरी! त्यो त जीवनभरको कुरो हो। त्यस्तो कुरोमा सबै दृष्टिकोणले धेरै पटक सोचिसकेपछि मात्र निर्णय गरिन्छ।.....

म हुन्जेल त जे परे पनि दगुरेर म कहाँ आउली। म मरे पछि कसको भरोसा लिन्छौ? ....

यस्तो नौलो कुरोमा आँट गर्नलाई त आफू जस्तै सोच्ने अरू पनि साथीहरूको एउटा बलियो समूह हुनु पर्छ। अनि पो एक अर्कालाई भरोसा हुन्छ।...



Downloaded from http://dhamma.digital

तिम्रो उमेर अहिले त्यति टाढाको कुरो सोच्न लायकको भएको छैन । . . . .

तिमी यस्तो चाहिने नचाहिने कुराहरू सोचेर त्यसै घरमा अलमलिएर नबस । म तिमीलाई चाँडै नै तिम्रो भाईलाई झैं अंग्रेजी स्कूलमा भर्ना गरिदिन्छु ।" – यति भनेर हठी छोरीको अगाडि परिरहनुबाट उम्कन हीराथकूँ अन्यत्र अर्कै कामगर्नतिर गई ।

साथीहरू खोज्नु, अनि साथीहरू मिलेर एकसाथ अनगारिका बन्नु – आमासंग भएको कुराले गणेशकुमारीलाई एउटा नया कुरोको बोध गरायो । बुद्ध–धर्मको अध्ययन गर्ने आफ्नो धोको पुऱ्याउने एउटा नौलो उपाय उसको मनमा सुझ्यो । उसको मन–मस्तिष्क स्वतः सक्रिय भयो – आफू झैं आफूसंगै अनगारिका बन्न सक्ने साथीहरूको खोजमा ।

गणेशकुमारीको उमेर साथीहरूको अभाव भइसक्ने उमेर थिएन । लख्करै थिए उसका साथीहरू । तर लर्तरो साथीहरू कामका हुने थिएनन् । उसले त त्यस्ता साथीहरू खोज्नु थियो, जुन साथीहरूसंग उसले सम्पूर्ण जीवन बिताउन सकोस् । जुन साथीहरू उ झैं अनगारिका बन्न सक्ने होस् । उसको भित्री मनको आँखामा उसका भएभरका साथीहरूको तस्वीरहरू चलचित्रमा झैं फरर आउन र जान थाले । त्यसरी आएका तस्वीरहरूमध्ये दुई ओटी दिदी–बहिनीहरूका तस्वीरहरू उसको मनमा स्थीर रहे । ती दुई ओटी दिदी–



Downloaded from http://dhamma.digital

–बहिनीहरू थिए – शुभलक्ष्मी र उसकी दिदी मनोहरादेवी ।

शुभलक्ष्मी, गणेशकुमारीकी दौतरी साथी थिई । भिक्षु बुद्धघोष र बर्मी स्थविर कहाँ पनि संगसंगै नै अध्ययन गरेका थिए उनीहरूले । उनीहरू दुई जनाको मनको कुरो प्रायः सधैं मिल्दोजुल्दो हुने गरेको थियो । संगै अनगारिका बन्ने कुरोमा उसले इन्कार गर्ने सम्भावना कम मात्र थियो ।

शुभलक्ष्मीकी दिदी मनोहरादेबी उमेरले जेठी भएपनि उ धेरै जसो शुभलक्ष्मीकै कुरा सकार्ने गर्थी । शुभलक्ष्मी र गणेशकुमारीले एकसाथ मिलेर भन्ने कुरोमा उसले नाइनास्ती गर्ने कुरै थिएन ।

सवैभन्दा आशालाग्दो कुरो त के थियो भने, शुभलक्ष्मी र मनोहरादेवीकी आमा–लक्ष्मीमाया पनि, गणेशकुमारीकी आमा हीराथकूँ कैं थेरवादी बौद्धधर्मावलम्वी नै थिई । उ त झन एउटी त्यस्ती उपासिका थिई, जस्ले आफ्नो एउटा छोरालाई भिक्षु बन्ने स्विकृति दिइसकेकि थिई । उसको माहिलो छोरो, भिक्षु अश्वघोष, उसैको प्रेरणामा श्री लङ्कामा गएर बुद्ध–धर्मको अध्ययनमा लागिरहनु भएको थियो।

त्यसरी मनमा एउटा दन्हो आशाको ज्योती जगमगाएपछि, गणेशकुमारी एकछिन पनि घरमा अलमलिरहन सकिन । उ उत्ति नै खेरि शुभलक्ष्मीको घरतिर लम्की ।

"लक्ष्मी ! . . . अय् लक्ष्मी !!" – शुभलक्ष्मीको घरनेर पुग्ने वित्तिकै, बाटैदेखि आवाज दिई, गणेशकुमारीले शुभलक्ष्मी र उसकी दिदी मनोहरादेवी कोठामा बसेर पढ्नमा



Downloaded from http://dhamma.digital

लागिरहेका थिए। आफ्नी हितैषी साथीले अरूबेलामा झैं सरासर कोठामा नपसिकन बाटैं देखि बोलाएको सुनेर शुभलक्ष्मीले हतारिए र झ्यालबाट बाहिरतिर हेरी। अनि हस्याङ्ग फस्याङ्ग गरेर आइरहेकी साथीलाई देखेर उ पनि अनायास नै बगुरेर तल झरी।

दुई ओटी हितैषी साथीहरू तल छिंडीमा भेटेर एक अर्कालाई अँगालो मारी कोठाभित्र पसुञ्जेलसम्म पनि मनोहरादेवी किताबमै अलमलिबसेकी थिई। गणेशकुमारी लाई देख्ने वित्तिकै उसले आफ्नै सुरको कुरो गरी –"गणेश ! तिमी मौकैमा आयौ। हामी यसको अर्थ बुझ्न नसकेर अलमलिरहेका थियौं।" – यसरी भन्दै उसले आफ्नोकिताब गणेशकुमारीतिर सारी।

तर गणेशकुमारी किताबको अर्थ लगाउने तरखरमा थिइन। उनी किताबका पानाहरू त्यसै त्यसै पल्टाइरही। केही बेर यसरी अलमलिसकेपछि उसले आफ्नै कुरा गरी – "दिदी म आज एउटा अर्कै कुरो मनमा लिएर आएकी छु। एउटा नया कुरो . . . . .। तिमीहरूसित पनि सल्लाह गर्नु पर्नें . . . . .।"

गणेशकुमारीले आफ्नो कुरो त्यसरी निर्भीकसित भन्न नसकेको उनीहरूले पहिलो पल्ट देखेका थिए। त्यसमा पनि उसले नया कुरा भनेकोले उनीहरू दुबै जना अलमलमा परे। एकछिन आपसमा हेराहेर गरिसकेपछि शुभलक्ष्मीले



Downloaded from http://dhamma.digital

भनी – "नभा कुरा ? . . . . के नभा कुरा ? . . . तिमी आज निकै गम्भिर देखिन्छौ ।"

आफ्नो कुरोको गह्किलोपन बोध गराउन गणेश-कुमारीले झन गम्भिर हुँदै भनी – "कुरा गम्भिर नै छ, लक्ष्मी । तिम्रो–हाम्रो जीवनभरको कुरो छ । . . . .

लक्ष्मी ! मैले आज पनि बर्मामा गएर पढ्न जाने कुराको प्रसङ्ग चलाएको थिएँ, आमासंग । आजको कुरोले के थाहा पाइयो भने, अनगारिका भएमा बर्मामा पढ्न जान सजिलो हुने रहेछ । तर एक्लै अनगारिका भएर नहुने रहेछ । दुई चार जना साथीहरू मिलेर एकसाथ अनगारिका भयौं भने मात्र एक अर्कालाई भरोसा हुने रहेछ । त्यसैले . . . ."

शुभलक्ष्मीको शाक्य परिवार सूचिकारी व्यवसायमा लागेको थियो । विभिन्न दरबारीया ग्राहकहरू लगायत राजदरबारसम्मका लुगा सिउने काम पनि उनीहरू कहाँ ल्याईने हुनाले ज्यामीहरू द्वारा सिलाइने लुगा गलत तरिकाले नसिइयोस भनेर त्यस्तो लुगामा पहिलेब्राट हातले टाँका मार्नु जरूरी थियो । शुभलक्ष्मीकी आमा लक्ष्मीमाया सिलाइ-कोठाको झ्यालमा बसेर त्यस्तै टाँका मार्ने काममा सघाइ-रहेकी थिई । हतारिदै आएकी गणेशकुमारीलाई लक्ष्मीमायाले पनि देखेकी थिई । त्यसैले, जुनसुकै कुरामा पनि ठट्टा गरेर हाँस्ने उमेरका ती केटीहरू अहिले गणेशकुमारीले त्यसरी



Downloaded from http://dhamma.digital

हतारिदै ल्याएको कुनचाहिं कुरोमा कसरी हाँस्ने हुन भनेर सोचेकी थिई लक्ष्मीमायाले। तर उसको सोचाइको विपरित साउतीको गम्भिर स्वर निस्केको अनुभव भएपछि उ त्यहाँबाट उठी उनीहरूको कोठातिर लागी। कोठामा तीनै ओटी केटीहरू गम्भिर देखिएपछि उसको मुखबाट स्वत: निस्क्यो – "के कुरोको साउती हुँदैछ, हँ ? तीनै जना अति गम्भिर छौ नि ?"

गणेशकुमारी त सुरू देखि नै गम्भिर थिई। उसको कुरा सुन्दा सुन्दै उसका सँगिनीहरू पनि गम्भिर भएका थिए। यस्तोमा लक्ष्मीमायाले त्यसरी प्रश्न गरेपछि उनीहरू झन गम्भिर हुनु त स्वाभाविकै भयो आखिर गणेशकुमारीले नै नीरवता तोडी – "मैले आज मेरी आमासंग बर्मामा गएर बुद्ध–धर्म पढ्न जाने बारे कुरा गरेकी थिएँ। त्यसै बिषयमा छलफल गरिरहेकी, फुपू !'

"तिमी बर्मामा पढ्न जाने ? यो त तिमीले राम्रै कुरा सुनायौ। कहिले जाँदै छौ त ?"

लक्ष्मीमायाले 'राम्रै कुरा सुनायौ' भनेकीले गणेशकुमारीको हौसला बढ्यो। उसले कुरा बढी खुलाई – "त्यही सल्लाह गरिरहेकी। अनगारिका भएमा सजिलै बर्मा गइने रहेछ। तर मेरी आमा भन्नुहुन्छ – एक्लै अनगारिका भएर हुँदैन। दुई–चार जना साथीहरू भए एक अर्कालाई भरोसा होइने हुन्छ।"



Downloaded from http://dhamma.digital

"त्यो त हो नि । अहिलेसम्म हाम्रो चिनजानका अनगारिकाहरू कोही पनि छैन । दुई चार जना साथीहरू मिलेर एकसाथ अनगारिका हुनु राम्रो कुरा हो । अनि साथीहरू खोज्यौ त ? को को मिलेर जाने भयौ ?"

"साथी खोज्न सबै भन्दा पहिले म यहाँ नै आएकी छु । यिनीहरूलाई पनि म संगै पठाइदिनुस् । हुन्न, फुपू ?"

तबसम्ममा शुभलक्ष्मीले गणेशकुमारीको मनसाय बुझेर आफू पनि उ संगै अनगारिका हुने निश्चे पनि गरि सकेकी थिई । त्यसैले उसले पनि मौकामा बक फुटाई – "हो आमा हामी पनि अनगारिका भएर बर्मा जान चाहन्छौं । हामीलाई पनि संगै पठाइदिनुस्, है आमा ?"

हुन त अनगारिका हुने बारे शुभलक्ष्मीले मनोहरा-देवीसंग केही कुरो गरेकी नै थिइन । तर सधैंभरि दिदीको लागि पनि आफैले प्रतिनिधित्व गर्दै गरिआएकी शुभलक्ष्मीले अनगारिका हुने जस्तो गम्भिर कुरोमा पनि अनायास नै उसको पनि प्रतिनिधित्व गर्न पुगी ।

सामान्यतया मनोहरादेवी आफ्नी बहिनीको हरेक कुरा सकार्ने गर्दथी । तर अनगारिका हुँदा कपाल खौरनुपर्ने कुरो याद गरेर उसले भनी – "अनगारिका हुन कपाल खौरनु पर्छ क्यारे !"

आफूले चिताए झैं आफ्नी घनिष्ट साथीले आफ्नो साथ दिएकीले गणेशकुमारी खुसी भएकी थिई । तर



Downloaded from http://dhamma.digital

मनोहरादेवीको कुराले बन्न लागेको काम फेरि नबिग्रियोस् भनेर उसले तत्कालै कुरो सह्माल्ने प्रयत्न गरी – "त्यो जावो कपालको के माया दिदी ? बुद्ध-धर्म पढ्न पाउने भए कपाल त के सब कुरो त्याग्न सकिन्छ । होइन त लक्ष्मी !"

"बुद्ध–धर्म पढ्न पाइने । अनगारिका भएर जीवन भर मिल्ने साथीसंग बस्न पाइने । म त सब कुरो त्याग्न सक्छु ।" – शुभलक्ष्मीले आफ्नो भित्री मनको कुरो पोखी । तर त्यसरी भन्ने शुभलक्ष्मीको हात अनायास नै आफ्नो राम्ररी बाटिएको चुल्ठोमा चिप्लन पुग्यो । बहिनीको कुरो काट्न नसकेकी मनोहरादेवी, बहिनीको हात उसको चुल्ठो-संग खेलन पुगेको हेरेर वाल्ल परिरही ।

बुद्ध–धर्म प्रति गहिरो श्रद्धा भएकी लक्ष्मीमाया आफ्ना छोरीहरू पनि आफ्नो छोरा भिक्षु अश्वघोष झैं बुद्धशासनमा गइने कल्पनाले प्रसन्न भई । यसरी प्रसन्न भएकी लक्ष्मीमायाको मुखबाट उसको अन्तस्करणको स्वर स्वतः निस्क्यो – "तिमीहरू साँच्चै अनगारिका भयौ भने म त खुसी नै हुनेछु ।"

यसरी अप्रत्याशित ढङ्गले पूर्ण स्विकृति मिल्दा तीनै जना केटीहरूले अति प्रसन्न भई एकसाथ भने –

"साँच्चै आमा ?"

"साँच्चै फुपू ?"

आफ्नो अन्तर हृदयको चाहना व्यवहारमा उतार्न



Downloaded from http://dhamma.digital

कति कठोन हुनेछ भन्ने कुरो महसूस हुने बित्तिकै त्यस व्यवहारिक कठीनाइ आफ्ना छोरीहरूलाई पनि बोध गराउने विचारले लक्ष्मीमायाले भनी — "बुद्धको जन्मभूमी भएरपनि बुद्ध-धर्मको मूलभूत सिद्धान्तको रूपमा परिशुद्ध रहिआएको थेरवादी बुद्ध-धर्म गुमाइसकेको हाम्रो देशमा थेरवादी बुद्ध-धर्मको पुनस्र्थापना गर्ने पुण्यकाममा आफ्ना छोरा छोरीले पनि केही योगदान गरोस् भन्ने चाहना कुनचाहिं थेरवादी आमामा हुँदैन ? तर . . .

तर अहिले तिमीहरू जस्ता कलिला उमेरका केटीहरूलाई समुद्रपारको देशमा पठाउने कुरो छ । म एक्लैले यस्तै भनेर किटानसाथ कसरी भन्न सक्छु ? मैले सबैसंग सल्लाह गरेर हेर्नुछ । तिम्रीहरूले पनि फेरि एकपल्ट गहिरिएर सोच्नु । यस्तो कुरोमा हतारिनु हुन्दैन ।

अनि, गणेश ! तिमीले पनि आफ्ना आमा-बुबा सबैसंग राम्ररी छलफल गरेर निर्णय गरेको हो ? घरमा कुरा कसरी भएको छ ? तिमीलाई बर्मासम्म पुऱ्याउन को जाने भएको छ ?"

लक्ष्मीमायाको अप्रत्याशित प्रश्नले गणेशकुमारी अकमकी । तर केही बेर नहुँदैमा उसले फेरि कुरा सम्हाली— "बुबासंग त अझै केही पनि कुरा गर्न पाएकी छैन । आमासंग कुरा हुने बित्तिकै म दगुरेर यहाँ आएकी छुँ । त्यसो भएतापनि बुबालाई मनाउन केही गाह्रो हुने देखिदन । मैले



Downloaded from http://dhamma.digital

काहेको कुरोमा बुबाले नाइनास्ति गरेको अहिलेसम्म मलाई थाहा छैन।

अनि कसरी बर्मासम्म पुग्ने भन्ने बिषयमा पनि हामीले धेरै सोच्नु पर्दैन। बर्मी भन्तेले आवश्यक सबै व्यवस्था गरिदिनुहुनेछ। मैले उहाँसंग पत्राचार गर्ने गरेको छु। उहाँ अहिले कुशीनगरमा हुनुहुन्छ। हामी कुशीनगरमा उहाँ कहाँसम्म मात्र जानुपर्छ, अरू व्यवस्था उहाँले गरिदिनु हुनेछ।"

"हो त साँच्चै। यसरी आधिकाम सरल बन्ने छ। तै पनि तिमीहरू बढी नहडबढाउनु। यसबारे हामी सबै एकपल्ट फेरि पछि छलफल गर्नेछौं।" यति भनेर लक्ष्मीमाया फेरी सिलाइकोठातिर लागी।

लक्ष्मीमाया गएपछि तीनै जना सँगिनीहरू पुनः छलफल गर्नमा लागे। जति कुरा गर्दै गए अनगारिका बन्ने उनीहरूको इच्छा त्यत्ति नै झाँगिदै गयो। आखिरमा उनीहरूले – जसरी भएपनि तीनै जना मिलेर कुशीनगर जाने। कुशीनगर पुगेपछि बर्मी स्थविरको सहयोग लिएर बर्मा जाने। बर्मामा अनगारिका भई, सम्पूर्ण त्रिपिटकको अध्ययन गरिसकेपछि मात्र फेरि नेपाल फर्कने–दृढ सङ्कल्प गरे।

卐



Downloaded from http://dhamma.digital

# ३. आमा र बुबाको स्नेह

बर्मामा गएर बुद्ध-धर्म पढ्न जाने सम्बन्धमा गणेश कुमारी तथा उसका संगिनीहरूले गर्न सक्ने एउटै कुरो आ-आफ्ना आमालाई चिन्नु थियो। त्यसबाहेक उनीहरूले गर्न सक्ने अर्को काम उक्त सम्बन्धमा आफू-आफूमा गफ गर्नु, कल्पनाको पुल बाँध्नु थियो।

दिनभर तीनजना साथीहरू बिच आपसमा मिलेर बर्मामा गएर यसो गर्ने त्यसो गर्ने भनेर कल्पना गर्नु, त्यस कल्पना सम्बन्धमा गफसफ गर्नु उनीहरूको दैनिक चर्चा नै भइसकेको थियो। एक दिन, दिनभर यस्तै कुराकानी गरेर साँझ अबेर घर फर्केकी गणेशकुमारीलाई एक्लै बैठक कोठामा बसेर झोक्रिरहेको गणेशकुमारीको बुबा – हर्षमान शाक्यले यसरी आवाज दियो – "गणेश ! यता आऊ !"

परिवारकी एक्ली छोरी गणेशकुमारीलाई सबैले नै बढी माया गरेका थिए। तर उसलाई सबै भन्दा बढी पुल-पुल्याउने बाबुचाहिं नै थियो। आफ्नी मायालु छोरीलाई



Downloaded from http://dhamma.digital

उ सायदै मात्र नाम काटेर बोलाउँदथ्यो । प्राय जस्तो 'छोरी' 'नानी', मैया, यस्तै स्नेहमयी शब्दद्वारा मात्र उ छोरीलाई बोलाउने गर्दथियो । हो, कहिले काहि कुनै काम बिराएकाले त्यसो नगर भन्नु पर्ने बेला पनि पर्दथियो । तर त्यस्तो बेलामा पनि नाउँ नकाटिकन नै सम्झाउने प्रक्रिया अपनाइन्थ्यो । त्यसैले एक्कासी त्यसरी आफ्नो बुबाले नाउँ काटेर बोलाएको सुन्दा गणेशकुमारी झस्की । मनमा अनेक अनिष्ट सोच्दै उ बैठक कोठातिर लागी ।

आफ्नो कडा बोलाइको कारण सह्मालिँदै आफ्नो अगाडि उभिन आएकी छोरीलाई देखेपछि हर्षमानको उत्तेजना स्वतः कम भयो । सर्वप्रथम छोरीलाई बस्न अऱ्हाइसकेपछि त्यसरी आफ्नो साम् बसिरहेकी छोरीलाई केही बेर नियालेर हेरी रह्यो । अनि व्यथित स्वरले यसरी सोध्यो –

"तिमी बर्मा जाँदै छौ रे हो ?"

गणेशकुमारीको सोचाइ के थियो भने आफ्नो कुनै पनि चाहनाको गला नघोट्ने, बुबाले बर्मामा गएर बुद्ध–धर्म पढ्न जाने जस्तो असल काममा केहि खिचलो गर्ने छैन । आमाले सहमति दिएको खण्डमा बुबाले पनि सजिलै मान्ने छ । त्यसैले उसले उक्त सम्बन्धमा आफ्नो बुबा संग उ कँहि पनि कुरा गरेकी थिइनन् । बुबाले सुरुमा एक्कासी उत्तेजित भएर बोलाएकी सुन्दा अरू नै केही अनिष्ट परेको होला भनेर उ तर्सेकी थिई । तर बर्मा जाने सम्बन्धमा कुरा गर्न बोलाएको रहेछ भनेर थाहा भएपछि उसले ढाडस बाँधी ।



Downloaded from http://dhamma.digital

केहि दिन अघि प्रसङ्गमा आउँदा उसकी आमाले उसलाई के भनेकी थिई भने – उसलाई बर्मामा पठाउने सम्बन्धमा उसको बुबासंग राम्ररी कुरा गरेर उसको भित्री मनको कुरो थाहा गरेपछि मात्र आवश्यक व्यवस्था गर्न सकिने नसकिने र कसरी गर्ने भन्ने एक्कीन गर्न सक्ने हुन्छ। तर त्यस बेला गणेशकुमारीले आमाका ती कुरालाई एक प्रकारको बहाना मात्र सम्झेकी थिई । अहिले बुबाले एक्कासी त्यसै बिषय कुरा ल्याएकाले बुबालाई मनाउने अभिप्रायले सम्पूर्ण बेलिविस्तार गर्न जमर्को गरी –

"हो, बुबा । यहाँ पढ्न नपाइने बुद्ध-धर्म बर्मामा गएर मात्र पढ्न पाइने रहेछ । अनि बर्मामा गएर पढ्न जानलाई आवश्यक बयवस्था जम्मै मिलाउने जिम्मा बर्मी भन्तेले लिने भएको छ त्यसैले लक्ष्मीमाया फुपूका छोरीहरू दुईओटी र म जान लागेका ।

पहिले यहाँबाट कुशीनगरसम्म जाने । कुशीनगरमा पुगेपछि बर्मी भन्तेसंग छलफल गरेर बर्माको कुनै एउटा अनगारिकाराममा जाने । . . . . ."

हर्षमान, छोरीको योजना सुनिरहने अवस्थामा थिएन । उसले छोरीको कुरा बिचैमा काटेर भन्यो – "यस्तो कलिलो उमेरमा समुद्रपारको देशमा जानु उचित छैन । यस्तो नचाहिंदो कुरोमा अर्काको बहकाइमा लाग्नु हुँदैन । कुरा बुझ्यौ ? . . . . "



Downloaded from http://dhamma.digital

यी दुई बाबु–छोरीमा कहिले पनि एकले अर्काको कुरा नकार्नु पर्ने अवस्था आइपरेको थिएन । त्यसैले जसरी आफ्नो कुरो बुबाले मान्ने छ भन्ने कुरोमा छोरीलाई विश्वास थियो त्यसरी नै बुबाको कुरो छोरीले मान्ने छ भन्ने विश्वास बुबाचाहिंलाई पनि थियो । अरू कुरो भएको भए छोरी-चाहिंले आफ्नो बुबासंग ज्याका ढिपी नथमें नै थिई होली । तर अहिलेको विषय त्यस्तो विषय पर्‍यो जुन विषय उसले दृढ सङ्कल्प गरिसकेकी थिई । त्यसैले गणेशकुमारीले पुनः बुबालाई मनाउने जमर्को गरी – "बुबा, नेपालमा त्रिपिटक पढ्न नपाइने भएर मात्र बर्मा जान खोजेकी हुँ । त्यहाँ दुई–चार वर्ष पढेर चाँडै नै नेपालमा फर्कने . . . .

छोरीले यसरी ढिपी गरेकी देखेर हर्षमानले आफ्नो अडान थाहा दियो – "मैले सबै कुरो बुझेको छु । तर तत्काल यस्तो कुरो हुन सक्दैन । पछि तिम्रो बुद्धि छिपेपछि राम्ररी सोची–विचारी जाने चाहनेछौ भने त्यो बेला फेरि जानेछौ ।"

बाबुको त्यस्तो अडान देखेर, आमा मानिन् भने बुबाले पनि सजिलै मान्नु हुनेछ भन्ने गणेशकुमारीको आशा टुट्यो । आमाले स्वीकारेपछि, आमाको स्वीकृतिको आधारमा साथीहरू खोजेर, उनीहरूसंग मिलोमतो गरी सम्पूर्ण योजना पनि बनाइसकेपछि यसरी अकस्मात बुबाको अडानको कारण आफ्नो योजनाको बज्रपात भएको देख्दा



Downloaded from http://dhamma.digital

गणेशकुमारी निकै नै दुःखी भई । उसको मानसिक दुःख स्वतः आँसुको रूपमा बहन थाल्यो ।

आफूले लाडप्यारमा हुर्काएकी छोरीको आँखाबाट आँसु टप्केको देख्दा हर्षमानको मनमा पनि ग्लानी भयो । तर छोरीको माग स्वीकार्नु पनि कम दुःखको कुरो थिएन । छोरीलाई टाढाको देशमा बुद्ध-धर्म पढाउन पठाउने कुरामात्र थिएन मुख्य कुरो त उसलाई गृहस्थ जीवन त्यागी अनगारिका बन्ने स्विीकृति दिनुपर्ने कुरो कठिन थियो । त्यस धर्म संकष्टबाट बच्नु एकमात्र उपाय जसरी हुन्छ छोरीलाई राम्ररी सम्झाई–बुझाई आफ्नो कुरो मनाउनु नै थियो । त्यसैले उ त्यही प्रयासमा अग्रसर भयो – "चित्त नदुःखाउनु छोरी ! मैले तिम्रै भलो चिताएर यी सब भनिरहेको छु । . . . .

हेर, तिम्रो इच्छा बुद्ध–धर्मको अध्ययन गर्नु न हो ? बुद्ध-धर्मको अध्ययन यहीं बसेर पनि गर्न सक्छौ । यहाँ पनि ठूल–ठूला बौद्ध ग्रन्थहरू छन् । ती ग्रन्थहरू पढाउने गुरुजू र पण्डितहरू पनि यहाँ छन् । तिमी यहाँ कै महायान ग्रन्थहरू पढ्न लाग्नु । . . . .

के हीनयान र महायान दुबै बौद्ध धर्म नै होइनन् र ? फरक खालि भाषाको मात्र हो । बाहिरी आडम्बरको मात्र हो । भित्री कुरो उही हो । मूल एउटै हो ।

पहिले तिमीले यहीं बसेर महायानको अध्ययन गर्नु ।



Downloaded from http://dhamma.digital

महायानी बुद्ध–धर्मको अध्ययन सकेपछि फेरि पनि त्रिपिटक पढ्न चाहन्छौ भने, त्यो बेला फेरि विचार गर्न सकिने छ। त्यतिञ्जेलसम्ममा हालको युद्धको वातावरण पनि पूर्णतया हटिसकेको हुनेछ। तिम्रो उमेर बुद्धि पनि छिपिसकेको हुनेछ। त्यस बेला तिमीलाई खुसीसाथ जहाँ भन्छौ त्यहीं पठाउन सक्ने हुनेछ।"

यसरो सम्झाउँदा पनि छोरीको मानसिक स्थितीमा केही परिवर्तन नभएको देखेपछि हर्षमानले अर्को तरिकाले सम्झाउने कोशिश गऱ्यो – "तिमो सबैभन्दा पहिले त्रिपिटक नै पढ्न चाहन्छौ भने त्यसको ब्यवस्था पनि यहीं हुन सकिन्छ। उसबेलामा फैं भिक्षुहरूलाई देश निकाला गर्ने सम्भावना पनि अहिले छैन। त्रिपिटकको अध्ययन गरेका नेपाली, बर्मी अथवा अन्य देशवासी भिक्षुहरूलाई नेपालमा त्रिपिटक पढाउन निमन्त्रणा गरिपठाउन सकिन्छ। जुन जाँगरले तिमीहरू त्रिपिटक पढ्न बर्मा जाने सुरसारमा छौ त्यही जाँगरले त्रिपिटक पढाउनसक्ने भिक्षुहरूलाई नेपालमा बोलाउने काममा अग्रसर भयो भने तिमीहरू दुई चार जनाका साथै तिमीहरू फैं त्रिपिटक पढ्न चाहने अरू थुप्रै केटा केटीहरूले पनि त्रिपिटक पढ्न पाउने हुनेछ। बर्मा जाने प्रयास छोडी त्रिपिटक पढाउनसक्ने भिक्षुहरूलाई यहाँ बोलाउने काममा लाग्यौ भने म पनि तिमीहरूलाई सक्दो सहयोग गर्नेछु। . . ."

यसरो कुरा सम्झाउँदा पनि आफ्नो छोरीको मनो-



Downloaded from http://dhamma.digital

भावनामा केही परिवर्तन नआएको देख्दा हर्षमान आफै बिचल्लीमा पऱ्यो । उसले अन्तमा आफ्नो भित्री मनको गाँठी खोल्यो – "बर्मामा बुद्ध–धर्म पढ्नजान गृह त्यागी अनगारिका हुनु अनिवार्य छ । तिमी आफै सोच, तिमी जस्तो खाउँलाउँ उमेरको एक्ली छोरीलाई कुनचाहिं बाबुले गृह त्याग्ने अनुमति दिन सक्ने छ ? के तिमीलाई आफ्ना . . . .

छोरीलाई सम्झाइरहेको बुबाको मनस्थिति अनायास विह्वल भयो । उसको कण्ठ स्वतः सुक्यो ।

त्यसरी बाबु-छोरी दुबै जना व्यथित अवस्थामा मौन रहिरहेको बेलामा, हर्षमानको जेठो छोरा–धनकाजी बैठक कोठामा टुप्लुक आइपुग्यो । आफ्नी बहिनी गणेशकुमारी अनगारिका भएर बर्मा जाने सुरमा छे रे भन्ने कुरोको सुइँको उसले पनि भर्खर मात्रै कतै बाट पाएको थियो । त्यसैले बहिनीलाई देख्ने बित्तिकै बाबु र बहिनीको मानसिक स्थिति बुझ्न प्रयत्न नै नगरिकन उसले एक्कासी बहिनीलाई हप्कायो – "तिमी बर्मामा जाने सुरमा छौ रे, हो ? . . . बढ्ता उताउली नहुनु । नाकमा ठेस खाउली । . . . चाहिने कुरोमा पो पिरोल्नु ।"

गणेशकुमारी आफ्नो ठुलदाईको राम्रै इज्जत गर्दथिई । साँच्चै भन्ने हो भने उ बुबाको भन्दा बढी आफ्नो ठुलदाईकै डर मान्दथिई । त्यसो भएता पनि उ चाहिएको खण्डमा ठुलदाईसंग पनि विद्रोह गर्ने हिम्मत राख्दथिइ ।



Downloaded from http://dhamma.digital

अहिले ठुलबाईले केही कुरै नबुझिकन एक्कासी हपारेकोले उसको मानसिक ग्लानी अनायास विद्रोहमा बदलिएको थियो। उ विद्रोहमा केही भन्न गइरहेकी नै थिई ठीक त्यही बेला उसको त्यो मनोवेगको चाल पाएको उसको बुबाचाहिले त्यहाँ पैदा भएको वातावरण तोड्दै यसरी भन्यो – "जाउ छोरी ! तिमी अब माथि जाउ।" – छोरीलाई प्रति भन्ने बित्तिकै हर्षमानले तत्कालै आफ्नो छोरोचाहिंलाई पनि व्यापारिक कारोबारको कुरामा अलमलायो। बाबुले यसरी बिचबचाव गरेको देखेपछि गणेशकुमारीले पनि चुपचाप आफ्नो कोठातिर लाग्नु नै श्रेयस्कर ठानी।

आफ्नो कोठामा पसी, ओछ्यानमा पल्टेर शोकाग्नीमा जलिरहेकी गणेशकुमारी राती अबेरसम्म पनि कोठाबाट निस्किइन। उसको विह्वल मनलाई सम्झाउने उचित उपाय नसुझेर हो कि कुन्नी उसको बाबु–आमा कोही पनि उसलाई मनाउन आएन। उ त्यसरी खाना नखाइकन रोइरहेकी देख्दा एकपल्ट उसको चार वर्षको कान्छो भाइले दिदी किन रोएकी भनि सोध्ने जमर्को गरेको थियो। तर उसलाई हपारे पछि उ जिल्लिएर कोठाबाट निस्केको थियो। त्यसरी निस्केपछि उसले फेरि कोठाभित्र पस्ने हिम्मत गर्न सकेको थिएन।

घर अगाडिको बाटोमा बटुवाहरू आवत जावत बन्द भइसकेको थियो। घर पछाडिको चोकमा गन्थन गरिरहने



Downloaded from http://dhamma.digital

टोलियाहरू पनि आ–आफ्नो घरमा सुत्न गइसकेका थिए। चारैतिर श्मसाने वातावरण थियो। त्यस निशब्दताको वातावरणमा एकनाससित परिरहेको मनसुने झरीले मात्र मानो गणेशकुमारीको दुःखमा प्रकृति आमा पनि रोइरहे झैं भान पारिरहेको थियो।

निक्कै अबेर भइसकेपछि सायद घरका सबै परिवार निदाइसकेपछि होला गणेशकुमारीकी आमा बिस्तारै छोरीको कोठाभित्र पसी। शोकले क्षुब्ध छोरीलाई डबिएको स्वरमा उसले यसरी सम्झाई – "के बेसुरले रोइरहेकी? तिम्रो बुबा रीसको झोंकमा भएकाले तिमीलाई हप्काएको होला। त्यत्तिकैमा यसरी दुःख मान्नु हुन्छ? ठूलो कुरो आँटे पछि मन पनि दन्हो गर्नसक्नु पर्छ।....

तिमीलाई थाहा नदिइकन मैले सबैको राय जाँचिसकेकी छु। धेरैको राय तिमीलाई बर्मा पठाउन सघाउनु पर्ने भन्ने नै छ। तिम्रो माहिलो दाजु त तिमीलाई कुशीनगरसम्म पुऱ्याउन जान पनि राजि भइसकेको छ। तिम्रो बुबा र ठूलदाई मात्र अनकनाइरहेका छन्। म उनीहरूलाई पनि मनाउने कोशिशमा छु। केही समय धैर्य गर्नु पर्ने हुन्छ। भोक लाग्यो भन्दैमा काँच्चै खानु हुन्छ र?

सामान्यतया अरू कुराहरूमा बुबाले माने पनि आमा आनकानी गरिरहने हुनेमा अहिले ठीक त्यसको विपरित भएको देख्दा गणेशकुमारीले तीन छक खाई। आमाका ती



Downloaded from http://dhamma.digital

सान्त्वनापूर्ण कुराहरूले गणेशकुमारीको मनमा दन्किरहेको शोकाग्नीमा हिमाली खोलाको शीतल पानी छर्के झैं भएर उसको मरिसकेको आशा फेरि जुरमुरायो। उसले जुरूवक उठेर आमालाई अंगाल्दै भनी – "मेरी आमा ! मेरी प्यारी आमा" त्यसरी आवेगमा आएकी छोरीलाई हिराथकूले फेरी यसरी सम्झाई – "अहिले केही हल्ला नगरिकन केही थाहा नभएको जस्तो गरि बस्नु। के गर्नु पर्ला, के गर्नु नपर्ला अहिले केही भन्न सकिदैन। जे जसो गर्नु पर्ने म मिलाउँदै गर्ने छु। खाने मन छैन भने आज एक रात नखाइकनै सुत्नु। ल अब निदाउनु।" – यति सम्झाइसकेपछि उ जसरी आएकी थिई त्यसरी नै गई।

आमाको ममतामयी आश्वासनले गणेशकुमारीको निराशा र ग्लानी बिहानको न्यानो किरणमा शीतबिन्दु बिलाए झैं बिलायो। भोकाएको उसको शरीर मानसिक सन्तोषले अघाइयो। आफ्नो तृप्त मनलाई काल्पनिक बर्माका विभिन्न स्तूपहरू र अनगारिकारामका कक्षाहरूमा धेरै बेरसम्म डुलाएर मध्यरातपछिको चिसो हावाको झोक्काले मात्र गणेशकुमारी निदाई।

❋



Downloaded from http://dhamma.digital



(अ० धम्मवतीकी आमा हेराथकुं शाक्य)

Downloaded from http://dhamma.digital

## ४. दाजु र बहिनीको तरकीब

"हुन्दैन । यसरी जानु हुन्दैन ।"

"अब मलाई नरोक्नुस्, दाजु ! साथीहरू घरमा सबै ब्यवस्था मिलाएर तयार भइसकेका छन् । बर्मी भन्तेलाई हामी आइपुग्ने खबर समेत पठाइसकेको छु ।

अब यो अवस्थामा आएर म कसरी पछि हट्ने ? म त अब जान्छु, जान्छु । . . .

म कुनै अवाञ्छित काममा जान लागेको छैन । सबैको भलो हुने कामना लिएर बुद्ध-धर्मको अध्ययनको लागि जाँदै छु । माहिलो दाजुले कुशीनगरसम्म पुन्याइदिएर बर्मा-तिर गएको हेरेर मात्र फर्कने जिम्मा लिइसक्नु भएको छ । त्यसैले तपाइँले बढी चिन्ता लिनु पर्ने केही कारण छैन ।"

गणेशकुमारी उसका सँगिनीहरूका साथमा बर्मा जाने पक्का भइसकेको छ भन्ने कुराको सुराक पाएकोले धनकाजी आफ्नी बहिनी गणेशकुमारीलाई त्यसरी जानबाट रोक्ने प्रयासमा निकैबेर देखि लागि रहेको थियो ।



Downloaded from http://dhamma.digital

गणेशकुमारीकी आमा हीराथकूँले आफ्नो लोग्ने हर्षमानसंग आफ्नी छोरीलाई बर्मा पठाउने सम्बन्धमा धेरै पटक अनेक प्रकारले कुरा गरेकी थिई। यसरी कुरा गरेर हेर्दा उसले के थाहा पाएकी थिई भने हर्षमानको भित्री मनमा पनि आफ्नी छोरीले त्यति बिध्न इच्छा गरेको त्रिपिटक पढ्न जाने काम असल काम नै भएकाले उ गए जाउन भन्ने भएतापनि उसको छोरी प्रति भएको गहिरो स्नेह र छोरीले परदेशमा अनावश्यक दुःख पो पाउने हुन् कि भन्ने आशङ्काले मात्र उसले आफ्नी छोरीलाई बर्मा पठाउने सहमति दिन नसकेको हो। त्यसैले हीराथकूँले आफ्नो श्रीमान्लाई थाहा नदिइकन नै छोरीलाई सुटुक्क कुशीनगर पठाउने निधो गरेकी थिई।

गणेशकुमारीकी आमा – हीराथकूँ तथा शुभलक्ष्मी र मनोहरादेवीकी आमा – लक्ष्मीमाया, यी दुई जना थेरवादी बुद्ध–धर्म प्रति गहिरो श्रद्धा भएका उपासिकाहरूले आ–आफ्ना छोरीहरूलाई थेरवादी बुद्ध-धर्म पढ्न बर्मा पठाउने निश्चय गरेर त्यस सम्बन्धमा सम्पूर्ण ब्यवस्था चुपचापसित मिलाइसकेका थिए। गणेशकुमारीलाई पुऱ्याउन उसको माहिलो दाजु मानकाजी र मनोहरादेबी तथा शुभलक्ष्मीलाई पुऱ्याउन उनीहरूकी आमा लक्ष्मीमाया स्वयम् नै कुशीनगरसम्म जाने भएका थिए। मानकाजी र लक्ष्मीमाया लगभग एक महिना जति कुशीनगरमा रहेर गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मीलाई बर्मातिर पठाइसकेपछि मात्र



Downloaded from http://dhamma.digital

नेपाल फर्कने योजना बनाइएको थियो । हिन्दुस्थानमा असल चामल नपाइने हुनाले चामल आदि अन्य आवश्यक सम्पूर्ण सामान पनि नेपालबाटै लैजाने ब्यवस्था गरिएको थियो । त्यसताका नेपालबाट भारततिर जाने आइमाई तथा केटी-हरूका लागि एक प्रकारको विशेष राहदानी चाहिने भएकाले त्यसको पनि ब्यवस्था गरिएको थियो । तर हर्षमानले चाल नपाउने गरी गणेशकुमारी घरबाट निस्कनु पर्ने भएकोले खालि त्यही मौकाको मात्र पर्खाइ थियो ।

हर्षमानको ब्यवसाय तामा, पित्तल, चरेश, काँस आदि बिभिन्न धातुका भाँडा–कुँडाहरू बिभिन्न कालिगढहरूका घर–घरमा उत्पादन गर्न दिएर त्यसको बिक्री–बितरण गर्नु थियो । त्यस्ता भाँडा–कुँडाहरू बनाउने कालिगढहरूका मूल थलो ललितपुर शहर थियो । तर ती कालिगढहरूद्वारा भाँडा–बर्तन बनाउन लगाउनमा कच्चा पदार्थको रूपमा प्रयोग हुने पत्रु अर्थात पुरानो थोत्रो भाँडाकुँडाहरू जम्मा हुने र नया तयारी भाँडा–वर्तनहरू विक्री–वितरण हुने मूल थलोहरूमा राजधानो भएको नाताले काठमाण्डौ नै प्रमुख थियो । त्यसैले हर्षमानले आफ्नो कारोवारलाई काठमाण्डौ अथवा ललितपुरमा मात्र सिमित नराखेर दुईओटै शहरहरूमा समान रूपले चलाएको थियो । त्यसैले उ केहि दिन काठ-माण्डौको पसलमा रहन्थ्यो त केही दिन ललितपुरमा बस्दथ्यो ।

आफ्नो छोरी बर्माजाने सूरमा छे रे भन्ने कुरोको



Downloaded from http://dhamma.digital

चाल पाए देखि उ लगातार ललितपुरमै रहिरहेको थियो। उ लगातार ललितपुरमै रहेर छोरी र स्वास्नीको प्रत्येक गतिविधिको चेवा लिएर बसेको थियो। तर धेरै दिन देखि त्यस सम्बन्धमा खास केही शङ्कापूर्ण कामकुरो भएको नदेखिएकाले उ आज काठमाण्डौ गएको थियो। काठमाण्डौमा भए–गरेको सम्पूर्ण कारोबारको हिसाब–किताब हेर्न घटिमा पनि एक–दुई रात उसले काठमाण्डौमै बस्नु पर्ने थियो। उसले आफ्नो अनुपस्थितिमा पनि गणेशकुमारी र हीराथकूँको चेवा लिन जेठो छोरा धनकाजीलाई काठमाण्डौबाट ललितपुरमा बोलाएर सबै कुरो सम्झाएर गएको थियो।

गणेशकुमारी र उसका सँगिनीहरू यस्तै मौका पर्खेर बसेका हुनाले अर्को दिन बिहान सबेरै कुशीनगर जाने भएका थिए। सकभर छिटो घरबाट टाढा पुग्न ललितपुरदेखि भारत जाने बाटोमा जहाँसम्म मोटर चल्छ त्यहाँसम्म मोटर बाट जान एउटा मोटरको व्यवस्था पनि गरिएको थियो। आवश्यक सबै व्यवस्था बडो गोप्य ढङ्गबाट गरिएको भएतापनि त्यो दिन बेलुकीसम्ममा त्यसको केही भन्क धनकाजीले पाएको थियो। त्यसैले उ कोठामा सुत्न गइसकेको गणेशकुमारीलाई बोलाउन लगाएर त्यसरी सुटुक्क भागेर नजान सम्झाउने प्रयासमा लागिरहेको थियो।

उसको जमानामा देशमा सुलभले उपलब्ध हुने संस्कृत साहित्य पढेको धनकाजीले आफ्नो जिद्दी बहिनीलाई मनाउन



Downloaded from http://dhamma.digital

साम, दान, दण्ड, भेद नीतिका सबै तरिकाहरू अपनाइरहेको थियो — "तिमी घरकी एक्ली छोरी हौ । एक्ली छोरीले यसरी घर त्यागेर जाँदा लोकमा कस्तो उपहास हुनेछ हामी-हरूको ? तिमीले यसरी घर त्यागेर हिड्नु पर्ने त्यस्तो के परेको छ ? हामीले तिमीलाई कहिले के चिजमा कमी महशुस गराएका छौं ? हामी सबैले तिमीलाई मनग्य माया ममता दिइरहेका छौं । बुबा त झन विशेष रूपमा माया गर्नुहुन्छ तिमीलाई । तिमीले देखेकी नै छौ, तिमी बर्मा जाने कुरो भएदेखि उहाँ कति चिन्तित हुनुहुन्छ । तिम्रै चिन्ताले उहाँ काठमाण्डौमा जाँदै नगइकन लगातार घरैमा बसिरहनु भएको थियो । आजै मात्र अब त तिमी जाने भएनौ होला भन्ने विचारले काठमाण्डौ जानु भएको छ । अनि यही मौकामा तिमी सुट्ट गयौ भने उहाँ प्रति कस्तो विश्वासघाट हुनेछ ? उहाँलाई कस्तो मानसिक चोट पर्ने छ ? के यतातिर पनि कहिल्यै सोचेकी छौ तिमीले ?"

धनकाजीको उपरोक्त भनाइले गणेशकुमारी केही सोचनमा बाध्य भई । उ सोचाईमा डुब्दै गई – साँच्चै, दाजुको यस भनाइमा पनि केही सत्यता छ ! जान पायो भन्दैमा सुट्ट भागेर जानु कायरता मात्र होइन एक प्रकारले अपराध पनि हो । भोली बुबालाई गहिरो मानसिक चोट पर्न गयो भने . . . .

– तर हुन सक्दैन । यस्तो हुनै सक्दैन । मलाई माया गर्ने बुबामात्र हुनुहुन्न । आमा पनि कम माया गर्नु हुन्न । हुन



Downloaded from http://dhamma.digital

तैं आमा मलाई बर्मा पठाउने काममा हरतरहले सघाउँदै हुनुहुन्छ । तर जाने दिन नजिक आएपछि उहाँको दुःख उघ्रँदै आएको स्पष्ट भएको छ । सानदाईले राहदानी ल्याएको दिन उहाँको आँखाबाट आँसु टप्केको थियो । तर उहाँले मलाई त्यो त खुसीको आँसु हो भनेर टार्नु भयो । मसँग बिछोड्नु पर्दा आमालाई त बुबालाई भन्दा पनि बढी दुःख हुनेछ । तर पनि उहाँ मलाई सघाउँदै हुनुहुन्छ । किनभने म असलकाममा जाँदै छु भन्ने कुरो उहाँलाई थाहा छ । म असल काममा जाँदैछु भन्ने कुरो बुबालाई पनि थाहा नभएको त पक्कै होइन । तर आमाले जस्तो आफ्नो बिछोडको दुःखलाई दबाउने प्रयास बुबाले गर्नु भएको छैन । फरक त्यति मात्र हो । म जाउँ, गइसकेपछि के बुबाले मात्रै आफ्नो बिछोडको दुःखलाई सहनु हुने छैन र ? अवश्य सहनु हुनेछ ।

– दाईको कुरो मलाई अलमलाउने तर्क मात्र हो । म आफैं निश्चयमा अडिग हुनुपर्छ ।

आफ्नो तर्कको कारण बहिनी सोचमा परेको देख्दा खुसी भइरहेको धनकाजीले ठीक त्यही बेला आफूले बोलाउन पठाएको आफ्नो मामा पनि आइपुगेको देख्दा झन खुसी हुँदै भन्यो— "लौ, मामा पनि आइपुग्नु भएछ । बस्नुस् मामा ! अब तपाइँ नै भन्नुस् यसलाई ।"

बोलाउन आउने मार्फत मामाचाहिँले सम्बन्धित सबै कुरो थाहा पाइसकेको थियो । त्यसैले उसले सिधैं आफ्नी भान्जीलाई सम्झाउन थाल्यो – "हो त भान्जी ? तिम्रो यो



Downloaded from http://dhamma.digital

अहिलेको उमेर घर त्यागी हिड्ने उमेर भएको छैन । यस्तो उमेरमा त्यस्तो नचाहिने कुराको कल्पना गर्नु नाहकमा आफ्ना आफन्तहरूलाई दुःख दिनु मात्र हो । . . . ."

"खालि कल्पना गराइ मात्र होइन, मामा ! बुबा घरमा नभएको मौका पारेर तपाइँकी भाञ्जी भोलि–पर्सि नै हिड्दै छे । यस्तो अबेर रातमा बुबालाई काठमाण्डौबाट फिर्ता बोलाउन नभ्याउने भएकाले मामालाई दुःख दिएको । मामाले एकपल्ट राम्ररी सम्झाउनु पर्‍यो यिनीलाई ।"

"हाइ !" — मामाचाहिंले झस्कँदै भन्न लाग्यो — "यो त राम्रो कुरो भएन । पहिलो कुरो भिनाज्यू नभएको मौका पारी जानु त हुँदै हुँदैन । दोस्रो कुरो भिनाज्यूले भन्नु भएको भएपनि तत्काल बर्माजाने कुरो हुनै सक्दैन । अहिले त्यहाँको वातावरण नै ठीक छैन । बर्मामा अझै आन्तरिक युद्धको वातावरण मडारिरहेको छ । चारैतिर गाउँहरू कम्युनिष्ट-को कब्जामा छ । उनीहरू राजधानी लगायत सबै शहरहरू कब्जामा लिन अशान्ति मच्चाइरहेका छन् । भोली के हुनेछ कसैलाई थाहा छैन । भोलि कम्युनिष्टको सरकार बन्यो भने बौद्ध धर्म पढ्ने–पढाउने कुरा छोडौं, देशमा कसैलाई आउन – जान त दिइने छैन भन्छ रे । यस्तो अवस्थामा पनि कोही बर्मा जान्छ ? पहिले त्यहाँ शान्ति होस्, व्यवस्था मिलोस् अनि पछि बल्ल सोच्ने कुरा आउँछ ।"

गणेशकुमारीको मामा दरवारमा शिल्पकलाको काम-गर्ने कालिगढहरूको नाइके थियो । त्यसैले उसमा सामान्य



Downloaded from http://dhamma.digital

नागरिकहरूमा भन्दा बढी बहुस्रुत ज्ञान थियो । उसले त्यही ज्ञान भाञ्जीलाई तर्सोउन प्रयोग गरेको थियो ।

रातको त्यो बेलामा, त्यो पनि यात्रारम्भ ठीक अघिल्लो रातमा दाजुको बोलाहटमा मामा आइपुगेकाले गणेशकुमारीको मनमा कहिं दाजुले सम्पूर्ण योजनाको चाल पाएको त होइन भन्ने आशङ्काको बादल छाएको थियो । तर दाजु र मामाचाहिंको कुरा गराइबाट उनीहरूले गोप्य योजनाबारे अझै सही रूपमा थाहा पाइनसकेको स्पष्ट भएपछि गणेशकुमारीले केही राहट पाएकी थिई । त्यस्तै राहट मिलेको थियो, अबेर रातमा घर आएको भाइको स्वर सुनेर सन्देहित भएर बैठकमा आएकी, हीराथकूँलाई पनि । तर मामाचाहिंले बर्मामा अझै अशान्ति छ भन्ने कुराको जानकारी दिएकाले आमा–छोरी दुबैको मनमा फेरी अर्कै नया त्राश उत्पन्न गराइदियो । मामाको कुरो टुङ्गिंदा नटुङ्गिंदै आमाको अनुहार त्यस नया त्राशको कारण कालो–नीलो भएको देख्दा गणेशकुमारीले मामाको कुरो यसरी काटी – "तपाइँको कुरो बासी भइसकेको छ मामा ? अहिले त्यस्तो अशान्तिको वातावरण बर्मामा छैन । त्यसैले त बर्मी भन्तेले बर्मा जाने भए अब आए हुन्छ भनेर खबर पठाउनु भएको । मामालाई झैं बर्मी भन्तेलाई पनि चिन्ता छ, हाम्रो । यसरी बर्मामा शान्ति भइसकेपछि मात्रै हामीलाई बर्मामा पठाउने विचारले नै उहाँले हामीलाई उहिले उहाँ नेपाल आउनु भएको बेलामा नै संगै नलैजानु भएको । नत्र त हामी उहिले नै उहाँ संगै गइसकेका हुने थियौं ।"



Downloaded from http://dhamma.digital

वास्तवमा गणेशकुमारीले यी राजनैतिक परिस्थिति बारे कहिले पनि सोचेकी थिइन । मामाको कुरा सुन्दा शुरूमा उ पनि तर्सेकी नै थिई । तर अकस्मात उसको दिमागमा निम्न कुरा उब्जन गएको थियो – बर्मी भन्तेले उहाँको चिट्ठिमा यो बिषयमा केही पनि उल्लेख गर्नु भएको छैन । अहिले पनि मामाले भन्नु भए फैं अशान्ति मच्चि-रहेको भए उहाँले पक्कै पनि केही उल्लेख गर्नुहुने थियो होला । हो नहो मामाले मलाई तर्साउन पुरानो कुरो सुनाउनु भएको हुनुपर्छ । – त्यसैले नै उसले माथिका शब्दहरूले अँध्यारोमा तीर हानेकी थिई । तर अँध्यारोमा हानेको तीर सही ठाउँमै लागेको थियो । वास्तवमा जिद्दी भाञ्जीलाई मनाउनलाई बासी समाचार सुनाई तर्साउनु नै सरल हुने सम्झेर मामाचाहिंले त्यो तरिका अपनाएको थियो ।

भाञ्जीले आफ्नो चोरी पकडेपछि एकैछिन अकमकिनु परेपनि कुरा गराइमा शिपालु मामाचाहिंले घुमाई-फिराई अनेक तरिकाले घण्टौ सम्झाइरह्यो । अन्तमा दिदीचाहिंलाई यसरी भन्यो – "हेर्नुस् दिदी ! तपाईले छोरीलाई यसरी चाहिने भन्दा बढी पुलपुल्याउनु भएन । उ अझ सानी छे । उसको बुद्धि पनि एकोहरो छ । सबै कुरो तपाइँ–हामीले राम्ररी विचारेर गर्नुसक्नु पर्छ । पछि जसो गर्नु परेपनि भिनाज्यूको सहमति नभएसम्मलाई उसलाई जानुबाट रोक्नै पर्छ । भिनाज्यूसंग छलफल गर्न म पछि आउने छु । . . . .

रात धेरै वितिसकेको छ । अहिलेलाई म जान्छु



Downloaded from http://dhamma.digital

पनि ।" – यति भनेर उ आनलाई उठ्यो । तर दिदीचाहिँको मुखबाट त्यसदिन भाइका लागि एक शब्द पनि निस्केन । उ भाईलाई पुऱ्याउन पनि गइन । उसलाई पुऱ्याउन धनकाजी आफै मूलबाटो सम्म गयो ।

मामाचाहिं आएको बेलामा हीराथकूँ र मानकाजी चुपचापसित अर्को दिन बिहान सुरू हुने यात्राको लागि व्यवस्था गर्नमा व्यस्त भइरहेका थिए । अन्य व्यवस्थाका साथै हीराथकूँले मानकाजी मार्फत बर्मी भन्तेको नाममा एउटा महत्वपूर्ण पत्र पनि लेखेकी थिई । हीराथकूँले सही गरिदिएको त्यस पत्रमा आफ्नो छोरीलाई कुशीनगर पुऱ्याएर जिम्मा लगाउन आउनमा बिभिन्न कारणले आफू स्वयम् आउन असमर्थ भएकोमा अफशोच व्यक्त गर्नुका साथै आफ्नो छोरी-लाई एउटा सुहाउँदो खालको अनगारिकाराममा पठाएर बुद्ध–धर्मको अध्ययन गराउने सम्बन्धमा सम्पूर्ण अधिकार समर्पण गरेको कुरो स्पष्ट रूपमा उल्लेख गरिएको थियो ।

भाईचाहिं आएकाले हीराथकूँ बैठक कोठामा आए-पछि बाकि जोरजाम गर्नमा मानकाजी एक्लै लागेको थियो । मामाचाहिं फिर्ता जाउञ्जेलसम्ममा मानकाजीले मिलाउनु पर्ने सबै काम मिलाइसकेर सुत्न पनि गइसकेको थियो । त्यसैले भाई फर्केपछि हीराथकूँ पनि आफ्नै कोठातिर लागी । तर धनकाजी अझै सुत्न जाने बिचारमा थिएन । उ फेरि पनि बहिनीलाई सम्झाउनमा लाग्यो– "मामाको कुरो जायज छ । बर्मामा अझै स्थायी शान्ति भइसकेको छैन । अर्को कुरो अहिले मौसम पनि प्रतिकुल छ । आषाढ महिना लागिसकेको



Downloaded from http://dhamma.digital

छ । मनसुने झरी झर्न थालिसकेको छ । यो यात्राको राम्रो बेला होईन । तिमीले केही महिना पर्खनै पर्छ । त्यतिञ्जेल-सम्ममा जसरी भएपनि बुबालाई मनाउने मेरो जिम्मा भयो । दशैं–तिहार सम्ममा मौसम पनि राम्रो हुनेछ र त्यसबेला-सम्ममा बुबालाई मनाएर म आफै तिमीलाई सके बर्मा सम्मै नसके कमसेकम पनि कलकत्तासम्म म आफै पुऱ्याउन आउने छु ।

तिमीलाई पठाउने कुरोमा म अब पूर्ण सहमत छु । तर तिमीले केही समय धैर्य गर्नु पर्छ । केही महिना धैर्य गर्न सक्छौ होइन त ?"

यस प्रश्नको जवाफ गणेशकुमारीले के देउन् ? केही महिना होइन केही घण्टा पछि यात्रारम्भ हुन गइरहेको थियो । त्यसैले उसले एक छोटो तर दुबैलाई समान सन्तोष दिने जवाफ दिई – "हुन्छ, त्यसो भए म भोलि तपाइँलाई आफ्नो निर्णय थाहा दिने छु ।"

यो जवाफ पाएपछि कमसेकम भोलिसम्म त आफ्नी बहिनी घरमै हुने रहेछ भन्ने कुरोमा ढुक्क हुन पुगेको धनकाजी खुसी भएर आफ्नो कोठातिर लाग्यो । यसरी धनकाजी आफ्नो कोठातिर गएपछि अर्को दिन बिहान सबेरै पूर्व योजनानुसार यात्रारम्भ गरेर आफ्नो निर्णय थाहा दिन पाउने भएको गणेशकुमारी पनि त्यतिकै सन्तोष भएर आफ्नो कोठातिर लागी । 卐



Downloaded from http://dhamma.digital

# ५. यात्रारम्भ

आषाढ शुक्लपक्ष नहुँदै मनसूने झरी शुरू भएको थियो । अघिल्लो दिन दिउँसो देखि परिरहेको पानी बीचमा एक–दुई पल्ट केही क्षणकालागि थामिएको भएतापनि सम्पूर्ण आकाशमा काला बादलहरू लगातार मडारिएका थिए । मध्यरात पछिको चिसो हावा बहन थालेको धेरै बेर भइ-सक्दा पनि काला बादलहरू नछोडिएकाले फेरि फेरि पनि पानी पर्न थालिरहेको थियो । जेठ महिनाका गरमी रातहरू पछिका यस्ता शितल रातहरू सबैका लागि मस्त निदाउने समय भएता पनि रातको दुई बजेतिर खाटमा पल्टिएकी गणेशकुमारी अर्कै कोल्टी फेरिरहेकी थिई । झ निदाउने तरखरमा होइन बरू खाटबाट उठ्ने समयको प्रतिक्षामा छटपटिरहेकी थिई । त्यो उसको यात्रारम्भ हुने दिन थियो । त्यही दिन बिहान सबेरै उसका सहयात्रीहरू – मनोहरादेवी शुभलक्ष्मी र उनीहरूकी आमा, लक्ष्मीमाया मोटर लिएर उसलाई र उसका दाजु मानकाजीलाई लिन आउँदै थिए । आफूहरूकासाथमा लैजानु पर्ने सम्पूर्ण सामानहरू सहित



Downloaded from http://dhamma.digital

उनीहरू दुबै जना मोटर आउने बित्तिकै घरबाट निस्कन तयार भइराख्नुपर्ने थियो । त्यसैले नै ऊ त्यसरी छटपटिरहेकी थिई ।

वातावरण सुनसान थियो । झमझम परिरहेको पानी र सिरसिर बहिरहेको चिसो हावाको कारण टोलभरका भुस्याहा कुकूरहरू पनि थुतुनो लुकाई सुतिरहेका थिए । बिहानको तीन बजिसक्दा पनि कुखुरा बासिएको सुनिएको थिएन । वातावरणमा स्मशानमा जस्तै कहाली लाग्दो निशब्दता छाएको थियो । तर गणेशकुमारी यस किसिमको निशब्दता देखि होइन, बरू कसैले यस्तो वातावरण बिथोलिदेला भन्ने आशङ्काले डराइरहेकी थिई । झण्डै घण्टाभर अघि उसको जेठोदाजुले खोकेको आवाज सुनिएको बेलामा उसको मुटु नै ढुक ढुक गरेको थियो । भगवानसंग त्यसबेला उसले हजार पुकार गरेकी थिई, उसको जेठो दाजु उठेर नआवोस् भनेर । तर अहिले धेरै समयदेखि उसको जेठो दाजुको कोठातिरबाट फेरि केहि पनि आवाज आएको सुनिएको थिएन । शायद उसको जेठो दाजु अहिले गहिरो निद्रामा सुतिरहेको थियो ।

कोठाको भित्तोमा झुण्डयाइएको भित्ते घडीले टाङ्ग . . . , टाङ्ग . . . . तीन हानीसकेपछि गणेशकुमारीले चाहेर पनि फेरि ओछ्यानमा पडिरहन सकेन । ऊ ओछ्यानबाट ओर्लेर कोठाको बत्ती नबालिकनै बिस्तारै कोठाबाट



Downloaded from http://dhamma.digital

बाहिर निस्की । अँध्यारोमा छामछुम गरेर नै उसले बिहान-को नित्यकर्म सिद्धयाई । अनिपछि कोठामा पसेर लुगा फेरि । अघिल्लो रातमा उसको जेठोदाजु सुत्न गइसकेपछि उसले आफैले जोरजाम गरेका सानो सन्दूक, हातेझोला र अन्य महत्वपूर्ण कागज तथा पैसा आदि हाल्ने सानो झोला – उसका ती व्यक्तिगत सामानहरू उसले एकपल्ट छामेर हेरी । ती सबै यथावत नै थिए ।

उसका ती व्यक्तिगत सामानहरू बाहेक अरू सबै सामानहरू उसको माहिलोदाजु मानकाजीले मिलाइसक्नु पर्ने थियो । तर मध्यरातपछिसम्म पनि ऊ आफू जेठोदाजुसंग कुरागर्नमा अलमलिनु परेकोले माहिलोदाजुले ती सबै सामान मिलाइसकेको थियो कि थिएन उसलाई केही थाहा थिएन । त्यसैले उसले माहिलोदाजुलाई पनि उठाइहाल्ने विचार गरी । माहिलोदाजुलाई उठाउन ऊ माहिलो दाजुको कोठा-तिर लागेकी मात्र थिई, बाहिर मोटर ल्याएको जस्तो आवाज सुनियो । झमझम परिरहेको पानीको आवाजले मोटरको आवाजलाई निकै दबाएको थियो । एक किसिमले त्यो पनि बेसै भएको थियो ।

गणेशकुमारी छिटो छिटो घर बाहिर निस्की । आफ्नो घर देखि अलि पर अड्याइएको मोटरबाट कोही निस्कन्छ कि भन्ने आशाले ऊ एकैछिनसम्म पर्खिरही । तर मोटरबाट कोही पनि निस्केन । त्यसैले ऊ आफै पानीमा रूझदै मोटरनेर गई । मोटर भित्र अँध्यारो भएकाले मोटरमा



Downloaded from http://dhamma.digital

को को थिए ठम्याउनु कठीन थियो । त्यसैले उसले दबेको स्वरमा आवाज दिई – "लक्ष्मी ! . . . . . ए, लक्ष्मी ! . . . . ." – तर उसको सारै मसिनो स्वर बर्षाको गर्जना भित्र त्यसै बिलाएको थियो । तर त्यस वास्तविकताको चाल पाउन नसकेकी गणेशकुमारीले आफू झुकिएर अर्काको मोटर-नेर आइपुगेकी रहेछु भनी सम्झी यसरी झुकिएकी होली भनी सम्झेपछि ऊ लज्जित भई । साथै अलिकति सशङ्कित पनि भई । त्यसैले ऊ फरक्क फर्कन लागी । ठीक त्यही बेला उसको आवाज नसुनेपनि उसलाई मोटरनेर आएकी देखेकी शुभलक्ष्मीले मोटर भित्रैबाट भनी – "चाँडो गर गणेश ! . . . . . तिमीहरूको सामान, . . . . अनि मानकाजीदाई खोई नि ?"

शुभलक्ष्मीको चिरपरिचित स्वर सुन्न पाउँदा गणेश-कुमारी खुशीले प्रफुल्लित भई । उसले तुरन्तै जवाफ दिई — "एकै छिन पर्ख लक्ष्मी ! म त तिमीहरू आएका हौ, होइनौ मात्र हेर्न आएकी । हामी अब आइहाल्छौं ।" —

यति भनी ऊ हतार हतार घरतिर फर्की । घरभित्र पस्दा मात्र उसले थाहा पाई मोटर आउँछ कि भनेर ऊ जति उत्सुक भएर पर्खेर बसेकी थिई त्यतिकै बेचैनीसित पर्खिरहेको थियो उसको माहिलो दाजु पनि । उसको माहिलो दाजु आफूले जोरजाम गरेका सम्पूर्ण सामानहरूमध्ये सके जति आफैले बोकी अरू बाकी सामान घरको नोकरलाई बोकाएर भऱ्याङ्गबाट झरिरहेको थियो । गणेशकुमारीलाई देख्ने वित्तिकै



Downloaded from http://dhamma.digital

मानकाजीले उसंग बिस्तारै सोध्यो – "उनीहरू आएका हुन् के ?"

आफ्नो माहिलो दाजु आफू भन्दा पहिले नै तयार भएर ओर्लेको देख्दा गणेशकुमारीको मन ढुक्क भयो। उसले खुसी भएर जबाफ दिई — "हुन्। उनीहरू नै आएका हुन्। छिटो, तर बिस्तारै जानुस्। ठूलो दाजुले चाल पाउला।"

"ठीक छ। त्यसो भए म जाँदै गर्छु। तिमी पनि चाँडो आउनु। धेरै बेर अलमलिनु ठीक छैन।"

गणेशकुमारी र मानकाजीले जोरजाम गरेका सम्पूर्ण सामानहरू पाँच मिनेटमै मोटरमा लादिए। तर त्यसपछि एउटा समस्या उठ्यो। बिदाबारी लिन आमालाई उठाउने कि नउठाउने भनेर। जाने बेलामा आमासंग बिदावारी लिने-बारे गणेशकुमारीले पहिले केही पनि सोचेकी थिइन। अहिले हिड्नै लाग्दा मात्र उसले झल्यास् सम्झी। त्यसैले ऊ मोटरमा बस्न नगइकन अक्कमक्कमा परिरही। उसको त्यो अलमलाइ देखेर शुभलक्ष्मीले कोट्याई — "आउ, गणेश ! किन जाने बेलामा अलमलिरहेकी छ्यौ ? बियाँलो नगर !"

"आमासंग बिदावारी हुन पाएको छैन। उहाँ उठेर पनि आउनुभएन। उठाउन जानलाई पनि आमासंगै कान्छो-भाई पनि सुतिरहेको हुनाले उ उठिदिएमा बित्यास पो पर्ने हो कि भन्ने डर भइरहेछ। यसरी दोधारमा परि-रहेकी छु।"



Downloaded from http://dhamma.digital

गणेशकुमारीले सोचेकी नभएपनि उसको आमाले यसबारे पहिले नै सोची, मानकाजीलाई राम्ररी सम्झाइ पनि सकेकी थिई। गणेशकुमारीले भने झैं उ संगै सुत्ने चार वर्षको कान्छो छोरो बिउँझेला भन्ने डरले अथवा छोरीलाई बिदाई गर्ने बेलामा आफ्नो विह्वल मन थाम्न नसकिएला भन्ने डरले, किन हो कुन्नि हीराथकूँले मानकाजीलाई के सम्झाएकी थिई भने उनीहरू घरबाट निस्कने बेलामा ऊ आफै उठेर नआएमा उसलाई उठाइरहनु पर्दैन, नउठाइकन नै जानु। त्यसैले मानकाजीले गणेशकुमारीलाई सो कुरो जानकारी दियो — "हामीहरू जाने बेलामा उहाँ आफै उठी आउनु न भएमा, उठाइरहनु पर्दैन, नउठाइकन नै जानु भनेर हिजो राती नै मलाई सम्झाउनु भएको थियो आमाले। अहिले उहाँ उठी आउनु भएन। त्यसैले अब नअलमलिऔं। गइहालौं।"

दाजुको कुरा सुनेर गणेशकुमारी निकै दुःखी भई। अति बोझिल मनले घरतिर फर्केर उसले मनमनै आफ्नी स्नेही आमासंग बिदाइ मागी। अनि गहभरि आँसु पारेर विवश-रूपमा मोटरभित्र बसी। गणेशकुमारी बस्ने बित्तिकै झरर परिरहेको पानीलाई चिर्दै उनीहरूको मोटर गन्तव्यस्थानतिर गुड्न थाल्यो। त्यसबेला बिहानको चार बजेको थियो।

गणेशकुमारीका लागि चिरस्मरणीय त्यो दिन सन् १९५० मई महिनाको १६ तारिख तदअनुसार बिक्रम सम्बत् २००६ जेठ मंगलबार थियो।



Downloaded from http://dhamma.digital

काठमाण्डौ, ललितपुर र भक्तपुर – नेपालका यी तीन प्रमुख प्राचिन शहरहरू अवस्थित काठमाण्डौ उपत्यकाबाट भारततिर लाग्ने मूलबाटो काठमाण्डौ र ललितपुरको मध्य-भागबाट पश्चिमतिर मोडिएको थियो । त्यसैले गणेशकुमारी बसेको मोटरगाडीले केही समयभरकालागि ललितपुरबाट काठमाण्डौ जाने मूलबाटोमा नै गुड्नु थियो । जति जति त्यो गाडी ललितपुरबाट टाढिँदै गयो त्यति नै त्यस्मा बस्ने सबै यात्रुहरूको मन हलुङ्गो हुँदै गएको थियो । अगाडिको सम्पूर्ण यात्रा पनि त्यसरी नै निर्बिघ्न सम्पन्न होस्, उनीहरूले मन-मनै कामना गर्दै गएका थिए । तर ललितपुरबाट काठमाण्डौ जाने मूल बाटोबाट भारततिर जाने बाटोमा मोड्न नपाउँदैमा उनीहरू बसेको त्यो मोटरले, काठमाण्डौबाट ललितपुरतिर बेगले कुद्दै आएको एउटा अर्को मोटरको लागि बाटो छोड्न छेउ लाग्न पर्‍यो ।

त्यसताका, काठमाण्डौ उपत्यका तराई क्षेत्रसंग मोटरको बाटो द्वारा जोडिएको थिएन । उपत्यकामा बाहिर-बाट सबै पार्ट-पूर्जाहरू खोलेर, पहाडको बाटोमा बोकाएर, उपत्यका भित्र ल्याइसकेपछि पुनः जोडजाड पारेर चलाएका, थोरै संख्याका मोटरहरू मात्र थिए । त्यसैले उपत्यका भित्रका सडकहरू मोटर चलाउने हिसाबले होइन, बग्गी चलाउने हिसाबले मात्र बनाएका हुनाले अझै धेरै साँगुरो थिए । त्यसरी साँगुरो र पानीले भिजेर चिप्लो भइराखेको बाटोमा अपरझट छेउ लाग्न पर्दा गणेशकुमारी बसेको मोटर झण्डैले



Downloaded from http://dhamma.digital

सडकबाट खस्न लागेको थियो । ड्राइभरको होशियारीले मात्र जोगिएको थियो । त्यसरी मुस्किलले मात्र आफ्नो गाडी जोगाउन सकेको त्यो ड्राइभरले आफ्नो गाडी रोकेर पछाडी-तिर फर्केर अर्को गाडीको ड्राइभरलाई मनपरी गाली गर्न थाल्यो । तर अर्को गाडी धेरै अगाडि बढिसकेको हुनाले त्यो गाडीको ड्राइभरले तो गाली सुन्न नपाएकाले ती दुई ड्राइभरहरूका बीचमा झगडा पर्ने नौबत भने आइपरेन । तैपनि लक्ष्मीमायाले ड्राइभरलाई अरू बिलम्ब नगरी गाडी अगाडी बढाइहाल्न अनुरोध गरी । लक्ष्मीमायाको अनुरोधमा त्यो गाडी तुरन्तै अगाडि बढ्यो पनि । तर त्यो गाडी अगाडि बढ्न मात्र के बढेको थियो, किन हो कुन्नि, बेतोडले अगाडि बढिसकेको अर्को गाडी फेरी उल्टो चलाई पछाडितिर ल्याएको देखियो । त्यो देख्दा यतातिरको ड्राइभरको मरि-सकेको रीस फेरि जुरमुरायो । उसले त्यो ड्राइभरसंग बाऊने नै सूरले आफ्नो गाडी पनि रोक्न लाग्यो । त्यसरी नाहकमा झगडा हुन लागेको देखेपछि मानकाजीले आफ्नो ड्राइभरलाई आफूहरू कुन उद्देश्यले कसरी आइरहेका छौं भन्ने कुरो याद दिलाएर गाडी नरोकी चुपचाप अघि बढाउँदै लैजान अनुरोध गऱ्यो । तब लाचारीसित गाडी नरोकी अगाडि बढाएको ड्राइभरले यसरी भन्यो — "आज तपाईंको मुख हेरेर त्यो ड्राइभरलाई छोडिदिएँ । नत्र त्यो पाजीको सात पुस्ता देखाईदिने थिएँ । " . . . .

बेनियमसित गाडी कुदाउने पनि उही, फेरि उही



Downloaded from http://dhamma.digital

भौंरो नच्छाहिने फुर्ति गरेर गाडी फर्काइरहेको थियो ।"

ड्राइभरको त्यस कुरीलाई सबैले सुन्यानसुनि गरिदिए । किनभने सबै जना एउटा दुर्घटनाबाट बचेकोमा सन्तोषको सास फेर्नमा व्यस्त थिए ।

त्यो घटना घटेको धेरै बेर नहुँदै गणेशकुमारी बसेको गाडी ललितपुरबाट काठमाण्डौ जाने बाटो छोडेर चन्द्रागिरी पर्वततिर जाने बाटोमा लाग्यो । चन्द्रागिरी पर्वततिर जाने बाटो कच्चीबाटो थियो । लगातार परिरहेको पानीको कारण त्यो बाटो पुरै हिलाम्मे भइसकेको थियो । बाटोको ठाउँ ठाउँमा ढलहरू खनेर काटिएका पनि थिए । त्यसैले त्यो बाटोमा गणेशकुमारी बसेको मोटर बडो मुस्किलले, सारै ढीलो गतिमा, नागबेली काट्दै अगाडि बढ्नु परिरहेको थियो । घण्टौं लगाएर, चकमन्न उज्यालो भइसकेपछि मात्र त्यो मोटर चन्द्रागिरी पर्वतको फेदमा पुग्न सफल भयो । मोटरको बाटो टुङ्गिएपछि सबैजना मोटरबाट ओर्ले । सम्पूर्ण सामानहरू पनि मोटरबाट उतारिए । अब अगाडिको बाटो पैदल हिड्नु थियो ।

पाँचजनालाई महिना दिन खान र बस्न पुग्ने सामान थिए । घटिमा पनि चार जना भरियाहरू खोज्नु थियो । यस्तो काममा शिपालु मानकाजीले केही समयमै थानकोट गाउँतिरका चारजना भरियाहरू बन्दोबस्त गरेर ल्यायो । पहाडको उकालो बाटो त्यसमा पनि पानी परेकाले भरिया-



Downloaded from http://dhamma.digital

हरूको गति सारै नै मन्द हुने थियो । तर हिड्नु पर्ने बाटो कम थिएन । त्यहाँबाट भिमफेदी गढीसम्म सात कोस र भिमफेदी गढीदेखि भिमफेदी बजारसम्म अर्को एक कोस, जम्मा आठकोस हिंडिसकेपछि मात्र भिमफेदी बजार पुगिने थियो । त्यहाँबाट भिमफेदी बजारसम्मको बीचबाटोमा फाटफुट दुईचार घरहरू भएतापनि सुविधाजनक एवम् सुरक्षित वासस्थान भने कतै थिएन । त्यसैले भरियाहरूको भारी मिलाउनमा लागेको मानकाजीले लक्ष्मीमायालाई सम्झायो —

—"फुपू, हिड्नु पर्ने बाटो निकै लामो छ । त्यसमाथि पनि यहाँको ठाडो उकालो चढ्न निकै कठीन छ । त्यसैले तपाईहरू भरियाहरूलाई पर्खिनरहनुस् । म यी भरियाहरूलाई साथमा लिएर सक्भर छिटो आउँदै गर्छु ।

यहाँ देखि भिमफेदी गढीसम्मको बाटो मूलबाटो हुनाकासाथै अरू थुप्रै बटुवाहरू पनि आवत्–जावत् गरिरहेका हुने हुनाले बाटोमा केही डर छैन । त्यसैले तपाईहरू सिधै गढीसम्म गइरहनुस् । बीच बाटोमा खानपिन गर्न केही खानेकुराहरू र अन्य केही आवश्यक सामानहरू पनि तपाईहरू आफू साथै लैजानुस् । म तपाईहरूलाई गढीमा मात्रै भेट्टाउन आउने छु ।"

मानकाजीको प्रस्ताव सबैलाई उचित लाग्यो । लक्ष्मीमायाका साथै तीनै जना केटीहरूले पनि केही खानेकुरा-



Downloaded from http://dhamma.digital

को। साथै अरु केही सानातिना हलुङ्गो सामानहरू पनि साथमा लिई अघि बढ्न कम्मर कसे। हिड्न लागेको लक्ष्मीमायाले मानकाजीलाई सम्झाई — "त्यसो भए हामी अघि गर्छौं। हामीहरू तिमीलाई भिमफेदी गढीमा मात्रै पर्खन्छौं। तिमी भरियाहरूलाई साथमा लिई सकभर छिटो आउनु। साँझ पर्नासाथ भिमफेदी गढीको चेकपोष्ट अड्डाले द्वार बन्द गर्छ रे। त्यसैले बियाँलो नगर्नु। जसरी भएपनि चेकपोष्ट अड्डाले द्वार बन्द गरिनुभन्दा पहिले नै भिमफेदी गढीमा आइपुग्नु।"

यसरी उनीहरू दुई समूहमा बाँडिएर चन्दागिरी पर्वतमाथि चढ्न थाले। गणेशकुमारी र उसका संगिनीहरू लक्ष्मीमायाको नेतृत्वमा अगाडि बढ्दै गए। त्यसको केही बेरपछि मानकाजीले पनि भरियाहरूलाई साथमा लिएर बिस्तारै चन्दागिरी पर्वतको उकालो चढ्न थाल्यो।

चन्दागिरी पर्वतको उकालो कहालीलाग्दो उकालो थियो। तर नेपालीहरूका लागि भने त्यो त्यति दुष्कर थिएन। किनभने नेपाल एउटा पहाडी देश हो। यसको दुई तिहाई भन्दा बढी जमीन साना–ठूला पहाड–पर्वतहरूबाट ढाकिएको छ। संसारको सबैभन्दा अग्लो टाकुरो सगरमाथा लगायत संसारभरका जम्मा १८ ओटा अग्ला टाकुराहरूमध्ये १२ ओटा अग्ला टाकुराहरू नेपालमा छन्। पहाड–पर्वतहरू नै नेपालको लागि प्रकृतिको एउटा महत्वपूर्ण वरदान हो।



Downloaded from http://dhamma.digital

विभिन्न देशका हजारौं यात्रुहरू मात्र पर्वतिय सौन्दर्य हेर्ने उद्देश्यले, बर्षेनी नेपालमा आउने गरेकाछन् । स्वयम् नेपाली-हरू पनि आफ्ना पहाड–पर्वतहरूको मनोरम सौन्दर्यपान गर्न विभिन्न पाखा–पर्वतका उकाली–ओरालीमा हिड्डुल गर्न रूचाउँछन् । पाखा–पर्वत हेर्न कम मौका पाउने काठमाण्डौ उपत्यकावासीहरूले पनि, आफ्नो देशको वास्तविक सौन्दर्यको अवबोध गर्न सकोस् भनेर, बुजुर्ग पुख्यौंलीहरूले काठमाण्डौ उपत्यका वरिपरिका अग्ला अग्ला पहाडहरू तथा उपत्यका-बाट दुई चार दिनको बाटो परका अनेक पहाडहरूका टाकुरा टाकुरामा बिभिन्न चैत्य, मन्दिर, तीर्थ आदि धार्मिक स्थलहरू स्थापना गरेर, प्रत्येक वर्ष निश्चित दिनहरूमा ती स्थानहरूमा जाने पर्व घोषणा गरी, काठमाण्डौ उपत्यकावासी-हरूलाई ती ठाउँहरूमा जाने प्रेरणा दिएर गएकाछन् । गणेशकुमारी तथा उसका सँगिनीहरू पनि धेरै पटक बडो उत्साहपूर्वक कतिपय त्यस्ता स्थानहरूमा गइसकेका थिए । चन्दागिरी पर्वतको उकालोमा पनि उनीहरू त्यस्तै जाँगरले चढ्दै जान थाले ।

उनीहरू त्यसरी जाँगरपूर्वक उकालो चढ्दै गएको धेरै बेर नहुँदैमा पहिले थामिएको बर्षा पुनः शुरू भयो । हुन त नेपालमा प्रायः बाह्रै महिनाहरूमा आकल झुकल पानी पर्ने गर्छ । तर आषाढको शुरू वा मध्यतिर देखि भदौको अन्त-सम्मको अवधिमा नेपालमा विशेषरूपमा पानी पर्छ । यसबेला त्यसरी पानी पर्नाको कारण नेपालको दक्षिण–पूर्वमा अवस्थित



Downloaded from http://dhamma.digital

बंगालको खाडीबाट नेपालतिर बहने मनसूनी हावाले बोकेर ल्याउने बाफका कणहरू सम्पूर्ण नेपालको उत्तरी भेगमा लम्बिएर रहेको हिमालय पहाडनेरको चिसो वातावरणमा पुगेपछि पानीका बुँदाहरूमा परिणत हुनु हो । त्यसैले त्यस-ताका त्यसरी पर्ने पानीलाई मनसूने झरी भनिन्छ । नेपालमा यो मनसूने झरी कहिले काहिँ सात दिन सात रातसम्म पनि अविरल, तर मन्द गतिमा सिमसिम परिरहने हुन्छ । त्यसैले पानीमा रूझनु, पानी परिरहेको बेलामा पनि आफ्नो झैं हिड्डुल गर्नु र कामकाजमा लाग्नु नेपालीहरूको बानी नै छ । त्यसैले पानी पर्न थालेपनि गणेशकुमारी लगायत अन्य कुनै पनि यात्रुहरूले आ-आफ्नो यात्रा स्थगित गरेनन् । सबै यात्रुहरू आ-आफ्नो छाता ओढी पहिले झैं निरन्तर अघि बढ्दै गए । तर अहिले परेको पानी शायद् फेरि नरुक्ने हिसाबले परेको जस्तो थियो, त्यो पानी लगातार परिनै रह्यो । पहाडको ठाडो उकालोको कच्ची बाटोमा लगातार पानी परिरहेकाले बाटो झन झन चिप्लो हुँदै गयो ।

लगातार घण्टौंसम्म उकालो चढ्दै गइरहेका हुनाले सबै यात्रुहरू निकै थाकिसकेका थिए । सबैको सास फुलि-सकेको थियो । त्यसैले यात्राको प्रारम्भमा जस्तो सकभर छिटो छिटो उकालो चढ्दै गएर माथि झन माथि पुग्ने र प्रत्येक उचाइको कारण बढी देखिँदै जाने मनोहर दृश्यको अवलोकन गर्ने जाँगर सबै यात्रुहरूमा बिलकुलै सेलाइसकेको थियो । सबैको एक मात्र लक्ष जसरी हुन्छ त्यो कष्टमय यात्रा



Downloaded from http://dhamma.digital

टुँग्याएर गन्तब्यस्थानसम्म पुग्नु थियो । त्यसैले सबै यात्रुहरू आ–आफ्नै सुरमा लगातार अगाडिमात्र बढ्दै गइरहेका थिए । सबै यात्रुहरू एकअर्का संग बिलकुल अपरिचित ब्यक्तिहरू झैं चुपचाप, मात्र स्वाँ स्वाँ र फुँ फुँ गर्दै चन्दागिरी पर्वतसित संघर्ष गर्नमा तल्लिन थिए । निरन्तर परिरहेको पानीको कारण बाटो धेरै नै चिप्लो भइसकेको हुनाले सबै जना आ-आफ्नै पाइलो टेकाइ निहार्नमा विवश थिए । प्रत्येक पाइलो राम्ररी हेरी, सोची, कच्ची बाटोको बीच बीचबाट उम्रिएका ढुङ्गाहरूमाथि टेक्नु थियो । अन्यथा चिप्लो माटोमा चिप्लिएर, एकैपल्ट, आफूले जहाँबाट यात्रा प्रारम्भ गरेको थियो त्यहीँ पुगी, लासको रूपमा मात्र होइन, त्यही चन्दागिरी पहाडका अवयवका रूपमा परिणत होइने डर पनि थियो । बाटोको कुनै कुनै भागलाई त प्रकृतिले पाइलो टेक्ने ढुङ्गाहरूसम्म पनि उम्रन नदिएर झन बढी विभत्स बनाएकी थिई । बाटोका त्यस्ता भागमा अघि बढ्न साँगुरो बाटोको छेउछाउमा उम्रेका झारपात या बुटचानहरूको सहारामा चार हातखुट्टाले टेकेर अघि बढ्नु पर्दथ्यो । त्यो समय थेरवादी बोद्ध–धर्म अध्ययन गर्ने महान उद्देश्यले घर–परिवार त्यागी आएका, बुद्धका समान बंशका, ती नेपाली छोरीहरूका लागि एउटा कठिन परिक्षाको रूपमा बितिरहेको थियो । तर साहसी नेपाली छोरीहरू त्यस कठिन परिक्षामा कतिपनि विचलित भएका थिएनन् । उनीहरू निरन्तर अघि बढ्दै गए । किनभने प्रत्येक एक पाइलो अघि



Downloaded from http://dhamma.digital

बढाउनु, एक पाइलाले मै आफ्नो गन्तव्यस्थान नजिकिनु, थेरवादी बुद्ध-धर्मको अध्ययन गर्ने आफ्नो लक्ष्यमा पनि एकै पाइलो अघि बढ्नु हो भन्ने कुरो उनीहरूले राम्ररी बुझेका थिए। त्यसैले उनीहरूले निरन्तर संघर्ष गर्दै गए। उनीहरूले लगातार पाइला अगाडि सार्दै लगे।

सम्पूर्ण आकास कालो बादलले ढाकेको थियो। सूर्य मात्र होइन सूर्यको किरणसम्म पनि कतै देखिएको थिएन। घडीको सहारा नलिइकन दिन कति बितिसकेको थियो चाल पाउन सम्भव थिएन। समय कुन बेला भइसकेको थियो एकै सुरमा हिंडिरहेका कुनै पनि यात्रुलाई थाहा थिएन। भोकाएर थाकिसकेको पेटले पनि समयबोध गराउन छोडिसकेको थियो। आफूसंगै बोकेको खानेकुरो पनि नखाइकन निरन्तर अगाडि बढिरहेका उनीहरूले भोक र प्यास पनि बिर्सिसकेका थिए। चन्दागिरी पहाडको टुप्पोमा पुगेपछि लक्ष्मीमायाले — "अब यहाँ केही छिन सुस्ताउनु पर्ला। बेस्सरी भोकाएका हौलाउ, केही खानेकुरो पनि खानु पर्ला।" — भनेपछि मात्र उनीहरूले आ-आफ्नो नाडी घडीमा हेरी समय बोध गर्न थाले। त्यस बेला दिउँसोको एक बजिसकेको थियो। तब मात्र उनीहरूले अनुभव गरे, उनीहरू साच्चै कति भोकाएका थिए, कति थाकेका थिए। उनीहरूले त्यहाँ केही छिन विश्राम गरी आ–आफूले बोकेको खानेकुरा आपसमा बाँडिचुडी खान थाले।

आफ्नो भोक र थकाइ मेटाइरहेकी गणेशकुमारीको



Downloaded from http://dhamma.digital

मन उसको दाजु प्रतिको चिन्ताले व्याकुल भइरहेको थियो। तलबाट भरियाहरूलाई साथ लगाई आईरहेको आफ्नो दाजु देखिन्छ कि भन्ने आशाले प्रत्येक गाँस पछि घाँटी तन्काइ–तन्काईकन हेरिरहेकी गणेशकुमारी त्यसरी हेर्दा हेर्दै थाकिसकेकी थिई, तर मानकाजीको भने अझै केही अत्तोपत्तो थिएन। सबैले खाइवरी धेरै बेर थकाइ मारिसक्दा पनि मानकाजी आइपुगेन। त्यसैले बीच बाटोमा धेरैबेर पर्खिरहनु ठीक नसम्झेर मानकाजी नआए पनि फेरि यात्रारम्भ गर्ने सुरसार उनीहरूले गरे। किनभने भिमफेदी गढी अझ धेरै टाढा थियो। साँझ नहुँदै त्यो गढी पारगरी भिमफेदी बजारमा गएर बास बस्नु उनीहरूको लक्ष थियो।

अगाडिको बाटो अघि जस्तो कहाली लाग्दो उकालो बाटो थिएन। पहाडको शिखरै–शिखरको बाटो गरी स–साना उकाली–ओराली चढ्दै जानु थियो। अबको यात्रा पहिले जस्तो कठिन हुने देखिएको थिएन।

त्यो बाटो पहाडी जंगलको बाटो थियो। बाटोभरि जता–ततै साना–ठूला थुप्रै रूखहरू थिए। तर तराईका जंगल झैं घना र दलदलले भरिएको भने थिएन। फेरि धेरै मानिसहरू आउने–जाने मूलबाटो भएका हुनाले बाघ, भालु आदि जंगली जनावरको भयपनि थिएन। पानी नपरी दिएको भए त्यो एउटा मनमोहक बाटो नै हुने थियो। तर पानीपरिदिएकाले त्यस ठाउँको रमणीयता मात्र हराएको थिएन



Downloaded from http://dhamma.digital

त्यहाँ एउटा अर्कै समस्या पनि उत्पन्न भइसकेको थियो । त्यो समस्या थियो जूकाको ।

नेपालको सिमसारमा थुप्रै जूकाहरू हुने हुन्छन् । जूका, यो एउटा परालको त्यान्द्रो जस्तो चेप्तो तर लाम्चो आकारको किरो हो । टाउको र पुच्छरले टेकी अनौठो ढङ्गले हिड्ने यो किरोको गति मन्द हुन्छ । तर ओसिलो जंगलमा यी किरा जताततै लाखौंको संख्यामा छरिएको हुन्छन् । त्यसरी छरिएका जूकाहरू कुनै न कुनै तरिकाले मानिसको शरीरको स्पर्शमा आउन्छन् । कुनै एउटा जूका एकपल्ट मानिसको स्पर्शमा आएपछि त्यो त्यसै लिप्टिरहन्छ र त्यसले मानिसले चाल नपाउने गरेर लगातार मानिसको रगत चुस्न थाल्दछ । त्यसले पायो भने आफ्नो आकार साबिक भन्दा चार–पाँच गुणा ठूलो भइसकुन्जेलसम्म पनि मानिसको रगत लगातार चुसिनै रहन्छ । त्यसैले सबै मानिस जूका देखि सतर्क हुने गर्छन् ।

गणेशकुमारीका सह–यात्रीहरूमा जूका देखि सबै भन्दा बढी डराउने मनोहरादेवी थिईं । ऊ आफ्नो शरीरमा जूका टाँसिएको देख्ने बित्तिकै निकै आत्तिएर ठूल–ठूलो स्वरले कराउँदथिईं । अनि उसकी आमा लक्ष्मीमायाले त्यसरी टाँसिएको जूकालाई मुस्किलले तानेर फ्याँकिदिएपछि मात्र उ फेरि अगाडि बढ्दथिईं । जो सबै भन्दा बढी जूका देखि डराउँदथिईं त्यसैको शरीरमा बारम्बार जूका टाँसिन आउने



Downloaded from http://dhamma.digital

भइरहेको थियो । यसरी जूकाको कारण उनीहरूको यात्रा फेरी एक प्रकारले कठिन भइरह्यो ।

तल भुईमा वा घाँसमा हुने जूका भन्दा माथि रूखमा हुने जूका झन बढी खतरनाक हुन्छ । रूखमा भएको जूका रूख मुनिबाट कुनै मानिस हिंडेको चाल पाउने बित्तिकै मानिसको शरीरमा पर्ने गरी प्याट्ट खस्छ । यसरी रूखबाट खसेर जीउमा पर्ने जूकाले मानिसको टाउको, कान, घाँटी आदि मानिसले नदेख्ने ठाउँमा बसी धेरैबेर सम्म रगत चुसिरहने डर हुन्छ । त्यसैले बाटोको छेउमा रूख देखिएमा माथि रूखबाट खस्ने जूकालाई हेर्दै अगाडि बढ्नु पर्ने अथवा सम्भव भए त्यो रूख छल्ने गरी घुमेर जानु पर्ने भएको थियो ।

यसरी घण्टौ जूकाको झंझट व्यहोर्दै अगाडि बढेर गएपछि मात्र बल्ल त्यो जंगलको बाटो समाप्त भयो ।

जंगलको बाटो सकेर केही बेर अगाडि बढेपछि ठाडो ओरालो ओर्लनु पर्ने बाटो आएको थियो । ठाडो उकालो चढ्दा कठिन भएको थियो भने अब ठाडो ओरालो ओर्लंदा झन जोखिमपूर्ण भयो । उकालो उक्लँदा आफ्नो जीउ माथि तान्नु मात्र कठिन भएको थियो तर अब ओरालो झर्दा आफ्नो जिउ अगाडि बढाएर फेरि थाम्नु पनि परेको थियो । पानीले भिजेर चिप्लो भइसकेको ठाडो ओरालो बाटो झर्दा जिउ थाम्नु सारै नै जोखिमपूर्ण भयो । प्रत्येक पाइलो पूरै स्मृतीपूर्ण ढङ्गले सँभालो सँभालिकन मात्र सार्नु परेको थियो ।



Downloaded from http://dhamma.digital

त्यस चिप्लो र ठाडो ओरालो बाटोमा एक पाइलो चिप्लनुको अर्थ सिधै तल पहाडको खोंचमा, कलकल आवाजले मात्र आफ्नो अस्तित्वको बोध गराइरहेको खोल्सोमा पुगी, विसर्जन हुनु थियो । तर ती नेपाली केटीहरूले त्यहाँ पनि कति हरेस खाएनन् । तिनीहरू निरन्तर अगाडि बढ्दै गए । आफ्नो लक्ष प्राप्तिकालागि उनीहरूले लगातार संघर्ष गर्दै गए ।



Downloaded from http://dhamma.digital

# ६. पछ्याइ

गणेशकुमारी र मानकाजी बसेको मोटर गुडेपछि, उनीहरूको सामान पुऱ्याउन गएको नोकरले टाढा हुँदैगइरहेको मोटरलाई टोलाएर देखिन्जेल हेरिरह्यो । मोटर नदेखिने भएपछि मात्र उ घरतिर फर्क्यो । तर यसरी फर्किरहेको उसको मनमा एक प्रकारको भय पलाउन थाल्यो । किनभने मानकाजी र गणेशकुमारी कहाँ गएका, किन गएका उसलाई केही थाहा थिएन । उसलाई मानकाजीले एक्कासि उठाएर सामान बोकाएको थियो । उनीहरूको कुरा गराई सुन्दा र छाँटकाँट देख्दा उनीहरू घरमा कसैलाई थाहा नदिइकन गएका हुन् भन्ने कुरो उसलाई लागेको थियो ।

घरनेर पुग्दा दहिलो ह्वाङ्ङ उघारिएको त्यो घर उसलाई भूत्याहा घर जस्तो लाग्यो उ हतार हतार ढोका थुनी चुकूलहरू लगाई माथि गयो र ओढ्नेले घुमलुङ्ङ ओढी फेरि सुत्ने प्रयासमा लाग्यो ।

उ त्यो घरमा पालिएको कति वर्ष भएको थियो, त्यो उसलाई थाहा थिएन । उ सानै उमेरमा टुहुरो भएको थियो ।



Downloaded from http://dhamma.digital

उसको कुनै आफन्तले उसलाई त्यो घरमा राखिदिएको थियो । उ भर्खर त्यो घरमा आउँदा एक खर्पनमा एक एक ओटा देढ धार्निको गागरो मात्र राखेर बोक्ने सामर्थ पनि उसमा थिएन । अहिले उ बीस, पच्चीस धार्निको बोझ पनि सजिलै बोक्नसक्ने भइसकेको थियो । अहिले उसको एकमात्र काम भारी बोक्नु नै थियो ।

प्रत्येक दिन बिहानभर उ कालिगढहरूकहाँ पत्रु पुऱ्याउन जान र कालिगढहरूकहाँबाट तयार भएको भाँडाकुँडा घर ल्याउनमा ब्यस्त हुन्थ्यो । अनि बिहानको खाना खाइसकेपछि नयाँ भाँडा–बर्तन लिएर काठमाण्डौंको पसलमा जानु र काठमाण्डौंबाट त्यहाँ जम्मा हुनआएका पत्रु घर ल्याउनु–त्यही उसको काम थियो । उसको त्यस प्रकारको मेहनतको फल स्वरूप उ हर्षमानको प्रिय पात्र भइसकेको थियो भने वर्षौं देखि त्यो घरमा रहिआएको कारण उसलाई पनि त्यो घर र त्यसघरका परिवारहरू आफ्नै जस्तो भइसकेको थियो । अर्को शब्दमा भन्ने हो भने उ त्यो घरको एक अभिन्न सदस्य सरह भइसकेको थियो । त्यसैले उसको अन्तस्करणमा बिछोडको दुःख पनि पलाएको थियो । यसरी डर र बिछोडको मिश्रित भावनाले पीडित उसको निद्रा कोसौं टाढा भाग्यो । आजको घटनामा संलग्न हुनु परेको अघिलो दिन साहूले फर्कनु पर्दैन भनेको नटेरेर अबेर साँझ तेश्रो खेपको पत्रु पनि पुऱ्याउन आएकाले लागेको बेछुक होला भनी उसको पीडित मनले सम्झयो । बेछुकबाट बच्ने उपाय सोच्दै जाँदा घटेको



Downloaded from http://dhamma.digital

घटनालाई सपना सम्झी बिर्सिदिनु नै बेस हुने उसले देख्यो । त्यसरी सबै कुरो मनबाट पन्छाउनु सरल पनि थियो । उसले भित्रबाट लगाएर आएको दहिलोको चुकूलहरू उघारिदिए पुग्थ्यो । किनभने उ त्यो घटनामा संलग्न भएको देख्नेहरू गणेशकुमारी र मानकाजी बाहेक अरू कोही थिएन । त्यसैले उ फेरि उठेर गयो र दहिलोको सबै चुकूलहरू खोलिदियो । त्यसरी चुकूल खोलिदिएपछि उसको मनको सबै बोझ बिसाइदिए झैं भयो । अनि उ फेरि माथि आएर निदायो ।

उ निदाएको धेरै बेर नहुँदैमा कसैले मूल ढोका घ्वाराङ्ग उघारेको स्वरले उ फेरि झस्याङ्ग बिउँझ्यो । उसको कानमा केही शब्दहरू कनसुत्लो झैं घुस्न थाल्यो ।

"यति सबेरै को बाहिर गएको ? दहिलोमा चुकूल किन नलगाएको ? के ताल हो यस्तो ? चोर पसेर भएभरको चोरेर लगेपनि कसैले चाल पाउने रहेनछ ।"

त्यसरी कराउँदै भन्याङ्ग उक्लने घरको मूली हर्षमान नै थियो । त्यसैले निद्राबाट बिउँझे पनि, डरले काँपेर उ अझै ओछ्यानमै पल्टिरह्यो ।

त्यो आवाजले धनकाजीलाई पनि बिउँझाई दिएको थियो । धनकाजी बिउँझने बित्तिकै जुरमुरिएर उठ्यो र हतपत कोठा बाहिर निस्क्यो । आफ्नो बुबा त्यति सबेरै काठमाण्डौबाट फर्किएकाले उ नरास्रोसित आत्तिएको थियो ।



Downloaded from http://dhamma.digital

उसले आफ्नो बुबासंग सोध्यो — "के पऱ्यो बुबा ? किन यति सबेरै फर्कनु भएको ?"

फिन हो कुन्नि, हर्षमान पनि निकै आतङ्कित र चिन्तित देखिएको थियो। उल्टो उसैले प्रश्नहरू बर्षायो — "तिम्री बहिनी खोई ? . . . . तिम्री आमा खोई ?" . . . . . . यति सबेरै ढोका उघारेर को बाहिर गएको ?"

बाबुको सोधाइबाट धनकाजी निकै ऋस्कयो। 'म तपाईलाई आफ्नो निर्णय भोली थाहा दिनेछु।' — आफ्नी बहिनीका यी शब्दहरू उसको कानमा गुँजिए। अनि उ हतार हतार आफ्नी बहिनीको कोठातिर लाग्यो। गणेश-कुमारीको कोठा ह्वाङ्ग उघारिएको थियो। कोठाभित्र कोही पनि थिएन। अनि उ ऋन आत्तियो। उ तुरन्त आमाको कोठानिर गएर कराउन थाल्यो। — "आमा ! . . . . . . ए, आमा !! . . . . . आमा ? के तपाई अऋै उठ्नु भएको छैन ? . . . बुबा काठमाण्डौबाट फर्कनु भएको छ। उहाँ तपाईलाई बोलाउँदै हुनुहुन्छ।"

हीराथकूँ कहिले बिउँऋेकी थिई या उ रातभर सुतेकी पनि थिई कि थिईन, त्यो एउटी साँच्चैको मातृहृदय भएकी आईमाईलाई मात्र थाहा हुनेछ। तर छोराको बोला-हटको कारण बाध्य भएर कोठा बाहिर निस्केकी हीराथकूँको मुखाकृति र हिडाइबाट स्पष्ट थाहा हुन्थ्यो — बाबु-छोरा बीच भएको सबै कुरो सुनेर पनि उ सुन्यानसुने गरी कोठा-



Downloaded from http://dhamma.digital

भित्र बसिरहेकी थिई । उसलाई देख्ने बित्तिकै हर्षमानले उसंग सोध्यो — "तिम्री छोरी खोई ? . . . . आखिर तिमीले उसलाई पठाएरै छोड्यौ ? . . . . . कस्ती निष्ठूरी तिमी ? . . . . . . — यी प्रश्नहरू गर्दागर्दै उसको घाँटी सुक्दै गयो । उसले चाहेर पनि शब्दहरू ओकल्न सकेन । उसका आँखा पनि रसाएर आए ।

हीराथकूँले पनि हर्षमानका प्रत्येक प्रश्नको उत्तर मौन भएरै दिई ।

भावावेशमा मौन रहेका आमा र बाबु बीचको मौनता धनकाजीले तोड्यो — "हिजो बेलुकी खाना खाए-पछि साथीहरूसित कुराकानी गर्दा गर्दै एकजना साथीबाट के थाहा पाएको थिएँ भने बुबा घरमा नहुनु भएको मौकापारी गणेशकुमारी बर्मा जान घरबाट निस्कँदैछे । त्यसैले तुरन्त घरमा फर्केर त्यसबेलासम्ममा सुतिसकेकी गणेशकुमारीलाई उठाएर भएपनि निकैबेरसम्म सम्झाएको थिएँ । मामालाई बोलाउन पठाएर मामाद्वारा पनि सम्झाउन लगाएको थिएँ । अन्तमा उसले कुरा मानेको झैं गरेकी थिई । तर त्यो त आँखामा छारो हालेकी मात्र रहेछ । . . . . .

. . . . . भित्रभित्रै साथ दिनेहरू थुप्रै भएपछि उसको साहस नबढोस पनि किन ? . . . .

. . . . . एक जना दाजुले आफै पुऱ्याइदिने आश्वा-सन दिएपछि अर्को दाजुले रोकेर पनि के रोकिन्थे ? . . . ."



Downloaded from http://dhamma.digital

छोराको कुराबाट, छोरीलाई पठाउने काममा आफ्नी श्रीमतीले भित्र भित्रै त्यसरी चालबाजी रचेकी थिई भन्ने कुरो थाहा पाएपछि हर्षमानको विरह क्रोधमा परिणत भयो। उसको रीस बिस्फोट भयो — "चाण्डाल्नी ! . . . तँ यतिको चालबाजी खेल्ने भईसकीस् ? . . . . छोरा र छोरीलाई पठाएर तँ मात्र के खान यहाँ रहेकी छस् ? . . . . . . . तँ आफै पनि गए हुन्थ्यो नि। तेरा अरू छोराहरू पनि साथै लिएर गए पनि हुन्थ्यो नि। . . . . . सत्यानाशी . . . . ."

— बढ्दो रीसको आवेगले हर्षमानको कण्ठ सुक्यो।

हटपटी नरिसाउने हर्षमान रिसाएपछि नराम्रोसित रिसाउँथ्यो। उ त्यसरी रिसाएपछि उसको अगाडि नपरी उसलाई रीस मार्ने अवसर दिनु पर्छ भन्ने कुरो हीराथकूलाई राम्ररी थाहा थियो। त्यसैले उ चुपचापसित त्यहाँबाट खस्की। त्यसरी हीराथकूँ त्यहाँबाट हटेपछि हर्षमानले आफ्नो उम्लँदो रीस मार्ने प्रयास गर्‍यो। रीसको झोंक कम भएपछि उसले आफ्नो छोरोलाई सुनायो — "मलाई शङ्का त लागेको थियो, एकदिन यसरी जाला भनेर। तर यति चाँडै होला भनेर सोचेको थिएन। त्यसैले हिजो काठमाण्डौको काम हेर्न गएको थिएँ। तर हिजो राती सुत्दा एउटा नराम्रो सपना देख्न पुगेकाले मनको शङ्का अति तिव्र भएर आएको थियो। त्यसैले यति सबेरै एउटा मोटर लिएर आएको हुँ। बाटोमा आइरहेको बेलामा त्यति सबेरै एउटा मोटर उतातिर गइरहेको भेट्दा उनीहरू कहीं त्यही मोटरमा त गएका छैनन्



Downloaded from http://dhamma.digital

भन्ने मनमा लागेर मोटर फर्काएर पनि हेर्न खोजेको थिएँ। तर त्यो मोटर अगाडि बढाइहाल्यो। मोटर मोडेर पछ्याउने विचार नआएको त थिएन। तर त्यो मोटरमा उनीहरू गएका रहेनछन् भने बेकारमा समय खेर जाने भएकाले पहिले घरैमा हेरूँ भनेर आएछु।....

अहिले तिमी गएर तिम्री आमासंग बुझनु—उनीहरू मोटरबाट गएका हुन् कि होइनन्। मोटरमै गएका रहेछन् भने त्यही मोटरमा गएको हुनु पर्छ। त्यो मोटरमा गएका-रहेछन् भने थानकोटको कच्ची बाटोमा त्यो मोटर अझै धेरै टाढा गइसकेको हुँदो होइन। अझै पछ्याए भेटाउन सक्ने सम्भावना छ।"

बाबुको कुरा सुनेर धनकाजी आमासंग कुरा बुझन गयो धाँट कुरा गर्न नसक्ने हीराथकूँले गणेशकुमारी मोटरमा नै जाने कुरो थियो भन्ने कुरो खोलिदिई। त्यति कुरा थाहा पाएपछि हर्षमान र धनकाजीले कति पनि विलम्ब गरेनन्। धनकाजी साइकलमा कुद्यो। हर्षमान पनि थानकोट जाने मोटरको खोजमा दगुर्‍यो।

तर थानकोटको कच्ची बाटोमा जान चाहने मोटर बिरलै मात्र भेटिन्थ्यो। हर्षमानले लाख प्रयत्न गर्दा पनि कुनै ड्राइभरलाई थानकोट जान मनाउन सकेन। ललितपुर शहर-भरका, हर्षमानले चिनेजानेका, सबै ड्राइभरले अरूबेलानै गाडी लैजान अप्ठेरो थानकोटको कच्ची बाटोमा रातभर पानी परिसकेपछि कुनै पनि गाडी जानै सक्दैन भनी अडान



Downloaded from http://dhamma.digital

लिए । गाडी नपाएको कारण लाचारी भएर घर फर्केको हर्षमानले गाडीको खोजमा दौडधुप गरेर थाकेको थकाइ मिटाउन पनि नपाउँदै साइकलमा कुदेको धनकाजी पनि फिर्ता फर्क्यो ।

साइकलमा कुदेर गएको धनकाजीले ललितपुरबाट काठमाण्डौ शहर जाने मूलबाटो छोडेर थानकोटतिर लागेर कालीमाटीसम्म पुग्दा नै उसको साइकल हिलोमा गाडेर चलाउन कठीन भएको थियो । तर पनि हरेस नखाइकन धनकाजीले झण्डै अर्को आधाकोसको बाटो साइकल चढ्दै र दोर्‍याउँदै गरेर पार गरेको थियो । त्यतिबेलासम्ममा उसले शहरतिर झरिरहेका गाउँलेहरू भेट्न थालेको थियो । हिलोको कारण हिड्न पनि मुस्किल भएको बाटोमा साइकल दोर्‍याएर आइरहेको धनकाजीलाई देख्दा शहरतिर झरिरहेका गाउँलेहरूले उपहासपूर्ण दृष्टीले हेरेर जाने गरेका थिए । गाउँलेहरूको त्यस प्रकारको हेराइ पचाउन नसक्ने भएपछि धनकाजीको अगाडि बढ्ने संकल्प डगमगाएको थियो । अनि उसले एकजना बटुवासंग यसरी सोधेको थियो — "तपाई माथि कतातिरबाट आउँदै हुनुहुन्छ, दाई ?"

हिलोमा साइकल दोर्‍याउँदै उभो लाग्ने धनकाजी प्रति सहानुभुति जनाउँदै त्यो बटुवाले भन्यो — "किन र बाबु ? . . . . म त बलम्बुतिरबाट झर्दै छु । . . . . . . अनि बाबु कता लाग्दै हुनुहुन्छ नि ? बाबु उतातिरको त पक्कै होइन । कति कामले यस्तो हिले बाटोमा साइकल



Downloaded from http://dhamma.digital

दोऱ्याएर आउँदै हुनुहुन्छ ? "

बलम्बु थानकोट भन्दा अलि वरको गाउँ हो । गणेशकुमारी बसेर गएको गाडी उभो लागेको भए त्यो बटुवाले देखेको हुनुपर्छ भन्ने धनकाजीले अनुमान गऱ्यो । त्यसैले धनकाजीले भन्यो — "अँ . . . . . एउटा सानो कामले परसम्म जाने भनेर आएको थिएँ । तर बाटो धेरै नराम्रो भएको रहेछ । जान सकुँला जस्तो देखिएन । . . . . . अनि . . . . . . . एउटा कुरो दाई ! तपाईंले कुनै मोटर उभोतिर गएको देख्नु भएको छ ?"

"के कुरा गर्नु भएको बाबु ! यो बाटोमा अरू बेलामा नै उस्तो गाडी आउँदैन । अहिले यसरी हिलाम्मे भइसकेपछि कुनचाहिं गाडी आउला ? . . . . . छैन बाबु । यो बाटोबाट कुनै पनि गाडी उभो लागेको छैन । . . . . . . जानै सक्दैन ।"

"त्यसोभए तीनओटी केटीहरू, एउटा आइमाई र एकजना केटो माथितिर हिंडेर गएको भेट्नु भएको छ त ?"

"खोइ ! मैले त तिनीहरूलाई पनि देखेको छैन । उभो लाग्नेमा सबै भन्दा पहिले बाबुलाई नै भेट्दै छु ।"

त्यो बटुवासंग त्यसरी कुरागरेपछि धनकाजीको अगाडि बढ्ने जाँगर बिलकुलै सेलाएको थियो । अनि उ त्यहिँबाट घर फर्केको थियो ।

धनकाजीबाट उपर्युक्त तथ्य थाहापाएपछि बाबु-छोरा



Downloaded from http://dhamma.digital

दुबै जनाले गणेशकुमारी थानकोटको बाटो खराब भएको कारण फेरि काठमाण्डौं या ललितपुरमा फर्केर कतै लुकिबसेको हुनुपर्छ भन्ने सोचे । अघिल्लो रातमा गणेशकुमारीबाट लक्ष्मीमाया र उसका छोरीहरू पनि उ संगै जाँदै थिए भन्ने थाहा पाएकोले न उनीहरूकै कुनै आफन्तको घरमा लुकिबसेका हुँदाहुन् भन्ने सोची ती आफन्तहरूको घर घरमा सुराख लगाइयो । तर बिहानभर दौडधुप गर्दा पनि कतैबाट केही सुराक पाइएन । यस्तैमा गणेशकुमारी बसेर गएको गाडी कुनै तरिकाले चन्द्रागिरी पर्वतको फेदसम्म पुगेर फर्के भन्ने कुरो थाहा हुन आयो ।

झिसमिसे उज्यालोमा चन्द्रागिरी पर्वत उक्लन थालेको गणेशकुमारीलाई अब फेरि पछ्याएर भेटाउन सक्ने कुनै सम्भावना रहेन । आखिर हर्षमानले सरकारी सहयोग जुटाउन कम्मर कस्नु पऱ्यो । उसले सम्बन्धित सरकारी अड्डामा जाहेरी लेखी गणेशकुमारी र मानकाजीलाई भिमफेदी गढीको चेकपोष्टमा रोक्ने व्यवस्था गराइमाग्यो । हुलियाको भरमा मात्र काम हुने सरकारी माध्यममा मात्र भर नपरी उसले भिमफेदी बजारको एकजना व्यापारी साथीलाई पनि टेलिग्राम पठाई त्यस काममा सहयोग मागि पठायो ।

त्यसरी गणेशकुमारी र मानकाजीलाई चेकपोष्टमा रोक्नेबारे आवश्यक व्यवस्था गरिसकेपछि उनीहरूलाई चेकपोष्टबाट फिर्ता ल्याउन धनकाजी पनि चेकपोष्टसम्म जान तयार भयो । 卐



Downloaded from http://dhamma.digital

# ७. चेकपोष्ट

एउटा साँगुरो खोँच, मात्र दुई ओटा पक्की घर र अरू दुई–चार ओटा स–साना छाप्राहरू भएको त्यो ठाउँ। त्यहाँ बीच–बाटोमा काँडेटारको बार लगाएको थियो। बारमा काँडेतारकै एउटा द्वार पनि थियो। त्यहाँ थुप्रै मानिसहरू माझीको जालमा माछाहरू फँसे झैं अलमलिएर बसेका थिए। कोही रूखको फेदमा सुस्ताई बसेका थिए। कोही पसलरूपी झोपडीहरूमा कुराकानि गरी बसेका थिए। माझीको जालमा फँसेका माछा फेरि उम्कंदैन। तर त्यो बारमा भएको द्वारबाट भने मान्छेहरू बरोबर वारी आउने र पारी जाने गरिरहेका थिए। किनभने त्यो मात्र चेकपोष्ट थियो। भिमफेदी गढीको चेकपोष्ट।

गणेशकुमारी तथा उसका सहयात्रीहरू त्यहाँ पुगेका घण्टौ भइसकेको थियो। उनीहरूका आँखा वारीपट्टिको डाँडाबाट तल झरिरहेका यात्रुहरू बीच मानकाजीलाई खोजिनिकाल्न ब्यस्त थिए। तर मानकाजीको अनुहार भने झुल्केको थिएन त्यस डाँडोमा।



Downloaded from http://dhamma.digital

गणेशकुमारी तथा उसका सहयात्रीहरूले मानकाजी-लाई त्यसरी घण्टौंसम्म पर्खेर बसे पनि पल पल गरी बित्दै गइरहेको समयले भने कसैलाई पनि पर्खेको थिएन । सम्पूर्ण आकास बादलले ढाकिएकाले सूर्यास्त भए नभएको थाहा हुन नसके पनि चारैतिरबाट घेर्दै आइरहेको अन्धकारले भने दिन गुज्रिएको बोध गराएको थियो ।

गणेशकुमारी तथा उसका सहयात्रीहरू भन्दा अगाडि त्यहाँ पुगेका मात्र होइन उनीहरू भन्दा पछाडि आइपुगेकाहरू पनि धेरै उम्किसकेका थिए त्यस छेकवारबाट । तर उनीहरू भने अबपनि दोधारमै थिए, पर्खिरहने कि अगाडि बढ्ने भनेर ।

पारी जानलागेकाहरूमध्ये एक जनाको मनमा उनी-हरूको त्यस पर्खाइप्रति सहानुभुति जाग्यो । त्यसैले उसले उनीहरू संग यसरी कुरा गऱ्यो —"साँझ परिसकेको छ । किन अझै बिलम्ब गरिरहनु भएको ? . . . . के तपाईहरू पारी जाने होइनन् ?"

"खोइ, के भनौं ? . . . . . जान त जाने भनेरै आएका हौं । तर भरियाहरूका साथमा आउँदै गरेको भाञ्जा नआइपुगेकाले पर्खाइमा परिरहेका छौं ।

"अब कहिलेसम्म पर्खनु हुन्छ त ? . . . . हेर्नुस्, अब कुनै पनि बेला द्वार बन्द गरिन सक्छ । द्वार बन्द गरिएपछि रात-भर यहीं परिरहनु पर्नै छ । तर यहाँ बास बस्न सुहाउँदो कुनै ठाउँ



Downloaded from http://dhamma.digital

छैन । . . . . . मेरो बिचारमा तपाईहरूले आफ्नो भाञ्जा-लाई पारी भिमफेदी बजारमा पर्खनु बेस होला । त्यहाँ भए राम्रो बासबस्ने ठाउँ पाउनु हुनेछ । तपाईको भाञ्जाले तपाईहरूलाई त्यहीं भेटाउन आउने छ । उसले भ्यायो भने भरे, भ्याउन नसकेमा भोलि भए पनि भेटाउन आउने छ । तर उसको कारण तपाईहरू सबै यहाँ फँसिरहनु ठीक छैन । उठ्नुस, हिड्ने बन्दोबस्त गरिहाल्नोस् । . . . . . लौ हामी त अब गयौं पनि ।"

त्यस बट्ुवाको राय राम्रै थियो । यहाँ परिरहनु भन्दा भिमफेदी बजारमा गइरहनु बढी सुरक्षित थियो । त्यहाँ लक्ष्मीमायाले चिनेका मान्छेहरू पनि थिए । त्यहाँ कुनै पनि समस्या पर्ने डर थिएन । त्यसैले लक्ष्मीमायाले समय छँदै त्यहाँबाट उम्कने नै निधो गरी । अनि उनीहरू बाहिर जाने स्विकृती पाउन चेकपोष्ट अड्डाभित्र गए ।

किन हो कुन्नि, चेकपोष्टको हाकिमले उनीहरूलाई निकै समय लगाएर विशेष रूपले केरकार गऱ्यो । उनीहरू-सित थरि थरिका अनेक प्रश्नहरू सोध्यो । खास गरेर गणेशकुमारी सम्बन्धि थुप्रै नै प्रश्नहरू सोधिए । उ कहाँ जाने किन जाने, उसको घर कहाँ यस्तै यस्तै अनेक प्रश्नहरू सोधिए । उसको अर्को नाउँ के हो भनेर सोध्यो । उ घर-बाट भागेर आएकी त होइन भनेर सम्म पनि सोधेको थियो । यसरी केरकार गरेको बेलामा गणेशकुमारी अनेक



Downloaded from http://dhamma.digital

हिसाबले त्रशित भएको थिई । तर जवाफ भने उसले कति पनि नडराएको भान पर्ने गरी फटाफट दिई । यसरी धेरै बेर केरकार गरिसकेपछि हाकिमले एकजना अर्को मान्छेलाई बोलाउन पठायो । त्यो मान्छेले केही प्रश्न त गरेन तैपनि उसले उनीहरू सबैलाई राम्ररी नियालेर हेऱ्यो । अनिपछि उसले हाकिमसित खासखुस केही कुरा गऱ्यो र उ पछि फेरि बाहिर गयो । उ त्यसरी खासखुस कुरा गरेर बाहिर गएपछि मात्र हाकिमले उनीहरूलाई गए हुन्छ भन्ने आज्ञा दियो ।

हाकिमले जान दिएपछि उनीहरूले एउटा ठूलो विपत ढलेको अनुभव गरे । अनि उनीहरू हतार हतार आफ्ना सामान बटुलेर द्वारपारी निस्के । द्वारपारी निस्केपछि पनि उनीहरूले त्यतिकै हतारमा पारीपट्टिको पहाड उक्लन थाले ।

पारीतिरको पहाडको टुप्पोमा पुगेपछि उनीहरूले त्यहाँबाट धेरै टाढा नपर्ने भिमफेदी बजारको केही भाग देखे । तब बल्ल उनीहरूले आफ्नो जिउ प्वाँख जस्तो हलुङ्गो भएको अनुभव गरे । अनि उनीहरूले त्यहींनेरको एउटा रूखको फेदमा बसेर सन्तोषको स्वास फेरे ।

पहाडको त्यो टुप्पो अति रमणीय थियो । पारीतिर होचिँदै गएका पहाडहरूका शृंखला देखिएको थियो र वारीतिर अग्ला अग्ला पहाडहरू आपसमा हात्तेमालो गरि-रहेका झैं देखिन्थे । त्यहाँबाट वारी भिमफेदी बजार देखिए झैं वारी चेकपोष्ट र चेकपोष्टतिर ओर्लने बाटो पनि



Downloaded from http://dhamma.digital

देखिन्थ्यो । त्यसैले उनीहरूले चेकपोष्टतिर झर्ने मानकाजी-लाई त्यहीं पर्खेर हेरिरहने निधो गरे ।

झण्डै एकघण्टा जति पछि चारजना भरियाहरू साथमा लिएर चेकपोष्टतिर झरिरहेको मानकाजी देखिन आयो । यसरी उ देखिएपछि उसलाई पर्खिबसेका उनीहरू सबै हर्षले प्रफुलित भए । उनीहरू अब चेकपोष्टमा गराउनु पर्ने जाँच गराएर चेकपोष्टबाट बाहिर निस्कने मानकाजीको प्रतिक्षामा धैर्यपूर्वक बस्न थाले ।

तर मानकाजी चेकपोष्ट अड्डा भित्र पसेको धेरै बेर भइसक्दा पनि त्यहाँबाट निस्केको देखिएन । न त उसले बोकाएर ल्याएका सामानहरू जँचाएको नै देखियो । मान-काजी त्यसरी चेकपोष्ट अड्डा भित्र अप्रत्याशित ढङ्गले लामो समयसम्म अलमलिरहेको देख्दा उसको प्रतिक्षामा बसिरहेका-हरूको धैर्य टुट्यो । उनीहरूमा अनेकानेक शङ्का उठ्न थाल्यो । अन्तमा बस्तुगत तथ्य बुझ्ने बिचारले लक्ष्मीमाया फेरि चेकपोष्टतिर फर्कन बाध्य भई ।

लक्ष्मीमाया आधि बाटोमात्र के फर्केकी थिई, मान-काजी चेकपोष्ट अड्डाबाट बाहिर निस्केको देखियो । तर उसले चेकपोष्ट द्वारबाट बाहिर निस्कने सुरसार गरेन । उल्टो उ त एउटा रूख मुनि गएर टुचुक्क बस्दै युद्धमा पराजित योद्धाले झैं लामो सुस्केरो छोड्नमा लागेको पो देखियो । त्यो देख्दा लक्ष्मीमायाको मनमा चिसो पस्यो ।



Downloaded from http://dhamma.digital

अनि अनायास नै उसको हिंडाइमा सिथिलता आयो । यस्तैमा मानकाजीको आँखा पनि लक्ष्मीमाया माथि पऱ्यो । लक्ष्मीमायालाई देख्ने बित्तिकै उसले टाढैबाट चिच्याएर भनेर ल्यायो — "लक्ष्मीमाया फुपू . . . . . मलाई यहाँ रोकेको छ । . . . तिमीहरू मलाई नपर्खिकन जाउ . . . . . यता नफर्क . . . . . . उतै जाउ ।"

यो सुन्ने बित्तिकै लक्ष्मीमायाको मनमा पलाएको शङ्का एकैपल्ट झाँगियो । उ फरक्क फर्केर स्वाँ–स्वाँ र फुँ-फुँ गर्दै आफ्ना छोरीहरूतिर डगुर्न थाली । यसरी फर्कंदै गरेकी उसले पनि टाढै देखि आफ्ना छोरीहरूलाई त्यहाँ नपर्खिकन बढ्दै जानलाई चिच्याएर भनिपठाई । कुरो के भएको हो केही बुझ्न नसकेका ती केटीहरू आत्तिएर कराउँदै आइरहेकी लक्ष्मीमायाको आज्ञानुसार हतार हतार त्यहाँबाट अगाडि बढ्न थाले ।

गणेशकुमारी र उसका सहेलीहरू पछाडि फर्की फर्की हेर्दै अगाडि बढिरहेका थिए । केहीबेरपछि उनीहरूले अघि उनीहरू सुस्ताएको डाँडाको टुप्पोमा लक्ष्मीमाया आइपुगेको देखे । त्यसरी देखिन आएको लक्ष्मीमायाले त्यहींदेखि उनीहरूलाई फेरि अगाडि नबढिकन पर्खन अऱ्हाएर ल्याई । त्यसैले उनीहरू त्यसबेला जहाँ पुगेका थिए त्यहीं कतै बसी सुस्ताउन थाले ।

यता डाँडोको टुप्पोमाथि पुगेको लक्ष्मीमाया, किन हो



Downloaded from http://dhamma.digital

कुन्नि, त्यहाँबाट फेरि अगाडि नबढिकन त्यहीं उभेर लगातार चेकपोष्टतिर मात्र हेरिरही। निकैबेर त्यसरी हेरिरहेपछि मात्र ऊ आफ्ना छोरीहरूलाई पर्खाएको ठाउँतिर आई। छोरीहरूनेर पुग्ने बित्तिकै अति थकित देखिएकी ऊ ठ्याच्च भुईमा बसी। एकपल्ट लामो सुस्केरा हालेर उसले भनी — "मानकाजी त तलै अड्किएछ।"

उसको कुरोले चकित भएका तीनै जना केटीहरूले एकैसाथ सोधे — "किन, के भयो फुपू ?"

"किन के भयो आमा ?"

"खास के भएको त्यो त मलाई पनि राम्ररी थाहा भएन। म चेकपोष्टतिर झर्दै गइरहेको बेलामा लामो समय-सम्म चेकपोष्टमा अलमलिएपछि त्यहाँबाट बाहिर निस्केको मानकाजीले मलाई टाढैबाट देखेको थियो। मलाई देख्ने बित्तिकै उसले टाढैबाट चिच्याएर उसलाई त्यहाँ रोकेको छ, हामी उसलाई नपर्खिकन जानु भनेर ल्याएको मैले सुनें। अनि म त्यहींबाट फर्केर उभो लागें। त्यहाँ, त्यो डाँडामाथि उभेर चेकपोष्टतिर हेरिरहँदा मानकाजीले अड्डाको एकजना मान्छेसित हाम्रा भरियाहरूलाई देखाउँदै केही कुरो मनाउन खोजेको जस्तो देखिने गरी लामो समयसम्म कुरागरेको देखें। तर मानकाजीले त्यो अड्डाको मान्छेलाई मनाउन सकेको थिएन। मैले त्यहाँबाट देखेको त्यति हो।

तर जहाँसम्म मलाई लागेको छ, मानकाजीलाई त्यसरी रोक्नु पर्ने कुनै पनि कारण छैन। अबेर भएर द्वार-



Downloaded from http://dhamma.digital

बन्द गरेको भनुँ भने उ भन्दा पछिकाहरू अझै त्यहाँबाट बाहिर निस्किरहेका नै छन् । मनाही सामान ल्याएकाले रोकेको होला भनुँ भने हामीले त्यस्तो सामान ल्याएकै छैन । होइन, उसको सामान नै पनि जाँचेको थिएन । किन त्यसरी बिनसित्तै रोकेको होला ? . . . . . .

जे सुकै भए पनि हामीले धेरै सुर्ता लिनु पर्दैन गणेश ! मानकाजी एकजना लाग्नेमान्छे हो । उ जसरी भएपनि अड्डाका मानिसहरूलाई कुरा बुझाएर बाहिर निस्कने छ । आज नभए भोलिसम्ममा त पक्कै निस्कने छ । भिमफेदीमा मैले राम्ररी चिने–जानेका मान्छेहरू छन् । हामीले पनि त्यहाँ उनीहरूसंग छलफल गरेर सक्दो गर्नु पर्ला ।

अहिले हामीहरू पनि यहाँ धेरै बेर अलमलिनु ठीक छैन । अँध्यारो भएर आइसकेको छ । केहीबेरमा रात पनि पर्नेछ । जाउँ, अब हामी अगाडि बढौं ।

यी सब थाहा पाएर गणेशकुमारी सारै नै दुःखित भई । उसका आँखाबाट अश्रुधारा बग्यो । उसको एक मनले आफू पनि दाजुसंगै समातिन जाने विचार गरेको भएपनि अर्को मनले त्यो त बहुलतिपन मात्र हुनेछ भनि सम्झाएको थियो । त्यसैले अन्तमा उसले ढाडस बाँधी र बोझिल मनले लाचारीसित आफ्ना सहयात्रीहरूसंगै अघि बढ्दै गई ।



Downloaded from http://dhamma.digital

हिन्दुस्थानको बाटोमा बगली मार्नेहरू धेरै हुन्छन् । तर आईमाई या केटीहरूको बगलोमार्ने कम सम्भावना भएकाले नगद रकम जति जम्मै लक्ष्मीमाया र गणेशकुमारीसितै थिए । तर अन्य सबै सामान तल चेकपोष्टमा मानकाजीसंगै परेका थिए । त्यसैले चेकपोष्टको हाकिमलाई राम्ररी चिन्ने एकजना मान्छेको सहायता लिएर मानकाजी र अन्य सामान चेकपोष्टबाट छुटाएर ल्याउन लक्ष्मीमाया बिहान सबेरै सम्बन्धित मान्छेहरू साथमा लिएर तल चेकपोष्टतिर झरी । उनीहरू धेरै टाढाजान नपाउँदैमा उनीहरूले तीनजना भरिया-हरू बजारतिर आईरहेका भेटे । ती भरियाहरू अघिल्लो दिन मानकाजीले भारी बोकाउन बन्दोबस्त गरेका भरियाहरू भएका हुनाले लक्ष्मीमायाले उनीहरूसित सोधी— "मानकाजी खोइ ? एकजना अर्को भरिया खोइ ? . . . . उनीहरू किन नआएका ? . . . . . . . . . .किन तिमीहरूलाई मात्र पठाएको ?"

"खोइ, क्यानै भनु । घरबाट भागेर आ' छ । मफतमा हामीले पनि भोग्न पार्‍यो । उ त नआउने भायो । कुरो ई . . . . . कागजमा लेख्याछ ।" — यति भनेर एकजना भरियाले मानकाजीको चिठ्ठि लक्ष्मीमायालाई ठमाइ-दियो । त्यो चिठ्ठिबाट थाहा भएअनुसार कुरो निम्नानुसार भएको थियो ।

गणेशकुमारी र मानकाजीलाई चेकपोष्टमा रोक्ने बारे हर्षमानले दिएको निवेदनमा दुई कुरा गल्ती भएको



Downloaded from http://dhamma.digital

थियो । पहिलो कुरो जाहेरी अनुसार कार्यान्वयन भए नभएको छिटो थाहा पाउन हर्षमानले आफ्नो ललितपुरको ठेगाना नदिइकन काठमाण्डौको ठेगाना दिएको थियो । दोश्रो कुरो हर्षमानले दिएको जाहेरीमा उसले आफ्नी छोरीको नाउँ लेख्दा, छोरीले पछिबाट फेरेको आधुनिक नाउँ "गणेश-कुमारी" नलेखिकन उ सानी छँदा उसलाई आफूले नामाकरण गरिदिएको अलि पुरानो छाँटको नाउँ "गणेशमाया" लेखेको रहेछ । यसरी नाउँ र ठेगाना फरक लेखिएकाले रोकिन अप्ठेरो भएको गणेशकुमारीलाई सनाखत गर्न बसेका भिमफेदीको भाँडा पसलेले पनि चिन्न सकेको थिएन । त्यो भाँडा पसले, ब्यापारिक कारोबारको नाताले हर्षमानको साथी भएकाले उसले खालि मानकाजीलाई मात्र चिनेको थियो, गणेशकुमारीलाई कहिले देखेकै रहेनछ । त्यसैले गणेशकुमारी चेकपोष्टबाट उम्कन पाएकी रहेछ ।

मानकाजीले उक्त सबै कुरो थाहा पाएपछि गणेश-माया नामकी आफ्नी बहिनी चन्दागिरी पहाडको उकालो चढ्न नसकेर बीच बाटोबाटै घर फर्केको भन्ने कुरा ढाँट कुरा गरेर हाकिमको चासो मिटाइदिएको थियो । अनि उसले आफू भन्दा पहिले जानेहरू बेग्लै घरका, मात्र चिनजानका मान्छेहरू भएकाले, उसको कारण उनीहरूको यात्रामा बाधा नपुऱ्याउन उनीहरूको सामान जति छुटचाएर पठाउने कुरामा पनि अड्डाको हाकिमलाई मनाउन सकेको थियो । त्यसरी सामान छुटचाएर पठाउँदा मानकाजीले गणेशकुमारीका प्रायः



Downloaded from http://dhamma.digital

सबै सामानहरू पनि पारी पठाउने सामानमा नै मिसाएर पठाएको थियो ।

अजिङ्गरको आहारा देउताले पुऱ्याउँछ भने जस्तै बर्मामा बौद्ध–धर्म पढ्न जान दृढ संकल्पित गणेशकुमारी सामू आइपरेका सबै समस्याहरू संयोगले पन्छिन गएको थियो । यसरी सबै समस्याहरूबाट उम्केकी गणेशकुमारी, आफूलाई पुऱ्याइदिने रहरले चन्दागिरीको कठिन बाटो उक्लेर चेकपोष्टसम्म आइसकेको दाजुबाट छुट्टिनु परेकोमा अति दुःखित भएकी भएपनि आफ्नो मनलाई ढुङ्गो जस्तो साऱ्हो पारी भिमफेदीका द्वारिकादास मानन्धर र आफ्ना अरू सहयात्रीहरू संगसंगै कुशीनगरतिर बढ्दै गई ।



Downloaded from http://dhamma.digital

# ८. कुशीनगर

कुशीनगर, शाक्यमुनि भगवान गौतमबुद्धले करिब २,५०० बर्ष जति अघि महापरिनिर्वाण पाउनु भएको स्थान हो । त्यहाँ एउटा महाचेतियंगण गुफा नामले प्रशिद्ध तीर्थ-स्थल छ । त्यस गुफा भित्र करिब बीस हात लामो बुद्ध प्रतिमा छ । त्यो प्रतिमाको शिर उत्तर दिशातिर पारिएको छ । त्यस प्रतिमामा भगवान बुद्धलाई दाहिने हात सिरानी गरी दाहिनेतिर कोल्टो परी महान सयन मुद्रामा चित्राङ्कित गरिएको छ । त्यस मूर्तिको मुखमण्डलमा वेदना सहेर पनि अथाह गम्भीर शान्तीको सुखानुभव गरिरहेको अवर्णनिय भाव प्रकट गरिएको छ । त्यो मूर्ति यति सजीव, यति जीवन्त छ, त्यसलाई हेरिरहने सबैको मनमा स्वयम् बुद्धलाई हेरिरहेको भान पार्न सक्छ । त्यो मूर्ति अति प्रख्यात महापरिनिर्वाण मूर्ति हो ।

त्यस मूर्तिको सामुने एउटी आइमाई र तीनओटी केटीहरू वन्दनागरी बसिरहेका थिए । उनीहरू शाक्यवंशका थिए । शाक्यमुनि गौतमबुद्धका स्वजाति थिए । उनीहरू



Downloaded from http://dhamma.digital

गौतमबुद्धको जन्मभूमी नेपालबाट आएका थिए । उनीहरू सबैको मुखाकृतिमा गहीरो शोकसन्ताप झल्किरहेको थियो । उनीहरूको शोकानुभावमा आत्मियता थियो । उनीहरू बुद्ध–धर्मको अध्ययन गर्ने प्रवल इच्छाले घर-परिवार त्यागी बर्मामा गई अनगारिका हुने विचारले त्यहाँ आएका थिए । उनोहरू गणेशकुमारी र उसका सँगिनीहरू थिए ।

उनीहरू कुशीनगर आइपुगेको धेरै बेर भइसकेको थिएन । उनीहरू कुशीनगर पुग्ने वित्तिकै त्यहाँ स्थित बर्मी विहारमा गएर त्यहाँ बसिरहनु भएका बर्मी भिक्षु धम्मावुध र नेपाली भिक्षु बुद्धघोषलाई भेटी सिष्टाचार अनुसार गर्नु पर्ने कुशलवार्ता मात्र गरेर यात्राको थकाइ पनि नमेटिकन त्यस महापरिनिर्वाण मूर्तिको दर्शन गर्न आएका थिए । त्यसरी असीम श्रद्धापूर्वक महापरिनिर्वाण प्रतिमाको वन्दना गरिरहेका उनीहरू प्रत्येकले यसरी सङ्कल्प गरेकी थिई — "जसरी अहिले यस प्रतिमाको दर्शन गरिरहेकी छु, त्यसरी बुद्धको दर्शन गर्न पाएकी भए उहाँको उत्तमातिउत्तम उपदेश सुन्न पाउने थिएँ । पारमी नपुगेको कारण ज्ञानलाभ गर्न नसकेको खण्डमा पनि उहाँले भिक्षुणी हुने अनुमति त पक्कै पनि दिनुहुने थियो । भाग्य प्रवल नभएकाले बुद्धको दर्शन नपाए पनि बुद्धशासनसम्म त देख्न पाइरहेकी छु । यस बुद्धशासनमा अवश्य पनि शीलवती हुनेछु र त्रिपिटकको अध्ययन गरी ग्रन्थधर हुनेछु ।"



Downloaded from http://dhamma.digital

यसरी बुद्ध प्रतिमा सामु एकपल्ट फेरि बर्मामा गई त्रिपिटक अध्ययन गर्न जाने शङ्कल्प बोहन्याइसकेपछि उनीहरू त्यहाँबाट उठे । अनि श्रद्धापूर्वक चेतियंगण गुफाको परिक्रमा गरे । परिक्रमा गरिसक्दा उनीहरूले स्थविर ऊ धम्मावुधलाई चेतियंगण गुफाको द्वारतेर भेटे । आफ्नो गुरुलाई भेटेपछि आफ्नो मनको जिज्ञासा मिटाउन गणेशकुमारी उहाँसंग यसरी प्रश्न गरी — "भन्ते ! भगवान बुद्धको यो प्रतिमा अत्यन्त प्रभावपूर्ण छ । के यो प्रतिमा जीवित बुद्धको दर्शन गर्न पाएका कालिगढहरूबाट तयार गराइएको थियो ?"

गणेशकुमारीको त्यस प्रश्नको जवाफमा स्थविर ऊ धम्मावुधले उनीहरूलाई निम्न जानकारी दिनुभयो —

—"तिम्रो यस प्रश्न गराईबाट थाहा हुन्छ तिमीमा बुद्धपूजा र बुद्ध प्रतिमा बिषय ऐतिहासिक जानकारी रहेनछ । म तिमीलाई यस बिषय संक्षिप्त रूपमा सुनाउँछु । सम्झिराख्ने कोसिस गर ।

बुद्धकालमा तथा बुद्धको महापरिनिर्वाण पछिका ५०० वर्षहरूसम्म बुद्ध प्रतिमा बनाई बुद्धपूजा गर्ने प्रचलन थिएन । किनभने त्यसबेलाका मानिसहरूमा बुद्धको अद्वितीय व्यक्तित्व र अवर्णनीय लक्षण सम्बन्धी पूर्ण ज्ञान थियो । कुशलातिकुशल कालिगढहरूका लागि पनि बुद्धको प्रतिमा बनाउने काम सूर्यको प्रतिमाको रूपमा टूकी बनाउने धृष्टाइ जस्तो मात्र हुने थियो भन्ने कुरो त्यस बेलाका मानिसहरूलाई



Downloaded from http://dhamma.digital

थाहा थियो । त्यसैले त्यसबेलाका मानिसहरूले बुद्धको प्रतिमा बनाउने ढोलाइ नगरिकन बुद्ध जीवनीसँग सम्बन्ध भएका बोधिवृक्ष, धर्मचक्र, चैत्य, हात्ती, घोडा, सिंह आदि प्रतीक-लाई पूजा गरेर बुद्ध प्रति श्रद्धा ब्यक्त गर्ने गरेका थिए । उपरोक्त प्रतीक . . . . . . ."

तिब्र जिज्ञासाको कारण गणेशकुमारीले बीचैमा कुरा काटी प्रश्न गरी — "भन्ते ! बुद्ध जीवनीसंग बोधिवृक्ष र धर्मचक्रको सम्बन्ध भएको कुरो त बुझ्छौं । तर अरू प्रतीकहरू बुद्धको जीवनीसंग कसरी सम्बन्धित भए, त्यो कुरो हामीले बुझ्नैनौं ।"

"ठीक छ । म त्यो कुरो पनि तिमीहरूलाई बुझाउँछु । सबैभन्दा पहिले चैत्यको कुरो सुनाउँछु । बुद्धको महापरि-निर्वाण पछि बुद्धस्कन्ध अग्निदाह गरिएको बेलामा अग्निज्वाला विशिष्ट किसिमले गोलाकार भएर प्रज्वलित भएको थियो । त्यही अग्निज्वालाको प्रतीक बौद्ध चैत्य हो । बोधिसत्वले महामायादेवीको गर्भमा प्रतिसन्धि लिएको बेलामा महामायादेवीले सपनामा सेतो हात्ती देख्नु भएको थियो । त्यसैले हात्ती पनि बुद्धको प्रतीक भयो । बोधिसत्व सिद्धार्थ राजकुमारले कन्थक घोडा आरोहन गरी महाभि-निष्क्रमण गर्नु भएको थियो । त्यसैले घोडा पनि बुद्धको एउटा प्रतीक भयो । जंगलमा पशुहरूमध्ये सर्वश्रेष्ठ सिंह भए झैं बोधिसत्व शिद्धार्थले बुद्धत्व पाउनु भएपछि उहाँ देव-



Downloaded from http://dhamma.digital

मनुष्यमध्ये सर्वश्रेष्ठ हुनुभई नरसिंह कहलिनु भएको थियो। त्यसैले सिंह पनि बुद्धको प्रतीक भयो।

उपरोक्त प्रतीकहरूमध्ये बोधिवृक्ष, धर्मचक्र र बौद्ध-चैत्य यी तीन प्रतीकहरू सर्वमान्य भए। तिनीहरूमध्ये बोधिवृक्ष सबै ठाउँमा हुन्दैन। धर्मचक्रमा अन्तरनिहित महिमा सर्वसाधारणले बुझ्न कठीन छ तर चैत्यको हकमा उपर्युक्त कमीहरू छैनन्। त्यस बाहेक सुरू सुरूमा स्थापित कतिपय चैत्यहरूमा स्कन्ध धातु पनि गर्भमा राखिएका थिए। त्यसैले चैत्य नै सबैभन्दा लोकप्रिय प्रतीक भयो। जुन प्रतीक आज सम्म पनि त्यत्तिकै लोकप्रिय भइरहेकै छ।

त्यसरी बुद्धको महापरिनिर्वाण पछिका ५०० वर्ष-हरूसम्म बुद्धको मूर्तिको सट्टामा बुद्धको प्रतीकलाई पूजा गरेर सन्तोष लिने काम भएतापनि त्यसपछिका युगमा खास गरेर युनानबाट आएका यवनवंशी राजा मिलिन्दको शासनकाल पछिको युगमा मानिसहरूले बुद्धप्रतिमाको सट्टामा बुद्धको प्रतीकलाई मात्र पूजा गरेर सन्तोष हुन नसकेको बुझिन्छ। उनै राजाको पाला पछि सर्वप्रथम बुद्धप्रतिमा बनाउने काम सुरू भएको बुझिन्छ। यसरी बुद्धप्रतिमा बनाउने परम्परा बुद्धको महापरिनिर्वाण पछिका ५०० वर्षहरू पछि मात्र सुरू भएको कुरालाई तिमीहरूले राम्ररी सम्झिराख्नु पर्छ।"

"त्यसो भए बुद्धको प्रतिमा एउटा काल्पनिक मूर्ति मात्र रहेछ। त्यसमा बुद्धको व्यक्तित्व र लक्षण यथार्थ रूपमा प्रकट गरिएको हुँदो रहेनछ।"



Downloaded from http://dhamma.digital



भिक्षु धम्मावुध महास्थविर
(जस्ले गणेशकुमारीलाई बर्मासम्म लग्नु भएको थियो)

Downloaded from http://dhamma.digital

"पख, पख। कुनै पनि बिषय यसरी हतारिएर निष्कर्षमा पुग्नु हुँदैन। कुनै पनि विषयमा निष्कर्ष निकाल्नु भन्दा पहिले त्यसको सबै पक्षलाई गम्भीर पूर्वक सोच्नु-सक्नुपर्छ।

मैले तिमीहरूलाई सम्झाउन खोजेको के हो भने बुद्धको ब्यक्तित्व र लक्षण अद्वितीय छ, अवर्णनीय छ। त्यही भएर नै बुद्धको महापरिनिर्वाण पछिका ५०० बर्षहरूसम्मका मानिसहरूले बुद्धको प्रतिमा नबनाई बुद्धको प्रतीकको रूपमा बौद्ध चैत्यलाई पूजा गरेर सन्तोष मानेका थिए।

बुद्धको ब्यक्तित्व र लक्षण कति प्रभावपूर्ण थियो होला भन्ने कुरो तिमीहरूले सही रूपमा कल्पना गर्न सकोस् भन्ने विचारले म तिमीहरूलाई एउटा अर्को ऐतिहासिक तथ्य पनि सुनाउँछु।

बुद्धको महापरिनिर्वाण पछिका २०० बर्ष जति पछि शाक्यवंशीय मौर्य राजा अशोकले सम्पूर्ण जम्बूद्वीपमा आफ्नो आधिपत्य जमाएको थियो। त्यसपछि उनी बौद्धमार्गी भएकाले सम्राट धर्माशोक नामले विश्व प्रख्यात भएका थिए। उनले चतुर्दिशामा असंख्य धर्मप्रचारक स्थविरहरू पठाई बुद्धशासनमा अद्वितीय टेवा पुऱ्याएका थिए। आफ्ना प्यारा छोरा-छोरीहरूलाई बुद्धशासनमा प्रव्रजित गराई उनी शासन दायाद पनि भएका थिए। बुद्धका यस्ता महान उपा-



Downloaded from http://dhamma.digital

सकमा बुद्ध दर्शन गर्ने कतिको प्रबल इच्छा भएको होला यो, जो कसैले पनि सहजै अनुमान गर्न सक्ने कुरो हो ।

एकपल्ट उनले जीवित बुद्धको दर्शन पाएका नागलोकका कालीनागराजालाई पूजा आदिद्वारा खुसी पारी उसको ऋद्धिबलद्वारा निर्मित बुद्धरूपको दर्शन गरेका थिए । त्यो ऋद्धिबलद्वारा निर्मित बुद्धरूपमा बुद्धको यथार्थ व्यक्तित्व र लक्षणको केही सतांश मात्र प्रकट हुन सकेको थियो । तर त्यस ऋद्धिबलद्वारा निर्मित बुद्धरूपको स्मरण गरेर सम्राट अशोकले सात दिन सात रात सम्म अटूट रूपमा बुद्धपूजा गरेका थिए ।

त्यस्तै अर्को पल्ट सम्राट धर्माशोकले अर्हत् भिक्षु उपगुप्तको प्रेरणामा देवपुत्र मारले उनको ऋद्धिबलद्वारा निर्मित बुद्धरूपको पनि दर्शन गरेका थिए । देवपुत्र मारको ऋद्धिबलद्वारा निर्मित त्यस बुद्धरूपमा पनि बुद्धको यथार्थ व्यक्तित्व र लक्षणको केही सतांश मात्रै प्रकट हुन सकेको थियो । त्यसो भएतापनि त्यस निर्मित बुद्धरूपलाई सम्राट अशोक लगायत त्यहाँ उपस्थित सबै अर्हत् भिक्षुहरूले पनि अनायास नै सादर वन्दना गर्न पुगेका थिए ।

बुद्धको त्यस्तो प्रभावशाली व्यक्तित्व र लक्षण संसारको कुनै पनि बुद्धमूर्तिमा उतार हुन सक्दै सक्दैन भन्ने कुरोलाई तिमी–हामी सबैले राम्ररी हेक्का राख्न सक्नु पर्छ । त्यसो भएता पनि बुद्धमूर्तिहरू सठै बेकारका छन्, त्यसरी चाँहि हामीले भन्न मिल्दैन । किनभने बुद्धमूर्ति बनाउने



Downloaded from http://dhamma.digital

कलाकारहरूले पनि 'लक्खन सुत्त' जस्ता बुद्धको व्यक्तित्व, लक्षण, आकार–प्रकार आदि विषय वर्णन भएका सुत्रहरूकै आधारमा सकेसम्म बढी बुद्धको व्यक्तित्व र लक्षण उतार गर्ने प्रयास गरेर नै बुद्ध प्रतिमाहरू बनाएका हुन्छन् । उदाहरणका लागि हामी अहिले यही बुद्ध प्रतिमालाई लिन सक्छौं । यो बुद्ध प्रतिमा कहिले, कसले बनाएको थियो त्यसको कुनै ऐतिहासिक प्रमाण अझै भेटिएको छैन । तैपनि पुरातत्वविद्-हरूको कथनानुसार यो मूर्ति बुद्धको महापरिनिर्वाण पछिका १,००० वर्ष भन्दा बढी समय पछि मात्र बनाएको हुनसक्छ भन्ने छ । यो मूर्ति बनाएर स्थापना गरिसकेपछि फेरि कहिले देखि हो कुन्नी निकै लामो समयसम्म जमीनमुनी गाडिएर रहेको थियो । सन् १८७७ को उत्खननमा मात्र यो मूर्ति जमीनमुनीबाट निकालिएको थियो । तर पनि यो मूर्ति कतिको प्रभावशाली छ, कतिको गौरवपूर्ण छ, कतिको हृदय स्पन्दन गराउने खालको छ, सो तिमीहरू आफैंले देखिरहेका छौ । यही प्रतिमाको आधारमा मात्रै सोचेपनि हामी अनुमान गर्न सक्ने छौं, यथार्थमा भगवान बुद्ध कतिको महान कतिको प्रभावशाली, कतिको श्रद्धेय हुनु हुँदो होला . . . . "

यसरी बुद्धको व्यक्तित्वको, बुद्धको महानताको कल्पना गर्न पुगेका स्थविर धम्मावुधको कण्ठ बुद्ध प्रतिको असीम भक्तिको कारण शब्द रहित भयो ।

स्थविर धम्मावुधको उपदेशबाट प्रभावित भएका गणेशकुमारी तथा उसका संगिनीहरूले पुनः एकपल्ट त्यस बुद्ध



Downloaded from http://dhamma.digital

प्रतिमालाई असीम श्रद्धापूर्वक सादर वन्दना गरे। यसरी बुद्ध र बौद्ध-धर्म प्रति आत्मसर्मापित भएर केहीबेर त्यहाँ बसिसकेपछि उनीहरू सबै जना त्यहाँबाट बर्मी बिहारमा फर्के।

बर्मी विहारमा फिर्ता आइसकेपछि उनीहरू ब्यबहारिक कुरा गर्नमा लागे। लक्ष्मीमायाले आफूहरू कुन लक्षले कसरी कुशीनगर आइपुगियो भन्ने सम्पूर्ण विवरण सुनायो। अन्तमा उसले मानकाजी चेकपोष्टमा रोकिएकाले भिमफेदीबाट द्वारिकाप्रसाद मानन्धर एक जना अर्कै साथी लिएर आउनु परेको र त्यो साथी धेरै दिन त्यहाँ रहन नसक्ने भएकाले आफ्ना छोरीहरू बर्मी भिक्षुकै जिम्मामा छोडेर उनीहरू केही दिनमै नेपाल फर्कनु पर्ने कुरो सुनाई।

गणेशकुमारीले पनि आफूले घरमा र बाटोमा कसरी मानसिक र शारीरिक संघर्ष गर्नु पऱ्यो भन्ने कुरो वर्णन गरी सुनाई। त्यस पछि उसकी आमाद्वारा बर्मी भिक्षु धम्मावुधको नाममा लेखिपठाएको पत्र उहाँलाई बुझाउँदै ऊ आफू पूर्णरूपमा उहाँ, बर्मी भिक्षुकै जिम्मामा परेकोले उहाँले जसरी भएपनि उसलाई बर्मा पठाईदिनु पर्ने कुरोमा पुनः एकपल्ट जोड दिई।

उनीहरूको कुरा सुनिसकेपछि बर्मी भिक्षु धम्मावुधले उनीहरूलाई यसरी सान्त्वना दिनु भयो — "तिमीहरूको अठोट र आफ्नो लक्षप्राप्तिका लागि तिमीहरूले गरिआएका



Downloaded from http://dhamma.digital

संघर्ष देखि म अति नै प्रभावित छु । तिमीहरूलाई बर्मामा पठाई बौद्ध–धर्मको अध्ययन गर्न पठाउनका लागि आवश्यक सबै ब्यवस्था मिलाउन सक्ने कुरोमा म विस्वस्त छु । तर केही समय भने अवश्य लाग्ने छ । तिमीहरूले धैर्य गर्न सक्नु पर्छ ।"

यसरी सबै कुरो तय भएपछि बर्मी भिक्षु धम्मावुध र नेपाली भिक्षु बुद्धघोषले ती नव आगन्तुकहरूलाई बस्ने ठाउँको ब्यवस्था गरिदिए । बस्ने ब्यवस्था मिलिसकेपछि उनीहरूसबै त्यस बर्मी विहारका मूल नायक वयोवृद्ध महा-स्थविर चन्द्रमणी संग कुशल वार्ता गर्न गए ।

चन्द्रमणी महास्थविर धेरै अनुभवी तथा श्रद्धेय भिक्षु हुनुहुन्थ्यो । उहाँ हिन्दुस्थानबाट हराइसकेको थेरवादी बौद्ध-धर्म पुनः हिन्दुस्थानमा प्रचार–प्रशार गर्नका लागि विगत ५० बर्ष देखि हिन्दुस्थानमै रहिआउनु भएको थियो । गणेशकुमारी र उसका सँगिनीहरूले लिएको उद्देश्य र त्यस उद्देश्य प्राप्तिका लागि उनीहरूले गरिआएको संघर्षबाट उहाँ पनि प्रभावित हुनुभयो । उनीहरूको उत्साह र उमङ्ग अझ बढाउन उहाँले उनीहरूलाई भगवान गौतम बुद्धको जन्मस्थल कपिलवस्तु र देवदह राज्यका इतिहासका साथै त्यहाँका शाक्यवंशिय राजाहरूको इतिहास सुनाउनु भयो । अनि उहाँले कपिलवस्तु र देवदहका शाक्यहरू मध्ये केही शाक्यहरू कहिले, किन र कसरी त्यहाँबाट क्रमश पाञ्चालदेश, चटगाउँ



Downloaded from http://dhamma.digital

र बर्मामा गए र उनीहरूले ती ठाउँहरूमा के–कस्ता ग्राम, निगम र नगरहरू बसाए भन्ने बारे पनि सुनाउनु भयो। यसरी उहाँले उनीहरूलाई बर्मीहरू र नेपालीहरू बीचमा रहिआएको ऐतिहासिक वंशजको नाता र बन्धुत्व सम्बन्धी गहिरो कुराको अवबोध गराउनु भयो।

वयोवृद्ध र विज्ञ महास्थविर चन्द्रमणीबाट आजका मानिसहरूले बिर्सिसकेका ती अति महत्वपूर्ण ऐतिहासिक तथ्यहरू थाहा पाएपछि गणेशकुमारी तथा उसका सँगिनी-हरूले, उनीहरू जान चाहिरहेको देश कुनै बिरानो मुलुक नभइकन आफ्नै स्वजाती र बन्धुहरूकै देश रहेछ भन्ने कुरो राम्ररी बोध गरे।



Downloaded from http://dhamma.digital

# ९. नेपालमा बुद्धशासन

बर्माको द्वितीय शहर मोलमिन स्थित खेमाराम नामको अनागारिकाश्रमबाट गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मीलाई बुद्ध-धर्म पढ्न आउन बोलावट आएको दुई महिना जति भइसकेको थियो । तर पासपोर्ट नभएको कारण उनीहरू त्यहाँ जान पाइरहेको थिएनन् ।

नेपालबाट हिन्दुस्थानसम्म जाने आइमाई र केटीहरूलाई चाहिने राहदानी, अन्तर्राष्ट्रिय राहदानी थिएन, मात्र एक किसिमको स्वीकृति पत्र थियो । गणेशकुमारी र उसका साथीहरूले कुशीनगर जान लिएको राहदानी पनि त्यही प्रकारको स्वीकृति पत्र मात्र थियो, अन्तराष्ट्रीय राहदानी थिएन । त्यस राहदानीको आधारमा बर्मा जान पाइदैन थियो । त्यसैले स्थविर धम्मावुधले कुशीनगरबाट नजिक पर्ने कसिया स्थित सम्बन्धित सरकारी अड्डा मार्फत दिल्ली स्थित नेपाली राजदूतावासबाट उनीहरूका लागि बर्मा जान आवश्यक पासपोर्ट दिलाइपाउने कारवाही गराएको थियो । तर निकै लामो समय बितिसक्दा पनि कुनै ठोस परिणाम देखिनमा आएको थिएन । निवेदकहरूलाई साथमा



Downloaded from http://dhamma.digital

लिएर भिक्षु धम्मावुध आफै दिल्ली जानुपर्ने देखिन आयो। तर त्यसबेला सम्ममा बर्षावास सुरू भइसकेको थियो। बर्षावासभर (आषाढ पूर्णिमा देखि आश्विन पूर्णिमा सम्म) भिक्षुहरूले यात्रा नगरी एकै वासस्थानमा बसिरहनु पर्ने विनयको नियम थियो। यसरी गणेशकुमारी र उसका सँगिनीहरूले बर्षावासभर कुशीनगरमा नै बसिरहने धैर्य गर्नु परेको थियो।

त्यस लामो समयको पर्खाइ खेर नफाल्न गणेशकुमारी तथा उसका साथीहरूले धम्मावुध स्थविरबाट पालि साहित्य र व्यावहारिक बर्मी भाषा पढ्न थाले। बुद्ध-धर्म सम्बन्धी उत्पन्न भएका जिज्ञासा मिटाउने अभिप्रायले उनीहरू कहिले काहीं चन्द्रमणी महास्थविर कहाँ गएर त्यस बिषय प्रश्न गर्न पनि जान्थे।

एकदिन गणेशकुमारीले महास्थविर सामु निम्न जिज्ञासा ब्यक्त गरी — "भन्ते ! हाम्रो देशमा पनि परम्परा देखिनै बौद्ध धर्म चलि आइरहेको छ। त्यस्तै बर्मादेशमा पनि परम्परागत बौद्धधर्म नै छ। तर मैले सुने बुझे सम्म यी दुई देशमा प्रचलित बुद्ध-धर्ममा धेरै असमानता छन्। किन यसरी भिन्नता भएका होलान् ?"

यसबारे यथार्थ रूपमा थाहा पाउन पूर्वाग्रह रहित भएर, वैज्ञानिक ढङ्गले बुद्धशासनको इतिहासलाई विश्लेषण गरेर हेर्ने सतप्रयास गर्नुपर्छ।



Downloaded from http://dhamma.digital

बुद्ध सम्बत् १०० तिर वैशाली राज्यको वज्जीरथ-वासी भिक्षुहरूमध्ये केही भिक्षुहरूले भगवान बुद्धको बहुयामी मूल उपदेशलाई एकोहरो दृष्टिकोणले मात्र बुझ्ने गम्भीर भूल गरेका थिए। त्यस गल्तीको कारण उनीहरूको चित्त-वृत्तिमा अरू पनि अपरिपक्व विचारहरू पलाउन थाले। फल स्वरूप भगवान बुद्धद्वारा निर्देशित विनयका २२७ ओटा नियमहरूमध्ये दशओटा नियमहरूमा उनीहरूले आफ्नो अपरिपक्व धारणा सुहाँउने गरी परिवर्तन गर्ने दुस्साहस गरे।

ती दशओटा नियमहरूबारे पछि विनयपिटक पढ्ने बेलामा तिमीहरूले थाहा गर्नेछौ। अहिलेलाई दशओटा नियमहरू भनेर मात्र सम्झिराख्नु।

स्वयम् भगवान बुद्धद्वारा सम्पूर्ण अर्हत् भिक्षुहरू लगायत सबै भिक्षुहरूका लागि निर्देशित विनय धर्ममा क्लेशाधीन ती भिक्षुहरूले आफ्नो अपरिपक्व विचारधारानुसार आफूखुसी परिवर्तन गर्नु राम्रो प्रवृत्ति थिएन। त्यस्तो प्रवृतिले प्रशय पाएमा बुद्धशासनको जगको रूपमा रहेको विनय धर्मको क्षय भई चाँडै नै बुद्धशासन लोप हुन जाने भय थियो। त्यसैले त्यस समयका नायक विनयधर महास्थविर महायसले त्यो प्रवृत्ति हटाउन त्यसताकाका अनेक महास्थविरहरूमा द्वितीय सङ्गायन सम्पन्न गराउने प्रेरणा जगाउन लाग्नु भयो। फलस्वरूप केही समय-पछि नै १८० वर्ष उमेर पुग्नु भएका महास्थविर रेवत लगायत, सब्बकामी, साल, खुज्जशोभित, सम्भूत, वासभगामि



Downloaded from http://dhamma.digital

सुमन र उहाँ महायस स्वयम् गरी जम्मा आठजना त्यस्ता महास्थविर, जुन महास्थविरहरूले बुद्धको दर्शन गर्ने सौभाग्य पाएका थिए, ती महास्थविरहरूको नेतृत्वमा जम्मा ७०० अर्हत् भिक्षुहरूको सभा बसी आठ महिनाको समय लगाएर द्वितीय सङ्गायन सम्पन्न भयो ।

द्वितीय सङ्गायन सम्पन्न भएपछि द्वितीय सङ्गायन-द्वारा तय भएका मूलरूपमा रहेका बुद्ध-वचनहरू स्वीकार गर्ने भिक्षुहरूको संख्या लाखौंमा थियो । त्यसैले संशोधनवादी वज्जीरथवासी भिक्षुहरू द्वितीय सङ्गायनपछि वैशालीमा टिक्न सकेनन् । उनीहरू वैशाली छोडेर उत्तरीय देश कौशाम्बीमा जान बाध्य भए । उनीहरूले त्यहाँ उनीहरूको संशोधित रायसंग सहमत हुने जम्मा दश हजार भिक्षुहरू जम्मा गरे । अनि उनीहरूले पनि आपसमा सल्लाहगरेर एउटा संशोधित नीति तय गरे। त्यसपछि उनीहरूले द्वितीय संङ्गायनले तय गरेका बुद्ध-वचनहरूमा संशोधन गर्न नचाहने भिक्षुहरूलाई स्थविर-हरूको कुरा मात्र मान्ने - स्थविरवादी अथवा थेरवादी भन्ने नामाकरण गरी आफूहरू स्वयम्लाई उनीहरूबाट अलगगाई आफ्नो स्वतन्त्र अस्तित्व कायम गरे ।

कालान्तरमा त्यही संशोधित नीति अपनाउने भिक्षु-हरूले बुद्ध-धर्मको प्रचार-प्रसार क्रमशः नेपाल, तिब्बत, चीन, जापान, कोरिया, मंगोलिया आदि उत्तरीय राष्ट्रहरूमा बढाउँदै लगे । त्यसैले त्यस भेगमा प्रचलित बुद्ध-धर्मलाई पछिबाट उत्तर प्रदेशीय बौद्ध-धर्म भनिन लाग्यो ।



Downloaded from http://dhamma.digital

त्यस्तै नै स्थविरवादी भिक्षुहरूले बुद्ध–धर्मको प्रचार–प्रसार मूलत लंङ्का, बर्मा, थाइलायण्ड, कम्बोडिया लाओस, भियतनाम आदि दक्षिण प्रदेशीय राष्ट्रहरूमा बढाउँदै लगेकाले त्यतातिर प्रचलित बुद्ध–धर्मलाई दक्षिण प्रदेशीय बौद्ध-धर्म भनियो ।

यी दुई भिन्न प्रदेशहरूमा बुद्ध–धर्म प्रचार–प्रसार गर्ने भिक्षुहरूमा अघि भनिए झैं सुरूमा विनयका दशओटा नियमहरूमा मात्र भिन्नता भएको भएतापनि उत्तर–प्रदेशीय बौद्ध–धर्मका अनुयायीहरूले अपनाएको प्रचार नीतिमा मूल बुद्धोपदेशमै संशोधन गर्ने गलत प्रवृत्तिले जरो गाडेको हुनाले कालान्तरमा उनीहरूको प्रचार कार्यमा अनेकानेक विकृतिहरू थपिँदै गएको थियो ।

मानिसहरू विभिन्न चरित्र र सामर्थ्यका हुने हुनाले प्रत्येकले आफ्नै इच्छा र हिम्मत अनुसार रोजी लिन पाउने गरी भगवान बुद्धले बुद्धमार्ग, प्रत्येकबुद्धमार्ग र श्रावकमार्ग गरी तिनओटा निर्वाण मार्गहरू निर्देशित गर्नु भएको छ । तर उत्तर–प्रदेशीय बौद्ध–धर्मका अनुयायीहरूले सबैले बुद्धमार्ग मात्रै अपनाउनु पर्छ भन्ने जिकिर गर्न लागे । त्यही अनुरूप उनीहरूले बोधिचर्यामा मात्र जोड दिन थाले । यसरी बोधिचर्यामा मात्र जोड दिन थालेका उनीहरूले पछिबाट स्वयम् बुद्ध हुन बोधिचर्यामा लाग्नेले विनयको पावन्दिमा बस्नु पर्दैन । विनय त त्यस्ताका लागि मात्र बनाइएका हुन जस्मा बुद्ध हुने क्षमता थिएन । – भन्ने तर्क गर्न लागे ।



Downloaded from http://dhamma.digital

बुद्ध-धर्मको जगको रूपमा रहेको विनय सम्बन्धी यसरी तर्क गर्नु सरासर गलत हो । किनभने वर्तमान बुद्ध बोधिसत्व मात्र छँदा पहिलेका बुद्धहरूको पालामा भिक्षु हुनुभएको थियो । त्यो बेला उहाँले विनय धर्मको उलङ्घन गर्नु भएको थिएन । स्वयम् वर्तमान बुद्धको पालामा भावी बुद्ध मैत्रीय बोधिसत्वले भिक्षुत्व ग्रहण गर्नु भएको थियो । तर उहाँले पनि विनय धर्मको उलङ्घन गर्नु भएको थिएन । यसरी पारमिता पुगेका बोधिसत्वहरूले पनि उलङ्घन नगरेको विनय धर्मलाई पारमिता सुरू नै नगरेका, बोधिसत्व हुने चाहना मात्र गरेका तथाकथित बोधिसत्व या कसैले पनि उलङ्घन गर्नु त्यो उच्छृंखलता मात्र हो, स्वेच्छाचारिपन मात्र हो ।

उत्तर प्रदेशीय बौद्ध-धर्मका अनुयायीहरूमा जरो गाडेको त्यही उच्छृंखलता, त्यही स्वेच्छाचारिपनले गर्दा उनीहरूले अन्तमा सम्पूर्ण विनय धर्मकै परित्याग गरेका थिए । विनयपिटकको परित्याग गरिसकेपछि उनीहरूले बाकी अरु पिटकका ग्रन्थहरूका पनि बोधिसत्वको माथ प्रमुख्य हुने गरी संशोधन गर्न थाले । अझ पछि त उनीहरूले सम्पूर्ण त्रिपिटकको परित्याग गरी बोधिचर्यालाई टेवा दिने खालका अनेकानेक नवग्रन्थहरू लेखी त्यसैको मात्र प्रचार-प्रसार गर्न थाले ।

उनीहरूको यस प्रकारको स्वेच्छाचारिपनका लागि एउटा अप्रत्यक्ष अड्चन थियो, स्थविरवादीहरूको अस्तित्व । त्यसैले



Downloaded from http://dhamma.digital

आफ्नो अनुयायीहरूको संख्या बढाउन र आफ्नो पंडित्याइको धाक जमाउन उनीहरूले आफू एक्लै निर्वाण हुने प्रयासमा लाग्ने प्रत्येकबुद्धमार्गी र श्रावकमार्गीहरू तुच्छ, नीच हुन् भन्ने अफवाइ फैलाउन लागे। उनीहरूले आफै आफूलाई महायानी र थेरवादीहरू चाहिं हीनयानी भनेर आफ्नै भाइ-बन्धुमा वर्गभेद ल्याउने अनावश्यक जमर्को पनि गरे।

कालान्तरमा गएर उनीहरूले ब्राह्मणवाद जस्तो अवैज्ञानिकता, ईश्वरवाद र अन्धविस्वासमा आधारित धर्म संगको प्रतिद्वन्दमा लागेर, आफूहरूले पनि तथाकथित आदि बुद्ध र सुखावती भुवन नामक बुद्धलोकको कल्पना गरी भगवान बुद्धलाई एउटा अवतारको रूपमा प्रस्तुत गर्ने मूर्खता पनि गरे। हुँदा हुँदै उनीहरू भौतिक सुख-शान्तिका लागि लौकिक देव-देवीहरूको स्तुतिमा अनेकानेक तन्त्र, मन्त्रको श्रृजना गर्नमा पनि लागे। यसरी उनीहरू क्रमशः गिर्दै गई अन्तमा ब्राह्मणवादीहरूकै हाराहारीमा पुग्न गए।

तर दक्षिणी राष्ट्रहरूमा प्रचार हुन गएको थेरवादी बौद्ध-धर्मका अनुयायीहरूले आजसम्म पनि त्रिपिटकको रूपमा सङ्कलित बुद्ध-वचनहरूमा र अन्य अर्थकथाहरूमा संक्षिप्ति-करण र विस्तृतिकरण सम्म पनि नगरी मूल रूपमा नै धारण गर्दै आइरहेका छन्। त्यसैले उत्तर प्रदेशीय बौद्ध-धर्म र दक्षिण प्रदेशीय बौद्ध-धर्म, दुबैको मूल एउटै भएर पनि यी दुई बुद्ध धर्ममा अनेक भिन्नता देखिएका हुन्। तर उत्तर प्रदे-



Downloaded from http://dhamma.digital

शीय बौद्ध-धर्ममा पछिबाट लेपलाप गरिएका आवरणहरू हटाएर हेर्नेहो भने त्यहाँ प्रचलित बौद्ध–धर्ममा पनि मूलतः बुद्धका मूलभूत उपदेशहरू नै निहित भएको हामी पाउने छौं।"

महास्थविर चन्द्रमणीको उक्त व्याख्यान सुनिसकेपछि त्यस व्याख्यानप्रति सहमति जनाउँदै त्यसबेला त्यहाँ उपस्थित नेपाली भिक्षु बुद्धघोषले यसरी भन्नु भयो — "भन्ते ! नेपालका बौद्ध–धर्मावलम्बिहरूमध्ये केहिले आफ्ना पुर्खाहरूको त्यो गल्ती सुधार्न बुद्ध–धर्मको मूलरूपमा रहेको त्रिपिटकको अध्ययन र प्रचार–प्रसार गर्न भरमग्दूर प्रयास गरिरहेका छन्। कतिपय साहसी युवकहरू लङ्का र बर्मा जस्तो थेरवादी बौद्ध–देशमा गई त्रिपिटकको अध्ययन गर्नमा लागिरहेका छन्। गृह–त्याग गरी भिक्षु हुन नसक्नेहरूले पनि 'धर्मोदय–सभा' नामको धार्मिक संस्था स्थापना गरी त्यस मार्फत थेरवादी बौद्ध–धर्म प्रचार–प्रसार गर्ने प्रयास गरिरहेका छन्। अनि यी केटीहरू पनि त्यही सामुहिक प्रयासमा सक्दो योगदान गर्ने लक्षले नै बर्मा जाने साहस गरिरहेका हुन्।"

नेपाली भिक्षु बुद्धघोषबाट बुद्धको जन्मभूमी नेपालमा पनि नवजागरण आउन लागेको छ भन्ने कुरो सुन्न पाउँदा आफूलाई खुशी लागेको कुरो महास्थविर चन्द्रमणीले व्यक्त गर्नुभयो। उहाँले गणेशकुमारी र उसका सँगिनीहरूलाई प्रेरणा दिँदै यसरी पनि भन्नु भयो — "भविष्य तिमीहरू जस्तै युवा–युवतीहरूकै उद्योगमा निर्भर छ। तिमीहरूले सच्चा हृदयले लगनशिलताकासाथ त्रिपिटकको गहिरो



Downloaded from http://dhamma.digital

अध्ययन गर्ने निरन्तर प्रयत्न गरिरहनु पर्छ। तिमीहरूले जीवनभर लोभ, आलस्य र अहं रूपी मारमाथि विजय पाएर परियत्ति र प्रटिपत्ति शासन प्रचारमा निरन्तर लागिनै रहने प्रयास गर्नुपर्छ। तिमीहरूको वास्तविक कल्याण पनि त्यसैमा निहित छ।"

गणेशकुमारी र उसका सहेलीहरूले महास्थविर चन्द्र-मणीको निर्देशनलाई मनमनै शिरोधार्य गरे।



Downloaded from http://dhamma.digital

# १०. रूप परिवर्तन

महिना मात्र होइन ऋतु पनि परिवर्तन भयो । बाक्लो बादल मडारिने आकाशमा पातलो बादल मात्र देखिने भयो । बर्षावासको समय बितेर गयो । त्यसैले पासपोर्टका निबेदकहरूलाई लिएर भिक्षु धम्मावुध दिल्ली जानुहुने बेला आयो । तर यस सम्बन्धमा पनि केही बाधा देखापऱ्यो ।

दिल्लीमा भिक्षुहरू बस्ने विहार भेटिएन । आवश्यक परेमा भनसुन गरिदिने चिनजानका मानिसहरू पनि भेटाउन सकिएन । तर यी सब सुविधाहरू कलकत्तामा उपलब्ध थिए । त्यति मात्र होइन कलकत्ता बर्मा जाने मूल थलो पनि हो । त्यसैले कलकत्ता स्थित नेपाली वाणिज्य दूतावासमा सम्पर्क राखीहेर्नु उचित देखियो । यसरी राहदानी पाउने प्रयास एकपल्ट पुनः सुरू देखि दोहऱ्याउने प्रयास भयो ।

पासपोर्ट लिने प्रक्रियामा यसरी अनेक कारण ढिलासुस्ती भएपनि पासपोर्टको प्रतिक्षामा पर्खिरहेका गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मीले अझै प्रतिक्षा गर्ने धैर्य टुटाएनन् । उनीहरू धैर्य गरेर कुशीनगरमा नै बसिरहे । तर गणेश-



Downloaded from http://dhamma.digital

कुमारीकी आमा हीराथकूँले एकदिन पठाएको पत्रबाट त्यसरी धैर्य गरिरहन नहुने पारिदियो ।

हीराथकूँको पत्रमा के लेखिएको थियो भने बर्माजाने पासपोर्ट नपाएर गणेशकुमारी अझै कुशीनगरमा नै बसिरहेकीछे र अझै केही समय त्यहीं नै रहिरहने पनि छ भन्ने कुरो उसको बुबा हर्षमानको कानमा परेको थियो ।

गणेशकुमारी घरबाट सुटुक्क निस्केपछि उसको बुबा हर्षमानको मनमा उसप्रति भएको गहिरो माया अकस्मात टुट्नगएको थियो । महिनौसम्म उसले आफ्नो छोरी बारे केही पनि चेवा-चर्चा गर्न छोडेको थियो । तर समय बित्दै गएपछि उसकी छोरीले उसप्रति गरेको विस्वासघाटको घाउ बिस्तारै पुरिँदै गएको थियो । छोरी प्रति भएको उसको गहीरो माया पुनः पलाएर झाँगिदै आएको थियो । त्यसैले महिनौ सम्म आफ्नी छोरी पासपोर्ट नपाएर कुशीनगरमै फँसिरहेकी थाहा पाए पछि छोरीलाई फिर्ता बोलाइ ल्याउन उ आफै कुशीनगर जान तम्सेको थियो । तर हीराथकूँ र उसका छोराहरू दुवैले उसलाई त्यसरी अपरझट विदेश जाँदा ब्यापारमा बाधा पर्ने, उसको उमेर ढलिकसकेको हुँदा बाटोको कठिनाइ भोग्न जानु ठीक नहुने आदि कुरा सम्झाएर मात्र रोक्न सकेका थिए । उ त्यसबेला त्यसरी रोकिए पनि उसले करिब एक महिना पछि धनकाजीलाई पठाएर फिर्ता बोलाउन पठाउने निधो गरेको थियो । धनकाजी घरबाट निस्कनु भन्दा पहिले गणेशकुमारीले गृहस्थ रूप त्यागी सो खबर पठाएमा



Downloaded from http://dhamma.digital

मात्र धनकाजीलाई नपठाई रोक्न सक्ने सम्भावना हुने थियो । त्यसैले त्यो पत्र पुग्ने वित्तिकै गृहस्थरूप त्यागी अनगारिका हुनु र तुरुन्तै सो को जानकारी पनि पठाउनु भनेर त्यो पत्रमा लेखि पठाएको थियो ।

उक्त पत्रबारे स्थविर धम्मावुध र स्थविर बुद्धघोषसंग छलफल गर्दा उहाँहरूले पनि हुनसके तुरुन्तै गृहस्थरूप त्यागी अनगारिका हुनुमा नै कल्याण हुने राय प्रकट गरे । वास्तवमा गृहस्थरूप त्यागी अनगारिका भएमा एक पन्थ दुई काज हुने सम्भावना थियो । एकातिर घरबाट फिर्ता बोलाउन आउने सम्भावना कम हुन्थ्यो त अर्कोतिर गृहस्थहरूलाई भन्दा गृहत्यागीहरूलाई राहदानी पाउनमा पनि सरल हुने सम्भावना पनि थियो । त्यसैले स्थविर धम्मावुधले गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मी तीनै जनासंग बेग्ला बेग्लै कुरा गरी उनीहरू प्रत्येकको स्वतन्त्र र आन्तरिक मनशाय बुझ्ने प्रयत्न गर्नुभयो । उनीहरू तीनै जना भित्री हृदय देखि नै अनगारिका हुनमा तत्पर भएको राम्ररी बुझिसकेपछि उनीहरू तीनै जनालाई एकसाथ अनगारिका बनाउने निधो गरियो ।

मानिसको जीवन प्रवाह समस्यारूपी छेकवारै छेकवारले भरेको खोल्सोमा बग्ने खोला झैं रहेछ । मानिसले संघर्ष गर्न छोडेमा डर, आलस्य, निरूत्साह आदि कमजोरीहरूको वसमा परेमा, मानिसको जीवन प्रवाह चारैतिरबाट बन्द गरिएको पोखरीको पानी झैं मृत प्रायः हुँदो रहेछ ।



Downloaded from http://dhamma.digital

पासपोर्टरूपी बाँध नाघेर जान नसकेर गृहस्थरूप त्यागेर अघि बढ्न खोज्दा उनीहरूले त्यसमा पनि एउटा बाधाको सामना गर्नुपर्‍यो । त्यो समस्या थियो गृहस्थरूप त्यागेपछि लाउने लुगा ।

थेरवादी देश बर्माका अनगारिकाहरूले लाउने लुगा र महायानी देश नेपालका शीलवतीहरूले लाउने लुगामा भिन्नता रहेछ । नेपालका शीलवतीहरूले लाउने लुगा कमिज जस्तो टाँक र कलर भएको लुगा र खास्तो थियो । तर बर्मामा अनगारिकाहरूले लाउने लुगा त्यस्तो प्रकारको रहेनछ । त्यहाँका अनगारिकाहरूले भित्र लाउने लुगा र बाहिर लाउने लुगा गरी दुई प्रकारका लुगा लगाउँदा रहेछन् । अनि ओढ्ने खास्तो पनि दुई थरिका नै हुँदा रहेछन् । एउटा ओढ्ने र एउटा पछ्याएर काँधमा राख्ने । फेरी लुगाको रंगमा पनि फरक हुँदो रहेछ । नेपालका महायानी उनीहरूले गाढा कलेजी रंगको लुगा र खास्तो ओढ्ने गर्दथ्यो । तर बर्मामा अनगारिकाहरूले लाउने लुगा गुलाफी रंगको, ओढ्ने खास्तो फिका गुलाफी रंगको र पटचाएर काँधमा राख्ने खास्तो चाहिं फिका कलेजी रंगको हुँदो रहेछ ।

गणेशकुमारी तथा उसका सहेलीहरू बर्मामा जान शीलवती हुने भएकाले उनीहरूले पनि बर्मामा अनगारिकाहरूले लगाउने लुगा नै लगाउनु उपयुक्त हुने थियो । तर त्यस प्रकारको लुगाको विस्तृत छाँटकाँटबारे गणेशकुमारी



Downloaded from http://dhamma.digital

तथा उसका संगिनीहरूलाई राम्ररी सम्झाउन सक्ने क्षमता बर्मी भिक्षुहरूमा रहेनछ । त्यसैले अन्तमा बर्मामा नपुगुञ्जेल-लाई नेपालका शीलवतीहरूले लगाउने खालको लुगा सिएर लगाउनमा नै उनीहरू बाध्य हुनपर्‍यो ।

गृहस्थ रूप त्यागी शीलवती हुन कपाल काट्ने बेला आएपछि मात्र उनीहरूलाई यथार्थ रूपमा थाहा भयो एउटा केटीले कपाल काट्ने काम गर्नु कति गाह्रो रहेछ । हुन त घर र आमा–बाबुलाई छोडेर आउने बेलामा पनि उनीहरूलाई गाह्रो त परेकै थियो । तर त्यसबेलाको कठिनाइ र यस-बेलाको कठिनाइमा आकाश र पाताल जतिकै फरक थियो । त्यसबेला आफ्नो लागि आफ्नो इच्छापूर्तिको लागि अरूलाई त्याग्नु परेको थियो । तर यसबेला आफूले आफैलाई त्याग्नु परेको थियो । अर्को शब्दमा भन्ने हो भने यसबेला अन-गारिका भएर अरूको सेवा गर्नलाई आफू त्यागिनु थियो ।

उनीहरूमध्ये कसैले पनि आफै आफ्नो चुल्थो काट्ने बारे सोच्न सकेन । उनीहरू एकले अर्कालाई आफ्नो चुल्थो काटी देउ भनेर अन्हाउमा लागे । गणेशकुमारीले उसको चुल्थो कटाउन शुभलक्ष्मीको हातमा कैञ्ची थमाइदिई । तर शुभ-लक्ष्मीले गणेशकुमारीको चुल्थो काटिदिने हिम्मत गर्न सकेन । किनभने उसको भित्री मनमा उसको आफ्नो कपालको माया लुकिरहेको थियो । उसको भित्री मनले उसलाई भनिरहेको थियो — गणेशको चुल्थो नकाट्नु । उसको चुल्थो काटियो भने तिम्रो चुल्थो पनि उसबाट काटिने छ । त्यसैले हातमा



Downloaded from http://dhamma.digital

कैञ्ची लिएकी शुभलक्ष्मीको आँखाबाट आँसु बग्न थाल्यो। अनि उसले त्यो कैञ्ची गणेशकुमारीलाई फिर्ता दिएर पहिले उसैको चुल्थो कटाइ मागी। तर गणेशकुमारीको पनि त्यही हालत भयो।

केही समय त्यसरी अलमलिसकेपछि आखिर गणेशकुमारी आफ्नो र आफ्ना साथीहरूको मनको कमजोरीलाई रास्ररी बुझनमा समर्थ भई। अनि उसले आफ्नो भित्री मनको त्यस कमजोरी माथि विजय पाई सबैभन्दा पहिले आफैले आफ्नो चुल्थो काट्नमा दृढ भई त्यसै गरी। त्यसपछि उसले आफ्ना साथीहरूलाई पनि आ-आफ्नो चुल्थो आ-आफैले काट्ने आँट गर्न अऱ्हाई। तर उसका सँगिनीहरू उसले झैं आफै आफूमाथि विजय पाउनमा समर्थ हुन सकेनन्। त्यसैले आखिर गणेशकुमारी आफैले उनीहरू दुबै जनाको चुल्थो काटिदिइ।

यसरी चुल्थो काट्नमा निकै ठूलो आन्तरिक संघर्ष गर्न परेको भएता पनि चुल्थो काटिसकेपछि उनीहरू तीनैजनाले एउटा ठूलो भारी बिसाए झैं अनुभव गरे। अनिपछि एकले अर्काको टाउकोमा बाकी भएको कपाल मुण्डन गर्नमा उनीहरू तीनै जना सहजरूपले नै लागे। त्यसरी कपाल मुण्डन गरी शीलवतीहरूले लगाउने लुगा लगाइसकेपछि उनीहरू तीनै जनाले आफ्नो जिउ एक विशिष्ट प्रकारले हलुङ्गो भए झैं अनुभव गरे। यसरी आन्तरिक सुखको अनुभव गरेका



Downloaded from http://dhamma.digital

उनीहरू प्रत्येकले आफ्नो काटिएको कपाल हातमा लिएर महापरिनिर्वाण प्रतिमाको सामुन्ने गई यसरी प्रार्थना गरी — "म आजीवन शीलवती भई बुद्धशासनमा विशेष टेवा दिन सक्ने होउँ ।"

यसरी बुद्ध प्रतिमालाई वन्दना गरिसकेपछि उनीहरू तीनै जना नियमानुसार अष्टशील प्रार्थना गर्न स्थविर धम्मावुध सामु उपस्थित हुन गए ।

गृहस्थ रूप त्यागी शीलवती हुनु, मात्र रूपको परिवर्तन गर्नु होइन । यो एक किसिमको पुनर्जन्म हुनु सरह नै हो । त्यसैले यसरी शीलवती हुनेलाई नयाँ नामाकरण गर्ने प्रचलन छ । त्यसैले उनीहरूलाई उनीहरूको प्रार्थना अनुसार अष्टशील ग्रहण गराइसकेपछि उनीहरूलाई नयाँ नामाकरण पनि दिनुभयो । उहाँले गणेशकुमारीलाई "धम्मवती", मनोहरादेवीलाई "मागधी" तथा शुभलक्ष्मीलाई "माधवी" भनी नामाकरण गर्नुभयो । त्यसपछि उहाँले उनीहरूलाई ओवाद ग्रहण गर्न लगाउन महास्थविर चन्द्रमणी कहाँ लैजानु भयो । महास्थविर चन्द्रमणीले उनीहरू त्यसरी शीलवती भएकोमा खुसी व्यक्त गर्दैमा उनीहरूलाई उपयुक्त प्रकारका उपदेश पनि दिन लाग्नुभयो — "तिमीहरूलाई यसरी शीलवती रूपमा देख्न पाउँदा म धेरै खुसी भएको छु । तिमीहरूले खालि लुगा र रूप मात्रै त फेरेका हौं भनेर हलुका रूपले सोच्नु हुँदैन । तिमीहरूले आज देखि आफ्नो स्वःत्व नै परिवर्तन गर्ने प्रयास गर्नु पर्छ । तिमीहरूले



Downloaded from http://dhamma.digital

आफ्नो स्वभाव परिवर्तन गर्नुपर्छ । चिन्तन–मनन गर्ने तरिका फेर्नुपर्छ । अनि आफ्नो जीवनको लक्ष नै पनि फेर्न सक्नुपर्छ । तिमीहरूले आफ्नो चञ्चल स्वभाव त्यागी राम्ररी अष्टशील पालना गर्नुपर्छ । तिमीहरूले बुद्ध–वचन सुन्ने, पढ्ने र बुझ्ने प्रयत्न गरी त्यसरी सुनेका, पढेका र बुझेका बुद्ध–वचनलाई ब्यवहारमा पनि उतार्ने प्रयत्न गर्नुपर्छ । तिमीहरूले अब आफ्नो लागि होइन बुद्धशासनको लागि मात्र जिउने प्रयत्न गर्नुपर्छ ।

भगवान शाक्यमुनि तथागतको पालामा प्रजापती गौतमीको अथक प्रयास र आनन्द स्थविरको निस्वार्थ प्रार्थनाले स्त्री जातीले पनि भिक्षुणी हुन पाउने सुअवसर पाएका थिए । तर विशेष परिस्थितिमा, विशेष कारणले मात्र स्त्री जातीले पाएको त्यो अवसर पनि बुद्ध शासनको इतिहासमा लामो समयसम्म दिगो रहन सकेन ।

भिक्षुणी शासन कहिले र कसरी लोप भयो भन्ने बारे अझै एक्कीनसित भन्न नसकिए पनि भिक्षुणी शासन सम्भवतः बुद्ध सम्बत् ४०० पछि लोप भएको अनुमान गरिएको छ ।

बुद्धसम्बत् २३५ मा सम्राट धर्माशोकको पालामा तृतीय सङ्गायन सम्पन्न भएपछि, सम्राट धर्माशोककै प्रेरणामा जम्मा ९ ओटा प्रत्यन्त देशीय राष्ट्रहरूमा बुद्धशासनको प्रचार गर्न धर्मदूतहरू जानुभएका थिए । तर त्यसबेला स्थविर भिक्षुहरू मात्र जानुभएका थिए, भिक्षुणीहरू जानुभएका



Downloaded from http://dhamma.digital

थिएनन् । त्यसबाट के बुझन सकिन्छ भने त्यसबेला नै भिक्षुणी शासन कमजोर भइसकेको हुनुपर्छ ।

महेन्द्र स्थविरले श्री लङ्कामा पुगेर बुद्ध–धर्मको प्रचार गरेको धेरै समय नबित्दैमा लङ्काद्वीपका राजपुत्री अनुलादेवीले भिक्षुणी हुने चाहना गरी । त्यसैले महेन्द्र स्थविरकी बहिनी भिक्षुणी संघमित्राको नेतृत्वमा केही भिक्षुणीहरू पनि श्री लङ्कामा बोलाएका थिए । त्यसरी श्री लङ्कासम्म भिक्षुणी-शासन पुगेको थियो । तर बर्मा तथा अन्य कुनै पनि प्रत्यन्त राष्ट्रहरूमा भिक्षुणीशासन पुगेको थिएन ।

श्री लङ्कामा पुगेको भिक्षुणीशासन पनि लामो समय-सम्म दिगो रहन सकेन । बुद्ध सम्बत् ४०० तिर श्री लङ्कामा भएको भयङ्कर दुर्भिक्ष पछि त्यहाँको भिक्षुणीशासन पनि पूर्णतः लोप भएको अनुमान गरिएको छ ।

भिक्षुणीशासन एकपल्ट पूर्णतः लोप भएपछि त्यस पछिका स्त्री जातीले फेरी चाहेर पनि भिक्षुणी हुन पाउने भएन । किनभने भिक्षुणी हुनलाई सबैभन्दा पहिले श्रामणेरी भई उपयुक्त भएपछि भिक्षुणी संघबाट भिक्षुणी भाव ग्रहण गर्नुपर्छ । भिक्षुणी संघबाट भिक्षुणी भाव ग्रहण गरिसकेपछि मात्र फेरि भिक्षुसंघबाट भिक्षुणी भाव ग्रहण गराइन सक्छ । यसरी भिक्षुणी हुन दुईपल्ट उपसम्पदा गर्नु पर्ने विनयको नियम छ । अहिले भिक्षुणीसंघ नै लोप भएपछि स्त्री जातीले भिक्षुणी हुन पाउने सम्भावना लोप भएको छ ।



Downloaded from http://dhamma.digital

तर बुद्ध सम्बत् २३०० तिर बर्मामा, कुनभाउ युगमा, गृहस्थाश्रममा दोष देखी बुद्धशासनमा आउन चाहने स्त्री जातीको तिब्र इच्छाको कदर गरी, लोप भइसकेको भिक्षुणी भावको बदलामा एक प्रकारको परिव्राजिकाको गृहत्यागी रूप विकास भएको थियो । परिव्राजिकाको त्यही रूप नै पुनः विकशित भई अनगारिकाको रूपमा रहन आएको हो। त्यसैले अहिलेका अनगारिकाहरू सबैले सके दशशील नसके कमसेकम पनि अष्टशील पालना गर्नुका साथै पहिलेका भिक्षुणीहरूले झैं ग्रन्थधर अथवा विपश्यनाधर भएर सम्पूर्ण जीवन बुद्धशासनका लागि समर्पण गर्न सक्नुपर्छ ।"

यसरी महास्थविर चन्द्रमणीबाट ओवाद ग्रहण गरिसकेपछि धम्मवती, मागधी र माधवी आ-आफ्नो स्थानमा फर्के । उनीहरूले त्यही दिन चिठ्ठि लेखेर आ-आफ्नो घरमा आफूहरू शीलवती भइसकेको जानकारी पठाए ।

धम्मवतीको बुबा हर्षमानले बुद्धशासनमा गइसकेकी छोरीलाई फेरि बुद्धशासनबाट फिर्ता ल्याउनु उचित नभएको कुरा स्वीकार गरेर धम्मवतीलाई फिर्ता बोलाउन पठाउने योजना रद्द गरेको खुशीको खबर केही समयपछि धम्मवतीकी आमा हीराथकूँले पठाएको पत्रबाट थाहा हुन आयो ।

卐



Downloaded from http://dhamma.digital

# ११. दोबाटो

गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मी — यी तीन जना सुकुमारीहरूले गृहस्थरूप त्यागी क्रमशः धम्मवती, मागधी र माधवी नामले अनगारिका भएको दुई महिना बित्यो । त्यतिबेला सम्ममा कलकत्ता स्थित नेपाली बाणिज्य-दूतावासबाट उनीहरूलाई पासपोर्ट दिलाइदिने सम्बन्धमा केही गर्न सक्ने आश्वासन प्राप्त भयो । कलकत्ता स्थित बौद्ध-विहारहरूमा बस्ने भिक्षुहरूले र कलकत्तामा भएको बौद्ध संस्था महाबोधी सोसाइटीका पदाधिकारीहरूले पनि त्यस सम्बन्धमा सक्दो सहयोग पुऱ्याउने आश्वासन दिइ-पठायो । त्यसैले पासपोर्टका निवेदकहरू — धम्मवती, मागधी र माधवी तथा पासपोर्ट लिने काममा सहयोग गर्ने स्थविर धम्मावुध — चारै जना कलकत्ता जाने निश्चित भयो तर ठीक त्यसै बेला लक्ष्मीमाया र भक्तकृष्ण नामको एकजना अर्को मान्छे ललितपुरबाट कुशीनगर आइपुगे । उनीहरू धम्मवती, मागधी र माधवीलाई नेपालमा फिर्ता बोलाइलैजान आएका थिए ।



Downloaded from http://dhamma.digital

कुरा के भएको थियो भने गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मी शीलवती भएको खवर पाएपछि उनीहरूका आमा–बाबुहरूले बुद्धशासनमा गइसकेका छोरीहरूलाई फेरी बुद्धशासनबाट फिर्ता बोलाउनु उचित नभएको स्वीकारेपछि केही समय शान्तपूर्वक नै वितेको थियो । तर उनीहरू शीलवती भइसकेपछि पनि पासपोर्टको अभावले बर्मा जान नसकेर लामो समयसम्म कुशीनगरमै बसिरहेका छन् भन्ने कुरो थाहा पाएपछि उनीहरूका आफन्तहरू, उपासक–उपासिकाहरू तथा केही भिक्षुहरू समेतले त्यस विषयमा अर्कै दृष्टिकोणले सोच्नपुगेका थिए । उनीहरूले के विचार गरे भने — त्यति लामो समयसम्म प्रयत्न गर्दा पनि बर्मा पठाउने ब्यवस्था हुन नसकेपछि फेरी पनि एउटा विदेशी भिक्षुलाई लगातार दुःख दिईरहनु ठीक छैन । त्यसैले पछि ब्यवस्था मिलेमा फेरि पठाउने गरी हाललाई उनीहरूलाई नेपालमै फिर्ता बोलाएर ल्याउनुपर्छ । त्यस बाहेक अरू पनि थरिथरिका कुराहरू सुन्नमा आएका थिए । त्यसैले गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मीका आमा–बाबुहरू उनीहरूलाई नेपालमा फिर्ता बोलाउनमा एक प्रकारले बाध्य भएका थिए ।

मनोहरादेवी र शुभलक्ष्मीलाई फिर्ता लैजान उनीहरूकी आमा लक्ष्मीमाया आउन पाए पनि गणेशकुमारीलाई फिर्ता लैजान व्यापारिक व्यस्तताको कारण हर्षमानले



Downloaded from http://dhamma.digital

धनकाजीलाई पठाउन नसकेर उसको सट्टामा हर्षमानको आफ्नो विश्वासिलो मान्छे भक्तकृष्णलाई पठाएको थियो ।

गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मीलाई नेपालमा फिर्ता लैजाने सम्बन्धमा कुरा हुँदा कुराको सुरूमा उनीहरू तीनै जनाले नेपाल नफर्कने अडान लिए । उनीहरूले त्यसरी नेपाल नफर्कनमा अडान लिएता पनि लक्ष्मीमाया र भक्तकृष्ण दुवै जनाले उनीहरूलाई नेपाल फिर्ता लैजानमा नै जोड दिएको देख्दा भिक्षु धम्मावुधले उनीहरूलाई शीलवती भइसकेकाहरूलाई त्यसरी उनीहरूको इच्छा विरुद्ध नेपाल फिर्ता लैजाने जिद्दी नगरेपनि हुन्छ भन्ने कुरो सम्झाउने प्रयत्न गर्नु भएको थियो । तर पछि लक्ष्मीमाया र भक्त-कृष्णको कुरा गराइबाट नेपालमा भएका सबै कुराहरू बारे केही प्रत्यक्ष रूपमा र केही अप्रत्यक्ष रूपमा थाहा पाइसकेपछि त्यस सम्बन्धमा उहाँ पूर्णतया मौन हुनुभयो । मागधी र माधवी पनि नेपाल फर्कनमा नाइनास्ति गरिरहन नसक्ने अवस्थामा परे । त्यो सब भइसकेपछि धम्मवतीले गह्भरि आँसु पारी यसरी भनी — "भन्ते ! तपाईंले बारम्बार-निर्वाण धर्म छ र मानिसले निरन्तर अप्रमादी भई भगवान बुद्धले देखाउनु भएको आर्य-अष्टाङ्गिक मार्गमा लागिरहने प्रयत्न गरेमा सके यही जन्ममा नसके कालान्तरमा पारमी पुगेपछि भएपनि निर्वाण लाभ गर्न सक्ने छ भनेर हौसला दिने गर्नुहुन्छ । तर अहिले बर्मासम्म जाने कुरोमा भने तपाईंले त्यसरी हौसला दिन छोड्नु भएको छ । के साँच्चै



Downloaded from http://dhamma.digital

बर्मा जान सक्ने सम्भावना नै नभएर त्यसरी हौसला दिन छोड्नु भएको हो ? यदि कुरा त्यस्तो छैन भने घरमा त्यत्रो संघर्ष गरेर यहाँसम्म आइसकेपछि फेरि घरमा फर्किरहने मेरो विचार छैन। जसरी निर्वाण पाउनमा भगवान बुद्धले देखाउनु भएको आर्य–अष्टाङ्गिक मार्गमा निरन्तर लागिरहनु पर्ने हो त्यसरी नै बर्मा जाने बारे तपाईले देखाउनु हुने बाटोमा नै निरन्तर लागिरहने मेरो अठोट छ। वास्तवमा मैले गर्न पनि त्यसरी नै गर्नुपर्छ। किनभने मलाई मेरी आमाले पत्र लेखी तपाईको जिम्मा समर्पण गरिसक्नु भएकोछ। जसले जे सुकै भने पनि जवसम्म तपाईले अब बर्मा जान सक्ने सम्भावना नै छैन अथवा म तिमीलाई बर्मा पठाउने व्यवस्था गर्न सक्दैन भनेर भन्नु हुने छैन तवसम्म म नेपाल फिर्ता जाँदैजान्न।"

धम्मवतीले यसरी आफ्नो अठोट स्पष्ट गर्नुका साथै त्यस बिषय अन्तिम निर्णय स्थविर धम्मावुधकै जिम्मा लगाएपछि उहाँले आफ्नो मौनता यसरी टोड्नु भयो — "हामी भिक्षुहरू बुद्धशासनमा सक्दो टेवा दिनका लागि आत्मसमर्पित भएर नै भिक्षु भएका हुन्छौं। त्यसैले बुद्ध-शासनमा टेवा पुग्ने कुरोमा जस्तो सुकै समस्याको सामना गर्नु परे पनि हामी हामोले पछि हट्नु हुँदैन।

यदि तिमीहरू स्वयम् घर नफर्की बर्मामा गएर, बुद्ध–धर्म पढी बुद्धशासनमा टेवा दिने काममा लाग्न दृढ छौ भने, जस्तो सुकै समस्याको सामना गर्नु परे पनि तिमीहरू-



Downloaded from http://dhamma.digital

लाई बर्मा पठाउने काममा निरन्तर लागिरहनु मेरो कर्तव्य हुन्छ। तर तिमीहरूका देशवासीहरूले, तिम्रा आमा–बाबु-हरूले तिमीहरूलाई नेपालमै फिर्ता लैजाने अठोट गरेपछि मैले आफ्नो तर्फबाट तिमीहरूलाई यसो गर अथवा यसो नगर भन्नु उचित हुन्दैन। तिमीहरू फिर्ता जान्छौ अथवा फिर्ता नगई अझ पनि बर्मा जाने प्रयत्नमा लागिरहन चाहन्छौ त्यो त मात्र तिमीहरूको कुरो हो। यसमा तिमीहरूले नै आपसमा राम्ररी छलफल गरी निर्णय गर्नसक्नु पर्छ।

जहाँसम्म धम्मबतीको कुरो छ, तिम्रो आमाले मलाई लेखेको पत्र मसंग छ। त्यस पत्रमार्फत मलाई दिइएको अधिकार फिर्ता लिएको छैन। यसबाट के कुरो स्पष्ट हुन्छ भने तिम्रो बुबाले तिमीलाई फिर्ता बोलाउन पठाएको भएपनि तिम्री आमाको त्यसमा समर्थन रहेनछ। त्यसो भएतापनि तिमीले तिम्रो आफ्नो व्यक्तिगत निर्णय तिम्रो बुबा र अरू सबैलाई राम्ररी सम्झाएर पत्र लेख्नु पर्छ।"

यसरी आफ्नो उद्देश्यबाट कुनैपनि हालतमा विचलित हुन नचाहने धम्मावतीलाई स्थविर धम्मबुधले पनि त्यस विषय उ आफैले व्यक्तिगत रूपमा अन्तिम निर्णय लिन पाउने स्वतन्त्रता भएको कुरो सम्झाउनुभएपछि उसलाई बोलाउन आउने भक्तकृष्णले धम्मवतीलाई फिर्ता लैजाने सम्बन्धमा फेरि कर गरिरहन सकेन। धम्मवतीले उसको बुबालाई उसको व्यक्तिगत निर्णय सम्बन्धी स्पष्टसंग सम्झाएर लेखेको पत्र



Downloaded from http://dhamma.digital

लिएर नेपाल फर्कनमा भक्तकृष्ण राजी हुनुपर्‍यो । तर मागधी र माधवीले भने आफ्नी आमासंगै नेपाल नफर्कनमा कुनै ठोस निर्णय लिन सकेनन् । यसरी घरबाट संगै निस्केका तीन जना सँगिनीहरू आखिर एउटा दोबाटोमा छुट्टिन बाध्य भए ।

कुशीनगरबाट करिब तीस माइल टाढा पर्ने गोरखपुर रेलवे स्टेसनमा दुई दिशातिर जाने दुई ओटा रेलहरू अड्याइएका थिए । नौगढतिर जाने रेलमा मागधी र माधवीका सीटहरू लक्ष्मीमाया र भक्तकृष्णद्वारा सुरक्षित गरिएका थिए । त्यरतै नै बनारसतिर जाने रेलमा धम्मवतीको सीट स्थविर धम्मावुधद्वारा सुरक्षित गरिएको थियो । त्यसैले दोबाटोमा छुट्टिन गइरहेका ती तीनजना सँगिनीहरू अन्तिम अवस्थासम्म पनि आपसमा बिदाइवार्ता गर्नमा लागिरहे । मागधी र माधवी कहिले आफ्नो विवशतामा दुःख ब्यक्त गर्दथे त कहिले धम्मवतीको साहसको प्रशंसा गर्नमा लागेका थिए । धम्मवती ती दुई दिदी–बहिनीका कुरा सुन्नुका साथै उनीहरूलाई हरेस नखाने सल्लाह दिनमा लागी । केही बेरमा त्यो विदाइवार्ता पनि टुँग्याउनु पर्ने अवस्था आयो । किनभने नौगढतिर जाने रेलले अगाडि बढ्ने सीटी बजाएको थियो ।

गुड्नै लागेको रेलमा बसिसकेका मागधी र माधवी लाई धम्मवतीले भनी — "साथीहरू ! यसरी दोबाटोमा छुट्टिन परेपनि हामीले उसबेला नेपालमा एकसाथ गरेको



Downloaded from http://dhamma.digital

प्रतिज्ञा नबिर्सनु । निरन्तर त्यही उद्देश्यमा लागिरहनु । पछि म फर्केपछि हामीले एकसाथ मिलिजुली अगाडि बढ्ने प्रयास गर्नु छ ।

मेरो घरमा मेरा आमा–बाबुलाई मेरो प्रणाम सुनाइदिनु । म चाँडै नै बौद्ध–धर्म पढिसकेर नेपालमा फर्कने छु भन्ने कुरो पनि सम्झाउनु ।"

जवाफमा माधवीले पनि यसरी भनी — "हामी अभागी रहेछौं र यसरी पछाडि फर्कनमा विवश भयौं । तर हामी पनि आफ्नो प्रतिज्ञाबाट विचलित हुने छैनौं । सके हामी पनि पछि बर्मामा आउने छौं । नसके हामी नेपालमै बसेर पनि बुद्ध–धर्मको अध्ययनमा लागिने रहने छौं ।

तिमी आफ्नो लक्षमा सफल होस् । यही हाम्रो शुभकामना छ ।"

त्यो रेल अगाडि बढ्दै गएर अदृश्य भएपछि धम्म-वती आफ्नो सीटमा आएर बसी । केही समयपछि उ बसेको रेल पनि अगाडि बढ्न थाल्यो ।

स्थविर धम्मावुधले कलकत्ता गई त्यतैबाट बर्माजाने धम्मवतीलाई बाटोमा पर्ने सारनाथ, बुद्धगया, राजगृह र नालन्दा जस्ता ऐतिहासिक बौद्ध स्थलहरू देखाएर लैजाने विचार गर्नु भएको थियो । त्यसैले उनीहरू बनारसमा ओर्ले । त्यहाँबाट बसमा बसेर सारनाथ गए । सारनाथको मृगदावन स्थित धम्मिकस्तूप नामको धर्मचक्र प्रवर्तन स्मारक अगाडि



Downloaded from http://dhamma.digital

बसेर धम्मवतीले धम्मचक्क सुत्तको पाठ गरेर ऊ चाँडै ग्रन्थधर हुन सकोस् भनेर कामना गरी। त्यो एकदिन सारनाथ स्थित बर्मी विहारमा बसी दोश्रो दिन उनीहरू त्यहाँबाट गयातिर लागे। बुद्धगयामा बोधिवृक्ष, महाबोधि चैत्य र सप्त स्थानका अन्य चैत्यहरू दर्शन गरे। बुद्धगया स्थित बर्मी विहारमा पनि एकदिन बिताएर प्रथम सङ्गायन सम्पन्न भएको स्थान राजगृह र विश्व विख्यात नालन्दा विश्वविद्यालय रहेको स्थान पनि हेरेर फर्के। यसरी केही ऐतिहासिक बौद्ध स्थानहरूको भ्रमण गरिसकेपछि आखिर उनीहरू बर्माजाने मूलद्वारको रूपमा रहेको कलकत्तामा पुगे।



Downloaded from http://dhamma.digital

# १२. अन्तिम पछ्याइ

हर्षमानले त्यो दिन कुनै पनि काम मन लगाएर गर्न सकेको थिएन । कारोबारका कुरा गर्न आएका कालिगढहरू-लाई उसले त्यो दिन त्यसै आलताल गरेर फर्काएको थियो । किनभने त्यो दिन उसको मन व्यापारिक कारोबार गर्नमा होइन घरबाट भागेर शीलवती भएकी उसकी स्नेही छोरी गणेशकुमारीको पर्खाइमा मात्र अल्झिरहेको थियो । झण्डै सात महिना पछि उसकी छोरी कुशीनगरबाट घर फर्किरहेकी थिई । भरे साँझ सम्ममा ऊ घर आइपुग्ने कुरो थियो ।

हर्षमानले आफ्नो मन कहिले कपाल मुण्डन गरी पहेँलो लुगा लगाएर आउने छोरीको रूपलावण्यको कल्पनामा डुबाउने प्रयास गरेको थियो भने कहिले गृह त्यागिसकेकी आफ्नी छोरीका लागि सुहाउँदो खालको एउटा सानो घर बनाइदिने कल्पनामा डुलाउने प्रयत्न गरेको थियो । तर पनि उसको मन अनायासनै निम्न आशङ्का गर्नमा लागेको हुन्थ्यो



Downloaded from http://dhamma.digital

—"छोरी धेरै नै जिद्दी छे। न उसले फर्कन नै पो नमान्ने हुन् कि !

वास्तवमा हर्षमान त्यो दिन छोरीलाई भेट्ने उत्सुकताले भन्दा पनि छोरी नफर्किदेला भन्ने डरले नै बढी छट्पटाइरहेको थियो। साविक अनुसार आफ्नो कुलायनी विहार ॐ कुलि रूद्रवर्ण महाविहार स्थित बुद्ध प्रतिमाको दर्शन गर्न जाँदा हर्षमानले त्यो दिन अरूबेला झैं आफ्नो र आफ्ना सन्तानको लागि सम्पन्नताको कामना नगरी आफ्नो छोरी सकुशल फर्कुन् भनेर मात्र प्रार्थना गरेको थियो। अनि त्यही नै कामना गरेर उसले त्यो दिन त्यसै विहार पछाडिको चौरमा स्थापित बौद्ध चैत्यको १०८ परिक्रमा गर्नुका साथै लगनखेल स्थित अशोक स्तूपको पनि परिक्रमा गरेर आएको थियो।

पौष महिनाको छोटो दिन पनि छोरीको प्रतीक्षामा बिताउनु पर्दा जेठ महिनाको अत्यास लाग्दो दिन झैं निकै विस्तार मात्र बितिरहेको जस्तो भान परिरहेको थियो हर्षमानको लागि। जसले जस्तो सुकै अनुभव गरेको भएपनि आखिर दिन त बित्नु नै थियो। आखिरमा विस्तारै साँझ पर्दै आयो। झमक्क साँझ पर्दानपर्दै हर्षमानको परिवारका सबै सदस्यहरूका साथै उसका नजिकका केही आफन्तहरू पनि गणेशकुमारीको प्रतीक्षामा हर्षमानको बैठक कोठामा जम्मा हुन आए। यसरी केही समय प्रतीक्षामा बितिसकेपछि अन्तमा



Downloaded from http://dhamma.digital

एकजना मान्छे निरूत्साहित तरिकाले त्यस कोठाभित्र पस्यो। त्यो मान्छे गणेशकुमारीलाई फिर्ता बोलाउन पठाइएको व्यक्ति भक्तकृष्ण थियो। भक्तकृष्ण एक्लै मात्र फर्केको देखेर त्यहाँ उपस्थित सबै विस्मित भए। उसलाई देख्ने वित्तिकै हर्षमानले आशङ्कित भएर सोध्यो — "मेरी छोरी खोइ ? ऊ किन संगै आइन ? उसले फर्कन पो मानिन कि क्या हो ?"

चन्दागिरी पहाडको ओरालीले भन्दा आफ्नो असफलताको कारण बढी थाकेको भक्तकृष्णले एउटा खालि ठाउँमा टुचुक्क बस्दै भन्यो — "काका ! म धेरै लज्जित छु। मैले लाख सम्झाएर पनि तपाईंकी छोरीलाई फिर्ता आउनमा राजी पार्न सकेन। ऊ आखिरसम्म पनि आफ्नै जिद्दीमा दृढ रही। उसका सबै कुरा यही पत्रमा छ।" — यति भनेर उसले धम्मवतीको पत्र हर्षमानतिर सारिदियो।

भक्तकृष्णको सबै कुरा हर्षमानको दिमाग भित्र पस्न नपाउँदैमा हर्षमानले त्यस दुःखको जिम्मेवारी आफ्नी श्रीमती हीराथकूँलाई थहऱ्याउँदै उसले भन्यो — "देखिस् ! तैंले गरेर तेरी छोरी कसरी बरालिन पुगी . . . . . . . अब तैंले जिन्दगीभर उसलाई हेर्न पाउने छैनस् . . . . . ." — अति भावावेशको कारण हर्षमानको घाँटी सुक्यो।

हर्षमानको त्यो अवस्था देखेका बिस्मित अनुहारहरू सबैले शिर निहुराए। निकैबेर वातावरणमा मौनता छाइरह्यो। अन्तमा हर्षमानले नै मौनता तोड्यो — "उनीहरू अब कति दिन कुशीनगरमै रहने छन् ?"



Downloaded from http://dhamma.digital

हर्षमानको त्यस प्रश्नको जवाफ दिनमा भक्तकृष्ण अकमकियो । उसको त्यो अकमकाइ देखेर त्यहाँ भएका सबै अवाक् रहे । तर हर्षमानको त्यस प्रश्न गराइको मतलब राम्ररी बुझेकी हीराथकूँले हर्षमानको ध्यान उसको अगाडि त्यसै परिरहेको पत्रमा आकर्षित गर्न यसरी भनी — "पहिले छोरीको पत्र पढ्नु भए पो . . . . . . ."

हीराथकूँले पत्रको नाम लिएपछि मात्र हर्षमानको आँखा त्यस पत्रमा पऱ्यो । उसले पत्र खोलेर पढ्न थाल्यो ।

पत्र पढेर सिढ्याउने वित्तिकै उसले आत्तिएर भन्यो — "उनीहरू कलकत्तातिर पो लागेका रहेछन् । . . . . . के लक्ष्मीमाया दिदीले पनि उनीहरूलाई रोक्न सकेन ?"

हर्षमानको त्यो प्रश्न सुनेर लक्ष्मीमाया त आफ्ना छोरीहरूलाई साथै लिएर आइरहेकी छिन् भन्ने कुरो सुनेका एक जनाको मुखबाट प्वाक्क निस्क्यो -- "लक्ष्मीमाया फुपूका छोरीहरू त उ संगै फर्किरहेका छन् रे ।"

यो कुरा सुनेर हर्षमान आश्चर्यले स्तब्ध रह्यो । उसले भक्तकृष्णलाई विस्मृत भएर हेर्न थाल्यो । तब भक्तकृष्णले कुरो स्पष्ट पाऱ्यो — "गणेशकुमारीका साथीहरूले फर्कन माने पनि गणेशकुमारी आफ्नै जिद्दीमा अडिग रह्यो । उसलाई कसैले मनाउन नसकेको हुनाले मात्रै, आखिर बाध्य भएर, बर्मी भिक्षु उसको पासपोर्ट मिलाउन उसलाई साथमा लिएर कलकत्तातिर जानु भएको थियो ।"



Downloaded from http://dhamma.digital

त्यस कुराले हर्षमानलाई घाइते बाघ जस्तो बनाइदियो । ऊ जुरुक्क उठेर भन्न लाग्यो — "धनकाजी ! तिमी भोलि बिहानै एकजना साथी लिएर कलकत्ता जाउ । उनीहरू पक्कै पनि कलकत्ताको कुनै एउटा विहारमा बसेका हुनेछन् । नभए वाणिज्यदूतावास मार्फत भए पनि थाहा गर्नु । तर याद राख्नु गृहस्थरूप त्यागेपछि उसको नाम परिवर्तन भएको हुनुपर्छ । उसै पनि भागेर जानेले छद्‌म नाम नै प्रयोग गरेको हुनेछ ।"

हर्षमानको त्यो निर्णय युद्धक्षेत्रमा कमाण्डरको अर्डर झैं अकाट्य थियो । तर त्यसको पूरकमा भन्न चाहनेले भने केही भन्न सक्थ्यो । त्यसैले भक्तकृष्णले आफ्नो कुरो भन्यो — "काकाले पत्याउनु हुन्छ भने धनकाजीदाईसंग मलाई नै जानदिनुहोस् । म यसपल्ट जसरी भएपनि गणेशकुमारीलाई फिर्ता ल्याउनेमा सक्दो प्रयत्न गर्ने छु । अर्को कुरो यस पाली काका र काकीले पनि गणेशकुमारीलाई राम्ररी सम्झाएर एक एक ओटा पत्र लेख्नु पर्छ । त्यो पत्रको आधारमा पनि गणेशकुमारीलाई फिर्ता आउनमा विवश पार्न सक्ने हुनेछ ।"

भक्तकृष्णको कुरा सुनेर एकछिन सोचिसकेपछि हर्षमानले उसको कुरो स्वीकारेर यसरी भन्यो — "तिमीले ठीक भन्यौ । हामीले उसलाई र बर्मी भिक्षुलाई पनि पत्र लेख्नु पर्थ्यो । यसपालो म एउटा कडा पत्र लेख्ने छु ।



Downloaded from http://dhamma.digital

धनकाजी ! तिमी भक्तकृष्णलाई नै साथ लिएर जानु । ऊ संग गएमा तिमीहरू बर्मी भिक्षुलाई र भेष बदलिएकी तिम्री बहिनीलाई एकै झलकमा चिन्न सक्ने हुन्छौ । यसपल्ट कुनै पनि हालतमा छोडेर नआउनु । सरकारी कारवाही गर्नं परेमा पनि नहिचकिचाउनु । खर्च पनि बढी नै लिएर जानु ।"

अर्को दिन बिहान सबेरै अन्तिम पछ्याइ सफल पार्न आवश्यक सबै ब्यवस्था मिलाएर, गणेशकुमारीलाई फेलापारी फिर्ता ल्याउनमा दृढ सङ्कल्पित भएका धनकाजी र भक्तकृष्ण कलकत्ता जान घरबाट निस्के ।



Downloaded from http://dhamma.digital

# १३. कठिन निर्णय

कलकत्ता एउटा महानगर हुनाकासाथै हिन्दुस्थानबाट बर्मा जाने र बर्माबाट हिन्दुस्थान आउने एउटा मूलद्वार पनि हो । हिन्दुस्थानमा रहेका ऐतिहासिक बौद्ध-स्थलहरूको भ्रमण गर्न सयौंको समूहमा हिन्दुस्थानमा ओइरिने बर्मी तीर्थयात्रीहरूका सुविधाका लागि प्रत्येक ऐतिहासिक बौद्ध-स्थलका साथै कलकत्तामा पनि एउटा भव्य बर्मी विहार बनाइ राखेको थियो । त्यो विहारको नाम धर्मशाला राखिएको हुनुका साथै एउटा महानगर स्थित विहार भएको हुनाले त्यस विहारको प्रयोग पनि एउटा विहार भन्दा बढी एउटा धर्मशालाकै रूपमा हुने गरेको थियो । त्यो विहारमा बर्मी तीर्थयात्रीहरू नआउने बेलामा त्यहाँ अन्य सबै प्रकारका यात्रुहरूलाई पनि बास बस्न दिइन्थ्यो । त्यसैले त्यो विहारका सबै कोठाहरू प्रायः सधैं जसो यात्रुहरूद्वारा भरिएका हुने गरेका थिए ।

कलकत्तामा जाने बौद्धमार्गीहरू बस्ने दोस्रो स्थान महाबोधि सोसाइटीको धर्मशाला थियो । त्यो सबै प्रकारका



Downloaded from http://dhamma.digital

यात्रुहरूलाई बासस्थान दिने हेतुले बनाइएको थियो । त्यसैले त्यहाँ पनि सितिमितीमा कोठा भेटाइन्न थियो ।

अनि यस्तै प्रकारको तेश्रो स्थान बंगाली विहार थियो । त्यो विहार स्थानिय बौद्धहरूद्वारा बनाइएको हुनाले धेरै कम विदेशीहरूलाई मात्र त्यसको जानकारी हुने गरेको थियो । साथै अबौद्धहरूलाई त्यहाँ बास बस्न दिइन्न थियो । त्यसैले अपर्झट कलकत्ता जाने बौद्धहरूलाई त्यहाँ प्रायः सधै बेला एक न एक खालि कोठाको सुरक्षा भइराखेको हुने गरेको थियो । स्थविर धम्मावुध त्यही विहारमा गएर बास बस्नु भएको थियो ।

कलकत्तास्थित नेपाली वाणिज्यदूतावासमा प्रत्यक्ष सम्पर्क राखेर धम्मवतीको लागि पासपोर्ट पाउने सम्बन्धमा आवश्यक कारवाही चलाउँदा के कुरा स्पष्ट थाहा हुन आयो भने धम्मवती जस्तो १६ वर्षको उमेर पुरा नगरेका नाबालक-नाबालिकाहरूको नाममा छुट्टै पासपोर्ट बनाउने नियम रहेनछ । कुनै कारणवश त्यसरी पासपोर्ट बनाउनै परेमा अभिभावकको विशेष अनुरोध हुनु अनिवार्य रहेछ । यी कानूनीकुराहरू स्पष्ट भएपछि धम्मवतीको लागि पासपोर्ट बनाउने काममा स्थविर धम्मावुधले झण्डै हरेस खान लाग्नु-भएको थियो । तर त्यस सम्बन्धमा अन्य भिक्षुहरू, महाबोधि सोसाइटी र धर्मोदयसभाका कार्यकर्ताहरू तथा नेपाली र बर्मी वाणिज्यदूतावासका कर्मचारीहरू सबैसित ब्यक्तिगत रूपमा



Downloaded from http://dhamma.digital

यसरी छलफल गरेपछि, गृहत्यागेर अनगारिका भएकी धम्मवतीको मामलामा अभिभावकको बिशेष अनुरोधको सट्टामा कुनै एउटा धार्मिक संस्था या कुनै एक जना विशेष प्रतिष्ठित ब्यक्तिको विशेष अनुरोधको आधारमा पनि पासपोर्ट बन्न सक्ने सम्भावना रहेछ भन्ने आशालाग्दो कुरो थाहा हुन आयो । त्यसैले जसरी भएपनि धम्मवतीको लागि पासपोर्ट पाउन आकाश–पाताल एक गरेर दौडधुप गर्नमा स्थविर धम्मावुध लाग्नु भयो । उहाँ प्रत्येक दिन भोजनको समय बाहेक अरूबेला दिनभर दिनभर कहिले कुन अड्डा त कहिले कुन संस्था धाउनमा लगाउनु हुन्थ्यो ।

आफ्नो कारण स्थविर धम्मावुधले त्यसरी दुःख पाइ-रहनु भएको देख्दा धम्मवती असमञ्जसमा परी । ऊ दिनभर बंगाली विहार भित्र बुद्धमूर्ति भएको कोठामा बसेर कहिले के कुराको प्रार्थना गर्नमा लागेकी हुन्थी त कहिले के कल्पनामा डुबेकी हुन्थी । बंगाली विहार भित्र बुद्ध प्रतिमा भएको कोठाको एक कुनामा बसेर ऊ एकदिन यसरी मनमा कुरा खेलाइरही–

— म पनि साथीहरूसितै घर फर्कनु पर्ने रहेछ । मैले त्यो बेलामा चाहिने भन्दा बढी जिद्दी भएर स्थविरलाई नाहकमा यस्तो दुःख दिन पुगेछु । एउटा पासपोर्ट पाउनमा पनि यति गाह्रो होला भन्ने कुरो मैले सोच्नै सकेनछु । जे हुनु भइगयो । अब मैले पछि सजिलै पासपोर्ट लिनसक्ने भएपछि मात्र बर्मा जाने गरेर अहिले नेपालमा नै फर्कनु पर्छ । अब फेरि पनि स्थविरलाई दुःख दिइरहनु हुँदैन ।



Downloaded from http://dhamma.digital

— स्थविरलाई दुःख भयो भनेर मैले बुद्ध-धर्म पढ्नै छोडेर घर फर्कने त ? बुद्ध–धर्म त मैले जसरी भए पनि पढ्नै पर्छ । मैले स्थविरलाई बुद्ध–धर्म पढ्न पाउन दुःख दिएको हुँ, आफ्नो कुनै निजी स्वार्थपूर्तिको लागि दुःख दिएको होइन । यसरी स्थविरले दुःख पाएको कसैको लागि होइन बुद्ध–शासनको लागि नै हो । एक जना भिक्षुले बुद्ध –शासनको लागि कुनै दुःख पाउनु त्यो त एउटा राम्रै कुरा हो । यसमा मैले किन अप्ठेरो मान्नु पर्छ र ?

— बुद्ध-धर्म पढ्न जानु राम्रै कुरा हो । तर राम्रो कुरो भन्दैमा अरूलाई दुःख दिएर नै गर्नु पर्ने के थियो त ? स्थविरलाई दुःख नदिइकन आफ्नै प्रयासले पो गर्नुसक्नु पर्छ ।

— आफ्नै प्रयासले गर्न सके त हुन्थ्यो नै । आफ्नै प्रयासले हुन नसक्ने काम भएपछि के गर्ने त ? चराको झैं पखेटा भइदिएन । पखेटा भइदिएको भए त जति दुःख गर्नु परेपनि आफै उडेर जानु हुने थियो । मानिस प्राणीहरूमध्ये सर्वश्रेष्ठ भनिन्छ । तर मानिसले आफ्नो स्वतन्त्रतालाई आफैले कुण्ठित पारिरहेको छ । प्रकृतिले यो देश र त्यो देश भनेर छुट्टा छुट्टै सृष्टी गरेको त थिएन । न त एक देश र अर्को देश बीचमा पर्खाल या खाडी नै बनाएको छ । तर मानिस स्वयंले सिंगो पृथ्वीलाई यो देश र त्यो देश भनेर विभाजन गरेर विभत्स पारेको छ । मानिसको यो कस्तो क्षुद्र स्वार्थ ? धिक्कार छ यो स्वार्थी मानिस जाति ।



Downloaded from http://dhamma.digital

— पुरै मानिस जातिलाई नै किन धिकार्नु र ? भगवान बुद्ध पनि एकजना मानिस नै हुनुहुन्छ तर उहाँले मानव निर्मित सीमालाई कहिल्यै पनि वास्ता गर्नु भएको थिएन । उहाँले एउटा राज्यमा जन्मलिनु भयो । बुद्धत्व अर्कै राज्यमा पाउनु भयो । धम्मचक्क पवत्तन फेरि अर्कै देशमा गर्नुभयो । जीवनको अधिकांश समय अर्कै राज्यमा बिताउनु भयो । अनि अन्तमा महापरिनिर्वाण फेरि अर्कै देशमा पाउनु भयो । मानिसहरूको सेवाको लागि उहाँले कहिल्यै कुनै राज्य भित्र आफूलाई कुण्ठित पार्नु भएको थिएन । जसरी बुद्धले आफूलाई कहिल्यै कुनै एक देश, कुनै एक जाति, कुनै एक समूह आदि मानव निर्मित सीमा भित्र सिमित राख्नु भएको थिएन त्यसरी नै बुद्ध–धर्म पनि आजसम्म कुनै एक समूह, कुनै एक जाति, कुनै एक राष्ट्र आदि मानव निर्मित सीमा भित्र सङ्कुचित नरहेर संसार भरका सबै मानिसका लागि खुला भएर रहेको छ । तर पनि संसारमा कतिपय मानिसले यस महानताबाट खास केही सिक्न सकेको छैन । तिनीहरू अनेक मानव निर्मित भेदभाव, सीमा, जाती, समूह आदि सङ्कीर्णता, क्षुद्रता, नीचतालाई नै अंगालि बसेका छन् । ती मानिसहरू आफै आफूमाथि अनेक बन्देज, अनेक छेकवार थपिरहेका छन् । . . . . . . . .

यसरी मनमा कुरा खेलाइरहेकी धम्मवतीको ध्यान अकस्मात ऊ बसेको हल बाहिरको पेटीमा बसेर कुरा गरी-



Downloaded from http://dhamma.digital

रहेका दुईजना पञ्जाबीहरूमा पर्‍यो । तिनीहरू पनि बर्मा जाने सम्बन्धमा नै कुरा गरीरहेका थिए ।

ती दुई जना पञ्जाबीहरू मध्ये एक जना पञ्जाबी आफ्नो परिवार सहित त्यही विहारमा बसिरहेको थियो । अर्को चाहिं पञ्जाबी बाहिर कतैबाट आएर उसंग छलफल गर्न आएको थियो ।

ती दुबै जना पञ्जाबीहरू युद्ध भन्दा पहिले सपरिवार बर्मामा व्यापार गर्न बसेका थिए । युद्धताका आफ्नो सुरक्षाका लागि उनीहरू हिन्दुस्थान भित्रेका थिए । युद्धको वातावरण समाप्त भएकाले उनीहरू फेरि बर्माजान लालायित थिए । तर केही समय अघि मात्र ब्रिटिश साम्राज्यबाट मुक्त भएका बर्मा र हिंन्दुस्थान, यी दुई देश बिचमा नागरिकहरूको आवत –जावत विषय तत्काल केही निश्चित व्यवस्था हुन पाएको थिएन । त्यसैले पासपोर्ट बनाउने र भिसा पाउने समस्याको कारण उनीहरू बर्मा जानबाट वञ्चित भइरहेका थिए । तर सकभर बर्मा जानु उनीहरूका लागि अति जरूरी थियो । अविलम्व बर्मा जान पाउने एक मात्र उपाय आसाम र नागालायण्डको बाटोगरी पैदल बर्मा जानु थियो । उनीहरू त्यसरी पैदल जाने नै पक्षमा थिए । तर कुन बाटो-बाट कसरी पैदल जाने भन्ने सम्बन्धमा उनीहरूले केही निधो गर्न सकिरहेको थिएन । उनीहरू त्यही विषयमा छलफल गरिरहेका थिए ।



Downloaded from http://dhamma.digital

तो पञ्जाबीहरूको कुरा गराई सुन्दा धम्मवतीका लागि अन्धो के खोज्छ, आँखो भने झैं भएको थियो। उसको दिमागमा पनि आसामको बाटो गरेर पैदल बर्मा जाने नयाँ बिचार सलबलाउन थालेको थियो। त्यसैले उसले ती दुई जना पञ्जाबीहरूको प्रत्येक शब्दमा ध्यान दिएर सुन्न थाली। उनीहरूको कुरा सुन्दै जाँदा उसले थाहा पाई — पैदल बर्मा जाने बाटो सार्है नै दुष्कर र जोखिमपूर्ण थियो। जतिसुकै घुमेर गएता पनि दुर्गम पहाड र अनकन्तार जंगल छिलेर जान सकिन्न थियो। बाटोमा हिंस्रक जीव-जन्तुको मात्र होइन अनेक रोग-व्याधिको पनि सामना गर्नु पर्ने थियो। परिवार सहित हिड्न हुने सबैभन्दा सुगम बाटो गएमा करिब १५ दिन जतिको यात्रा पछि मात्र रंगून पुगिने थियो। छिटो पुग्ने दुर्गम बाटो गएमा पनि एक हप्ता त लाग्थ्यो नै। त्यसो हुँदा पछि फेरि कुनै अर्को कष्ट सहन नपर्ने गरी एक हप्ताजति ढिलो पुग्ने भएपनि सपरिवार जानु श्रेयष्कर थियो। तर त्यसरी सपरिवार पैदल हिड्दा परिवारले पाउने दुःख देखि उनीहरू डराइरहेका थिए। तर परिवारलाई छोडेर जाँदा पनि परिवारले हिन्दुस्तानको फेरि अर्को कालको दुःख सहनु पर्ने सम्भावना पनि थियो। उनीहरू त्यसरी दोधारमा परेर कुनै निष्कर्ष गर्न नसकेको कारण लामो छलफलमा फसिरहेका थिए।

ती पञ्जाबीहरूबाट पहिलो पल्ट पैदल पनि बर्मा जान सक्दो रहेछ भन्ने कुरा सुन्न पाउँदा धम्मवतीले के सोचेकी



Downloaded from http://dhamma.digital

थिई भने उसले पनि स्थविर धम्मावुधलाई सम्झाएर उहाँ संगै पैदल बर्मा जानु पर्छ । तर ती पञ्जाबीहरूबिच भएका थर कुराहरू पनि सुन्दै गई पैदल बर्मा जानु उसले सुरूमा चिताए झैं सरल छैन, साऱ्है नै कठिन र जोखिमपूर्ण छ भन्ने कुरो थाहा पाएपछि धम्मवती फेरी गहिरो सोचमा परी, मनमा अनायास कुरा उम्लन थाल्यो — पैदल बर्मा जाने काम पासपोर्ट लिनमा धाउने दुःख भन्दा पनि झन कठिन काम रहेछ । अनाहकमा स्थविरलाई त्यस्तो जंगलको बाटो हिंडाउन लगाउने काम गर्नु हुँदैन । पैदल बर्मा जाने कल्पना लाई सधैंको लागि त्यागेर पासपोर्ट पाउनमा नै धैर्य गरिरहनु उचित हुने छ ।

— तर कति दिन, कति महिना धैर्य गरिरहने त त्यो पासपोर्ट पाउन ? झण्डै सात महिना पर्खि सकेको छु । अन्तमा उमेर नपुगेकाले जान पाइदैन भनियो । जाने नै भए अभिभावक या कुनै एकजना प्रतिष्ठित ब्यक्तिको सिफारिस चाहिन्छ भनियो । भोलि त्यो सिफारिस भएपछि फेरि के चाहिन्छ भन्ने हो कसलाई के थाहा ? मेरो त उमेर पुगेको छैन, अभिभावक या प्रतिष्ठित ब्यक्तिको सिफारिस नभएर पासपोर्ट बनेन र ल । अनि यी पञ्जाबीहरूको पासपोर्ट किन बनेन त ? यिनीहरू त नाबालक छैन नि ? यो पासपोर्टको कुरो मृगमरीचिका मात्रै हो । बर्मा जाने नै भए यी पञ्जाबी-हरू झैं सकभर छिटो पैदल हिँडिहाल्नु श्रेयष्कर छ ।



Downloaded from http://dhamma.digital

— पैदल हिँडिहाल्नु श्रेयष्कर भन्देमा के गर्ने ? कसरी पैदल जाने ? को सित जाने ? पैदल जानलाई साथ आइदिने उहाँ स्थविर मात्रै हुनुहुन्छ । उहाँलाई जानाजान त्यस्तो जोखिमपूर्ण बाटोमा कसरी तानेर लैजाने ? उहाँलाई त्यस्तो दुर्गमबाटोमा हिडाउनु त ठूलो पाप नै हुनेछ ।

— स्थविरलाई दुःख पनि दिनु नपर्ने, छिटो बर्मा पनि पुग्ने पनि एउटा उपाय छ । त्यो उपाय यी पञ्जाबीहरूकै पछि लागेर जानु हो यी पञ्जाबीहरू परिवार सहित गएमा स्थविरलाई भनेर म एक्लै यिनीहरूसंग जानु बेश हुनेछ । स्थविरको मूल्य काम मलाई बर्मामा पुऱ्याएर बर्माका सम्बन्धित व्यक्तिहरूको सिफारिसमा एउटा अनगारिकाराममा बसेर बुद्ध–धर्मको अध्ययन गर्न पाउने व्यवस्था मिलाउनु हो । म स्वयम् बर्मामा पुगेमा उहाँले उक्त काम सम्बन्धित व्यक्तिहरूको नाममा पत्र मात्र लेखेर पनि गर्नु सक्नु हुनेछ । यसो गर्दा लठ्ठी पनि नभाँच्ने साँप पनि मर्ने भने झैं मेरो बुद्ध–धर्म पढ्ने इच्छा पनि पूर्ति हुनेछ र यसको लागि स्थविरलाई दुःख दिनु पनि नपर्ने हुन्छ ।

— हो, यी पञ्जाबीहरूसित बर्मासम्म पैदल जानु नै उचित हुने छ । यी पञ्जाबीहरू खराब नियतका मानिसहरू होइनन् । केही दिन देखि मैले यस पञ्जाबीका परिवारलाई देख्दै छु । यिनीहरू सभ्य र भलाद्मी नै देखिन्छन् । मैले अब चुपलागेर बस्नु हुँदैन । यिनीहरूलाई परिवार सहित जान



Downloaded from http://dhamma.digital

लगाएर यिनीहरूसितै जानलाई आवश्यक ब्यवस्था मिलाउनु पर्छ । हो यही एकमात्र उपाय छ ।

उपरोक्तानुसार सोच्न पुगेको धम्मवतीले एक्कासी गएर ती पञ्जाबीहरूसित यसरी कुरा गर्न जमर्को गरी — "पैदल हिडेर बर्मा जाने सम्बन्धमा दाइहरू बिचमा भइरहेको कुरो सबै मैले सुनेको छु । मेरो बिचारमा, यसरी चाहेर पनि तुरन्त आउन–जान नसक्ने अवस्थामा परिवार सहित बर्मा जानु भएमा नै दाईहरूको कल्याण हुनेछ । केही दिनको यात्रामा अलि दुःख सहनु परे पनि त्यस पछि त सपरिवार सुखीसित एकसाथ रहन पाउनु हुनेछ ।

म पनि दाइहरू झैं पैदल हिडेर बर्मा जाने विचारमा छु । दाइहरू परिवार सहित जाने भएमा म पनि तपाईहरू सितै बर्मासम्म जाने छु ।"

बंगाली विहारमा बस्दै आएको पञ्जाबीले पनि धम्मवतीलाई देख्दै आएको थियो । तर धम्मवती पनि बर्मा जानलाई कलकत्ता आएकी थिई र ऊ त्यसरी एक्कासी कुरा गर्न आउली भन्ने कुरो त्यो पञ्जाबीले कहिले पनि नचिताएको भएकाले धम्मवतीको कुरा सुनेर उसले तीन छक खायो । उसले धम्मवतीसित यसरी आश्चर्य ब्यक्त गर्‍यो — "बहिनीले हामीहरूको सबै कुरो सुनेकी रहिछयौ त पैदल बर्मा जानु कति कठिन छ भन्ने कुरो पनि त राम्रै थाहा पाएकी हौली । त्यस्तो दुष्कर बाटोमा हिडेर जाने विचार किन गरेकी बहिनीले ?



Downloaded from http://dhamma.digital

त्यो अति दुर्गम र खतरायुक्त बाटोमा हिड्न हामी त जीविकाको लागि बाध्य थियौं। त्यसैले मात्रै हामी ज्यानको बाजि लगाएर पनि जान लागेका हौं। तर बहिनी ........ बहिनी त एक जना विदेशी भिक्षुणी जस्तो छ। बहिनीलाई बर्मा जानमा त्यस्तो आत्तुर किन परेको छ?"

"जीविकाको लागि नभए पनि म पनि बर्मा जान अति नै आत्तुर छु। त्यसैले मैले जसरी भए पनि पैदल बर्मा गइहाल्नु परेको छ। म खालि साथी नपाएर मात्र यहाँ अलमलिरहेकी छु। तपाईहरू सपरिवार जाने भएमा मलाई थाहा दिनु होला। म पनि तपाईहरू साथै आउने छु।"

धम्मवतीको कुरोले अर्कोचाहिं पञ्जाबीलाई पनि कम चकित पारेको त थिएन। तर त्यो चाहिं पञ्जाबी धम्मवतीको बर्मा जानै आत्तुरी बारे थाहा पाउन उत्सुक हुनु भन्दा बढी आफूहरू कसरी पैदल बर्मा जाने भन्ने सम्बन्धमा निधो गर्नमा चिन्तित थियो। त्यसैले उसले कुरा छोत्याउने प्रयत्न गर्‍यो — "ठीक छ। हामी परिवार सहित पैदल जाने भएमा बहिनीलाई पछि थाहा दिने छु।"

नचिनेका विदेशी लाग्ने मानिसहरूसित त्यति भन्दा बढी कुरा गरिरहनु ठीक नदेखिएकाले बाकी अरू कुरो पछि त्यस बंगाली विहारमा बसिरहेको पञ्जाबीकी श्रीमतीसंग



Downloaded from http://dhamma.digital

विस्तृत रूपमा गर्ने विचारले धम्मवती तत्काल त्यहाँबाट हटेर आई ।

पछिल्लो दिन दिउँसोतिर बंगाली विहारमा बसिरहेको पञ्जाबीकी स्वास्नी धम्मवतीसंग भेटी विस्तृत कुरा गर्न आई । ती पञ्जाबीहरू सबै सपरिवार पैदल हिंडेर बर्मा जाने निर्णयमा पुगेका थिए । त्यसरी पैदल हिंडेर बर्मा जाने पञ्जाबीहरू जम्मा तीन परिवारका गरी ११ जना थिए । धम्मवतीसंग विस्तृत कुरा गर्न आउने पञ्जाबीनी सहृदयकी, भलाद्मी आइमाई थिई । उसले अनेक तरिकाले धम्मवतीलाई त्यसरी हतारिएर पैदल बर्मा जाने विचार त्यागी पछि पासपोर्ट बनिसकेपछि पानीजहाज या हवाईजहाजबाट मात्र बर्मा जाने सल्लाह दिई । तर उसको त्यस्तो भलाद्मीपन देखी प्रभावित भएकी धम्मवती झन उनीहरूसंगै पैदल बर्मा जानमा नै जिद्दी गर्न थाली । अन्तमा आफूले जसरी सम्झाउँदा पनि नमानेपछि त्यस पञ्जाबीनी धम्मवतीलाई आफूहरू साथै लैजानमा बाध्य भई ।

ती पञ्जाबीहरू दुई दिन पछि नै कलकत्ताबाट आसामतिर हिंडिहाल्ने भएका थिए । त्यसैले त्यस पञ्जाबीनीले स्थविर धम्मावुधलाई भनेर धम्मवतीले बर्मामा पुगेपछि सम्पर्क राख्नु पर्ने मानिसहरूलाई आवश्यक सबै ब्यहोरा स्पष्टसँग सम्झाएर चिठ्ठी लेखाइ माग्नु पर्ने सल्लाह दिई । त्यसरी आवश्यक पत्र, सरसामान आदि सबै ठीक गरी



Downloaded from http://dhamma.digital

पैदल बर्मा जान तयार भइराख्नै सम्झाएर त्यो पञ्जाबीनी पछि बर्मा जाने बेलामा मात्र फेरि भेट्ने गरी विदावारी भएर गई ।

पञ्जाबीनीसंग सबै कुरो तय गरिसकेकी धम्मवतीले उक्त खुसीको कुरो स्थविरलाई तत्कालै थाहा दिने निधो गरी । त्यो दिन साँझतिर स्थविर फर्कने बित्तिकै धम्मवती स्थविरहरू बस्ने कोठामा गएर बर्मी स्थविर र बंगाली स्थविर दुबै जनालाई वन्दना गरी एक छेउमा बसी । स्थविर धम्मावुधले धम्मवतीसंग त्यहाँ आउनाको कारण सोध्नु भएपछि धम्मवतीले पञ्जाबीनीसंग तय गरेका सबै कुरा बयानगरी सुनाई । धम्मवतीको अल्लारे बुद्धि र अपरिपक्व व्यवहार देखेर स्थविर धम्मावुध रूनु नि हास्नु अवस्थामा पर्नुभयो । एकपल्ट त उहाँको मनमा एकोहरो धम्मवतीलाई बेस्सरी झपार्ने चित्त पनि उत्पन्न भएको थियो । तर उसको त्यो साहस र उत्साह प्रति राम्ररी विचारेर हेरेपछि उहाँले मनमनै निधो गर्नुभयो — "यो केटीमा सांसारिक स्वभाव र व्यावहारिक कठोरता सम्बन्धमा अझै केही ज्ञान नभएपनि यसको लगनशिलता अद्वितीय छ । यसले त्रिपिटकको राम्ररी अध्ययन गर्न पाएमा यसबाट नेपालमा बुद्ध–शासनको अभि-वृद्धि गर्नमा पक्कै पनि ठूलो योगदान हुनसक्ने छ ।" – यस्तो निचोडमा पुगेको स्थविर धम्मावुधले धम्मवतीलाई अति गम्भिर भएर यसरी भन्न लाग्नुभयो — "धम्मवती ! तिमीले के कुरा गर्दै छौ, त्यो तिमीलाई राम्ररी थाह्रा पनि



Downloaded from http://dhamma.digital

छ कि छैन ? तिमी किन यसरी आवेसमा आएर अनावश्यक दुस्साहस गर्नमा उत्ताउली हुँदै छौ ? ........ केही कुरा तिमीले राम्ररी बुझ्ने प्रयत्न गर । पहिलो कुरो आसाम र नागालायण्ड भएर पैदल बर्मा जानु, तिमी जस्ती एउटी सुकुमारी केटीले त के, मैले पनि हम्मेसी चिताउन नसक्ने कुरो हो । युद्धताका बर्मामा कारोबार गरेर बसेका केही हिन्दुस्थानीहरू कसरी त्यो बाटो गरी बर्माबाट हिन्दुस्थान भागेर आएका थिए भन्ने कुरो मैले सुनेको छु । तिनीहरूले के कति दुःख पाए भन्ने कुरो अवर्णनीय छ । दोश्रो कुरो तिमी ती मानिसहरूका साथमा जान उत्सुक छौ, जुन मानिसहरूको रहन–सहन, बानी–ब्यहोरा र विस्वासनियता बारेमा तिमीलाई अहिले सम्म कति पनि थाहा छैन । संसारमा अनेक प्रकारका मानिसहरू हुन्छन् । संसारमा सबै भन्दा कठिन काम मानिसले मानिसलाई चिन्नु हो । त्यसैले कुनै पनि मानिस सधैं भरि कुनै पनि एउटा अर्को मानिसबाट सतर्क नै हुनुपर्छ । तेश्रो कुरो तिम्री आमाले तिम्रो जिम्मा मलाई सुम्पेकी छे तिमीलाई जसरी भए पनि बर्मासम्म लगेर बुद्ध–धर्म राम्ररी पढाइने कुनै एउटा अनगारिकाराममा पुन्याउनु अहिले मेरो एक मात्र कर्तब्य भइसकेको छ । यदि मैले त्यो काम सही रूपमा गर्न नसकेमा अथवा गर्न नचाहेमा म कर्तब्यच्युत हुनेछु । ती अनजान बटुवाहरूका साथमा तिमी एक्लैलाई पठाउँदा म ...........”

स्थविरको गम्भिर मुखाकृति र कुरा गराइबाट आफू-



Downloaded from http://dhamma.digital

द्वारा एउटा गम्भिर भूल हुन गएको रहेछ भन्ने कुरो धम्म-वतीले बोध गरी । स्थविरको कुरो सुन्दै गरेकी धम्मवतीका आँखाहरू रसाएर आए । त्यसैले स्थविर धम्मावुधले बिचैमा कुरा मोड्नु भयो -- " . . . . . . जे होस्, अब यी सब कुरा छाडिदेऊँ । आजको कार्य प्रगति अनुसार तिम्रो पासपोर्ट अब चाँडै नै बन्ने राम्रो लक्षण देखापरेको छ । खुब ढिलो भएमा महिना दिनसम्ममा पासपोर्ट बनिसक्ने प्रायः निश्चित छ । त्यसैले अब तिमीले यताउतिका अन्य केही पनि कुरा नसोचिकन ढुक्क भएर बसे हुन्छ ।"

बिना पासपोर्ट बर्मा जान पाउने उपाय पनि रहेछ भन्ने कुरो थाहा नहुँदासम्म दान्हा किटेर भएपनि धैर्य गर्नमा धम्मवती विवश थिई । तर अहिले पासपोर्ट नभएपनि पैदल बर्मा जान सकिँदो रहेछ भन्ने जानकारी भएपछि धम्मवती एक महिना होइन एक दिन पनि पर्खने पक्षमा थिइन । किनभने कुन दिन उसको बुबा या दाजु उसलाई घरमा फिर्ता बोलाई लैजान टुप्लुक कलकत्ता आइपुग्ने हुन् भन्ने डररूपी भूतले ऊ सधैं पछ्याइएकी थिई । त्यसैले उसको मनमा रहेको त्यो डरको पोको स्थविर सामू फुकाई — "भन्ते ! मैले हतारमा गलत निर्णय गर्न पुगेकी रहेछु । तर मैले तपाईंलाई कुनै पनि प्रकारले नराम्रो पार्ने उद्देश्यले त्यस्तो दुस्साहस गरेकी थिइन ।

मेरो बुबाको स्वभाव मलाई राम्ररी थाहा छ । अर्काका छोरीहरू फर्कंतापनि आफ्नी छोरी नफर्केको देखेपछि



Downloaded from http://dhamma.digital

उहाँ अब त्यसै हात बाँधेर बसिराख्नु हुनेछैन । सके लक्ष्मी-माया फुपू नेपालमा पुग्ने बित्तिकै नभए त्यसको केही दिनपछि नै उहाँले जस्तोसुकै कामलाई पन्छाएर पनि उहाँ आफै आएर अथवा दाजुहरूलाई पठाएर मलाई फिर्ता बोलाउनु हुनेछ । अबको पछ्याइमा फेला परेमा म कुनैपनि हालतमा फेरि उम्कन पाउने छैन । त्यसैले मैले बर्मा जाने हो भने पासपोर्टको लागि एक दिन पनि नपर्खेर तुरन्त पैदल हिड्ने बाटो गरी बर्मातिर हिडिहाल्नु पर्छ । तर पैदल हिडेर बर्मा जानु सार्है नै कठिन छ भन्ने कुरो मैले राम्ररी नै थाहा पाइसकेको छु । मेरो कारण तपाईलाई त्यो बाटोमा पैदल हिडाएर दुःख दिनु मैले उचित देखेको थिइनँ । त्यसैले नै मैले ती पञ्जाबीहरूका साथमा जाने दुस्साहस गरेकी थिएँ । अहिले मैले राम्ररी थाहा पाइसकेकी छु, मलाई त्यसरी ती चिनजान नभएका अरू बटुवाहरूकासाथमा पठाउँदा तपाईलाई हुने मानसिक दुःख, तपाइले त्यस दुष्कर बाटोमा मसंगै हिड्नु पर्दा तपाईलाई हुने शारीरिक दुःख भन्दा कम हुने छैन । त्यसैले अब म तपाईसंग के प्रार्थना गर्न चाहन्छु भने तपाईले मेरा बुद्ध-धर्म पढ्ने चाहना पूर्तिका लागि, बुद्ध-शासनको बृद्धिका लागि, यहाँबाट बर्मासम्म पैदल हिड्ने दुःख गरिदिनु पर्‍यो ।"

धम्मवतीको कुरो सुनेर दुबै जना स्थविरहरू केही छिन विस्मृत रहनुभयो । अन्तमा बंगाली स्थविरले एउटा



Downloaded from http://dhamma.digital

उपर्युक्त प्रस्ताव राख्नु भयो — "यस शीलवतीको कुरोमा सत्यता छ। यसले भने झैं यसलाई फेरि पनि फिर्ता बोलाउन आउने धेरै नै सम्भावना छ। त्यसैले मेरो बिचारमा तपाई एकपल्ट आसामसम्म जानु भए उचित नै होला। आसाम-स्थित विहारमा बस्नुहुने स्थविरलाई मैले राम्ररी चिनेको छु। पैदल बर्मा जाने सम्भावना बारे पनि उहाँले निर्णायक सल्लाह दिनसक्नु हुनेछ। पैदल बर्मा जाने कि नजाने भन्ने बारे उहाँसंग छलफल गरेर त्यहि निर्णय गर्नुहोला। पैदल जानुहुने भएमा मलाई खबर पठाएर जानु होला। पैदल नगएर फेरि यहिँ फर्कनु हुने भएमा पनि मलाई थाहा दिएर मेरो पत्र पाएपछि मात्र आउनुहोला। त्यतिञ्जेल-सम्ममा यस शीलवतीको घरबाट जो कोही आएमा पनि त्यसरी आउने मानिसलाई सम्झाउनु पर्ने कुरो राम्ररी सम्झाएर उसलाई केही समय यहाँ अलमल्याएर रित्तै घर फर्काउने प्रयत्न म गर्ने छु। त्यस बाहेक तपाईको अनुप-स्थितिमा यस शीलवतीको पासपोर्ट बनाइमाग्ने सम्बन्धमा पनि म आफै आवश्यक ताकेता गरिरहने छु।"

आफ्नो सहचारीको त्यस प्रस्तावलाई स्थविर धम्मा-वुधले सहर्ष स्वीकार्नु भयो। बर्मा जान धम्मवतीलाई बोलाउन आउने पञ्जाबीहरूलाई सम्झाउनु पर्ने कुरो राम्ररी सम्झाएर फिर्ता पठाईसकेपछि स्थविर धम्मावुध धम्मवतीलाई लिएर आसामतिर रवाना हुन आवश्यक तयारी गर्नमा लाग्नु भयो। 卐



Downloaded from http://dhamma.digital

# १४. उम्काइ

गणेशकुमारीलाई नेपालमा फिर्ता लैजाने विचारले कलकत्ता आएका धनकाजी र भक्तकृष्ण कलकत्ताको एउटा होटेलमा गएर बसे। बर्मी भिक्षुसित कलकत्ता आएकी गणेशकुमारी कलकत्तास्थित बर्मी विहारमा नै बसेकी होली भन्ने उनीहरूको विस्वास थियो। त्यसैले उनीहरू बर्मी विहारको खोजमा भौतारिन लागे।

कलकत्ता जस्तो महानगरमा, पूरा नाम र ठेगाना थाहा नभएको बर्मी विहारलाई बर्मीहरूले बनाएको विहार भन्ने नाताको आधारमा मात्र खोजि निकाल्नु सरल काम थिएन। घण्टौं पुछताछ गर्दा पनि त्यस विहारबारे उनीहरूले केही पनि थाहा पाउन सकेनन्। झण्डै दिनभरको मेहनतपछि साँझतिर मात्र उनीहरूले एक जना त्यस्तो मान्छे भेटाउन सके जसले उनीहरूलाई महाबोधि सोसाइटीको नाम र ठेगाना बताएर उनीहरूले खोजेको बर्मी बौद्ध-विहार सम्बन्धमा सही जानकारी त्यस बौद्ध संस्थाबाट थाहा हुन सक्ने सम्भावनाबारे सल्लाह दिन सक्यो। उसको त्यो सल्लाह पाएपछि उनीहरू



Downloaded from http://dhamma.digital

सिधै महाबोधि सोसाइटीको ठेगानातिर दगुरे । महाबोधि सोसाइटीको कार्यालयमा पुगेपछि मात्र उनीहरूलाई थाहा भयो त्यो संस्थाले खोलिराखेको धर्मशालामा पनि थुप्रै बौद्ध-यात्रीहरू बस्दा रहेछन् । त्यस संस्थाका सम्बन्धित व्यक्तिबाट 'धर्मशाला' नामको बर्मी विहारको पूरा ठेगाना लिइसकेपछि उनीहरूले सर्वप्रथम महाबोधि सोसाइटीले नै खोलिराखेको त्यही धर्मशालामा नै बर्मी भिक्षु र गणेशकुमारीको खोज गर्न थाले । उनीहरूले महाबोधि सोसाइटीको प्रत्येक कोठा चहारेर हेर्न थाले ।

महाबोधि सोसाइटीको धर्मशालामा थुप्रै यात्रुहरू बसेका थिए । त्यहाँ एक दुई जना भिक्षुहरू पनि बसेका थिए । तर उनीहरूले खोजेका बर्मी भिक्षु र गणेशकुमारी भने त्यहाँ कतै देखिएनन् । न उनीहरू कतै बाहिर गइरहेका पो हुन् कि भन्ने विचारले उनीहरू फेरि फर्केर आएको फेलापार्ने मनशायले धनकाजी र भक्तकृष्ण रात नपरून्जेलसम्म त्यतैतिर कतै अलमलेर बसे । राती अवेरसम्ममा पनि केही सुराक नपाएपछि मात्र उनीहरू त्यहाँबाट फर्केर आफूहरू बसेको होटेलमा फर्के ।

अर्को दिन विहान सबेरै धनकाजी र भक्तकृष्ण धर्मशाला नाम गरेको बर्मी विहारमा गए । त्यो विहार पनि महाबोधि सोसाइटीको धर्मशाला झैं विभिन्न प्रकारका यात्रुहरूले भरिभराउ थियो । त्यहाँ बसेकाहरूमा बर्मी अनुहारका



Downloaded from http://dhamma.digital

मानिसहरू धेरै थिए । तर त्यहाँ पनि उनीहरूले बर्मी भिक्षु र गणेशकुमारीलाई फेला पार्न सकेनन् । त्यसैले उनीहरूले त्यहाँ बसिरहेका अन्य यात्रुहरूसित स्थविर धम्मावुध र गणेशकुमारीका सम्बन्धमा पुछताछ गरि हेर्ने जमर्को गरे । उनीहरूको पुछताछबाट उनीहरू कसैको खोजमा आएका हुन् भन्ने कुरो थाहा गरेर त्यस विहारमा बसिरहेको एकजना भलाद्मी यात्रुले उनीहरूलाई उक्त सम्बन्धमा त्यस विहारका नायक भिक्षुसंगै प्रत्यक्ष कुरा गर्न जाने सल्लाह दिए । त्यस यात्रुको सल्लाह अनुसार उनोहरू त्यस विहारका नायक भिक्षु कहाँ गए । उहाँसंग गर्नुपर्ने भलाकुसारिपछि उनीहरूले आफूहरू स्थविर धम्मावुधलाई भेट्ने आशयले कलकत्ता आएको कुरो भनेर उक्त सम्बन्धमा उहाँको सहयोग मागे । उनीहरूका सबै कुरा सुनेपछि त्यस विहारका नायक भिक्षुले स्थविर धम्मावुधलाई आफूले राम्ररी चिनेको तर उहाँ कलकत्ता आए नआएको र उहाँ कलकत्ता आउनु भएको भए कहाँ बस्नु भएको छ भन्ने विषय उहाँलाई केही थाहा नभएको कुरो उहाँले स्पष्ट पार्नुभयो । त्यसो भएता पनि अर्को दिन विहानसम्ममा स्थविर धम्मावुध कलकत्तामा आएर कहाँ बस्नु भएको थियो भन्ने सम्बन्धमा सबै कुरो थाहा गरेर उनीहरूलाई सहयोग गर्ने उहाँले आश्वासन दिनु भयो । तब धनकाजी र भक्तकृष्ण मनमनै खुसी भएर भोलिपल्ट फेरि भेट्न आउने गरी उहाँसंग विदावारी भएर आफूहरू बसेको होटेलमा फर्के ।



Downloaded from http://dhamma.digital

अर्को दिन बर्मी विहारका नायक भिक्षुबाट स्थविर धम्मावुध र शीलवती धम्मवती बंगाली विहारमा बसेका थिए र उनीहरू सम्बन्धी सबै कुरा पनि बंगाली विहाराधिपतिबाटै थाहा हुने छ भन्ने जानकारी हुन आयो। त्यसैले बर्मी विहारका नायक भिक्षुबाट बंगाली विहारको पूरा नाम र ठेगाना थाहा गरेर धनकाजी र भक्तकृष्ण सिधै बंगाली विहाराधिपति कहाँ गए।

नेपालदेखि दुःख गरी आएका धनकाजी र भक्तकृष्णसंग भलाकुसारीको औपचारिक वार्तापछि बंगाली भिक्षुले उनी-हरूलाई यसरी भन्नुभयो — "तिमीहरू यहाँ आइपुगेको केही दिनले पछि पऱ्यो। त्यसैले तिमीहरूले स्थविर धम्मावुध र शीलवती धम्मवतीलाई भेट्न पाएनौ। शीलवती धम्मवती-लाई बर्मा पठाउन आवश्यक पासपोर्ट बनाउने सम्बन्धमा आवश्यक कारवाही गर्न स्थविर धम्मावुध र शीलवती धम्मवती यहाँ पाँचदिनसम्म बस्नु भएका थिए। तर पासपोर्ट पाउनमा कम्तीमा पनि एक–देढ महिना लाग्ने कुरो थाहा हुन आएकाले त्यतिका दिनसम्म यहाँ पर्खिरहनुको सट्टामा पैदल हिडेर बर्मा जानु नै बेस हुने हो कि भन्ने कुरा बुझ्न अहिले उहाँ र धम्मवती दुबै जना आसाम जानु भएका छन्। आसाम जानुभएको पाँच दिन नै भइसकेको छ। पैदल हिडेर बर्मा जाने सम्भव देखिएको भएमा उहाँहरू अहिले आसाम-बाट हिडिपनि सकेका होलान। पैदल हिड्न सम्भव नभएमा उहाँहरू केहीदिनपछि फेरि यहिं फर्कने छन्। धम्मवतीका जगेडा



Downloaded from http://dhamma.digital

सामानहरू यहिं छाडिएका छन् । त्यसैले तिमीहरू पनि होटेल छोडेर यहिं बस्न आउनु । त्यतिञ्जेलसम्ममा पत्राचार गरेर उहाँहरूको यथास्थिति बारेमा सही जानकारी लिएर म तिमीहरूलाई थाहा दिनेछु ।"

बंगाली भिक्षुको कुरा सुनेर धनकाजी हतारियो । ऊ अनावश्यक पर्खाइमा समय खेर फाल्ने पक्षमा रहेन । ऊ तुरन्तै आसाममा गएर गणेशकुमारीलाई फिर्ता बोलाइल्याउन आतुर्‍यो । त्यसैले बंगाली भिक्षुबाट आसामको विहारको ठेगाना खुस्काउन उसले यसरी निवेदन गर्‍यो — "भन्ते ! आसामबाट नागालायण्ड भएर बर्मा जानु सार्‍है नै कठिन भन्ने कुरो मैले सुनेको छु । मेरी बहिनी त्यो बाटोमा हिड्न समर्थ हुने छैन । उसको कारण स्थविर धम्मावुधले समेत बाटोमा धेरै दुःख पाउनु पर्ने हुनेछ । त्यसैले हामीले यहाँ एक दिन पनि समय खेर नफालिकन आसाममा गएर उहाँलाई फिर्ता बोलाउन जानु पर्छ । उहाँलाई फिर्ता बोलाएर ल्याइसकेपछि गणेशकुमारीलाई बर्मा जाने पासपोर्ट लिइदिने सम्बन्धमा, दाजु भएको नाताले मैले आवश्यक सबै ब्यवस्था चाँडै नै गर्न सकुँला भन्ने मलाई विस्वास छ । त्यस सम्बन्धमा पनि मैले उहाँसंग कुरा गर्नु छ । त्यसैले तपाईले हामीलाई आसामको विहारको नाम ठेगाना दिइदिने कृपा गर्नु पर्‍यो ।"

मीठो कुरा गर्नमा शिपालु धनकाजीले गणेशकुमारी-



Downloaded from http://dhamma.digital

लाई घर फर्काउने कुरो लुकाएर उल्टो उसको पासपोर्ट लिने काममा सघाउने कुरा गरेतापनि धम्मवती मार्फत बंगाली स्थविरले पहिलोबाट नै धनकाजो धम्मवतीलाई बर्मा जानमा सघाउन होइन बरू उसलाई घर फर्काएर लैजान मात्र आउने हुन भन्ने कुरो राम्ररो थाहापाइसकेका हुनाले धनकाजीको मोठो कुरामा बंगाली भिक्षु फँस्नु भएन । धनकाजीको मीठो कुरो काट्न उहाँले पनि मिठै कुरा बोल्नलाग्नु भयो — "बहिनीलाई बर्मा पठाउन पासपोर्ट लिइदिने काममा सघाउने विचार धेरै नै सराहनिय छ । राम्रो काममा लाग्ने जो कसैलाई प्रोत्साहन दिनु र सहयोग गर्नु सबैको कर्तब्य हो । तर जहाँसम्म आसाममा जाने कुरो छ, त्यसमा हतारिएर केही पनि फाइदा हुने म देख्दिनँ । किनभने, उनीहरूले हिंडेर जाने नै निधो गरेको भएमा उनीहरू अहिलेसम्ममा हिंडि नै सकेका हुनेछन् । त्यस अवस्थामा आसामसम्म दुःख गरेर गएको जम्मै ब्यर्थ हुनेछ । यदि उनीहरूले पैदल नजाने निधो गरेको भएमा, आज भोलिसम्ममा उनीहरू आफै नै यहाँ फर्केर आउने छन् । त्यस अवस्थामा पनि आसाम जानु बेकार हुनेछ । त्यसैले मेरो विचारमा हतारिएर आसाम जानु भन्दा यहाँ बसेर पासपोर्ट लिने काममा सघाउनमा लाग्नु नै उत्तम हुनेछ । मैले पनि उनीहरूलाई पासपोर्ट लिनेकाममा आवश्यक ताकेता गरिरहने आश्वासन दिएर पठाएको थिएँ । अब हामी सबै पासपोर्ट लिने काममा लाग्यौं भने अवश्य पनि त्यो काम सफल हुनेछ ।"



Downloaded from http://dhamma.digital

स्थविरको कुरोमा आफू फँस्न लागेको देखेपछि धनकाजीले कुरो घुमाउने प्रयत्न गऱ्यो — "भन्ते ! उनीहरू पैदल नगइकन फेरि यहिं फर्कमा न पासपोर्टको प्रयोग हुनेछ । जहाँसम्म मलाई लागेको छ अहिले तत्काल पासपोर्टको कुरोलाई त्यसै पंछाएर तुरन्त आसामतिर लाग्नु जरूरी छ । नत्र हामी यहाँ पासपोर्ट लिनमा अलमलिरहँदा रहँदै उनीहरू उता पैदल हिँडिसकेका हुनेछन् । हामी आजै आसामतिर गएर उनीहरूलाई यहाँ फिर्ता बोलाइल्याउने काममा लागि हाल्नु पर्छ । उनीहरूलाई यहाँ बोलाएर ल्याइसकेपछि मात्र पासपोर्ट बनाउनमा लाग्नु बुद्धिमतापूर्ण हुनेछ । त्यसैले कृपया आसामको विहारको ठेगाना हामीलाई दिइहाल्नुस् ।

धनकाजीलाई आसाम जानबाट रोक्ने अन्तिम उपाय प्रयोगमा ल्याउदै बंगाली स्थविरले भन्नु भयो — "कुरो मनासिब छ । सबै भन्दा पहिले उनीहरूलाई कलकत्तामा फिर्ता बोलाउनु नै उचित होला । तर उनीहरूलाई फिर्ता बोलाउन आसामसम्म दौडधुप गर्नु जरूरत छैन, एउटा टेलिग्राम पठाए पुग्छ । म अहिले नै एउटा टेलिग्राम पठाइदिनेछु ।" — यति भनेर बंगाली स्थविरले निम्न व्यहोराको एउटा टेलिग्राम तयार गरी उक्त टेलिग्राम पठाउने बारे धनकाजीको सहमति माग्नु भयो ।

स्थविर धम्मावुध, बौद्ध–विहार, आसाम,

धम्मवतीको दाजु धनकाजी कलकत्ता पुगेको छ ।



Downloaded from http://dhamma.digital

उसको सहयोगबाट पासपोर्टको काम सरल हुने देखिएकाले पैदल बर्मा जाने कठिनकाम त्यागेर तुरुन्त कलकत्ता फर्कनु होला। तपाईलाई दिएको बचन अनुसार म पासपोर्टका काममा लागिरहेको छु।

बंगाली भिक्षु, बंगाली विहार, कलकत्ता

गणेशकुमारीलाई कलकत्तामा फिर्ता बोलाइएको भाषाको त्यस टेलिग्राम पठाउनमा धनकाजीले असहमति जनाउने कुरै थिएन। टेलिग्राम पठाउनमा सकारेपछि पुनः आसामको विहारको ठेगाना माग्नु पनि भएन। त्यसरी बंगाली स्थविरको सल्लाह अनुसार केही दिन कलकत्तामा नै बसेर त्यस टेलिग्रामको जवाफको प्रतीक्षामा रहनमा बाठो धनकाजी बाध्य हुनै पऱ्यो।



Downloaded from http://dhamma.digital

# १५. बाघसितको रात

नागालायण्डको बाटो गरी पैदल बर्मा जाने विचारले आसाममा पुगेका स्थविर धम्मावुध र शीलवती धम्मवती आसामको विहारमा आएर बसेपछि उनीहरूबाट उनीहरू किन पैदल बर्मा जान लागेका भन्ने कुरो थाहा पाएर धम्मवतीको साहस र स्थविर धम्मावुधको त्यागको आसामी भिक्षुले साह्रै नै सराहना गर्नुभयो। सर्वसाधारण मानिसहरूले आजीविकाको लागि मात्र ज्यानको माया मारेर आवत–जावत गर्ने त्यस अनकन्तार बाटोमा बुद्ध–शासनका लागि स्थविर धम्मावुध र शीलवती धम्मवतीले यात्रा गर्न लागेको देख्दा आसामी भिक्षुलाई पुरानो युगमा बौद्ध–धर्मका अन्वेषक चिनीया भिक्षुहरू फा हि यान र हुआन साङ्गको ऐतिहासिक यात्राको स्मरण भयो। स्थविर धम्मावुध र शीलवती धम्मवतीको यात्रा सकभर सरल पारिदिने विचारले आसामी भिक्षुले त्यस बाटोमा बारम्बार आउने–जाने गरिरहेका मानिसहरूको खोजि गर्नुभयो। यसरी खोजि गर्दा त्यस बाटोबाट बर्माको सिमान्त शहर मिचिनासम्म जाने



Downloaded from http://dhamma.digital

आठजना मान्छेहरूको एक समूह फेला पऱ्यो । ती मानिसहरू स्यानजातीका माहुतेहरू थिए । उनीहरूको व्यवसाय बर्माकोजंगल बाट जंगली हात्ती समातेर ती हात्तीहरूलाई आवश्यक तालिम दिईसकेपछि आसाममा ल्याएर बेच्नु थियो । त्यसैले ती माहुते-हरूलाई आसामबाट बर्मा जाने सबै भन्दा छोटो बाटोमा कसरी सुरक्षासित हिड्ने भन्ने कुरो राम्ररी थाहा थियो । त्यसको साथै ती माहुतेहरू बौद्ध-मार्गी र असल स्वभावका पनि थिए । तर ती माहुतेहरू त्यस पटक पनि हात्ती बेच्न नै आसाममा आएका हुनाले तिनीहरू हात्ती बेच्नेकाम सम्पन्न गरेपछि मात्र मिचिना फर्कने भएका थिए । त्यसरी उनीहरूका लागि केहि दिन पर्खनु परेपनि अरूहरूसित जानु भन्दा उनीहरूसित जानु नै हितकर हुने भएकाले आसामी भिक्षुले स्थविर धम्मावुध र शीलवती धम्मवतीलाई आसाममा पर्खाउनु भयो ।

आसामको विहारमा पर्खाइको छैठौं दिन स्थविरहरू बस्ने कोठामा बोलाइएकी धम्मवतीलाई आसामी भिक्षुद्वारा एउटा टेलिग्राम पढ्न दिइयो । त्यो टेलिग्राम कलकत्ताबाट बंगाली भिक्षुले पठाएको थियो । टेलिग्राम पढ्ने बित्तिकै धम्मवतीले हडबडाएर भनी — "भन्ते ! यस टेलिग्राममा लेखिएको कुरालाई नपत्यानुहोस् । मेरो दाजु . . . . . ."

धम्मवती त्यसरी आत्तिएकी देखेर स्थविर धम्मावुधले तुरन्त कुरो सम्झाउनु भयो — "आत्तिनु पर्दैन । यस टेलि-ग्रामको भित्री आशय धनकाजी कलकत्ता आइपुगेको छ र



Downloaded from http://dhamma.digital

उसलाई उपायकुशलताको आधारमा मात्र यहाँ आउन नदिइकन कलकत्तामा नै अलमल्याइराखेको छ भन्ने जानकारी दिनु हो । यस तथ्यलाई बुझेर हामीले माहुतेहरूलाई बोलाएर यथासम्भव यहाँबाट हिँडिहाल्नु पर्ने कुरो पनि सम्झाइसकेका छौं । उनोहरूले आज र भोलिसम्ममा यहाँ सम्पन्न गर्नुपर्ने सम्पूर्ण काम भ्याएर पर्सि बिहान सबेरै यहाँबाट रवाना हुने योजना बनाएका छन् । तिमीलाई यही कुरो थाहा दिन यहाँ बोलाएका हौं । हिड्नलाई आवश्यक तयारी गर्नु ।

स्थविरको कुरा सुनेर धम्मवतीको मुटुको ढुकढुकी कम भयो । त्यसरी पर्सिपल्ट बिहान सबेरै यात्रारम्भ गर्न तयार भइराख्नु पर्ने कुरो थाहा पाएर ऊ त्यहाँबाट उठेर आफ्नो कोठातिर फर्की ।

धम्मवतीको मनोकामना पुरागर्ने यात्राको पहिलो चरण बसबाट सुरूभयो । बसबाट ओर्लेर चेकपोष्टतिर गइरहेकी धम्मवतीको मुटु त्यस चेकपोष्टबाट उम्कन पाउने हो कि होइन भन्ने डरले काँप्न थाल्यो । नेपालमा भिमफेदी-गढीको चेकपोष्टबाट संजोगले मात्र उम्कन पाएकी धम्मवती अगुल्टोले हानेको कुकुर बिजुली चम्कँदा तर्सिन्छ भने झैं आसामको सिमानाको त्यस चेकपोष्ट देखि साह्रै नै तर्सिएकी भएपनि पथ प्रदर्शकको रूपमा अघि बढिरहेका माहुतेहरूका लागि भने त्यो चेकपोष्ट केही पनि थिएन । उनीहरू निर्धक्कसित चेकपोष्ट भित्र पसे ।



Downloaded from http://dhamma.digital

माहुतेको नाइकेले चेकपोष्टको हाकिमसित धम्म-वतीले नबुझ्ने भाषामा कुरागर्न थाल्यो। यसरी हाकिमसित कुरागरिरहेको नाइके माहुतेले स्थविर र धम्मवतीलाई औंल्याएर देखाउँदा धम्मवतीको हंसनै उड्ला जस्तो भयो। केही बेर कुरा गरेपछि उनीहरू सबैको सामान जाँच्ने काम भयो। तर त्यस जाँचको प्रक्रिया सारै सरल देखियो। नाम मात्रको जाँच सकिएपछि माहुतेको नाइके र अरू एक–दुई जना माहुतेहरू हाकिमको पछि पछि लागेर भित्री कोठामा गए। करिब दश मिनेट पछि उनीहरू फेरि बाहिर निस्के। त्यसरी बाहिर निस्केको नाइके माहुतेले स्थविर धम्मावुधलाई अब गए हुन्छ भनेर सुनायो। सबै जना आ–आफ्नो सामान बोकेर चेकपोष्टबाट बाहिर निस्केर अघि बढ्न थाले। यसरी चेकपोष्टबाट निस्कन पाएपछि मात्र धम्मवतीको ज्यानमा ज्यान आयो।

बर्माबाट हिन्दुस्थानमा हात्ती ल्याएर बेच्ने व्यव-सायमा लागेका ती माहुतेहरूले चेकपोष्टका कर्मचारीहरूलाई अनेक भेटी दिएर खुसि पारिराखेका थिए। त्यसैले त्यस चेकपोष्टको द्वार उनीहरूका लागि आफ्नै घर–बहिलो जस्तो थियो। माहुतेको नाइकेको सिफारिसमा स्थविर र धम्मवती-लाई पनि त्यही सुविधा प्रदान गरिएको थियो।

चेकपोष्टबाट बाहिर निस्कँदा बिहान ढलेर दिन छिपिसकेको भएतापनि त्यो ठाउँ पहाडी इलाका भएकाले त्यहाँ



Downloaded from http://dhamma.digital

अझै तम्म कुहिरो थियो । अघि बढ्दै जाँदा जंगल पनि झन झन बाक्लो हुँदै आएकाले केही हात परको दृष्य पनि नदेखिने भयो । तर माहुतेको नाइके आफ्नो बाटो पहिल्याउन कति पनि अलमलिएको थिएन । त्यस जंगलको अप्रचलित बाटोमा ऊ निरन्तर अघि बढ्दै गयो । सबै भन्दा अगाडि माहुतेको नाइके, त्यसपछि एउटा अर्को माहुते, त्यसको पछाडि स्थविर, स्थविरको पछाडि धम्मवती र त्यस पछि अरू छ जना माहुतेहरू, यसरी जम्मा दश जना यात्रुहरूको त्यो ताँती जंगल भित्र, झन भित्र घुस्दै गयो । तर आफू कुन दिशामा, कस्तो ईलाकाबाट गुज्रिरहेको छ भन्ने कुरो धम्मवतीलाई केहि अन्दाज थिएन । ऊ यन्त्रवत रूपमा माहुतेको नाइकेद्वारा निर्देशित दिशामा लगातार बढ्दै गइरहेकी थिई ।

राती शीतले चिसिएको जमीन सूर्यको न्यानो किरण-द्वारा सुक्दै गएपछि कुहिरो फाट्दै गएर अन्तमा चारैतिर चकमन्न भयो । कुहिरो राम्ररी फाटेपछि धम्मवतीले थाहा पाई, उनीहरू दुईओटा पहाडको खोंचमा रहेको बाटो गरी अघि बढिरहेका थिए । दुबैतिर बिस्तारै अग्लिदै गएका पहाडहरू घना रूपमा रूख र बुटचानहरू द्वारा तन्न भरिएका थिए । कुहिरो फाटेर चकमन्न भएको खुसीमा अनेक थरिका चरा-चुरुङ्गीहरू पनि आ-आफ्नो ढंगले गाएर ल्याउन थाले । तर त्यसरी मोहक रूपमा गाइरहेका चराहरू कस्ता थिए, कहाँ बसेर गाइरहेका थिए त्यो हेरिरहने फुर्सत धम्मवतीलाई



Downloaded from http://dhamma.digital

थिएन । जंगलको बाटोमा हिड्नमा अभ्यस्त भएका माहुते-हरूको पाइलोमा पाइलो मिलाएर अघि बढ्नु थियो उसले ।

केही घण्टा त्यसरी हिँडिसकेपछि नाइके स्यानले पहिलो पल्ट मौनता टोड्यो । —"मध्यान्ह भन्दा पहिले खाना पकाएर खाने ठाउँमा नपुगिएला र स्थविरले भोकै बस्नु पर्ला भन्ने ठूलो डर थियो । अहिले हामी ठीक समयमा नै सही ठाउँमा पुगेका छौं । अब हामी यस ठाउँमा आराम गरेर खानपिन गर्न सक्छौं ।"

स्यान नाइकेले औंल्याएको स्थान साँच्चि नै खानपिन गर्न उपयुक्त ठाउँ थियो । एक छेउमा एउटा ठूलो रूख भएको त्यो स्थान एउटा प्राकृतिक चौतारो थियो । त्यहाँ नजिकै एउटा सानो खोल्सो पनि कलकल बगिरहेको थियो । त्यहाँ पुग्ने बित्तिकै प्रत्येकले आ–आफूले बोकेको पोको–पत्तरो बिसायो । स्यान नाईकेले स्थविर र धम्मवतीलाई आराम गर्न अनुरोध गरेर आफ्ना साथीहरूलाई विभिन्न काममा लगायो । कसैले पानी ल्यायो । कसैले सुकेको दाउरा बटुलेर ल्यायो । अनि कसैले ढुङ्गाहरू जोडेर चुलो बनाई खाना पकायो ।

स्यान जातिका माहुतेहरूको पाइलोमा पाइलो मिलाएर छिटो छिटो हिड्न परेकाले थाकेको थकाइ मिटाउन नपाउँदै खाना तयार भयो । स्थविर र धम्मवतीलाई खाना पस्केर दिइसकेपछि माहुतेहरू आफू पनि खानमा लागे ।



Downloaded from http://dhamma.digital

सबैले खाइवरी आ-आफ्नो सामान मिलाइसकेपछि उनीहरूले तत्कालै फेरि यात्रारम्भ गरे ।

खाना खाएकाले शरीरमा बल निस्कनुकासाथै बिहानको जाडो पनि हटेकाले दिउँसोको यात्रा बढी फूर्तिसित सुरू भयो । बाटोको बनावट र चारैतिरको वातावरणले पनि उत्साह बढाएको थियो । बाटोको दुबैतिर विस्तारै अग्लिदै गएका ठूल ठूला पहाडहरू थिए । पहाडका टुप्पाहरू नेपालका पहाडका टुप्पाहरू झैं अकासिएका नभएपनि ती टुप्पाहरूमा स्वच्छ स्वेतरंगका बादलहरू शीरपोस जस्तै छाएका थिए । बादलमा नलुकेका पहाडभरि साना-ठुला थुप्रै रूखहरू तम्न भएकाले सिंगै पहाडले हरियो लुगा लगाएको झैं देखिएको थियो । रूखका हाँगाहरू हावामा झुमिरहेकाले पहाड पनि सजीव देखिएको थियो । हावामा झुमिरहेका हाँगाहरूमा बसेका चराहरू आ-आफ्ना भाषामा गाइरहेका थिए । मस्तसंग गाइरहेका ती चराहरू सुमधुर संगितका साथै मन्द मन्द सित बसिरहेको हावाले उडाएर ल्याएको सुगन्धले भरपुर अभूतपूर्ण हिंडिरहेकी धम्मवतीको मनमा अवर्णनीय मानसिक शान्ति थियो । उसको मनमा भूतकाल प्रतिको पश्चाताप थिएन । भविष्य प्रतिको चिन्ता थिएन । मात्र वर्तमान थियो । मात्र अगाडि, निरन्तर अगाडि बढ्दै जाने मनोभावना थियो । पाइला माथि पाइला सार्दै भावित मनको सुरमा धम्मवतीले आफ्ना खुट्टाहरू अघि सार्दै गई, सार्दै-सार्दै नै गइरही ।



Downloaded from http://dhamma.digital

समय बित्दै गएपछि धम्मवतीको मनमा भएको एकाग्रतालाई शारीरिक कष्टले विस्तार विस्तार दखल गर्न थाल्यो । उसका खुट्टाहरू गल्दै गए । सम्पूर्ण जिउ दुख्दै आयो । यस्तैमा टाढा क्षितीजमा डुब्न गइरहेको सूर्यले पनि मनमा चिन्ता बढाउन थाल्यो ।

डुब्न लागेको सूर्यले धम्मवतीको मनमा मात्र होइन, माहुतेहरूका मनमा पनि चिन्ता उब्जाएको थियो । माहुतेहरूले चिन्तित स्वरमा आपसमा कुरागर्न थाले । एकछिन त्यसरी आपसमा कुरागरिसकेपछि उनीहरू प्रत्येकले आ-आफ्ना पाईलाहरू छिटो, झन छिटो बढाउन थाल्यो । त्यसैले स्थविर र धम्मवतीलाई माहुतेहरूका पाइलोमा पाइलो मिलाएर अघि बढ्न धौ धौ पऱ्यो । उनीहरू केही पाइला हिँडेर केही पाइला दगुरेर माहुतेहरू संगसंगै अघि बढ्नमा बाध्य भए । त्यसरी अघि बढ्दा बढ्दै नै सूर्य अस्तायो । चारैतिरबाट अन्धकारले घेर्दै ल्यायो । जति जति अन्धकार बढ्दै आयो माहुतेहरू त्यति नै छिटो, झन छिटो गतिमा अगाडि बढ्न थाले । हतारिदै अघि बढिरहेको नाइके माहुतेले धम्मवतीलाई यसरी भनेर ल्याएको सुनियो — "पवाती ! (सानो उमेरको शीलवती !) हामी बासबस्ने ठाउँबाट धेरै टाढा छैनौं । केही बेरमै हामी त्यहाँ पुग्ने छौं । हरेस नखाइकन अघि बढ्दै जानमा बलगर ।" — तर माहुतेको नाइकेले त्यसरी भनेको धेरै बेर बित्दा पनि बास स्थान आइपुगेन । बासस्थान आइनपुग्दैमा झमक्क साँझ



Downloaded from http://dhamma.digital

पऱ्यो । बिहान हुस्सुले टाढा टाढाका दृश्यहरू लुकाए झैं अहिले अन्धकारले टाढा टाढाका दृश्यहरू लुकायो । चारै-तिरको माहौल परिवर्तन गरिदियो । पंक्षीहरूको स्वरमा भएको आनन्दको भाव सन्त्रासमा परिवर्तन भयो । पंक्षी-हरूका त्रसित स्वरको बिच बिचमा यदाकदा हिंस्रक जनावर-हरूका भयंकर स्वर पनि थपिन थाल्यो । दिनभरको हिडाइले सम्पूर्ण शरीर थाकेको त थियो नै त्यसमाथि चारैतिरको भयावह वातावरणले मनलाई पनि थकाउन लाग्यो ।

धम्मवतीको मनमा अनेकप्रकारका आशङ्काहरूको बाढी आउन थाल्यो । उसको अगाडि र पछाडि माहुतेहरू भएकाले त्यतातिरबाट केही भय थिएन । तर दाँया र बाँया कोही पनि थिएन, मात्र घना जंगल थियो । अन्धकारमा लुकिसकेको त्यो जंगलबाट कुनै पनि बेला केही पनि निस्कन सक्थ्यो । त्यही डरले धम्मवती थर थर काप्न थाली । उसका कंचटका रौंहरू ठाड ठाडा भए । उसको सम्पूर्ण जिउमा चिसो कम्पन दगुर्न थाल्यो । त्यस्तो जाडो साँझमा पनि ऊ पसिना पसिना भई । बनको बाघ अझै कतै नदेखिएको भएतापनि मनको बाघले उसलाई खान थाल्यो । ऊ झण्डै झण्डै अर्ध अचेतावस्थामा पुगी । यस्तैमा अकस्मात उसले के सम्झी भने डरलाग्दो ठाउँमा कर्मस्थान गर्ने भिक्षुले, देवासुर संग्रामको बेला देउताहरूले इन्द्रको ध्वजा स्मरण गरेर भय हताए झैं, बुद्धगुण, धर्मगुण या सङ्घगुण स्मरण गरेर भय हटाउनु पर्छ भनेर भगवान बुद्धले उपदेश दिएको



Downloaded from http://dhamma.digital

थियो भनेर धजग्गसुत्तमा उल्लेख गरिएको छ । तब उसले पनि मनमनै त्रिरत्नगुण स्मरण गर्न थाली । त्यसरी त्रिरत्न-स्मरण गर्दागर्दै उसको जिउमा ज्यान आएको उसले राम्ररी नै अनुभव गरी । तब उसले क्रमशः आवाहन सुत्त, मेत्त सुत्त, धजग्ग सुत्त, पुब्बन्ह सुत्त आदि बिभिन्न सुत्तहरूको पाठ पनि मनमनै गर्दै जान थाली । उसले यसरी मनमनै बिभिन्न सूत्रहरूको पाठ गर्दै गइरहेको बेलामा एक्कासी सबै माहुतेहरू एकसाथ ठूलठूला स्वरले कराउन थाले । उनीहरूको त्यस स्वरले झसङ्ग झस्केकी धम्मवतीमा सुत्रका शब्दहरू सम्झने शक्ति हीन भयो । उसको सूत्र पाठ बिचैमा टुट्न गयो । ऊ निम्न शब्दहरू मात्र दोहऱ्याउन, तेहऱ्याउनमा समर्थ भई — "बुद्ध शरण, बुद्ध शरण, बुद्ध शरण . . . . . . ." यसरी आत्तिएर बुद्धको शरणलिन पुगेकी धम्मवतीले एकछिन पछि मात्र चाल पाई, ती माहुतेहरूको स्वरमा त्रास थिएन उल्लास थियो । माहुतेहरू डरले होइन बासस्थानमा आइपुगेको खुसीले कराएका थिए ।

त्यो बासस्थान एउटा पहाडको फेदमा भएको अलिकति भिरालो तर निकै फराकिलो ठाउँ थियो । त्यहाँ जंगल त्यति घना थिएन । अग्ला अग्ला रूखहरू मात्र थिए । त्यस ठाउँको एउटा कुनामा, एउटा ठूलो चट्टानको खोँचमा, एउटा प्राकृतिक ओडार थियो । त्यस ओडारमा रूखका हाँगाहरू द्वारा बनाइएको एउटा सानो झुप्रो थियो । उनीहरू पहिले असामतिर आउँदा उनीहरूले बनाएर छोडेको झुप्रो थियो



Downloaded from http://dhamma.digital

त्यो । त्यो झुप्रो देख्ने बित्तिकै सबै माहुतेहरू दगुरेर त्यहाँ पुगे । सबैले आ–आफ्ना पोको–पत्तरो मिल्काएर सन्तोषको एउटा लामो सास फेरे । तर रात परिसकेकाले सुस्ताउनु भन्दा पहिले सुरक्षाको बन्दोबस्त गरिहाल्नु जरूरी थियो । त्यसैले सबै माहुतेहरू हतार हतार नाइकेद्वारा निर्दिष्ट काममा लाग्न थाले । कोही सुकेको दाउरा बटुलेर धुनी जगाउनमा लागे । कोही झुप्रोमा टालटुल गर्नमा लागे । कसैले पानी ल्याएर भात बसाल्न थाले । त्यसरी केही बेरमै गर्नुपर्ने सबै काम गरियो । झुप्रो सुत्न लायक बनाइयो । झुप्रोको अघिल्तिर धुनी दनदनाइयो । खाना तयार भएपछि मध्यान्हपछि ठोस खाना नखाने शील–पालना गरेका स्थविर र धम्मवतीलाई एक किसिमको विशेष पात राखेर उमालेको तातो पानी पिउन दिएर आफूहरू खाना खानमा लागे ती माहुतेहरू ।

खानपिन सकेपछि स्थविर र धम्मवतीलाई सुरक्षित स्थान दिएर अरूहरूलाई छेउछाउमा सुत्ने ओछ्यान तयार पारियो । अनि रातभर दुई–दुई जना पालै–पालो गरेर पहरा बस्ने ब्यवस्था गरी अरूहरू सुत्ने तरखरमा लागे । दिनभरको हिंडाइले थाकेका ती माहुतेहरू केही बेरमै मस्तसित निदाएपनि । तर बिचरी धम्मवती माहुतेहरू झैं घना जंगलमा घोडा बेचेर सुत्नमा अभ्यस्त थिइन । चिसो हावा र बेला बेलामा सुनिने जंगली जनावरहरूको डरलाग्दो



Downloaded from http://dhamma.digital

स्वरले उसको निद्रा कोसौं दूर भगाइदिएको थियो । हतपति निदाउन नसकेकी धम्मवती मनमनै त्रिरत्न वन्दना र सूत्रहरूको पाठ गर्नमा लागी ।

मनमनै सूत्रपाठ गर्नमा लागेकी धम्मवती रातको कुन बेला भुसुक्क निदाउन पुगी त्यो उसैलाई थाहा भएन । रातको निशब्दता माहुतेहरूले मच्चाएको हो–हल्लाले टुटेपछि मात्र ऊ झसङ्ग बिउँझी । यसरी बिउँझेकी धम्मवती आत्तिएर जुरूक्क उठेर बसी । झुप्रो खाली थियो । सबै माहुतेहरू झुप्रो बाहिर हात हातमा बल्दो अगुल्टो लिएर ठूलठूलो स्वरले चिच्याइरहेका थिए । स्थविर धम्मावुध पनि झुप्रो बाहिर नै जानुभएको थियो । त्यस्तो अनौठो माहौल देखेर धम्मवती डरले त्रसित हुनाका साथै के भएको थाहा पाउन उत्सुक पनि भई । ऊ आफू पनि झुप्रो बाहिर आएर गम्भिर मुद्रामा एउटा ढुङ्गामाथि बसिरहनु भएको स्थविरसित प्रश्न गरी —
"भन्ते ! के भएको हो । किन सबै यसरी कराएका ?"

"त्यो रूख मुनि हेर्नु । त्यहाँ दुई ओटा आँखाहरू टल्किरहेका देख्ने छौ । त्यहाँ एउटा बाघ आएर बसेको छ । त्यसैलाई भगाउन यिनीहरू यसरी कराएका हुन् । यिनीहरूको चिच्याइ र यिनीहरूको हातमा भएको अगुल्टो देखेर त्यो बाघ किंकर्तव्यविमुढ भइरहेको छ । त्यो बाघलाई यसरी तर्साएर भगाउनु पर्छ, नत्र त्यसले यहाँ आक्रमण गर्न सक्छ ।"

धम्मवतीले अन्धकारमा टल्किरहेका ती आँखाहरूका



Downloaded from http://dhamma.digital

साथै बाघको अस्पष्ट आकार पनि देखी । एउटा बाघलाई त्यसरी स्वतन्त्र रूपमा जंगलमा घुमिरहेको धम्मवतीले जिन्दगीमा पहिलो पल्ट देखेकी थिई । त्यसैले ऊ डरले काँप्नुका साथै रोमाञ्चित पनि भई ।

त्यो बाघ केही बेरसम्म त्यहिं रहेर माहुतेहरूको अनौठो प्रकृयाहरू हेरिरह्यो । त्यसपछि त्यो बिस्तारै त्यहाँबाट परतिर जान थाल्यो । त्यो बाघ त्यहाँबाट धेरै टाढा गएपछि पालो बस्ने दुई जना माहुतेहरू बाहेक अरू सबै पुनः छाप्रो भित्र आएर आ–आफ्नो ओछ्यानमा लेट्न आए ।

भोलिपल्ट विहान धम्मवती निद्राबाट बिउँझदा चकमन्न उज्यालो भइसकेको थियो । बिउँझने बित्तिकै ऊ ओछ्यानबाट उठ्न खोजी । तर पालो बसेका दुई जना माहुतेहरू मध्ये एकले उसलाई अझै लेटिरहने इशारा गऱ्यो । अरूहरू पनि सबै लेटि नै रहेका थिए । त्यसैले निद्रा नलागे पनि ऊ फेरि ओढ्ने ओढेर त्यस जंगलको जाडोबाट आफूलाई बचाउने प्रयत्नमा लागिरही ।

झलल झुल्केको घामले अलि अलि न्यानोपन दिन थालेपछि मात्र सबै जना उठे । त्यसपछि माहुतेहरू मध्ये दुई जना जलपान पकाउनमा लागे । जलपान गरिवरी एकछिन सुस्ताएपछि मात्र दोश्रो दिनको यात्रा प्रारम्भ भयो ।

●



Downloaded from http://dhamma.digital

# १६. अजिङ्गरसित जम्काभेट

ओथो दिनको यात्रा पहाडमाथि चढ्नु थियो । त्यो पहाड नेपालको चन्दागिरी पर्वत जस्तो कहालो लाग्दो उचाइको थिएन । त्यो पहाडको बनावट पनि चन्दागिरी झैं ठाडो थिएन । तर पनि त्यो पहाड चढ्न चन्दागिरी पहाड चढ्नु भन्दा धेरै गुणा बढी कठिन भएको थियो । किनभने त्यो पहाडमा चन्दागिरी पहाडमा जस्तो मानिस हिड्ने बाटो बनिएको थिएन । बिना बाटोको त्यो पहाडमा बुट्यानहरू समात्दै जहाँबाट जसरी अगाडि बढ्न सकिन्छ त्यसरी नै उकालो चढ्दै अघि बढ्नु परेको थियो ।

हुन त अघिल्लो दिनको यात्रा पनि बाटो नबनिएको ठाउँबाटै हिंडिएको थियो । तर त्यसबेला दुई ओटा पहाडको खोँचै खोँचबाट हिंडिएकाले बाटो बिराइने अथवा अघि बढ्न सक्ने ठाउँ खोज्दै हिड्नुपर्ने नौबत आइपरेको थिएन । अहिले बाटो नबनिएको अनकण्टार पहाडको ठाडो उकालो चढ्नु पर्दा चढ्न सक्ने ठाउँ खोजेर अघि बढ्नु परिरहेको थियो । यसरी अति कष्टपूर्ण ढङ्गले चढ्दै जाँदा कहिले काहिं



Downloaded from http://dhamma.digital

फेरि अगाडि बढ्न नसक्ने ठाउँमा परी फेरि तल झरेर अर्कै ठाउँबाट पुनः चढ्ने प्रयासमा पनि लाग्नुपर्ने भएको हुन्थ्यो। त्यसरी अहिलेको यात्रा साह्रै नै कष्टप्रद भएको थियो।

घण्टौसम्म निरन्तर अघि बढ्दै जाँदा पनि त्यस पहाडको टाकुरोमा पुग्न सकिएको थिएन। पहाडको टुप्पो देखिन नआउँदै बिच बाटोमै मध्यान्ह हुन लाग्यो। मध्यान्ह पछि ठोस आहार नखाने शील पालना गरेका स्थविर धम्मावुध र शीलवती धम्मवतीको खातिर पहाडको मध्य भागमा नै एउटा उपयुक्त स्थान खोजेर दिउँसोको खानपिन गर्ने निधो गरियो। त्यस पहाडको मध्य भागमा पानीको अभावको कारण खाना पकाउने ब्यवस्था नहुने भएकाले आफूहरू साथै बोकेर ल्याएको सुखा रोटी मात्रले पेट भर्न परेकाले स्थविर र धम्मवतीले पेटभरि खान सकेनन्। त्यो देखेर माहुतेहरूले आसपास फलिरहेका केही जंगली केरा खोजेर ल्याए। त्यसरी खोजेर पाएको केरा स्थविर र धम्मवतीलाई खुवाउनुका साथै माहुतेहरू आफूले पनि खाए। जंगली केरा हेर्नमा र स्वादमा पनि साधारण केरा जस्तै थियो। तर जंगली केरामा बीयाँहरू थुप्रै थिए। चार-पाँच ओटा जंगली केरा खाँदा मात्र बल्ल एउटा साधारण केरा खाए बराबरले पेट भर्ने भएको थियो। त्यसो हुँदा धम्मवतीले जंगली केरा खाएर पनि पेट भर्न सकिन।

खाना खानेकाम सकिएपछि पुनः पहाड चढ्ने काम



Downloaded from http://dhamma.digital

सुरू भयो । अर्को दुई घण्टा जति कठिन संघर्ष गरिसकेपछि मात्र बल्ल बल्ल त्यस पहाडको टाकुरोमा पुग्न सकियो । त्यो पहाडको टुप्पोबाट हेर्दा अगाडितिर थुप्रै पहाडहरूको एहटा शृंखला तेर्सिएको देखियो । अगाडि देखिएका पहाडहरू सान्है अग्ला थिए । ती अग्ला अग्ला पहाडहरूमा जताततै नाङ्गो चट्टानहरू उभिएका थिए । ती पहाडहरू चढ्दै जानुपर्ने कुरा मनमा आउँदा नै धम्मवतीलाई रिङ्गटा लाग्ला जस्तो भयो । तर अर्को विकल्प थिएन । ऊ चुपचाप माहुतेहरूको पछि पछि लाग्दै गई ।

अगाडि देखिएका पहाडहरूमध्ये पहिलो पहाड नाघ्ने वित्तिकै अग्ला-अग्ला पहाडहरू भएको दिशा छोडेर अर्कै दिशातिर यात्रा मोडियो । जतातिर यात्राको दिशा मोडिएको थियो त्यतातिर त्यति धेरै अग्ला पहाडहरू थिएनन् । यसरी यात्राको दिशा बदलेपछि धम्मवतीले मुक्तीको एउटा लामो सास फेरी । उसको हिडाइमा पनि स्वतः स्फूर्ति आयो । ऊ उत्साहित ढङ्गले अगाडिका स-साना पहाडहरू उक्लँदै-ओर्लंदै अगाडि बढ्दै गई ।

त्यो दिन अध्यारो नहुँदैमा वासस्थानमा पुगियो । त्यस दिनको वासस्थान ओडारमा थिएन । त्यो एउटा खुल्ला तर पहाडि खोँच जस्तो ठाउँ थियो । माहुतेहरू पहिले आसामतिर आउँदा उनीहरूले त्यहाँ बनाएर छोडेको झुप्रो नराम्रोसंग लडिसकेको थियो । त्यसैले त्यस झुप्रोलाई पुनः



Downloaded from http://dhamma.digital

सुरू देखिनै बनाउनु पऱ्यो । त्यसो भएतापनि कसैले झुप्रो बनाउने, कसैले धुनी जगाउने, कसैले खाना पकाउने आदि काम पहिलो रातमा झैं सुनियोजित ढङ्गले गरेका हुनाले सबै काम अंध्यारो हुँदा नहुँदै गरि सकियो । त्यस दिन पालो बस्ने दुई जना बाहेक अन्य सबै जना झमक्क साँझ पर्नै बित्तिकै सुत्ने तरखरमा लागे । भाग्यवश त्यसदिन राती अघिल्लो रातमा झैं कुनै अप्रिय घटना नघटेका हुनाले सबैले राम्ररी निदाउन पाए । तेश्रो दिनको यात्रा पनि विहान सबेरै जलपान गरिवरी प्रारम्भ गरियो । त्यो दिन यात्राको सुरूवात स-साना पर्वतहरू उक्लनु र ओर्लनुवाट भएकाले तुलनात्मक रूपमा सरल रह्यो । त्यसरी दुई घण्टा जति हिँडिसकेपछि ती स-साना डाँडाहरू चढ्ने र झर्ने झंझट पनि टुङ्गियो । अगाडिको बाटो एउटा बडायमानको पहाडको फेदको रूपमा रहेको अलि भिरालो जग्गामा तेर्सो-तेर्सो हिँडेर त्यो पहाडलाई घुमेर जानु थियो । त्यस पहाडको फेदमा अधिकांश मात्रामा स-साना बूटाबूटीहरू मात्र थिए, अग्ला रूखहरू फाटफुट कतै कतै देखिएता पनि घना थिएन । तर बूटाबूटीहरू साऱ्है नै घना रूपमा थिए । ती बूटाबूटीहरू भित्र मानिसले छिड्न सक्ने सम्भावना नै थिएन । तर त्यहाँ ती माहुतेहरू तथा अन्य माहुतेहरूले पनि हुँदो होला, हात्ती चढेर आउने-जाने गरेका हुनाले हात्तीहरूद्वारा त्यहाँ भएका बूटाबूटीहरू कुल्चिएकाले एउटा बाटो बनिएको थियो । त्यसरी बाटो सरल र स्पष्ट भएका हुनाले यात्रुहरू त्यहाँको



Downloaded from http://dhamma.digital

वातावरणको अनुभव गर्नसक्ने मानसिक अवस्थामा थिए ।

त्यहाँको वातावरण अत्यन्त रमणीय थियो । आकाशमा बादल थिएन । सम्पूर्ण आकाशगंगा झीलको पानी झैं कञ्चन देखिएको थियो । पृथ्वी सतहमा हुस्सु थिएन । सम्पूर्ण मैदान छर्लङ्ग देखिएको थियो । बिहानको सुनौला घाम बूटाबूटीहरूले तम्म ढाकेको मैदान भरि फैलिएको थियो । सम्पूर्ण मैदान एउटा चिया बगान जस्तो देखिएको थियो । साँच्चै भन्ने हो भने चिया बगान भन्दा भनि रहर लाग्दो देखिएको थियो । चिया बगानमा सम्पूर्ण मैदान एउटै रंगका चियाका बोटहरू मात्रले ढाकेको हुन्छ । तर त्यो मैदानमा अनेक प्रकारका बूटाबूटीहरू फैलिएको थियो । कतिपय बोटहरूमा रङ्ग बिरङ्गका फूलहरू पनि फुलिरहेका थिए । फुल नफुल्ने बोटहरूमा कतिपय पातहरू नै हेमन्त ऋतुको कारण रात–रातो रङ्गका भइरहेका थिए । दृश्य अति नै मनोरम थियो । त्यस्तो रमणीय स्थानमा विभिन्न किसिमका स–साना रङ्गीचङ्गी चराचुरूङ्गीहरू पनि बथानका बथान मिलेर यताबाट उताको रूखमा, त्यताबाट यताको झारमा भुरूक्क भुरूक्क उडेर खेल्दै–गाउँदै गरिरहेका भएका हुनाले सुनमाथि सुगन्ध भने झैं भइरहेको थियो । त्यस अनुपम प्राकृतिक सौन्दर्यले जीवनमा पहिलो पल्ट विशुद्ध प्राकृतिक वातावरणमा खुल्न पाएकी धम्मवतीलाई मात्र होइन, जीवन



Downloaded from http://dhamma.digital

को अधिकांश समय प्रकृतिको काखमा बिताउँदै आएका ती माहुतेहरूको मनलाई पनि मोहित तुल्याएको थियो ।

दुई दिन दुई रातसम्म आपसमा बिरलै मात्र कुरा गरी, एउटा अनुशासित पल्टन झैं लाम लागेर यात्रा गर्दै आएका ती माहुतेहरू अहिले आपसमा दिल खोलेर बातमार्दै अघि बढिरहेका थिए । माहुतेको नाइके स्थविरसित बुद्ध-धर्मबारे छलफल गरेर बुद्ध-धर्म बारेको उसको जिज्ञासा मिटाउने तरखरमा लागेको थियो भने अरू माहुतेहरू पनि दुई-तीन दुई-तीन जनाको समूहमा बाँडिएर आ-आफ्नै कुराहरू गर्दै गइरहेका थिए । यसरी त्यसबेलाको यात्रामा कोही केहि अगाडि र कोही अलि पछाडि परेका थिए । तर भाषाको समस्याको कारण बिचरी धम्मवतीसित कुरा गर्ने कोही पनि थिएन । अरूसित कुरा गर्न नपाएकी धम्मवती त्यस ठाउँमा बथान बथान मिलेर यताउति उड्दै-खेल्दै आ-आफ्नो सुरिलो स्वरमा कराइरहेका चरा-चुरुङ्गीहरूसित खेल्दै अघि बढि-रहेकी थिई । धम्मवती दगुरेर चराहरूको बथान भएतिर जाँदा चराहरू भुरूरू उडेर नजिकैको अर्को रूखमा बसेर फेरि धम्मवतीतिरै हेरेर त्याररर-तुरूरर कराउने गर्दथे । बर्मा जाने अभिलाषाले घरबार त्यागेर शीलवती भएकी धम्मवतीमा त्यो दिन फेरि एकपल्ट वात्सल्य चञ्चलता उब्रेर आएको थियो । यसरी प्रफुल्लित भएर चराहरूसित खेल्दै अघि बढेकी धम्मवती उसले चालै नपाइकन अन्य सबै सहयात्रीहरू भन्दा केहि अगाडि बढ्न पुगेकी थिई । तर त्यस फराकिलो



Downloaded from http://dhamma.digital

मैदानमा कोही अलि अगाडि र कोही केहि पछाडि परेतापनि एकले अर्कालाई टाढैबाट स्पष्ट देख्नसक्ने हुनाकासाथै त्यस बेला त्यस ठाउँमा कुनै प्रकारको भय नभएको हुनाले आफ्नो छलफलमा ब्यस्त रहेका स्थविर र माहुतेको नाइके, यी दुई मध्ये कसैले पनि धम्मवतीको त्यस खेलमा केही दखल पुऱ्याएको थिएन ।

यसरी चराहरूसित खेल्दै अघि अघि बढ्दै गइरहेकी धम्मवतीले अकस्मात आफूभन्दा दश हात जति अगाडि बाँया-पट्टिको झालबाट एउटा पशु फुत्त बाटोमा निस्केर अन्दाजि पाँच हात जति बाटै-बाटो लागेर फेरि बाटोको दायाँतिरको झालमा सुट्ट पसेको देखी । त्यो पशु अति बेगले हुत्तिएर आएर हुत्तिएर नै गएको थियो । त्यसैले मृग या स्याल जस्तो देखिने त्यो पशु वास्तवमा के थियो भन्ने कुरो धम्मवतीले थम्याउन भ्याएको थिएन । त्यो पशु जेसुकै भएपनि, त्यस निर्जन पहाडी जंगलमा आफू एक्लै अगाडि परेको बेलामा एउटा जंगली पशु त्यसरी बिजुली चम्के जसरी गरेर आफ्नो अगाडि परेको देखेपछि धम्मवतीको सम्पूर्ण चञ्चलता स्वतः बिलाएर आतङ्कित हुने स्वाभाविक नै थियो । यसरी नराम्रो-सित तर्सेकी ऊ अगाडि बढ्न नसकेर जहाँ थिई त्यहि किंकर्तब्य बिमुढ भएर उभिरही । अकस्मात आतङ्कित उसको डिमागले अझै के गर्ने निधो गर्न पाएको पनि थिएन त्यस्तैमा जहाँबाट त्यो जंगली पशु निस्केको थियो त्यहींबाट एउटा अजङ्गको कालो रंगको अजिङ्गर निस्केर त्यो पशुको पछि



Downloaded from http://dhamma.digital

पछि गएको देखियो । त्यस अजिङ्गरको मोटाइ धम्मवतीको जिउको मोटाइ भन्दा कम थिएन । त्यस अजिङ्गरको लमाइ पनि मोटाइ सुहाउँदो थियो । पहिले जाने पशुलाई एकै झलक मात्र देख्न पाएकीले राम्ररी थम्याउन नसकेकी भएपनि त्यस लामो लमाइको अजिङ्गरलाई भने धम्मवतीले राम्ररी नै नियाल्न पाएकी थिई । त्यसैले त्यस अजिङ्गरको मोटाइ, लमाइ र रंगको बारेमा धम्मवतीले राम्ररी नै अनुभव गर्न पाई । यसरी अनुभव गर्न पाएकी धम्मवतीको डिमागले के सोच्न पुगी भने यदि त्यो पहिलेबाट निस्कने पशुलाई देखेर नअडेकी भए ऊ ठीक त्यो पशु र अजिङ्गरको बिचमा परेकी हुने थिई । तब त्यो पशुको पछि लागेको अजिङ्गरले धम्मवतीलाई नै निलेर आफ्नो भोक मिटाउने थिई । धम्मवतीको डिमागले यति सोच्नपुगेपछि उसको सम्पूर्ण शरिरको सन्तुलन अकस्मात खलबलियो । ऊ अर्धअचेतावस्थामा पुगेर उभीरहन नसकी थ्याच्च बसी ।

चराहरूसित खेल्दै अघिबढिरहेकी धम्मवती अकस्मात त्यसरी बिच बाटोमा एकछीन अडेर भुईमा थ्याच्च बसेको देखेर माहुतेको नाइकेले 'के भयो ?', 'के भयो ?' भनेर कराउँदै धम्मवतीनेर दगुरेर आयो । त्यसरी दगुरेर आइपुगेको माहुतेको नाइकेले झालभित्र पशुको पछि पछि लागेको अजिङ्गरको पुच्छरको भाग राम्ररी नै देख्यो । माहुते त्यसरी आँत्तिएर दगुरेपछि माहुतेको पछि पछि दगुरेर आउनु भएको स्थविर धम्मावुध त्यहाँ पुग्दा त्यो अजिङ्गर झालमा पसि-



Downloaded from http://dhamma.digital

सकेको भएतापनि जंगलको झारपातमा त्यो अजिङ्गर घस्रेको स्यालल-सिलल आवाज भने अझै निस्कँदै थियो ।

माहुतेको नाइके र स्थविरलाई देखेपछि धम्मवतीको होसहवास पुनः ठेगानामा आयो । उसले माहुतेको नाइके र स्थविर धम्मावुधलाई यथार्थ भएको घटनाबारे सुनाई । धम्मवतीबाट के भएको भन्ने कुरो थाहापाइसकेपछि स्थविर र माहुते दुबैले धम्मवतीलाई आइन्दा त्यसरी एक्लै अगाडि नहिड्न सम्झाए ।

केहिबेरपछि पछाडि परेका अरू माहुतेहरू पनि सबै जना त्यहाँ आइपुगे । घटेको घटना सम्बन्धमा सबैकुरो थाहा गरिसकेपछि, ठूलो भाग्यले मात्र अजिङ्गरको आहार हुनुबाट बचेकी धम्मवतीलाई सबै माहुतेहरूले अवाक्क परेर हेरिरहे । केही बेर त्यसरी खलबलिएपछि त्यो यात्रुसमूह पुनः अघि बढ्न थाले । अबको पालो धम्मवती र धम्मावुधलाई आफ्नो बिचमा पारेर यात्रारम्भ गरियो । त्यसरी अनुशासित ढंगले यात्रा गर्न थालेको लामो समय नबित्दैमा दिउँसोको खाना पकाएर खाने स्थान आइपुग्यो ।



Downloaded from http://dhamma.digital

# १७. नाग जाति

दिउँसोको खानापछिको यात्रामा धम्मवती जति अगाडि बढ्दै गई अगाडि बढ्दै जाने उत्साह र उमङ्ग उसमा उतिकै बढ्दै गयो । किनभने बाटोको दायाँ–बायाँ देखिएका काटेर ढालिएका रूखहरूको अस्तित्वले अब मानिसको बस्ती नजिकिँदै छ भन्ने कुरो उसलाई बोध गराएको थियो । तैपनि अति उत्सुकतावस उसले आफ्नो अवधारणा सही हो होइन थाहा पाउन स्थविरसंग सोधी । स्थविरले त्यस विषय माहुतेको नाइकेसित प्रश्न गरी थाहा पाइसकेपछि धम्मवती-लाई यसरी जवाफ दिनुभयो — "हो, अहिले हामी नाग जातिका मानिसहरूको बस्ति नजिक आइपुगेका रहेछौं । अब केही समयपछि हामी उनीहरूका बस्तीका छेउछाउबाट हिँडिरहेका हुनेछौं । आज रातीको बास पनि हामी नाग जातिकै कुनै एउटा गाउँमा बस्ने रहेछौं ।"

"यी नाग जातिका मानिसहरू पनि बर्मी नै हुन् ?"

"हुन्, नाग जातिका मानिसहरू बर्मी नै हुन् । तर बाह्य संसारसित केही सम्बन्ध नराखिकन आफ्नै समूहमा



Downloaded from http://dhamma.digital

मात्र सिमित भई यहाँका यी पहाडी जंगलमा मात्र रहिरहने गरेकाले यी नाग जातिका मानिसहरू अरू बर्मीहरू सरह विकसित छैनन् । तर भित्री मनोवृत्ति यिनीहरूको पनि निर्मल नै छ । अहिले बर्मा देश विदेशी पञ्जाबाट स्वतन्त्र भएको छ । केही वर्षहरू पछि यिनीहरू पनि उन्नतिको शिखरमा उक्लने छन् । अहिले नै यहाँ बुद्ध-धर्मका प्रचारक-हरू आइसकेका छन् भन्ने कुरो सुनेको छुँ ।"

"किन ? यिनीहरू बौद्ध होइनन् के ? बौद्ध राष्ट्र बर्मामा सबै जना बौद्ध छन् भनेको सुनेको थिएँ ।"

"यी नाग जातिका मानिसहरू पनि वंशानुगतले मूलभूत रूपमा बौद्ध नै थिए । तर सधैं जंगल भित्र मात्र रहने गरेका र बौद्ध शिक्षा पद्धतिलाई परम्परागत रूपमा सही तरिकाले नअपनाएकाले यिनीहरू कालान्तरमा आएर देव-देवीहरूको अन्धविश्वासमा जकडिएका हुन् । यसरी बौद्ध-शिक्षा पद्धतिबाट वञ्चित भएका यिनीहरू मध्ये केहीलाई पछि ब्रिटिश शासन कालमा क्रिश्चियन धर्मका प्रचारकहरूले क्रिश्चियन पनि बनाएका रहेछन् ।"

बौद्ध भन्दा भन्दै अबौद्ध कामकुरोमा लागिरहेका नेपालीहरूको समूहबाट परिशुद्ध बुद्ध-धर्म पढ्ने उद्देश्यले अनेक दुःख कष्ट सहेर बर्मातिर हिँडिरहेकी धम्मवतीको मनमा स्थविरका उक्त कुराहरूले एउटा गहिरो कुरोको छाप लाग्यो । त्यो कुरो के थियो भने असल कुरो जानेर मात्र



Downloaded from http://dhamma.digital

पुग्दो रहेनछ । आफूले जानेको असल कुरोलाई आफ्नो समाजका सबै सदस्यहरूलाई सही रूपमा सम्झाएर त्यसलाई सामूहिक रूपमा ब्यवहारमा उतार्ने निश्चित सामाजिक पद्धति कायम गर्न पनि सक्नु पर्दो रहेछ । अन्यथा कुनै बेला राम्रो काममा लागिसकेको समुदाय वा ब्यक्ति पनि पछिगएर अनायास नै नराम्रो काममा जकडिन जाँदो रहेछ । यसरी अवबोध गर्न पुगेकी धम्मवतीले कुशीनगरमा महास्थविर चन्द्रमणीबाट सुनेको उत्तर प्रदेशिय बौद्धहरू कसरी थेरवादबाट महायानी, महायानीबाट बज्रयानी र बज्रयानीबाट तन्त्रमन्त्रवादी भएर गए भन्ने उपदेशलाई एक पल्ट फेरि स्मरण गर्न पुगी ।

यसरी गम खाइरहेकी धम्मवतीको कल्पनाको त्यान्द्रो स्थविरको निम्न शब्दले टुट्यो — "ऊ, त्यहाँ हेर त ! त्यो पहाडको टुप्पोतिरबाट धुँवा निस्किरहेको छ । त्यहाँ नाग जातिको कुनै बस्ती हुनुपर्छ । हेर, त्यहाँ केही घरहरू पनि छन् ।"

स्थविरले औल्याएको दिशातिर हेर्दा धम्मवतीले त्यहाँ केही घरहरू देखी । यसरी घरहरू देख्दा धम्मवतीको मनमा एक प्रकारको सुखानुभूति भयो ।

तीन दिन दुई रातसम्म मानिसको छाँया पनि नभएको दुर्गम पहाड र जंगलमा बिताएर आएको जो कसैलाई पनि मानिसको बस्तीमा आइपुग्दा खुसी लाग्नु स्वाभाविकै हो । महिनौदेखि बर्मामा पुग्ने प्रबल इच्छा बोकेकी धम्मवतीलाई



Downloaded from http://dhamma.digital

त बर्मी बस्तीमा पुग्नु एउटा झन बढी खुसीको कुरो त हुने नै भयो। उसको मन बस्तीभित्र पसेर त्यहाँका मानिसहरूको अनुहार हेर्न आतुर भयो। तर त्यसबेला अझै बास बस्ने समय भइनसकेकाले माहुतेको नाइके अघि बढ्दै गयो। यसरी अघि बढ्दै गएका ती सबै जना यात्रुहरूलाई बाटोको दायाँ–बायाँ देखिने नाग जातिका विभिन्न बस्तीहरू, बस्तीमा रहेका मानिसहरू र पाल्टु जनावरहरूको स्वरले निरन्तर अघि बढ्दै जाने हौसला दिंदै रह्यो। उनीहरू बडो उत्साह पूर्वक अघि बढ्दै गए।

घण्टौं अघि बढ्दै जाँदा घाम अस्ताए पछि उनीहरू मूल बाटो छोडेर एउटा बस्तीतिर लागे। त्यस बस्तीका नाग नाइकेसित स्यान नाइकेको विशेष जानपहिचान रहेछ। त्यसैले उनीहरूलाई एउटा उपयुक्त प्रकारको बास बस्ने घरको व्यवस्था गरियो। त्यसरी बास बस्ने झुप्रोको मर्मत गर्ने या झुप्रो बनाउने झंझटका साथै सुकेको दाउरा खोज्ने र धुनी जगाउने आदि झंझट उठाउन नपरेकाले खाना बनाउने माहुते बाहेक अन्य माहुतेहरू सबै नाग नाइकेसित कुराकानी गर्नमा व्यस्त भए। उनीहरूको कुराकानी नबुझने धम्मवती त्यस बस्तीका गल्लीहरूमा घुम्न निस्की।

नाग जातीका मानिसहरूले त्यसताकाको जाडो याममा पनि लुगाको नाममा गुप्ताङ्ग छोप्ने लंगुती बाहेक अन्य केही पनि लुगा लगाएका थिएनन्। स्त्रीहरूको आङ्गमा पनि घुँडासम्म आउने एक प्रकारको घरबुनुवा कछार बाहेक



Downloaded from http://dhamma.digital

अरू लुगा थिएन। आइमाई तथा केटीहरूले आ-आफ्ना छाती छोप्न छातीभरि विभिन्न किसिमका मालाहरू लगाएका थिए। त्यसरी नाममात्रका लुगा लगाउनमा अभ्यस्त त्यहाँका आइमाई तथा केटीहरूले आफ्नो सम्पूर्ण जिउमा पहेँलो रंगको लुगा लगाएर कपाल खौरेकी धम्मवतीलाई साह्रै नै अनौठो मानेर हेरे। कतिपय स-साना बाल-बालिकाहरू त खूब रमाइलो मानी उसको पछि पछि पनि लाग्न थाले।

धम्मवतीलाई अनौठो मानेर हेर्नेहरूमा एउटी तरुनी केटीले धम्मवती पनि एउटी केटी नै हो भन्ने कुरो थम्याई। उसले धम्मवतीसित कुरागर्ने हिम्मत पनि गरी। त्यसरी आफूसंग कुरा गर्न आउने केटीलाई धम्मवतीले पनि हाँस्दै सहृदयता पूर्वक हावभाव गरेर जवाफ दिई। त्यो देखेर अरू पनि एक दुई जना केटीहरू धम्मवतीसित हावभावको इसारामा कुरा गर्न आए। त्यसरी निकैबेरसम्म धम्मवती ती केटीहरूका बीचमा रमाइरही। केहीबेरपछि एक जना माहुते आएर बोलाउन आएपछि मात्र धम्मवती बासस्थानमा फर्की।

बासस्थानमा फर्केर आएपछि स्थविर धम्मावुध मार्फत धम्मवतीले के थाहा पाई भने नागजातिका मानिसहरूको बस्तीमा एक्कासी पस्नु खतरापूर्ण छ। किनभने प्रायः जसो नाग जातिका मानिसहरू बाहिरिया मानिसहरूलाई आउन नदिने मनोबृत्तीका हुँदा रहेछन्। यस्तो कुरो थाहा नगरिकन एक्कासी आफ्नो बस्तीमा पस्ने बाहिरिया मानिस-



Downloaded from http://dhamma.digital

लाई नाग जातिका मानिसहरूले आक्रमण गरेर मार्ने गर्दा रहेछन् । संजोगले अहिले उनीहरू बास बसेका बस्तीका नाग जातिका मानिसहरू अन्य नाग जातिका मानिसहरू भन्दा अलि खुल्ला हृदयका भएकाले मात्र उनीहरूले धम्मवतीलाई सहृदय स्वागत गरेका थिए ।

बेलुकीको खाना पछि, झमक्क साँझ परेर अन्धकार छिप्दा नछिप्दै थुप्रै नाग जातिका बुढाबुढी, तरूण-तरूणी र केटा-केटीहरू धम्मवती र माहुतेहरू बास बसेको घरबाट धेरै टाढा नपर्ने एउटा खुल्लामैदानमा जमघट हुन थाले । त्यस जमघटमा त्यस बस्तीका मानिसहरूका अलावा वरपरका अन्य कतिपय बस्तीका मानिसहरू पनि जम्मा भएका थिए । त्यस्तो ठूलो जमघट देखेर र उनीहरूको हो-हल्ला सुनेर माहुतेका नाइकेले नाग जातिका नाइकेसित कुरा के हो भनेर सोध्यो । तब नाग नाइकेले स्थान नाइकेलाई त्यो दिन नाग जातिका मानिसहरूको एउटा विशेष चाड्को दिन भएकाले एउटा नाचगान हुन गइरहेको छ भन्ने कुरो सुनायो । इच्छुक भएमा उनीहरू पनि पाहुनाको रूपमा त्यस नाचगाम हेर्न जान सक्छ भन्ने कुरो पनि उसले सम्झायो । त्यसैले स्थविर र धम्मवती लगायत सबै माहुतेहरू त्यस हूलको एक छेउमा उभेर त्यस विशेष पर्वको उपलक्ष्यमा हुन लागेको नाचगान हेर्न गए ।

प्रत्येक प्राकृतिक घटना कुनै न कुनै देव-देवीको कृपाले हुन्छ भन्ने अन्धविस्वास नागजातिका मानिसहरूमा



Downloaded from http://dhamma.digital

रहेछ । कुनै बाली लगाइसकेपछि त्यसरी लगाएको बाली राम्ररी फस्टाउन भनेर देव–देवीलाई मनाउन र प्रत्येक बाली राम्ररी फस्टाएपछि त्यसरी बाली फस्टाएकोमा देव–देवीलाई धन्यवाद दिन उनीहरू नाचगान गर्दा रहेछन् । त्यस दिनको नाच चाहिं हिउँदे बाली फस्टाएकोमा देव--देवीलाई धन्यवाद दर्शाउन हुन गइरहेको थियो ।

नागहरूको नाचमा आफ्नै प्रकारको विशेषता थियो । नाच हुने मैदानमा थुप्रै दाउराहरूको एउटा निकै ठूलो रास थुपारिएको थियो । त्यो दाउराको रासमा आगो सल्काएर धुनी दनदनाएपछि त्यही धुनीको प्रकाशमा नाच सुरू गरियो । नाच्ने केटाहरू र केटीहरू प्रायः सबै एउटै कद र उचाइका थिए । नाच्ने केटाहरूको नाङ्गो आङ्गभरी विभिन्न रङ्गका बुट्टाहरू लेखिएका थिए । उनीहरूको टाउकोमा रङ्ग–बिरङ्गका प्वाँखहरू सजाएको मुकुट जस्तो आभुषण थियो । उनीहरूको हातमा भाला, तरवार आदि हतियार थियो । नाच्ने केटीहरूले घुँडासम्म आउने रङ्ग–बिरङ्गका धागोले बुनेको कछार जस्तो जामा मात्र लगाएका थिए । उनीहरूको माथिल्लो आङ्ग अनेक प्रकारका मालाहरूका साथै थुप्रै फूलका मालाहरूले सजाइएको थियो । उनीहरूले चुल्था बाँधेर चुल्थाभरी फूलहरू कोचेका थिए । त्यसरी सजिएर आएका केटा–केटीहरू सबैजना त्यस दनदनाइरहेको आगोको चारैतिर गोलाकार हुने गरी लाइनमा मिलेर नाच्न लागे । उनीहरूको नाच कुनै बाजाको तालमा होइन नाच्नेहरूकै



Downloaded from http://dhamma.digital

मुखबाट निस्केको विभिन्न किसिमको आवाजको तालमा नाचिएको थियो । अधिकांश नाच सामुहिक थिए भने कहिले काहिं एक्ले–दुक्लै पनि नाचेका थिए । बाजा गाना बिनाको त्यो नाचमा आफ्नै प्रकारको आकर्षण थियो । धम्मवती लगायत सबै माहुतेहरूलाई पनि त्यो नाच अन्तसम्मै हेरिरहुँ लागेको थियो । तर नाच राती अबेरसम्म पनि नटुङ्गिएकाले तीन दिनको यात्राले थाकेका ती यात्रुहरू नाच हेरिरहने रहर त्यागेर बासस्थानमा फर्कन बाध्य भए ।

भोलिपल्ट बिहान धम्मवतीले पुनः माहुतेहरूसित आफ्नो यात्रा प्रारम्भ गरी । तर अघि बढ्दै जाँदा जंगल झन झन घना हुँदै आयो । अब त चाँडै नै बर्माको शहर–बजार आइपुग्ने होला भनी आफूले गरेको आशामा तुषारापात भएको देखेर धम्मवतीले स्यान नाइकेसित आफूहरू कहिले कहाँ पुगिने हो भन्ने कुरो सोधी । अलि अलि हिन्दी बोल्न सक्ने स्यान नाइकेले अर्को दुई रात पुनः अनकन्तार जंगलमा बास बसेपछि तेस्रो रातको बास मिचिना नामको एउटा सीमान्त शहरमा हुने कुराको जानकारी दियो ।

स्यान नाइकेको कुरा सुनेर चाँडै बर्माको शहर–बजारमा पुग्ने धम्मवतीको उत्साह शिथिल भयो । अनायास नै उसको मुखबाट एउटा लामो सुस्केरा निस्क्यो । तर अगाडि बढ्नु बाहेक अरू उपाय थिएन । ऊ यन्त्रवत रूपमा माहुतेहरूको पछि पछि लाग्दै गई ।



Downloaded from http://dhamma.digital

अनेकानेक दुःख–कष्टहरू झेलेर, थुप्रै जंगलहरू पार गरी कैयौं पहाड–पर्वतहरू उक्ली–ओर्ली, पुनः दुई दिन दुई रातको समय मानव रहित इलाकामा बिताएपछि, तेस्रो दिन बिहानको यात्रा प्रारम्भ हुँदा स्थविर धम्मावुधले स्यान नाइकेसित त्यो दिन साँझसम्ममा मिचिना शहरमा बास बस्न जान पुगिन्छ कि पुगिंदैन भनेर सोध्नुभयो। स्यान नाइकेले सजिलै पुगिने छ भन्ने निश्चित जवाफ दियो।

यात्रा प्रारम्भ भएको एक घण्टाजति पछि माहुतेहरू-मध्ये एक जनाले उनीहरू हिँडिरहेको बाटोबाट केही पर, एक ठाउँमा हात्तीहरूको एक झुण्ड हिँडिएको निशानी देख्यो। उसले खुसी भएर अरू माहुतेहरूलाई पनि त्यतातिर औंल्या-एर देखायो। सबै माहुतेहरू स्थविर र धम्मवतीलाई बिर्सेर अनायास त्यो निशानी भएतिर दगुरे। स्थविर र धम्मवती पनि त्यतैतिर जान बाध्य भए।

त्यस ठाउँमा झाडी र बुटाबुटीहरू नराम्रोसित कुल्चिएका र भाँचिएका थिए। त्यहाँ ठूला–साना धेरै प्रका-रका हात्तीका पाइलाका चिन्हहरू देखिए। माहुतेहरू सबै निकै दिलचस्पी दिएर ती पाइलाका चिन्हहरूको अध्ययन गर्नमा ब्यस्त भए। केही बेर आपसमा छलफल गरिसकेपछि दुईजना माहुतेहरूलाई स्थविर र धम्मवतीको साथमा त्यहिं छोडेर बाकी छः जना माहुतेहरू सबै ती पाइलाका चिन्हहरू पछ्याउँदै अगाडि बढ्न थाले। झण्डै घण्टाभरपछि मात्र उनीहरू फर्के। त्यसरी फर्केका माहुतेहरू सबै धेरै खुसी



Downloaded from http://dhamma.digital

देखिन्थे । उनीहरू फर्केपछि सबै माहुतेहरू निकैबेरसम्म आपसमा छलफल गर्नमा ब्यस्त रहे ।

जंगली हात्ती पक्डेर तालिम दिइसकेपछि अरूलाई बेचेर जीविका गर्ने ती माहुतेहरूका लागि उक्त कामकारवाही कम महत्वको थिएन । अतः स्थविर र धम्मवती मूक दर्शक बनिरहे । आपसमा त्यसरी छलफल गर्नमा ब्यस्त माहुतेहरू सबै निकै उत्साहित र आनन्दित देखिएका थिए । केहीबेरपछि नाइके चाहिँले पुनः यात्रारम्भ गर्न अह्राएपछि मात्र अरू माहुतेहरू आ-आफ्ना पोको–पत्तरो उठाएर अघि बढ्न थाले ।

अबको यात्रामा मार्ग दर्शक स्थान नाइके नभइकन एक जना अर्कै माहुते भएको थियो । किनभने अहिले स्थान नाइकेको मुख्य काम मार्ग दर्शक हुनु नभइकन हात्तीको त्यो झुण्डबाट केही हात्तीहरू कसरी समात्ने भन्ने सम्बन्धमा अरू माहुतेहरूसित छलफल गर्नु थियो । सबै भन्दा अगाडि मार्ग दर्शक माहुते थियो । त्यसको पछाडि स्थविर र स्थविरको पछाडि धम्मवती थिबो । धम्मवतीको पछाडि लाम लागेर आएका अरू माहुतेहरू अझै पनि आपसमा विचार विमर्श गर्नमा नै ब्यस्त थिए । त्यसैले आपसमा छलफल गर्दै हिँडि-रहेका माहुतेहरू अनायास पछाडि छुट्दै गइरहेका थिए । तर मार्ग दर्शक माहुतेले त्यस कुरोको चाल पाएको थिएन । ऊ एउटा गीत गुनगुनाउँदै प्रफुल्लित उल्लासले आफ्नै सुरमा अगाडि बढ्दै थियो ।



Downloaded from http://dhamma.digital

स्थविर र धम्मवतीलाई माहुतेहरूको छलफलसित होइन अगाडि बढ्नुसित मात्र सरोकार थियो। त्यसैले उनीहरू पनि आफ्नै सुरमा मार्ग दर्शक माहुतेको पाइलामा पाइला मिलाएर अघि बढिरहे। त्यसरी घण्टौ अघि बढिसके-पछि पछाडि छुटेका माहुतेहरू मध्ये एक जनाले चिच्याएर बोलाएको सुनियो। आफ्नै सुरमा अगाडि बढिरहेकाहरूले पछाडि फर्केर हेरे। त्यो चिच्याएर बोलाउने नाइके माहुते थियो। त्यो झण्डै तीनसय मिटर जति पछाडि थियो। अरू माहुतेहरू त झन देख्दै नदेखिने गरी पछाडि छुटिसकेका थिए। त्यसरी चिच्याएर बोलाउने नाइकेले उनीहरूलाई पछाडि फर्कने हाते इशारा गऱ्यो। उसको इशारा अनुसार पछाडि फर्कनेहरूले करिब दश मिनेट जतिको बाटो फर्केपछि मात्र पछाडि छुटेका बाकी माहुतेहरूको समूहसम्म पुगियो।

कुरा के परेको थियो भने मार्ग दर्शक माहुतेले बाटो बिराएर गलत दिशातिर बढ्न थालेको थियो। त्यसैले उसलाई फिर्ता बोलाएको थियो। त्यसरी पछाडि फर्केर सबै जना एक थलोमा जम्मा भएपछि आपसमा छलफल गरेर पुनः सही बाटो पहिल्याउने भरमगदूर प्रयत्न गरियो। तर बाटो नभएको, वरपर रहेका पहाड–पर्वत आदि अनेक चिन्हारो र दिशाबोधको आधारमा मात्र, अगाडि बढ्नु पर्ने त्यस अन-कन्तार जंगलमा एकपल्ट बाटो बिराएपछि फेरि सही बाटो पहिल्याउनु कुनै सरल काम थिएन। सही दिशा र बाटोको खोजविनमा यत्रतत्र भौतारिंदा भौतारिंदै बिहानको एघार



Downloaded from http://dhamma.digital

नाघेर गएछ । त्यसैले सही बाटो पहिल्याउन छोडेर भए पनि अपरान्ह पछि केही नखाने शील पालना गरेका स्थविर धम्मावुध र शीलवती धम्मवतीलाई ख्वाउने काममा लाग्नु हतार भयो । तर माहुतेहरूसित खानेकुरोको नाममा केही पनि बाकी थिएन । त्यस दिन त्यस बेलासम्ममा मिचिना शहर जाने मोटरको बाटो भेटिने गाउँमा पुग्ने हिसाबले आसामबाट खानेकुरा बोकेर ल्याएको र सोही हिसाबअनुसार मिच्चिना पुग्ने एक्कीन पनि भएको हुनाले भएभरको खानेकुरा अघिल्लो दिन राती र त्यस दिन बिहान नै खाइसिध्याइ-सकेको थियो । त्यसैले माहुतेहरू सही बाटोको खोजमा लाग्न छोडेर जंगली कण्डमूल ढुँड्नमा लाग्न बाध्य भए ।

बिभिन्न दिशामा कण्डमूल खोज्न गएका माहुतेहरू आधा घण्टा जति पछि फर्के । सबैले खोजेर ल्याएका खाने-कुराहरू र मारेर ल्याएका शिकार बटुल्दा दुई थरिका कण्डमूलहरू, तीन काइँयो जंगली केरा, एउटा खरायो र दुईवटा ढुकुर भयो । स्थविर र धम्मवतीलाई कण्डमूल र जंगली केरा उसिनेर खुवाइयो र माहुतेहरूले खरायो र ढुकुरको मासु पोलेर खाए । खानपिन पछि फेरि सही बाटो पहि-ल्याउने कार्य सुरु भयो । तर घण्टौं प्रयास गर्दा पनि सही दिशा ठमाउन सकेन । अन्तमा केही नलागेपछि त्यसरी अलमलिरहनु भन्दा सही बाटो चिनुलिनु नसकुञ्जेल पहिले आएको बाटो गरी पछाडि फर्कनु नै बेस हुने निधो गरियो ।



Downloaded from http://dhamma.digital

दुई घण्टा जतिको बाटो फर्केर गई पहिले हात्तीको पदचिन्ह भेटिएको ठाउँमा पुग्नलागेपछि मात्र सही दिशा र बाटो पहिल्याउन सकियो। यसरी झण्डै पाँच छः घण्टाको हिंडाइ खेर गयो।

सही बाटो भेटाएर पुनः यात्रारम्भ गर्दा बिउँसोको तीन बजिसकेको थियो। मिचीना शहर तिर जाने मोटरको बाटो भेटिने गाउँसम्म पुग्न जति छिटो हिंडे पनि अर्को चार घण्टा जति लाग्ने भएकाले माहुतेको नाइकेले सकभर छिटो हिंड्ने अथक प्रयास गऱ्यो। तर घण्टौंसम्म सही बाटो पहिल्याउन जतातत्तै भौतारिएका माहुतेहरू सान्है थाकिसकेका थिए। केही समय हिंडेर आम मानिसले प्रयोगमा ल्याउने गरेको चलनचल्तिको बाटो भेटेपछि माहुतेहरू सबै पाइलो सार्नमा नै असमर्थ भए। तर बिच बाटोमा सुस्ताउँदै बिस्तार बिस्तार अघि बढ्ने गरेमा बासबस्ने गाउँमा पुग्ने बेलासम्ममा रात धेरै छिपिसकेको हुने पक्का थियो। यसो गर्नाले दुई प्रकारको खतराको सामना गर्नु पर्ने हुन्थ्यो। पहिलो खतरा– रात परेपछि त्यस बाटोमा हिंसक जनावरको भय हुने थियो। दोश्रो खतरा — त्यसबेला उनीहरू हिंडिरहेको बाटो र त्यहाँ भन्दा अगाडिको बाटोमा खतरनाक प्रकारका झिमाहरू र लामखुट्टेहरू थुप्रै थिए। त्यो बाटोमा बिस्तारै हिंड्दा या सुस्ताइरहँदा ती झिमा र लामखुट्टेको टोकाइबाट बच्न असम्भव हुने थियो। सही बाटोको खोजमा यत्रतत्र भौतारिनु परेकाले सान्है गलेका माहुतेहरू यी दुई खतराको सामना



Downloaded from http://dhamma.digital

गर्नै पर्ने भएतापनि सुस्ताउँदै अघि बढ्नमा बाध्य भइसकेका थिए । तर अरूहरू सही बाटोको खोज र खानेकुरोको खोजमा हिँडेको बेलामा केही सुस्ताउने मौका पाएका स्थविर र धम्मवती अझै त्यति थाकिसकेका थिएनन् । उनीहरू अरूलाई नपर्खिकन अहिले भेटिएको चलन चल्तिको बाटोमा सरासर अघि बढ्दै गएमा रात छिपिसक्नु भन्दा पहिले नै बासबस्ने गाउँमा सुरक्षितसाथ पुग्न सक्ने थिए । त्यसैले यी सब कुरो राम्ररी सम्झाएर माहुतेको नाइकेले स्थविर र धम्मवतीलाई अरूहरूलाई नपर्खिकन जति सक्यो त्यति छिटो बासबस्ने गाउँतिर अघिबढ्न अनुरोध गऱ्यो । माहुते नाइकेको उक्त अनुरोध जायज भएकाले स्थविरले धम्मवतीलाई साथमा लिएर जति सक्यो त्यति छिटो अघि बढ्न हिम्मत गर्नुभयो ।

अगाडिको बाटो माहुतेको नाइकेले भने झैं कतै केही अलमलिनु नपर्ने, चलन चल्तिमा आइराखेको बाटो नै थियो । तर अझै पनि जंगल भित्रकै बाटो भएकाले बाटोमा आउन जाने अरू कुनै पनि यात्रुहरू भेटिएको थिएन । सुनसान बाटोमा स्थविर सकभर छिटो छिटो अघि बढ्दै जानु भयो । धम्मवती पनि उहाँको पछि पछि बढ्दै गईं । यसरी जाँदा जाँदै साँझ छिप्दै गयो । नभन्दै झमक्क साँझ पनि परि-हाल्यो । तर पनि माहुतेको नाइकेद्वारा निर्देशित बासबस्ने गाउँ देखिएन । न त कुनै अर्को गाउँ नै भेटियो । यो देखेर बिहानभर गलत बाटोमा भौंतारिनु परेकाले चेलिसकेकी



Downloaded from http://dhamma.digital

धम्मवतीले स्थविर धम्मावुधलाई यसरी भनी — "भन्ते ! साँझ छिपेर रात पनि परिसकेको छ । तर पनि बासस्थान पुगिएको छैन । के हामीले फेरि पनि बाटो त भुलेनौं ? . . . . . . . . बिहानको उज्यालोमा बाटो भुल्दा त त्यत्रो हण्डर खाइयो । अहिले बाटो भुल्यौं भने त पक्कै पनि हिंस्रक जानवरहरूको शिकार होइने छौं । त्यसैले कि फर्कौं, कि यहीं बसेर माहुतेहरूलाई पर्खौं ।"

"मिचीना जाने सडक नजिकिएकाले अब त ठाउँ ठाउँमा गाउँघरहरू भेटिएला भन्ने बिचारले माहुते नाइकेको कुरा सुनेर अगाडि आउने हिम्मत गरेको थिएँ । तर अझै कुनै पनि गाउँ भेटिएको छैन । बाटो अझै धेरै नै बाकि छ जस्तो छ । तर लगातार अगाडि बढ्दै जानु बाहेक अब अर्को केही पनि उपाय छैन । त्यसैले हिम्मत नहारिकन सरासर अगाडि बढ्दै जाउँ । किनभने बाटो भुल्ने कुनै पनि सम्भावना छैन । बाटो पक्कै पनि यही हुनुपर्छ ।" — यति भनेर स्थविर आफूले बाटो बिराएको छैन भन्ने आत्म विस्वासको भरमा फटाफट अघि बढ्दै जानुभयो ।

स्थविरमा आत्म विस्वास भएपनि धम्मवतीको मनमा अनेक प्रकारको डर-त्रास झाँगिसकेको थियो । शारीरिक थकानका साथै मानसिक थकाइले गर्दा ऊ पछाडि छुटेका माहुतेहरू भन्दा धेरै गुणा असमर्थ भई । तर माहुतेहरूले झैं स्थविरलाई — "तपाई सक्ने अगाडि बढ्दै जानुहोस् म



Downloaded from http://dhamma.digital

थाकेको बिस्तारै पछ्याडि आउँदै गर्नै छु" — भन्न भएन उसले । सकेर या नसकेर पनि स्थविरको पाइलोमा पाइलो मिलाउँदै अघि बढ्नमा ऊ बिवश थिई ।

रात छिपिसकेपछि, जबरजस्ती आफै आफूलाई घिसार्दै गइरहेकी धम्मवतीले स्थविरको निम्न उल्लासपूर्ण स्वर सुनी — "आखिर हामीले एउटा गाउँ भेटाएरै छाड्यौं । अब तिमीले आफ्नो डगमगाएको शाहस बढाउन सक्नेछौ ।"

स्थविरको उक्त उल्लासपूर्ण स्वरले धम्मवतीको ज्यानमा ज्यान आयो । उसले टाउको उठाएर स्थविरतिर हेरी । स्थविर ऊ भन्दा १०० फीट जति अगाडि गइरहनु भएको थियो । स्थविर भन्दा अगाडि १० मिनेट जतिको हिंडाइको दूरीमा पर्ने एक ठाउँमा, आगो बालिराखेको देखियो । त्यसरी आगो बालिएको देखिएपछि धम्मवतीको जीउमा ज्यान आयो । ऊ खुसीले प्रफुल्लित भएर उत्साह-पूर्वक अगाडि बढ्न थाली ।

केही बेरमा उनीहरू त्यो आगो बालिएको ठाउँमा पुगे । पाँच छः ओटा घरहरू भएको त्यो सानो गाउँ नै माहुतेहरूद्वारा निर्देशित मिचीना जाने मूल सडकको छेउमा अवस्थित गाउँ थियो । त्यसैले आफ्ना सहयात्रीहरूको पर्खाइमा स्थविर धम्मावुध र शीलवती धम्मवती एक ठाउँमा सुस्ताउन बसे । झण्डै दुई–ढाई घण्टासम्म त्यसरी सुस्ताउन



Downloaded from http://dhamma.digital

बसेका उनीहरूले आफ्ना सहयात्री माहुतेहरूको शुभचिन्तना गरिसक्दा मात्र ती माहुतेहरू त्यस ठाउँमा आइपुगे । माहुतेहरू आइपुगेपछि उनीहरूले चिनजानको एउटा घरमा बास बस्ने व्यवस्था गरियो । त्यसबेला स्थविर र धम्मवतीले सबै माहुतेहरूको आङ्गभरि थुप्रै स-साना घाउहरू देखे । त्यस बारे सोधपुछ गर्दा के थाहापाए भने ती घाउहरू दिउँसो लामखुट्टे र झिंगाहरू धेरै भएको ठाउँमा सुस्ताउँदै सुस्ताउँदै आउन परेकाले त्यहाँका लामखुट्टे र झिंगाहरूको टोकाइबाट भएका घाउहरू थिए । सो थाहा पाएपछि स्थविर र धम्मवती दुवै जनाले आफूहरूलाई त्यस प्रकारको टोकाइबाट बचाउन उपयुक्त सुझाव दिएकोमा माहुतेको नाइकेलाई मनमनै लाख धन्यवाद दिए ।



Downloaded from http://dhamma.digital

# १८. मिचीना

धम्मवती र उसका सहयात्रीहरू बासबसेको ठाउँबाट मिचीनातिर जाने मोटरको बाटोको केही भाग अर्फै पनि निर्माणावस्थामा नै थियो । त्यस बाटोमा अर्फै दैनिक बससेवा चलिसकेको थिएन । त्यस बाटोको पछिल्लो भागमा भइरहेको निर्माण कार्यमा कार्यरत एक–दुई ओटा ट्रकहरूमात्र आकल झुकल आवत–जावत गरिन्थ्यो । निर्माणाधिन इलाकाबाट मिचीना शहरतिर जाने ट्रकहरू बिहानको दशबजे देखि दिउँसो चार-पाँच बजेसम्ममा कुनै पनि बेला आउन सक्थ्यो । त्यसैले बिहान दशबजे भित्रै खाइवरी मिचीनातिर जाने सबै यात्रुहरू मिचीनातिर जाने ट्रकको प्रतिक्षामा सडकमा कुर्न गए ।

सडकमा मोटर कुरिरहँदा माहुतेको नाइकेले स्थविर धम्मावुधलाई के सल्लाह दिए भने, धम्मवती पासपोर्ट र भीसा बिना बर्मा आएकी हुनाले बीच बाटोमा प्रहरीले छान-बिन गरेमा अनावश्यक झमेला उत्पन्न हुन सक्छ । त्यसैले मिचीना शहर भित्र नपसिकन सिधै रंगूनतिर लाग्नु श्रेयष्कर



Downloaded from http://dhamma.digital

होला । तर छः दिन छः रातको कठिन यात्राबाट स्थविर र धम्मवती दुबै जना सार्है थाकिसकेकाले एक–दुई दिन मिचीना शहरस्थित विहारमा आराम नगरिकन सोझै रंगून-तिर लागेमा बीच बाटोमा नै थला पर्न सक्नुका साथै त्यसरी जाँदा बीच बाटोमा अपरझट अरू जुनसुकै समस्या परेमा पनि झन बढी दुःख पाइने हुन्थ्यो । त्यसैले मिचीना शहर स्थित विहारमा एक–दुई दिन आराम गरेर त्यस अवधि भित्रमा आफ्नो जान–पहिचानका रंगूनस्थित सरकारको ठूलठूला ओहदामा बसेका दायकहरूसित टेलिग्राम मार्फत सम्पर्क राखी आवश्यक ब्यवस्था मिलाइसकेपछि मात्र सुरक्षित रूपमा रंगूनतिर जानु उचित हुने कुरो स्थविरले माहुतेको नाइकेलाई सम्झाउनु भयो । स्थविरको योजना बढी ब्यवहारीक देखि-एकाले माहुतेको नाइकेले त्यस प्रसङ्गलाई छोडी स्थविरसित बुद्ध–धर्म सम्बन्धमा छलफल गर्न थाले । यस्तैमा मिचीनातिर जाने एउटा ट्रक आइपुग्यो । मिचीनातिर जाने सबै यात्रुहरू त्यस ट्रकमा बसेर गए ।

अझै पीच भइनसकेको त्यस ग्राभिल बाटोमा त्यो ट्रक सकभर छिटो कुडाएको भएतापनि बिहान एघार बजेतिर ट्रकमा बसेका यात्रुहरू साँझ पाँच बजेतिर मात्रै मिचीना शहरमा पुगे । मिचीना शहरमा ट्रकबाट ओर्लेपछि स्थविर धम्मावुध र शीलवती धम्मवतीले, आफूहरूलाई सुरक्षित रूपमा त्यहाँसम्म आउनमा साथ दिएकाले माहुतेको नाइकेका साथै सबै माहुतेहरूलाई सहृदय धन्यवाद दिए । माहुतेहरूसित



Downloaded from http://dhamma.digital

शिष्टाचारपूर्वक बिदावारी लिइवरी, उनीहरू मिचीना शहर स्थित विहारतिर लागे ।

सबै कुरो थाहा गरिसकेपछि मिचीना शहर स्थित विहाराधिपति, स्थविर धम्माबुधको शासनिक कार्य प्रतिको लगनशीलता र शीलवती धम्मवतीको अगम्य साहस देखेर साह्रै नै प्रभावित हुनुभयो । त्यस्तै नै प्रभावित भए त्यस विहारमा भएका अरू भिक्षुहरू र त्यहाँ आउने उपासक उपासीकाहरू पनि । धम्मवतीको साहसी यात्रा वर्णन र उसले लगाइ आएको अनौठो प्रकारको लुगाको कारण अर्को दिन-भरसम्ममा धम्मवती अनायास नै मिचीना शहरवासीहरूबिच एउटा चर्चित व्यक्ति हुन पुगी ।

त्यसताका बर्मामा एकलाख भन्दा बढी नेपालीहरू बसोबास गरिरहेका थिए । पहाडी मुलुक नेपालका आदि-बासीहरू जीविकोपार्जनका लागि जुनसुकै देशमा पुगेतापनि पहाडी भेगमा नै बस्न बढी रूचाउँछन् । बर्मामा पुगेका नेपालीहरूमा पनि अधिकांश नेपालीहरू उत्तरी बर्माको पहाडी इलाकामा नै थिए । मिचीना जिल्लामा बीस हजार भन्दा बढी नेपालीहरू थिए । धम्मवतीको चर्चा फैलिंदै गएर त्यहाँ स्थित नेपालीहरूको समुदायमा पनि पुग्यो ।

कुनै कुरोलाई यथार्थ रूपमा बुझ्ने कष्ट नगरिकन आफ्नै ढंगले बुझ्नु र "ल है ल है" मा लाग्नु वर्तमान युगका आम नेपालीहरूको सामान्य चिनारी भन्नु अत्युक्ति हुने छैन ।



Downloaded from http://dhamma.digital

धम्मवतीको सन्दर्भमा पनि त्यसबेला त्यही हुन गयो । सुरूमा — "एउटी गोर्खाली शीलवतीले बुद्ध–धर्मको अध्ययन गर्न अगम्य साहस गरेर आसामको बाटो पैदल यात्रा गरेर बर्मामा आएको छ" — भनेर प्रचार भएको कुरो एक कान, दुई कान मैदान हुँदा हुँदै नेपाली समुदाय भित्र चर्चा हुँदै जाँदा अन्तमा — "एउटी गोरखाली केटीलाई एउटा बर्मी भिक्षुले अनौठो लुगा लगाउन दिएर नक्कली शीलवती बनाएर, फकाएर ल्याएको छ रे" — भन्ने हुन गयो ।

सबै जातिको फूलवारी मानिएको नेपाल देश सानो भएतापनि यहाँ धेरै जातिका मानिसहरू मिलिजुली बसोबास गर्दछन् जस्तै — तामाङ्ग, मगर, गुरूङ्ग,राई, लिम्बु, नेवार, बाहुन, क्षेत्री, थारू, थकाली, लाप्चे, सेर्पा, आदि इत्यादि । यी विभिन्न जातिहरूमध्ये नेवार जातिकी भनिन सक्छ धम्मवतीलाई । तर वास्तवमा "नेवार" यो एउटा जाति विशेष सूचक शब्द नभइकन, पुरानो युगको नेपाल देशको केन्द्रिय राज्य भित्र पर्ने काठमाण्डौ उपत्यका भित्रका नेपालीहरूको एकता सूचक शब्द मात्र हो । नेवार भनिने मानिसहरू भित्र ज्यापू, शाक्य, उदास, श्रेष्ठ आदि अनेक जातिका मानिसहरू पर्दछन् । धम्मवती शाक्य जातिकी हो । शाक्य यो एउटा धेरै पुरानो जाति हो । शाक्य जातिको इतिहास हजारौं वर्ष पुरानो छ । भगवान बुद्ध र सम्राट धर्माशोक पनि शाक्य जातिका नै हुन् । मूल त शाक्य जाति क्षत्रिय हो ।

पुरानो युगका नेपालीहरू बीचको एकता सूचक शब्द



Downloaded from http://dhamma.digital

"नेवार" भए झैं वर्तमान युगका नेपालीहरू बीचको एकता सूचक शब्द "गोर्खाली" हो । गोर्खालीहरू बीर, साहसी तर अति सीधासाधा स्वभावका हुन्छन् । त्यसैले हजारौं गोर्खाली युवकहरूलाई बहकाएर बिदेशमा लगी बिदेशी सरकारको सुरक्षाका लागि बलिको बोका हुने सिपाही बनाएका छन् त सयौं गोरखाली युवतीहरूलाई बहकाएर बिदेशमा लगेर बिदेशीहरूको कामवासनाको शिकार बनाएका छन् । गोरखा-लीहरूमा आफ्ना युवकहरूलाई बलिको बोका बनाउने प्रक्रियाको बिरोध गर्ने जन चेतना अझै त्यति प्रबल रूपमा जागरण भइनसकेता पनि आफ्ना युवतीहरूलाई कामवासनाको शिकार बनाउने प्रक्रियाको बिरोध गर्ने चेतना भने तिव्र रूपमा जागरण भइसकेको छ । गोरखालीहरू आफ्नो समुदायकी कुनै एउटी केटीलाई कुनै अर्को समुदायको कामवासनाको शिकार त के आफ्नो समुदायकी कुनै एउटी केटीले आफ्नो स्वइच्छाले कुनै अर्को समुदायको मान्छेको धर्मपत्नी बन्न खोज्ने कुरोलाई पनि सहज स्विकार्न चाहँदैनन् ।

एकजना बर्मी भिक्षुले एउटी गोरखाली केटीलाई फकाएर ल्याएको छ रे भन्ने हल्ला सुनेर वरपरका थुप्रै गोरखालीहरू मियौमा स्थित बिहार बाहिर जम्मा भए । त्यसरी जम्मा भएका गोरखालीहरूले सबै भन्दा पहिले दुई-चार जना बुढोहरूलाई पठाएर धम्मवतीसंग कुरा थुत्न लगाए । पराइ देशमा आफ्ना स्वजाति आइमाईहरूसित कुरा



Downloaded from http://dhamma.digital

गर्न पाएको धम्मवतीले ती बुढोहरूलाई सम्पूर्ण कुरो केही नढाँटिकन खुलस्त बताई ।

बुद्धको जन्मभूमी नेपालका अधिकांश जनता मूल त बौद्ध नै हुन् । तर त्यहाँका धर्मभिरू र धर्मगुरुहरूमा पलाएको लोभको कारण, उनीहरू पुरोहिताइ र जजमानी काममा मात्र लिप्सिएपछि, उनीहरूले बुद्ध–धर्मका बैज्ञानिकतालाई त्यागी बुद्धको प्रादुर्भावले सम्पूर्ण जम्बुद्वीपमा धरासायी भइसकेको इश्वरवादी भक्तिमार्ग र दानकर्ममा आधारित कर्मकाण्डमा मात्र जोडदिने गरिरहेको छ । उनीहरू अनिश्वर–अनात्म-वादी, बैज्ञानिक हेतुवादको प्रवर्तक, तथागत सम्यक सम्बुद्धलाई पनि इश्वरको अवतार बनाएर ठग्नमा सफल भएका छन् । त्यसैले नेपालीहरूले बुद्धलाई पुज्ने गरेतापनि बुद्धको महिमा-लाई बिर्सिसकेका छन् । मिचीना शहरवासी गोरखालीहरूमा पनि बुद्ध र बुद्ध–धर्मको महिमालाई बुझ्न सक्ने क्षमता देखिएन । बुद्ध–धर्मको महत्व बुझ्न नसकेका ती गोरखाली-हरूले धम्मवतीबाट ऊ को हो र किन, कहाँबाट कसरी त्यहाँसम्म आइपुगी भन्ने कुरो सबै थाहा गरिसकेपछि, उनीहरू के निष्कर्षमा पुगे भने — "नेपालको राजधानी काठमाण्डौ शहरमा, आम नेपालीहरूले आफ्नो पूंजीको रूपमा लिने, बिभिन्न धातुका भाँडा–वर्तनहरूको उद्योग–ब्यापारमा लागेका, एउटा प्रतिष्ठित परिवारकी छोरीले यदि साँच्चै नै बुद्ध-धर्मको अध्ययन गर्ने अभिप्रायले बर्मा आउन चाहेकी भए उसलाई अनकन्तार जंगलको बाटो पैदल त के पानी जहाज-



Downloaded from http://dhamma.digital

बाट पनि नपठाइकन हवाईजहाजबाट पठाउनु पर्नै हो। त्यसैले ती केटी बुद्ध-धर्मको अध्ययन गर्ने प्रलोभनमा भागेर आएकी या भगाइ ल्याएकी नै हुन्। त्यसरी बहकिएर आएकी एउटी स्वजाति केटीलाई त्यस बर्मी भिक्षुबाट उम्काएर आफूहरूसित सुरक्षित रूपमा राखी, पछि उसको घरका मानिसहरूलाई खबर गरेर, मिचीनामा बोलाई उनीहरूको साथ लगाई पुनः घरमा फिर्ता पठाउनु पर्छ।"
--- यसरी निधो गरेका गोरखालीहरूले सर्व प्रथम धम्मवती-लाई — त्यस बर्मी भिक्षुको बहकाइमा नबहकिकन मिचीना-बाटै नेपाल फर्कन सम्झाउने-बुझाउने भरमगदूर प्रयत्न गरे। तर आमा-बाबु र गुरुले सम्झाउँदा त पछि नहटिकन ज्यानको बाजी लगाएर बर्मा पसेकी धम्मवती ती चिनजान नभएका, विदेशमा बसेका मानिसहरूको कुरा सुनेर पछि हट्ने त कुरै भएन। त्यसरी धम्मवतीलाई सम्झाएर फर्काउन नसके पछि ती गोरखालीहरू स्थविर धम्मावुधलाई सम्झाउन अग्रसर भए। गोरखालीहरूको कुरो सुनेपछि स्थविर धम्मा-वुधले ती गोरखालीहरूलाई उनीहरूको भ्रम निवारण गर्न सक्दो प्रयत्न गर्नु भयो। तर पूर्वाग्रहले ग्रसित गोरखालीहरू स्थविर धम्मावुधको कुरा मान्न तयार भएन। उनीहरूले स्थविरलाई धम्काएर तर्साएर भएपनि धम्मवतीलाई उहाँको पञ्जाबाट उम्काउने प्रयास गरे। त्यसरी धम्काउँदा पनि गुरु-चेला दुवै जना विचलित नभएपछि अन्तमा उनीहरू कानूनी कारवाही गर्न अग्रसर भए।



Downloaded from http://dhamma.digital

मिचीना जिल्लामा बसेका गोरखालीहरू सुसंगठित्त थिए । मिचीनामा 'नेपाली गोरखापरिषद, र 'अखिल बर्मा गोरखापरिषद' गरी गोरखालीहरूको दुइटा संगठन थिए । ती गोरखालीहरुले उपरोक्त संगठन मार्फत स्थविर धम्मावुध र शीलवती धम्मवतीको सन्दर्भमा राम्ररी छानबिन गरी गोरखाली समुदायको भ्रम निवारण गरियोस् भन्ने आसयको उजुरी हाले । यसरी निवेदन परेपछि स्थविर धम्मावुध र शीलवती धम्मवतीलाई थानामा बोलाइयो । गुरु-चेला दुबै जनाको बयान र उनीहरूको बयानलाई सत्य प्रमाणित गर्ने धम्मवतीकी आमा हीराथकूँले स्थविर धम्मावुधलाई आफ्नी छोरी सुम्पँदै लेखेको पत्रको छानविन भएपछि गोरखाली-हरूको आरोप मिथ्या सावित भयो । तर नियमानुसार पासपोर्ट र भिसा देखाउन नसकेको कारण धम्मवतीलाई कानूनी कारवाही गर्‍यो । प्रचलित कानून बमोजिम पासपोर्ट र भिसा देखाउन नसकेको कारण देखाएर नियमानुसार पासपोर्ट र भिसा दिलाइ पाउन धम्मवतीले निवेदन दिनु पर्‍यो । उक्त निवेदन उपर कारवाही भई पासपोर्ट र भिसा बनी नआउन्जेल धम्मवती सरकारी कारागारमा अथवा कुनै मान्य जमानतको आधारमा सरकारी निगरानीमा रहनु पर्थ्यो । तर स्थविर धम्मावुधले तत्काल कुनै मान्य जमानत पेश गर्नु सक्नु भएन । त्यसैले धम्मवती थुनामा रहने भइयो । जसको हित चिताएर आफूहरूले कानूनी कारवाही चलाएका थिए उल्टो त्यही ब्यक्ती थुनामा पर्न लागेको



Downloaded from http://dhamma.digital

देखेर गोरखालीहरूले तत्काल धम्मवतीको रिहाइका लागि जमानत पेश गरे । तर गोरखालीहरूको झूठो आरोपको कारण उनीहरू देखि साह्रै रिसाएकी धम्मवतीले उनीहरूको जमानतमा छुटेर जान अस्विकार गरी । त्यस्तो अन्योल परिस्थिति उत्पन्न भएको देखेर थानाकै एकजना भलादमी अधिकृतले आफ्नै जमानतमा धम्मवतीलाई आफ्नो घरमा आश्रय दिने निधो गऱ्यो ।

धम्मवतीलाई आश्रय दिने अधिकृतकी एउटी छोरी झण्डै धम्मवतीकै उमेरको थिई । उनीहरू बीच भाषा रूपी पर्खाल भएपनि सहजै एक–अर्का प्रति स्नेह उत्पन्न भयो । अधिकृतकी छोरीले धम्मवतीलाई बर्मी भाषा सिकाउन थाली ।

केही हप्तापछि पासपोर्ट र भिसा नलिइकन बर्मामा पस्नु परेको कारण देखाई नियमानुसार पासपोर्ट र भिसा दिलाइ पाउन धम्मवतीले दिएको निवेदन उपर अदालतमा सुनवाइ हुने तारिखको दिन आयो । अदालतमा सबै भन्दा पहिले धम्मवतीसंग बर्मामा प्रचलन नभएको भाषामा निवेदन किन दिएको भन्ने सोधनी भयो । कुरा के थियो भने बर्मामा त्रिपिटकका सम्पूर्ण ग्रन्थहरू बर्मी लिपीले पालि भाषामा लेखिएका छन् । त्यसैले बर्मामा गएर त्रिपिटकको अध्ययन गर्न अठोट गरेकी धम्मवतीलाई स्थविर धम्मावुधले कुशीनगरमा रहँदा बर्मी अक्षरमा पालि पढ्न र लेख्न



Downloaded from http://dhamma.digital

सिकाउनु भएको थियो। बर्मी भाषा अझै सिक्न नपाएकी धम्मवतीले बर्मी अक्षरले पालि भाषामा नै आफ्नो निवेदन लेखेकी थिई। त्यसैले पढ्न सक्ने तर अर्थ नबुझ्ने निवेदन देखेर झर्केको सरकारी वकिलले सबै भन्दा पहिले निवेदनको भाषाकै प्रश्न उठाएको थियो।

सरकारी वकिलको सवाल सुनेर धम्मवतीले यसरी प्रश्न गरी — "के, श्रीमान बौद्ध हुनुहुन्न र ?"

अभियुक्तले सवाल माथि सवाल गर्ने हिम्मत गरेको देखेर सरकारी वकिलले झर्कंदै भन्यो — "यहाँ बौद्ध र अबौद्धसंग केही सरोकार छैन। यो अदालत हो। यहाँ कानूनी कुरामात्र हुनुपर्छ। अन्यथा अदालतको अवहेलना गरेको ठहरिने छ।"

"मैले अदालतको अवहेलना गर्न खोजेको होइन। न त श्रीमान कै अवहेलना गर्न खोजेकी हुँ। किनभने श्रीमान, यस बौद्ध राष्ट्र बर्मामा बुद्धको भाषा हुनाका साथै सम्पूर्ण बौद्धहरूको ठूलो मान्यता दिइआएको भाषा – 'पालि भाषा' कानूनी रूपमा बैध होला भन्ने ठानेर मैले आफ्नो निवेदन पालि भाषामा लेखेकी हुँ।"

जसरी ब्रिटिश साम्राज्यको प्रभावमा परेका हिन्दुस्थान, पाकिस्तान आदि देशहरूका मानिसहरूमा अंग्रेजी भाषा बोल्नेहरूप्रति सत्कार गर्ने चलन छ, त्यसरी नै बर्मा,



Downloaded from http://dhamma.digital

श्रीलङ्का आदि स्थविरवादी बौद्ध देशहरूका मानिसहरूमा पालि भाषा बोल्नेहरूप्रति सत्कार गर्ने चलन छ। त्यसैले सरकारी वकिलले, पालि भाषामा निवेदन दिने धम्म-वतीप्रति पूर्वाग्रह रहित भएर राम्रो व्यवहार गऱ्यो। धम्मवतीले पालिमा लेखेको निवेदन बर्मी भाषामा उल्था गर्न लगाएर पुनः अदालत बस्ने अर्को तारिख दिइयो।

धम्मवतीले आफ्नो बयानमा आफू सकभर छिटो त्रिपिटक पढ्ने तिव्र इच्छाको कारण पासपोर्ट र राहदानीको प्रतीक्षामा नबसिकन पैदल हिंडेर आएकी हुनाले सकभर छिटो मोलमिन शहर स्थित खेमाराम शीलवती विहारमा जान पाउने र त्यही विहारमा बसेर नै नियमानुसार पासपोर्ट र राहदानी पाउने बारेमा आवश्यक कानूनी कारवाही गर्न पाउने अनुरोध गरेकी थिई। केही हप्तापछि दोश्रो तारिखको दिनमा उक्त निवेदन उपर बयान तलबी हुंदा न्यायाधीशले मिचीना जिल्लामा चलेको केस नटुंगिएसम्म धम्मवती मिचीना शहरमा पुलिस अधिकृतकै आरक्षमा रहनु पर्ने ठहर गऱ्यो। यसरी महिना दिन भन्दा लामो समय गुज्रेर गयो।

त्यस अवधि भित्र स्थविर धम्मावुधले मोलमिन शहर र रंगूनमा रहेका प्रतिष्ठित दायकहरूसंग पत्राचार गरेर त्यस मामलामा आवश्यक सहयोग पाउने प्रयत्न गर्नुभयो। उहाँको मुख्य प्रयास सके धम्मवती र उसको केसलाई रंगून अदालतमा हस्तान्तरण गराउने नसके कमसेकम त्यो मुद्दा



Downloaded from http://dhamma.digital

मात्रै भएपनि रंगूनमा पठाएर चाँडो तुङ्गो लगाउनु रह्यो । तर अड्डाको काम कहिले जाला घाम भने झैं भएर झन्डै दुई महिनाको समय त्यसै तालमतोलमा बित्यो । दुई महिना पछि बल्ल स्थविर धम्मावुधका बिभिन्न दायक दायिकाहरूको सत प्रयासको फलस्वरूप धम्मवतीको मुद्दा रंगून चलान गरि पठाउनु भन्ने लिखित आदेश रंगूनबाट मिचौनाको अदालतलाई आयो ।



Downloaded from http://dhamma.digital

# १९. बन्धनागार

रंगूनबाट आएको लिखित आदेश पाउने बित्तिकै मिचीनाको जिल्ला अदालतले धम्मवतीलाई हवाईमार्ग मार्फत रंगून पठाइदिने निधो गर्‍यो। स्थविर धम्मावुधसंग रात्री छलफल गर्ने मौकासम्म पनि नदिइकन धम्मवतीलाई रंगून पठायो।

स्थविर धम्मावुधले महालेखापरिक्षक ऊ सांल्वीं र श्रीमती दोएच्वेलाई लेखेको एउटा पत्रको आडमा रंगून जान विवश भएकी धम्मवती बसेको हवाइजहाज बेलुकी ६ बजेतिर रंगून स्थित मंगालडु एरोड्रममा ओर्लयो। अपरझट रंगून पठाएकी धम्मवतीलाई कसैले लिन आउने त कुरै भएन। उनी आफ्नो साथमा खटेर आएको प्रहरीको पछि पछि लागेर जान बाध्य भई।

त्यस प्रहरीले धम्मवतीलाई रंगून स्थित कुनै एउटा कारागारमा जिम्मा लगाएर छुट्टि पाउने निधो गर्‍यो। तदनुसार धम्मवती बिमानस्थलबाट नजिक पर्ने 'भा'



Downloaded from http://dhamma.digital

नामको जेलमा ल्याइयो । तर धम्मवतीले आफूलाई त्यसरी एउटा जेलमा ल्याइएला भनेर सोचेकै थिइन । उसले त आफूलाई महालेखापरिक्षक ऊ सांल्वींको जिम्मामा सुम्पिएला भनी थानेकी थिई । आफ्नो सोचाइ बिरूद्ध आफूलाई जेलमा हुल्न लागेको चालपाएपछि धम्मवतीले खोरभित्र पस्न इन्कार गरी । उसले के तर्क गरी भने उसले त्यसरी जेलमा बस्नु पर्ने कुनै अपराध गरेकी नै थिएन । तब त्यहाँ एक प्रकारले समस्या उठ्यो । धम्मवती खोरभित्र पस्न इन्कार गर्ने र जेल कर्मचारीहरू धम्मवतीलाई त्यो एक रात मात्रै भएपनि जेलमा राख्न किन बिवश छ भन्ने कुरो भाषाको समस्याले गर्दा राम्ररो सम्झाउन नसक्ने । त्यसैले अन्तमा कतैबाट एकजना हिन्दी बोल्न सक्ने ब्यक्ति बोलाएर समस्या सुल्झाउने प्रयास भयो । हिन्दी बोल्न सक्ने ब्यक्तिले धम्मवतीलाई यसरी सम्झाउन थाल्यो — "तपाई एउटी विदेशी शीलवती हुनुहुन्छ । तपाईले हाम्रो समस्या सम्झिदिनु पर्छ । आज रात परिसकेकाले तपाईको लागि अन्य उचित ब्यवस्था हुने सम्भावना भएन । त्यसैले मात्र तपाईलाई यहाँ ल्याइएको हो । आज एक रात तपाईले यहिं बिताइदिनु पऱ्यो । भोलि उचित ब्यवस्था हुने नै छ ।"

"म चोर, डाँका अथवा त्यस्तै प्रकारको कुनै अपराधी होइन । मैले जेल जानु पर्ने कुनै पनि अपराध गरेको छैन । म एउटी शीलवती हुँ । त्यसैले म एक रात के एक



Downloaded from http://dhamma.digital

छिनको लागि पनि यो खोरभित्र पस्न चाहन्न। मसँग महालेखापरिक्षक ऊ सांल्वींको नाममा लेखेको पत्र छ। मलाई तत्काल उहाँकहाँ पुऱ्याइदिने व्यवस्था होस्। मैले कहाँ कसरी बस्ने भन्ने व्यवस्था उहाँले नै गर्नुहुनेछ।"

"त्यो कुरो हामीले अघि नै राम्ररी बुझिसकेका छौं। वास्तवमा त्यो कुरो थाहा पाएरै मलाई यहाँ बोलाइएको हो। मलाई यहाँ बोलाइनुको तात्पर्य तपाईलाई सबै कुरो सम्झाउनको लागि हो। कुरो के छ भने, उहाँको घर यहाँ-बाट धेरै टाढा छ। अर्को कुरो उहाँ अहिले घरमा पनि हुनुहुन्न। उहाँसित सम्पर्क राखी वास्तविक कुरो राम्ररी नबुझिकन, एक्कासी तपाईलाई उहाँकहाँ लैजानु पनि उचित भएन। त्यसैले नै आज एक रात तपाईले यहाँ बिताउन परिरहेको छ। भोलि उहाँसंग सम्पर्क राखेर उचित व्यवस्था गरिने नै छ। आज एक रात तपाईले अरू जिद्दी गर्न छोडेर यहिं रात बिताउनु पर्छ। आजको लागि तपाई जस्तो शील-वतीका लागि सबै भन्दा सुरक्षित स्थान यही जेल हुन गएको छ। यस्मा तपाईले अन्यथा सम्झिदिनु भएन।"

त्यसरी वास्तविकता सम्झिसकेपछि धम्मवतीले फेरि पनि लिडेढिपी गरिरहनु उचित देखिएन। त्यसले नचाहँदा नचाहँदै पनि त्यो एक रात जेलमै बिताउनमा धम्मवती विवश भई।

कारागार दुर्गन्धले भरपुर थियो। ओढ्ने ओछ्याउने



Downloaded from http://dhamma.digital

सबै मैला थिए । चारैतिर लामखुट्टेको रजाइँ थियो । कोठामा भएका उड्स देखिनसक्ने प्रकाश कोठामा नभए पनि उनीहरूको टोकाइले तिनीहरूको अस्तित्वबोध राम्ररी भइरहेको थियो । निद्रालाग्ने कुरै थिएन । सिंगो रात उठ्बस र हिड्डुलमा बिताउन बाध्य हुनुपर्‍यो ।

कोठाको अर्को कुनातिरबाट आइरहेको कानेखुसीका स्वरहरूले कोठामा अन्य कैदीहरू पनि छन् भन्ने कुरो थाहा दिइरहेको थियो । अनि उनीहरू पनि त्यही लामखुट्टे, उड्स उपियाँ आदिको टोकाइले हो वा अन्य कुनै कारणले हो निदाउन सकिरहेका छैनन् भन्ने कुरो पनि त्यही कानेखुसीले बोध गराइरहेको थियो । यदि आफू र ती कैदीहरूको माझमा भाषाको समस्याको रूपमा खडा भइरहेको पर्खाल नभएको भए शायद धम्मवतीले उनीहरूको कानेखुसीमा सहभागी हुन गएर आफ्नो मनको व्यथा केही हलुको गर्ने थिईं ।

रातको अन्धकारलाई प्रभातको किरणले गलहत्टी लगाएर पठाएपछि कोठाका अन्य कैदीहरूले धम्मवती एउटी विदेशी शीलवती पो रहिछ भन्ने कुरो ठमाउन सके । तब उनीहरू धम्मवतीसित कुराकानी गर्न अग्रसर भए । यसरी कुरा गर्न आएका ती कैदीहरूले धम्मवतीको अनौठो पहिरणको कारण उनीहरूले कसरी सिंगै रात धम्मवती देखि सशंकित भएर बिताउनु पर्‍यो भन्ने कुरा सम्झाएर पेट मिचिमिची हाँसे ।



Downloaded from http://dhamma.digital

"के तिमी हिन्दी बोल्छौ ?" — कैदीहरूलाई बिहानको खान दिन आएकी एउटी जेल कर्मचारीले धम्मवतीसंग सोधी । धम्मवतीको शारीरिक बनोट र पहिरणबाट धम्मवती भारततिरबाट आएकी एउटी शीलवती होली भन्ने कुरो अन्दाज गरेर उक्त प्रश्न हिन्दीमा सोधेकी थिई । उसको प्रश्न सुनेर धम्मवतीलाई ढुङ्गा खोज्दा देउता पाए जस्तो भयो । उसलाई आफ्नो वृतान्त सुनाएर उसको उत्सुकता मेटाइसकेपछि धम्मवतीले अन्तमा उसबाट केही सहयोग पाउने आशामा उसलाई यसरी भनी — "के तिमीले मेरो यसरी जेलमा परेको छु भन्ने कुरो महालेखापरिक्षक ऊ साल्वींलाई सुनाइदिन सक्छौ ? तिमीले मेरो कुरो उहाँसम्म पुऱ्याइदियौ भने उहाँले अवश्य पनि मेरो छुटकाराको सम्बन्धमा केही गर्नुहुनेछ । किनभने म अहिले यहाँ छु भन्ने कुरो उहाँलाई जानकारी नभएपनि मेरो उद्धार गर्ने सम्बन्धमा उहाँलाई पहिले नै अरूबाट अनुरोध भइसकेको छ ।"

"महालेखापरिक्षक ऊ साल्वीं ........ मैले उहाँको घर देखेकी छुँ । मैले आजै तपाईको कुरो उहाँसम्म पुऱ्याइदिने प्रयत्न गर्ने छुँ । तपाई ढुक्क भएर बस्नुभए हुन्छ ।"

त्यस जेल कर्मचारीबाट त्यस प्रकारको आश्वासन पाएर धम्मवतीको मनस्थिति केही शान्त भयो । तर ऊ



Downloaded from http://dhamma.digital

सांल्वीं को प्रतिक्षामा बस्दाबस्दै मध्यान्ह भइसक्दा पनि ऊ सांल्वीं को त के कुरो, उहाँको तर्फबाट कुनै सन्देशसम्म पनि आएन । त्यसैले धम्मवती झन झन गहिरो चिन्तामा डुब्दै गई । यसरी चिन्तित हुँदै गइरहेकी धम्मवतीलाई पछिबाट, धार्मिक मन्त्रालयबाट खटि आएका दुईजना कर्मचारीहरूले भेटन आए । धम्मवतीबाट सबै कुरो बुझिसकेपछि उनीहरूले धम्मवतीलाई रंगून शहरको हंसावती स्थित म्याँ आउँ नामको शीलवतीहरू रहने विहारमा आश्रय दिलाइदिने निधो गरे । धम्मवतीलाई जेलबाट छुटाएर लिएर उनीहरू उक्त विहाराधिपतिको दाजु ऊ भातांको घरमा पुगे ।

धार्मिक मन्त्रालयका कर्मचारीहरूले ऊ भातांको घरमा छोडेर गएपछि धम्मवतीले छुटकाराको सास फेरी । म्याँ आउँ विहारमा जानु भन्दा पहिले एकपल्ट महालेखापरिक्षक ऊ सांल्वींसंग भेट्ने आफ्नो इच्छा धम्मवतीले सहृदयी ऊ भातांलाई सुनाई । स्थविर धम्मावुधले ऊ सांल्वींको नाममा लेखेर दिएको पत्र पनि उसलाई देखाई । तब ऊ भातांले धम्मवतीलाई यसरी भन्यो — "ठीक छ । म आजै तपाईलाई लिएर ऊ सांल्वींको घरमा जाने छु । तर त्यसको लागि सर्वप्रथम उहाँसित फोन गरी भरे साँझतिरको समय लिनु उचित हुनेछ । त्यतिञ्जेलसम्म म तपाईलाई यस रंगून शहर स्थित केही दर्शनिय धार्मिक स्थलहरूको दर्शन गराइदिने व्यवस्था गर्ने छु ।"

ऊ भातांले धम्मवतीलाई दिनभर रंगून स्थित प्रायः सबै दर्शनिय चैत्यहरूको दर्शन गराउन लग्यो । रंगून स्थित



Downloaded from http://dhamma.digital

विश्व प्रशिद्ध स्वेदगोँ चैत्यको दर्शन गर्न पाउँदा धम्मवतीले गृह त्याग गरेदेखिनको सम्पूर्ण दुःख–कष्ट बिसाइदिई। उसले त्यस चैत्य स्थित बुद्धप्रतिमालाई वन्दना पर्दै यस प्रकारले प्रार्थना गरी — "तथागत सम्यक सम्बुद्धको त्रिबिध शासन राम्ररी पढेर–सम्झेर बुद्ध शासनमा निरन्तर सेवा पुऱ्याउनमा समर्थ होऊँ।"

साँझसम्ममा दर्शनकार्य सकाएर ऊ भाताँले धम्मवतीलाई ऊ सांल्वींको घरमा लग्यो। ऊ सांल्वीं र उनकी श्रीमती उनीहरूको प्रतिक्षामा बसिरहेका थिए। कुशल वार्ता पछि ऊ सांल्वींले धम्मवतीलाई यसरी सान्त्वना दिए — "मैले तपाईको राहदानी र भिसा सम्बन्धि मुद्दा मात्र यता पठाउन मागि पठाएको थिएँ। तर तपाईलाई नै यतातिर पठाइदिएछ। तपाईलाई पनि यहाँ पठाइदिने कुरो थाहा भएको भए तपाईले नाहकमा एक रात जेलमा बिताउनु पर्ने थिएन। जे हुनु भई नै सकेको छ। अबलाई फेरि केही पनि चिन्ता लिनु पर्ने छैन। सबै ब्यवस्था हुने छ। सयादो ऊ धम्मावुध पनि केही दिनमै यहाँ आइपुग्नु हुने खबर आएको छ। उहाँ पाल्नु भएपछि समस्या झन सरल हुनेछ। सम्पूर्ण समस्या हल नभएसम्म तपाई मेरो पाहुनाको रूपमा यही घरमा रहनु हुनेछ।"

यसरी धम्मवतीको लागि सम्पूर्ण ब्यवस्था तय भएपछि, चाहिएमा आफूले पनि सक्दो सहयोग दिने बचन दिएर, ऊ भाताँ बिदा भयो। त्यसरी धम्मवतीको कष्टमय धर्मयात्रा टुंगियो।

卐



Downloaded from http://dhamma.digital

# २०. उद्‌देश्य पथमा

मोलमिन, बर्माको तृतीय प्रमुख शहर हो । यो शहर बर्माको तनिङ्गसारी प्रदेशस्थित चयाइखमी जिल्लामा पर्दछ । यो शहर एउटा बन्दरगाहको रूपमा रहेकाले अति नै समृद्ध छ । एउटा विकशित शहरमा हुनु पर्ने भौतिक उन्नतिका सम्पूर्ण प्रकरणहरू यहाँ उपलब्ध छन् । तरपनि यस शहरको मूल विशेषता भौतिक उन्नति नभनिकन लोकोत्तर धार्मिक समृद्धि भन्नु नै बढी उपयुक्त हुनेछ । यस शहरको शिरमा नागवीस पर्वत माला र पैरमा विशाल नदी तांल्वीं ले उर्वरा दिएको उन्नत मैदान छ । नागवीस पर्वत श्रृङ्खलामा अनेक चैत्यहरूका साथै थुप्रै बुद्धविहारहरू अवस्थित गरिएका छन् । यस पर्वत सृङ्खलाको एकातिर रश्मि समान सुनौला चमक-युक्त च्याँइतल्लान चैत्य छ र अर्कोतिर महाम्यात् नामको बुद्धमूर्ति स्थापना गरिएको गन्धकूटी प्रासाद विहार छ । उक्त विहार नजिकै ठूलासाना अनेक चैत्यहरू लहरै स्थापना गरिएका छन् । ती चैत्यहरू मध्ये ऊ जिन नामको एउटा जिनमा आउँ चैत्य छ । उक्त चैत्य पनि नागवीस पर्वत



Downloaded from http://dhamma.digital

शृङ्खलाको अर्को छेउ स्थित च्याँइतल्लान चैत्य सरह नै शोभायमान छ । नागवीस पर्वतमाला दर्शनिय मात्र होइन आदरणिय पनि छ । किनभने त्यहाँ दर्शनिय चैत्यहरू र विहारहरूका अलावा विशुद्ध बुद्ध वचनको रूपमा संकलित त्रिपिटक सम्बन्धी उच्चस्तरिय शिक्षा प्रदान गर्ने धेरै महाविद्यालयहरू पनि छन् ।

च्याँइतल्लान चैत्यदेखि धेरै टाढा नपर्ने एउटा टाकुरोमा खेमाराम नामको एउटा शीलवती विहार छ । त्यस विहारमा शीलवतीहरूलाई पनि भिक्षुहरूलाई सरह त्रिपिटक सम्बन्धी उच्च शिक्षा सिकाइदिने व्यवस्था छ । त्यस विहारका शीलवतीहरू उच्च शिक्षाको परिक्षामा उल्लेखनिय सफलता हासिल गर्नमा समर्थ हुनुका साथै प्रशंसनिय रूपमा चरित्रवान पनि छन् । त्यसैले खेमाराम विहारको कीर्ति दिन प्रतिदिन बढ्दो छ ।

खेमाराम विहारको कीर्ति बढाउनमा त्यस विहारकी विहाराधिपति दो पञ्ञाचारीको योगदान विशेष उल्लेखनिय छ । उहाँ आफ्ना शिक्षार्थीहरूलाई त्रिपिटक सम्बन्धी उच्च शिक्षा हासिल गर्न समर्थ बनाउनुका साथै चरित्रवान पनि बनाउनुमा अथक मेहनत गर्नुहुन्छ ।

गुरुआमा दो पञ्ञाचारीका अनेक शिक्षार्थीहरू मध्ये एक जना विशेष रूपले उल्लेखनिय शिक्षार्थीले २३ सेप्टेम्बर १९५२ मा खेमाराम विहारमा प्रवेश पाएकी थिइन् । त्यस



Downloaded from http://dhamma.digital

विहारमा प्रवेश पाएको मितिले एक वर्ष भित्रै त्यस शिक्षार्थीले सद्धम्मपाल परिक्षामा प्रथम श्रेणीमा प्रथम भएर आफ्नो प्रतिभाको प्रदर्शन गरेकी थिइन् । त्यसपछि उनले क्रमशः १९५४ मा अभिधम्म तेस्रो कक्षामा, १९५५ मा सरकारी प्रथम कक्षामा, १९५६ मा सरकारी द्वितीय कक्षामा, १९५७ मा सुसमाचार प्रथम कक्षामा र १९५८ मा सरकारी तृतीय कक्षामा सफलता पाएकी थिइन् । उनले यसरी प्रशंसनिय रूपमा लगातार सफलता पाउँदै गएकीले उनलाई भेट्न र उनको शिक्षाध्ययनमा सक्दो प्रकारले आर्थिक सहयोग पुऱ्याउने इच्छाले खेमाराम विहारमा आउने दायक—दायिकाहरूको संख्या दिन प्रतिदिन बढ्दै गयो । उनी पालि साहित्यको सर्वोच्च शिक्षा शासनध्वज धम्माचरिय परिक्षा दिने तयारीमा लागिरहेको बेला उनलाई भेट्न एक दिन धार्मिक मन्त्रालयका केही अधिकृतहरू खेमाराम विहारमा आए । ती अधिकृतहरू आउनाको कारण उनको चाहना अनुसार उनलाई केही दिनको छुट्टीमा कतै पठाउने ब्यवस्था मिलाउनु थियो ।

बुद्ध-धर्मको शिक्षाध्ययनमा प्रशंसनिय सफलता हासिल गर्नमा समर्थ माथि उल्लेखित शीलवती अरू कोही नभई त्रिपिटक सम्बन्धी उच्च शिक्षा पाउने उत्कृष्ट अभिलाषा लिएर अनेक दुःखकष्ट झेलेर शाक्यमुनि तथागतको जन्मभूमि नेपालबाट बर्मा आएकी शीलवती धम्मवती नै थिइन् ।

राहदानी र भिसा सम्बन्धमा आवश्यक ब्यवस्था



Downloaded from http://dhamma.digital

मिलाउने सन्दर्भमा करिब छ महिनासम्म महालेखापरिक्षक ऊ सांल्वींको अतिथि भएर धम्मवती रंगूनमा बसेकी थिइन् । त्यस अवधिभरमा उनले बर्मी भाषा राम्ररी बोल्न र लेख्न सिकेकी थिइन् । त्यसपछि स्थविर धम्मावुधको सिफारिसमा उनी मोलमिन्स्थित खेमाराम शीलवती विहारमा प्रवेश भएकी थिइन् । गुरुआमा दो पञ्ञाचारीको विशेष प्रशिक्षण र धम्मवती आफैंको लगनशीलताको समन्वयको परिणाम स्वरूप धम्मवतीले माथि उल्लेखित सफलता हासिल गरेकी थिइन् । तर यसरी सफलताको खुड्किलाहरू उक्लँदै गइरहेकी धम्मवतीलाई उनका बुबा–आमाले एकपल्ट केही दिनको छुट्टी लिएर भएपनि स्वदेश फर्कन ज्यादै कर गरेका थिए । आठ वर्षको लामो अन्तरालपछि धम्मवतीको मनमा पनि एक पटक आफ्नो स्वदेशमा फर्केर गएर आफ्ना आमा–बुबा तथा अरू ज्ञाति–बन्धुहरूलाई आफूले पढेको अमृतमय बुद्ध –वचनको रसास्वादन गराउने इच्छा प्रबल भएको थियो । त्यसैले उनले बुद्ध शासन परिषदसंग केही महिना बिदामा स्वदेश फर्कन पाउने अनुमति मागिपठाएकी थिइन् । उनको सो इच्छा थाहा पाएर उनलाई बिदाको स्विकृती दिनुको अलावा स्वदेश फर्कन आवश्यक हवाइ यातायातको व्यवस्था पनि मिलाइदिने सम्बन्धमा आवश्यक छलफल गर्न भनेर धार्मिक मन्त्रालयले उपरोक्त अधिकृतहरू खटाइ पठाएको थियो । अधिकृतहरूबाट उक्त कुरो थाहा पाइसकेपछि विहाराधिपति दो पञ्ञाचारीले धम्मवतीलाई ती अधिकृतहरू भेट्न बोलाइ



Downloaded from http://dhamma.digital

पठाइन् । अधिकृतहरू कुन विषय आफूसंग कुरा गर्न आएका भन्ने कुरो चालपाएपछि धम्मवतीले उक्त सम्बन्धमा यसरी भनिन् — "मैले केही महिना छुट्टी पाएर आफ्नै खर्चमा स्वदेश फर्कन चाहेकोमा तपाईहरूले आउने जाने आर्थिक भार समेत बोकिदिनु भएकोमा म तपाईहरू सबैप्रति आभारी छुँ । कुन दिनको हवाइ टिकट ब्यवस्था गर्ने भन्ने सम्बन्धमा गुरुआमा दो पञ्ञाचारीज्यूले नै आज्ञा हुने आशा गर्दछु ।"

धम्मवतीको विनम्रताबाट गुरुआमा दो पञ्ञाचारी खुशी भइन् । उक्त सम्बन्धमा आफैले निर्णय दिन उनले अधिकृतहरूसित यसरी प्रश्न गरिन् — "विदेश यात्रा सम्बन्धी स्वास्थ्य प्रमाण (पहेँलो पुस्तिका), राहदानी, भिसा आदि मिलाउन कति समय लाग्ने हुन्छ ?"

"मानिपोको पासपोर्ट र भिसा सम्बन्धमा थप काम गरिरहने आवश्यकता छैन । सबै तयार अवस्थामा छन् । पहेँलो पुस्तिका बनाउन र होटेल रिजर्भेसन आदि मिलाउन हप्तादिन जति लाग्ने छ ।"

"त्यसो भए आउँदो शुक्लपक्षमा स्वदेशमा पुग्ने हिसाबले पर्सीतिर नै यहाँबाट रंगून जाने ब्यवस्था गर्नु उचित होला । तिम्रो के विचार छ, मानिपो ?"

धम्मवती, बर्मामा आफ्नो स्वनामले भन्दा बढी एउटी नेपाली केटीको रूपमा बढी परिचित भएकी थिइन् ।



Downloaded from http://dhamma.digital


सबै उनलाई नाउँ फिटेर होइन मांमियो (नेपाली केटी) भनेर बोलाउँथे ।

"मेरो लागि गुरुआमाको आज्ञा शिरोधार्य छ ।"— बर्मामा मानिपो, नेपालमा धम्मवती भनिने शीलवतीले गुरु आमाको निर्णय सहर्ष स्वीकार गरिन् ।

धम्मवतीको स्वदेश भ्रमण सम्बन्धी सबै कुरो धम्म-वतीको स्विकृतीमा गुरुआमा दो पञ्ञाचारीद्वारा तय गरिएपछि सोही अनुसारको व्यवस्था मिलाई जानकारी दिने गरी अधिकृतहरू फर्केर गए । अधिकृतहरू फर्केपछि गुरु आमाको आज्ञा लिएर धम्मवती पनि आफ्नो कक्षतिर लागिन् । यसरी आफ्नो कक्षतिर गएकी धम्मवतीको मन आफ्नो मातृभूमिको मिठो कल्पनामा चुर्लुम्म डुबिसकेको थियो ।



Downloaded from http://dhamma.digital



(धम्मवतीकी गुरु आमा शीलवती पञ्ञाचारी बर्मी)

Downloaded from http://dhamma.digital

# २१. जन्मभूमि

आठ वर्षको अन्तरालमा हीराथकूँ उपासिकाको परिस्थिति निकै परिवर्तन भइसकेको थियो। उसको परिवार सुमङ्गल विहारबाट नजिक पर्ने स्थान वकुवहाल टोल छोडेर हौगल बजारमा आएर बसेको थियो। त्यसैले हीराथकूँले दिन दिनै विहार जानुको सट्टा प्रत्येक दिन बिहान र साँझ दुई पटक घरैमा बुद्धपूजा गर्ने गरेकी थिई। बुद्धपूजाको अलावा दिन दिनै फुर्सत पायोकि ध्यान–भावना पनि गर्ने गरेकी थिई उसले।

हीराथकूँ उपासिकाले आफ्नै छुट्टै एउटा पूजा कोठा बनाएकी थिई। त्यस पूजा कोठामा उसले आफ्नी छोरी धम्मवतीले पठाइदिएको सिंगमरमरको बुद्धमूर्ती स्थापना गरेकी थिई। त्यस पूजा कोठाभित्र पस्ने बित्तिकै त्यो बुद्ध-मूर्तीले उसलाई धम्मवतीको सम्झना दिलाइदिने गरेको थियो।

आठ वर्षको अन्तरालमा हीराथकूँकी छोरी धम्म-वतीले बुद्ध-धर्म सम्बन्धी उच्चशिक्षा पढेर आफ्नो स्वभाव



Downloaded from http://dhamma.digital

र प्रवृत्तिमा आमुल परिवर्तन ल्याइसकेकी थिइन् । त्यसरी परिवर्तित भइसकेकी धम्मवतीको तस्वीरहरू हीराथकूँसित थुप्रै थिए । तर पनि हीराथकूँको मानसपतलमा ती तस्वीरकी धम्मवती होइन उही आठ वर्ष पहिलेकी, बर्मा जाने तिव्र आकांक्षा लिएर बर्मा पठाइमाग्न आउने चञ्चल र जिद्दी स्वभावकी गणेशकुमारीकै छवि मात्र खेल्न आउने गर्दथियो ।

दिउँसोको खाजा खुवाउने र खाने काम सकाएर बाकि भएको फुर्सतको समय ध्यान–भावना गरेर विताउने अभिप्रायले आफ्नो पूजा कोठाभित्र पसेकी हीराथकूँको मनमा अनायास नै धम्मवतीको कुरो सलबलाउन लाग्यो — "धम्मवती उच्च बौद्ध–शिक्षा पाउनमा सफल हुँदै गएकी छे रे । त्यसैले ऊ नेपाल फर्कने कुरो लेख्दै नलेखि सधैं अझ बढी पढ्दै जाने कुरो मात्र लेखि पठाउने गर्दछे । तर उसलाई मात्र कति पढ्नु परेको भनेको नि ! उसका सहेलीहरू मागधी र माधवी ऊ भन्दा कति वर्ष पछि २५०० सौं बुद्ध-जयन्ति ताका बर्मा गएर तीन वर्षमै फर्केर आए । अहिले ती दुई दिदी–बहिनी बच्चाहरूको स्कूल खोलेर सयौं बच्चाहरूलाई आधुनिक शिक्षाका साथसाथै बौद्ध शिक्षा पनि दिएर कति जाति काम गरिरहेका छन् । . . . . . .

तर धम्मवती . . . . . . . . . ., ऊ भने खालि पढि बसेका छन्, छन् । . . . . . . . कति पढ्नु परेको उसलाई



Downloaded from http://dhamma.digital

मात्र ? जति पढे पनि मुख्य कुरो त — शील पालना गर्नु, दान–धर्म गर्नु र ध्यान–भावना गर्नु न हो ? कति कति पढेको भन्ने देश विदेशका भिक्षुहरू सबैले दिने उपदेशमा भनिने कुराहरू त्यही न हुन् !

त्यो धम्मवतीलाई कतिचोटि लेखि पठाइसके — "अब त पढ्न पुग्यो, चाँडै देशमा फर्क" — भनेर । तर त्यो जिद्दी छोरी भनेको कुरो एउटा तेर्ने खालकी होइन । पहिले नै त्यस्तो जिद्दी . . . . . . . अहिले त पढी–लेखी हामी भन्दा धेरै धेरै जान्ने भइसकी । भनेको के तेर्थी ! अझै के के हो, थुप्रो पढ्न र अभ्यास गर्न जरूरी छ रे । . . . . . . . . ऊ त्यसरी के के भए भरका जति पढेर मात्र फर्कने हो भने ऊ फर्कने बेलासम्ममा हामी बुढा–बुढी बाँचिरहने पनि हुन कि होइनन् ? कसलाई के थाहा ? त्यसैले सधैंको लागि नभए कमसेकम केही महिनाको छुट्टीमा भए पनि आउनु भनेर लेखि पठाएको पनि धेरै पटक भइसक्यो । बल्ल अस्ति आइपुगेको पत्रमा — "केही दिनमै नेपाल पुग्ने छु" — भनेर लेखिपठाएको छ । तर त्यो केही दिन भनेको साँच्चै कति दिन हुने हो केही थाहा छैन न हामी बुढा–बुढी भइसकेका आमा–बाबुको मन राख्न मात्रै त्यसरी लेखिपठाएकी हुन् कि ? . . . . . . . . . . त्यसो त शील-वती भएकीबुद्ध–धर्म सम्बन्धमा त्यतिका पढेकी, उसले ढाँट कुरो कसरी लेख्ला र ? आउन त साँच्चै आउने होला ।



Downloaded from http://dhamma.digital

नेपाल आउन मोलमिनबाट रंगून आइसकेपछि रंगूनबाट लेखेको पत्र हो त्यो । त्यो पत्र पाउने बित्तिकै बाबुचाहिले नेपाल पुग्ने दिन र समय कितान गरेर आकाशबाणी पठाउन भनेर खबर पठाइसकेको छ । छोरी आउँछे भनेर अहिले ऊ अति खुसि भएको छ । सबै जना गएर बिमानस्थलमा रास्त्ररी स्वागत गर्नु पर्छ, उसंग सल्लाह गरेर अहिले नै पछि पढाइ सकेर आएपछि विहार वनाउने जग्गा पनि किन्नुपर्छ — यस्तै के के भन्दै थियो ऊ । . . . . . ."

"आमा ! तल सडकमा, हाम्रो घरनेर रोकिएको एउटा ट्याक्सीबाट ओर्लेको एउटी अनगारिका किन हो कुन्नी हाम्रो घरतिर नियालेर हेर्दै थिइन् । उनी तपाईलाई नै भेट्न आएकी होलिन् । म उनीसित कुरा बुझ्दै गर्छु । . . . . . . . तपाई चाँडै ओर्लनुस् है आमा !" —

आफ्नो कोठामा पढ्न बसेको कान्छो छोरोले भऱ्याङ्गबाट ओर्लंदै भनेर ल्याएका उपरोक्त शब्दहरूले हीराथकूँको तर्कनामा एउटा मोड ल्याइदियो । त्यो अनगारिका आफ्नै छोरीकै बिषयमा कुनै सन्देश लिएर आएकी होली भन्ने कुरो उसको मनमा खट्क्यो । त्यसैले ऊ हतारिंदै तल ओर्ली । यसरी ओर्लेकी उसले माटनमा, बैठककोठानेर, आफ्नो कान्छो छोरोको पछिलागेर आएकी एउटी अपरिचित, विदेशी लुगा लगाएकी अनगारिकासंग जम्का भेट गर्नु पर्दा ऊ एकछिन अकमकी । एकछिनपछि उसले शिष्टाचारको



Downloaded from http://dhamma.digital

नियमानुसार त्यस अपरिचित नवागन्तुकलाई बैठक कोठामा लगेर बसाली ।

बैठककोठा भित्र निर्दिष्ट स्थानमा बसेकी आगन्तुक-लाई आमा–छोरा दुई मध्ये कसैले पनि केही भनेन । आगन्तुकले तल सडकमा, म हीराथकूँ उपासिकालाई भेट्न आएकी–भनेकीले छोरोचाहिं आगन्तुक आफ्नो आमाले चिनेकी कोही होलि भनेर मौन रह्यो भने उता आमाचाहिं छोरोले माथि ल्याएकी अपरिचितताको सम्बन्धमा पहिले छोरोले नै केही भन्ने होला भनेर छोरो कै मुख ताकेर बसी । यसरी आमा–छोरा दुबै जना आ–आफ्नै मुख ताकेर बसेको देखेपछि सर्वप्रथम आगन्तुकले नै मुख खोली —

— "आमाले मलाई चिन्नु भएन के ?"

"हँ . . . . . . ." — आगन्तुकको स्वरले हीरा-थकूँलाई अकस्मात विस्मित पार्‍यो । उसको मनमा आश्चर्य र हर्षको एकसाथ ठूलो भेल आयो । मनमा आएको आवेगमा बगेकी उनी केही बेरसम्म अकमकीरही । त्यस पछि आफ्नो छोरो र त्यो संगै हातमा आगन्तुकको सुटकेस र वायग लिएर उभिरहेको घरको नोकरलाई लक्ष गरेर उसले भनी — "के तिमीहरूले अझै चिनेनौ यिनीलाई ? . . . . . . . यिनी . . . यिनी . . . . . हाम्रो धम्मवती हुन् । . . . हो . . . . धम्मवती . . . . . . . . . । तिम्री दिदी . . . . . . . . . धम्मवती . . . . . . । त्यहाँ झुण्ड्याइराखेको . . . . . ऊ,



Downloaded from http://dhamma.digital

त्यो तस्विर हेर त ! यिनी नै हुन् उनी । . . . . ऐ ! किस-नायराँ ! जाऊ . . . . . झट्टै जाऊ . . . . . . . बाज्येलाई बोलाएर ल्याऊ । धनकाजी र मानकाजीलाई पनि बोलाएर ल्याऊ । बर्माबाट धम्मवती आइपुगेको छ भन्नु । जाऊ, सबैलाई बोलाएर ल्याऊ । . . . . . . .''

हर्ष र विस्मयको आवेग कम भएपछि हीराथकूँले उत्तम शीलवती भावमा पुगेकी आफ्नी स्नेही छोरीलाई सआदर वन्दना गरी । अनि आफ्नो कुरो भनी — "केही खबरै नगरिकन एक्कासि आइपुग्यौ । तिमी यसरी आइपुग्नेछौ भनेर त मैले सपनामा पनि चिताएकी थिइनँ । तिम्रो बुबाले –आउने दिन निश्चित भएपछि खबर पठाउनु – भनेर पठा-एको आकाशवाणि तिमीले पाएनौ के ? किन यसरी एक्कासि आइपुगेकी ? विमानस्थलबाट एक्लै आउन पर्दा कति अप्ठेरो पर्‍यो होला । यो नया घर तिमीले देखेका थिएनौ । घर खोज्नमा पनि हैरानी पायौ होला । कठैवरी . . . . .''

"होइन, आमा ! कति पनि हैरानी झेल्न परेको छैन । ठेगाना भनेपछि ट्याक्सी ड्राइभरले घर दहिलोसम्मै ल्याइपुर्‍याइदियो । यो घरको तस्वीर मगाएर हेरिराखेको हुनाले घर पनि यही हुनु पर्छ भनेर माथि हेर्दा झ्यालबाट हेरिरहेको यो भाई तुरुन्तै तल ओर्लेर कसलाई भेट्न आउनु भएको भनेर सोध्न आइपुग्यो । सानैमा छोडेर गएको यो भाइलाई चिन्न त मैले चिनिनँ । तर मैले — हीराथकूँ



Downloaded from http://dhamma.digital

उपासिकालाई भेट्न आएको — भन्ने वित्तिकै यसले — म उसैको कान्छो छोरो हुँ, आमा माथि हुनुहुन्छ, माथि पाल्नुहोस् — भनेर माथि ल्याइपुऱ्यायो । यति सजिलै घर आइपुगेकी छुँ । यसमा के को दुःख ?"

आमा–छोरीको वार्ता परिवारका अन्य सदस्यहरूको आगमनको कारण बिचैमा टुंगियो । केहीबेरमै एक एक गरी जम्मा हुन आएका परिवारले धम्मवतीलाई घेरे । उनीहरू सबै धम्मवतीलाई आफूहरू बीच पाएकोमा खुसि थिए । कुशलवार्ताको क्रममा, धम्मवतीले प्रत्येक पल्ट परिक्षामा सफलता पाएको उपलक्षमा भिक्षुहरूलाई भोजन आदि दान गरेर उत्सब मनाउने गरेको, एक दिन धम्मवतीबाट गम्भीर बुद्ध–धर्म सम्बन्धमा उत्तम उपदेश सुन्न पाउने आशा लिएर बसेको आदि कुराहरू उनीहरूले धम्मवतीलाई सुनाए । धम्मवतीले पनि उनीहरूलाई, आफ्ना बुबा–आमा र ज्ञाति –बन्धुहरूलाई सम्झने गरेको, नेपालमा बुद्ध–धर्म प्रचार–प्रशार गर्ने उद्देश्यले प्रेरित भएर दिन–रात अथक परिश्रम गर्ने गरेको आदि कुराहरू सुनाइन् ।

परिवारसितको कुराकानी नटुंगिंदैमा अन्य थुप्रै नाता–कुटुम्ब र छर–छिमेकका मानिसहरू पनि आइपुगे । यसरी जम्मा हुन आएका मानिसहरूले, धम्मवतीबाट थेरवादी बुद्ध–धर्म र मित्रराष्ट्र बर्मा विषयक अनेक घतलाग्दा कुराहरू सुन्न पाउँदा, धम्मवती भर्खरै मात्र विदेशको यात्राबाट आएकीले धेरै थाकेकी होली र उनलाई समयमै आराम गर्नें



Downloaded from http://dhamma.digital

मौका दिनु पर्छ — भन्ने व्यावहारिक कुरो पनि बिर्सिदिए। रात अबेर भइसकेपछि हीराथकूँले आफ्नी थाकेकी छोरीलाई विश्राम दिलाउनु पर्ने कुरो सम्झाएपछि मात्र ती मानिसहरू सबै फर्किगए।

केही दिनको छुट्टी मिलाएर स्वदेश फर्केकी धम्मवती झण्डै दुई महिनासम्म नेपालमै बस्नमा बाध्य भइन्। यति अवधि भित्र उनले कति समय पनि थेरवादी बुद्ध-धर्मको प्रचार-प्रसार कार्य नगरिकन बिताइनन्। कहिले कुनै विहारमा त कहिले कुनै उपासक-उपासिकाको घरमा, कहिले कुनै छिमेकको घरमा त कहिले कुनै ज्ञाति-बन्धुको घरमा, प्रत्येक दिन धम्मवतीलाई कहिं न कहिं थेरवादी बुद्ध-धर्म सम्बन्धी उपदेश दिन निम्त्याइएको थियो। यसरी दिइएको निमन्त्रणाको अलावा, आफ्नै घरमा, बिहान सबेरै देखि रात अबेरसम्म थेरवादी बुद्ध-धर्म सम्बन्धी छलफल गर्न आउने मानिसको पनि कमी कहिल्यै भएन। थेरवादी बुद्ध-धर्मको प्रचार-प्रशार कार्य त्यसरी नै गर्न सकोस् भन्ने उद्देश्यले नै धम्मवतीले गृहत्याग गरी अनेक दुःख-कष्ट झेलेर बनजंगलको बाटो गरी बर्मामा जाने अठोट गरेकी थिइन्। त्यसैले धम्मवतीले धर्म-प्रचार कार्यमा कहिल्यै थकाइ या आलस्यको अनुभव गरिनन्। हो, कहिले काहिं, आफ्नी छोरीको स्वास्थ्यको चिन्ताले हीराथकूँ उपासिकाले अबेर रात भइसक्दा पनि आफ्नो धीत नमरून्जेल छलफल गरिरहनेहरूलाई समय बोध गराइदिने गर्दथिईं। त्यसबेला



Downloaded from http://dhamma.digital



(बर्माबाट सहयोगार्थ आउनु भएकी अ० गुणवती)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

पनि धम्मवती आफ्नी आमासंग त्यसरी तोक लगाउने काम नगर्न अनुरोध गर्दैथिइन् । उनी आफ्नो स्वास्थ्यभन्दा समयको सदुपयोग गर्नमा बढी महत्व भएको कुरो आफ्नी आमालाई सम्झाउने प्रयास गर्दथिइन् ।

धम्मवतीको बुबा श्री हर्षमान जातपातमा विश्वास राख्दथ्यो । आफ्नी छोरी तल्लो जातको घरमा बोलाइने भोजननिमन्त्रणामा नजावोस् भन्ने कुरो उच्च स्तरिय शाक्य जातका हर्षमान चाहन्थ्यो । त्यसैले खाना गडबड भएमा स्वास्थ्य बिग्रने आदि कारण देखाएर आफ्नी छोरीलाई सधैंभर घरैमा मात्र भोजन गर्ने र अरू कसैको घरको भोजन-निमन्त्रणा स्विकार नगर्ने सल्लाह उसले दिएको थियो । यसरी सल्लाह दिएको बुबालाई धम्मवतीले शाक्यमुनि तथागतले शुद्धोदन महाराजालाई बुद्धवंश विषय दिनु भएको उपदेश सुनाएर तथा भिक्षु–भिक्षुणीवंश अन्तरगतका अनगारिका-हरूले कसैद्वारा श्रद्धापूर्वक दिएको भोजननिमन्त्रणा ठाडै अस्विकार गर्न नमिल्ने कुरो सुनाएर सम्झाउने काम गरेकी थिइन् । धम्मवतीले यसरी कुरो सम्झाएपछि, आफ्नो चित्त नबुझे पनि हर्षमान, आफ्नी स्नेही छोरीको इच्छा र छन्दको विरोध गर्न नसक्ने अवस्थामा पुग्यो । त्यसैले शुरुका हप्तादिन पछि, धम्मवतीले श्रद्धालुहरूको भोजननिमन्त्रणा पनि स्विकार गर्न थालिन् । त्यसपछि धम्मवतीले पुनः बर्मा फर्कने दिनसम्म पनि आफ्नो घरमा भोजन गर्नु परेन ।

दुई महिनाको नेपाल बसाइबाट, धम्मवती विद्या-ध्ययनमा मात्र होइन धर्म–प्रचार कार्यमा पनि त्यत्तिकै दक्ष



Downloaded from http://dhamma.digital

छ भन्ने कुरो प्रमाणित भयो । त्यति अवधिभरमा उनी यति लोकप्रिय भइन् कि काठमाण्डौ उपत्यकाका प्रायः सम्पूर्ण उपासक–उपासिकाहरूले उनीलाई उनको पुनः बर्मा फर्कने विचार त्यागिदिन अनुरोध गरे । उनका प्रिय सहेलीहरू मागधी र माधवीले त उनीलाई बर्मा फर्कने अन्तिम दिनसम्म पनि बर्मा नफर्की उनीहरूसितै बसेर आपसमा मिलिजुलि बुद्ध–शासन कार्यमा सक्दो टेवा दिने काम गर्ने आग्रह गर्न छोडेनन् । तर आफूले अध्ययन गर्न थालिसकेको धम्माचरिय शिक्षा हासिल नगरिकन बिचैमा छोड्ने विचार धम्मवतीले मान्न सकिनन् । सबैले रोक्दा रोक्दै पनि पुनः बर्मा फर्कनमा धम्मवती कत्तिपनि विचलित भइनन् ।

धम्मवतीको धर्म–प्रचार कार्यको प्रशंसा काठमाण्डौ उपत्यकाका उपासक–उपासिकाहरू र शीलवतीहरूका अलावा स्थविरहरूबाट पनि भएको थियो । उहाँहरूबाट — "धम्मवतीले दुई महिनामा गरेको प्रचार कार्य, हामीबाट दुई वर्षमा हुने प्रचार–कार्यभन्दा बढी फलदायी छ" — भन्ने अभिव्यक्ति व्यक्त भयो ।

प्रशंसनिय रूपमा धर्म-प्रचार कार्य गर्न समर्थ भएकी धम्मवती दुई महिना जतिको प्रचार–कार्यपछि, पुनः बर्मा फर्किन् । यस पटक उनी पहिले झैं, कसैले थाहा पाउला भन्ने डरले त्रसित भई लुकिछिपी होइन, एउटी वीराङ्गनाको रूपमा, सयौं श्रद्धालुहरूको भावमय विदाइ पाएर बर्मा फर्किन् । 卐



Downloaded from http://dhamma.digital

# २२. उद्देश्य प्राप्ति

सन् १९६२ को डिसेम्बर २ तारिखका दिन, रंगूनको गभायीस्थित सिरिमङ्गल भूमिस्थलको छैठौं संगायन महा-पासाण गुफामा, संयुक्तराष्ट्र बर्माको क्रान्तिकारी सरकारद्वारा गठित तक्षशीला समितिको आयोजनामा उद्घाटित, पालि तक्षशीला आचार्य परिक्षा सम्बन्धी सभामण्डलबाट, 'शासन-ध्वज धम्माचरिय' उपाधि प्राप्त गरेकी, एउटी विदेशी अनगारिका (शीलवती) लाई त्यहाँ उपस्थित जनपरिषदले साधुकार दिई अभिनन्दन गऱ्यो । उनी मोलमिनमा 'मानिपो' (नेपालकी केटी) को रूपमा ख्याति पाएकी अनगारिका धम्मवती थिइन् ।

शाक्यमुनि बुद्धको जन्मभूमि भएतापनि, विशुद्ध बुद्ध-वचनबाट वंचित हुनगएको नेपालमा, पुनः विशुद्ध बुद्ध-वचनको प्रचार-प्रसार कार्यमा सक्दो योगदान पुऱ्याउने उद्देश्यले प्रेरित भएर 'शासनध्वज धम्माचरिय' उपाधि पाउनमा सफल भएकी धम्मवती चाँडै नै नेपाल फर्कने छ भन्ने कुरो कुनै पनि बौद्धका लागि खुसिको कुरो भएतापनि



Downloaded from http://dhamma.digital

केही जनसमुदाय धम्मवतीलाई तुरुन्तै नेपाल फर्काउनमा अनइच्छुक थिए। उनीहरूको मनस्थलमा धम्मवती सधैंभर बर्मामै रहोस् भन्ने भावना नभएतापनि, उनी अझै केही वर्ष बर्मामा बसे हुन्छ भन्ने चाहना उनीहरूको थियो। उक्त कुरो धम्मवतीलाई चारैतिरबाट घेरेर उनीसंग विभिन्न तरिकाले प्रश्न गरिरहेका पत्रकारहरू तथा दायक–दायिका-हरूको प्रश्न गराइबाट प्रष्टिएको थियो।

विभिन्न प्रश्नकर्ताहरूले उठाएका थरिथरिका अनेक प्रश्नहरूको मूल सार — "आफ्नो उद्देश्य प्राप्तिको रूपमा 'शासनध्वज धम्माचरिय' उपाधि पाइसकेकाले, धम्मवती अब छिट्टै नेपाल फर्कंदै छ भनी भएको हल्ला सत्य हो कि होइन? गम्भीर त्रिपिटकको अनुगामी भई, विमुक्ति सत्य धर्मको राम्ररी रसपान गर्न–गराउन सक्ने हुने गरी, पालि अट्ठकथा टीका आदि अनेक ग्रन्थहरूको पनि अन्वेषण गर्ने विचार धम्मवतीको छ कि छैन? धम्मवती 'शासनध्वज धम्माचरिय' अर्थात 'बुद्धशासनको ध्वज फरफराउनमा सक्षम' भन्ने उपाधिसम्मको परियत्ति शिक्षा (सैद्धान्तिक ज्ञान) मात्रै लाभ गरेर नेपाल फर्कने छ कि प्रतिपत्ति भावना (सिद्धान्त-लाई व्यवहारमा अपनाउने तरिका) को पनि अभ्यास गरेर मात्र नेपाल फर्कने छ?"— भन्ने थियो।

अनि धम्मवतीले विभिन्न प्रश्नकर्ताहरूको प्रश्नलाई सुहाउने गरी दिएका उत्तरहरूको निचोड — "धम्मवतीका



Downloaded from http://dhamma.digital

आमा–बुबा तथा ज्ञाति–बन्धुहरू सबै–धम्मवती चाँडै नेपालमा आवोस् र विशुद्ध बुद्ध–धर्मको प्रचारकार्यमा सक्रिय रूपमा लागोस् – भन्ने चाहन्छन् । यसै सन्दर्भमा, उनीहरू–बाट धम्मवतीका लागि काठमाण्डौमा एउटा विहारको ब्यवस्था गर्ने कार्य समेत हुनगइरहेको छ । तर नेपालमा थेरवादी बुद्ध–धर्मको प्रचारकार्यमा राम्रो सफलता पाउनलाई बर्माबाटै एकजना अनुभवी र सुयोग्य गुरुआमा पनि धम्म–वतीको साथमा नेपालमा लैजाने ब्यवस्था हुनु अति उत्तम हुने अनुभव सबैले गरेको छ । यस्तो ब्यवस्था हुनुका साथै अन्य थुप्रै ब्यवस्थाहरू मिलाउन घटिमा पनि अर्को एक वर्षको समय ब्यतित हुन जाने छ । त्यस अवधिभरमा धम्मवतीले पालि तक्षशीला परिक्षा अन्तर्गतका उच्चस्तरिय पालि अध्ययन गर्ने छ र साथै प्रतिपत्ति भावनाको पनि सक्दो अभ्यास गर्ने छ ।" –– भन्ने थियो ।

उपरोक्त आशयको अन्तरवार्ता कार्य धेरै लामो समयसम्म चलिरह्यो । त्यस अवधिभरमा धम्मवतीले, आफ्नो सहिष्णुता, गम्भीरता र वैचारिक परिपक्वताको भरपुर प्रदर्शन गरिन् ।

अन्तरवार्ताक्रममा, दर्शकको रूपमा, धम्मवतीको चारैतिर झुमिरहेका सर्वसाधारण जनमानसमा यस प्रकारको मनोभावना उत्पन्न भइरहेको थियो — "यी मानिपो (नेपाली केटी) कुनै दिन, लुकिछिपी घरबाट भागेर, अन–कन्तार कण्टकमय जंगलको बाटो गरी बर्मामा पसेकी थिइन् ।



Downloaded from http://dhamma.digital

त्यस भयानक, कष्टपूर्ण यात्राको दौरानमा यिनका ती दुई आँखाहरूबाट, कति आँसु चुहेका होलान् ? कति भय, त्रास र पीडाका भावहरू व्यक्त भएका होलान् ? तर आज, वर्षौं को अनुभव र अभ्यासपछि परिपक्व भएका यिनै आँखा-हरूबाट, यसरी सहिष्णुता, परिपक्वता र दूरदर्शिता व्यक्त हुन सकिरहेका छन् । . . . . . . .

यी मानिपो (नेपाली केटी) उहिले उनका आफ्नै आमा–बुबाकी मात्र स्नेही छोरी थिइन् । जब यिनी परियत्ति (सैद्धान्तिक ज्ञान) र प्रतिपत्ति (ज्ञान अनुसारको व्यवहार गर्ने अभ्यास) दुबै क्षेत्रमा परिपक्व भएर आफ्नो जन्मभूमिमा सही तरिकाले थेरवादी बुद्ध शासनको रश्मि फैलाउनमा सफल हुनेछिन्, तब यिनी, आफ्ना आमा–बुबाकी मात्र होइन सिङ्गो नेपाल देशकी र साथै बुद्ध शासनकी पनि स्नेही छोरी हुनेछिन् ।"



Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

( नेपाल भाषा )

१) बुद्धया जीवनि विपाक
२) अभिधर्म भाग-१, २
४) मैत्री भावना
५) ऋद्धि प्रातिहार्य
६) योद्य म्हाय्
७) पञ्चनीवरण
८) बुद्ध धर्म, द्वि. सं.
९) भावना
१०) एकताया ताःचा
११) प्रेमं छु ब्वी ?
१२) कर्तव्य
१३) मिखा द्वि. सं.
१४) बुद्धया अन्तिम यात्रा -१,२
१६) त्रिरत्न गुण स्मरण तृ. सं.
१७) परित्राण द्वि. सं.
१८) कर्म
१९) प्रार्थना संग्रह द्वि. सं.
२०) बाखँ भाग-१, २, ३, ४, ५, ६
२६) बोधिसत्व
२७) शाक्यमुनि बुद्ध
२८) अनत्त लक्खण सुत्त
२९) वासेट्ठी थेरी
३०) धम्म चक्कप्पवत्तन सुत्त
३१) लक्ष्मी छी
३२) महास्वप्न जातक
३३) बाखँया फल भाग १-२
३५) जातक बाखँ द्वि. सं.
३६) राहुलयात उपदेश
३७) अहिंसाया विजय
३८) प्रौढ बौद्ध कक्षा
३९) मूर्खम्ह पासा मज्यू
४०) बुद्धया अर्थनीति
४१) श्रमण नारद
४२) क्षान्ति व मैत्री
४३) उखानया बाखँ पुचः
४४) पालि भाषा अवतरण
४५) मस्ति भिंसा गति भिंनी
४६) बौद्ध ध्यान भाग-१, २
४८) हृदय परिवर्तन
४९) ह्मापांयाह्म गुरु सु ? द्वि.

Downloaded from http://dhamma.digital

५०) अभिधम्म
५१) सप्तरत्न धन
५२) महासति पट्ठान सूत्र
५३) शान्तिया त्वा:थ
५४) चरित्र पुच: भाग-१, २
५६) बुद्ध व शिक्षा (क)
५७) बौद्ध ध्यान
५८) किसा गौतमी
५९) जप पाठ व ध्यान
६०) लुम्बिनी विपस्सना
६१) विश्व धर्म प्रचार देशना-१,२
६३) योगीया चिट्ठी
६४) जातक माला भाग-१, २
६६) संक्षिप्त भावना
६७) महानारद जातक
६८) पालि प्रवेश भाग-१,२
७०) चमत्कार
७१) मणिचूड जातक
७२) महाजनक जातक
७३) गुही विनय तू. सं.
७४) बुद्ध व शिक्षा (ख)
७५) बुद्ध-जीवनी
७६) सर्वज्ञ-१, २
७८) धम्मपद कविता
७९) धर्म मसीनि
८०) दान
८१) तेमिय जातक
८२) वम्मिक सुत्त
८३) मध्यम मार्ग
८४) महासीहनादसुत्तं
८५) भिन्ह म्ह्याय् व काय्
८६) भिक्षु जीवन
८७) भिन्ह मचा
८८) विवेक-बुद्धि
८९) स्वास्थ्य लाभ
९०) शिक्षा १, २, ३, ४
९४) दृष्टि व तृष्णा
९५) विपस्सना ध्यान
९६) भंग: लाइगु लाखे
९७) सतिपट्ठानभावना
९८) गौतम बुद्ध
९९) धम्मपद व्याख्या भाग-१
१००) धम्मपदया बाखं
१०१) त्रिरत्न वन्दना व सूत्र पुच:
१०२) त्रिरत्न वन्दना व पञ्चशील
१०३) संसारया स्वापू

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

(नेपाली भाषा)

१) बौद्ध प्रश्नोत्तर
२) बौद्ध दर्शन
३) नारी हृदय
४) बुद्ध शासनको इतिहास
५) पटाचारा
६) ज्ञानमाला
७) बुद्ध र उहाँको विचार
८) शान्ति
९) बौद्ध ध्यान
१०) पञ्चशील
११) लक्ष्मी
१२) उखानको कथा संग्रह
१३) तथागत हृदय
१४) महास्वप्न जातक
१५) बौद्ध जगतमा स्वास्थ्य सेवा
१६) मैले बुझेको बुद्धधर्म
१७) आमाबाबु र छोराछोरी
१८) मिलिन्द प्रश्न
१९) श्रमण नारद
२०) वेस्सन्तर जातक
२१) सतिपट्ठान भावना
२२) बौद्ध विश्वास भाग १, २
२४) बौद्ध दर्पण
२५) सप्तरत्न धन
२६) सफलताको रहस्य
२७) मानव महामानव
२८) निरोगी
२९) जातक कथा
३०) सतिपट्ठान विपस्सना
३१) प्रज्ञा चक्षु
३२) परित्राण
३३) पूजाविधि र कथा संग्रह
३४) बुद्धको जीवनी र दर्शन
३५) स्नेही छोरी

Dharmakirti Publication-

( English )

1. Buddhist Economics & Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. Dharmakirti in a Nutshell

---

मुद्रक– शोभाभगवती प्रिन्टिङ प्रेस, छेत्रपाती ढल्को, काठमाडौं ।

☎ २-१२५६१

Downloaded from http://dhamma.digital